## बुद्धकालीन नेपाली विश्वकोश

### विषयगत सूची क्रम


१.	बुद्धकालीन ब्राह्मण भाग-१
२.	बुद्धकालीन ब्राह्मण भाग-२
३.	बुद्धकालीन ब्राह्मण भाग-३
४.	बुद्धकालीन गृहस्थीहरू भाग-१
५.	बुद्धकालीन गृहस्थीहरू भाग-२
६.	बुद्धकालीन गृहस्थीहरू भाग-३
७.	बुद्धकालीन राजपरिवार भाग-१
८.	बुद्धकालीन राजपरिवार भाग-२
९.	बुद्धकालीन राजपरिवार भाग-३
१०.	बुद्धकालीन परिव्राजकहरू भाग-१
११.	बुद्धकालीन परिव्राजकहरू भाग-२
१२.	बुद्धकालीन परिव्राजकहरू भाग-३
१३.	बुद्धकालीन महिलाहरू भाग-१
१४.	बुद्धकालीन महिलाहरू भाग-२
१५.	बुद्धकालीन श्रावक-चरित भाग-१
१६.	बुद्धकालीन श्रावक-चरित भाग-२
१७.	बुद्धकालीन श्रावक-चरित भाग-३
१८.	बुद्धकालीन श्रावक-चरित भाग-४
१९.	बुद्धकालीन श्रावक-चरित भाग-५
२०.	बुद्धकालीन श्रावक-चरित भाग-६
२१.	बुद्धकालीन श्राविका-चरित भाग-१
२२.	बुद्धकालीन ब्रह्मादिदेव भाग-१
२३.	बुद्धकालीन ब्रह्मादिदेव भाग-२
२४.	बुद्धकालीन ब्रह्मादिदेव भाग-३
२५.	बुद्धकालीन प्रेतकथा
२६.	बुद्धकालीन विमानकथा
२७.	बुद्ध जीवनी, अनुरुद्ध स्थविर, सम्राट अशोक, बुद्धशासनको सङ्क्षेप इतिहास


१७

बुद्धकालीन नेपाली विश्वकोश

आचार्य डा. भिक्षु अमृतानन्द

वीर-पूर्ण पुस्तक संग्रह

Dhamma.Digital

१७

# विषयगत : बुद्धकालीन श्रावक-चरित (भाग-३)

## (सारिपुत्र-चरित-२)

आचार्य डा. भिक्षु अमृतानन्द

*प्रकाशक*
वीर-पूर्ण पुस्तक सङ्ग्रहालय

Downloaded from http://dhamma.digital/

बौद्ध पालि वाङ्मयमा उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालका विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिकि चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ। यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्ममा पनि गहिरो श्रद्धा राख्छन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ। नेपाली साहित्यको ज्ञानराशिमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र छन्।

– श्री ५ वीरेन्द्र

(प्र. सं. राजकीय सन्देशबाट साभार)

## आचार्य भिक्षु अमृतानन्द महास्थविरको संक्षिप्त परिचय

आचार्य भिक्षु अमृतानन्द महास्थविरको जन्म वि.सं. १९७५ पौषमा लुम्बिनी अञ्चल पाल्पा, तानसेन, भिमसेन टोलको एक शाक्यकुलमा भएको हो। वि.सं. १९९२ मा भारतको कुशीनगरमा वहाले ऊ. चन्द्रमणी महास्थविरसाग प्रव्रज्यात्व ग्रहण गर्नुभएको हो। बि.सं. १९९३ मा धर्मप्रचारार्थ भोजपुर जानुहादा वहा जेलमा पनि पर्नुभयो। जेलबाट मुक्त भएपछि बुद्धधर्म अध्ययनको निमित्त वहा बर्मा र श्रीलंका जानुभयो।

सन् १९४० जनवरी २५ का दिन वहाले श्रीलंकामा श्री पैलेने वज्रज्ञान महानायक महास्थविरको आचार्यत्वमा उपसम्पदा (पूर्ण भिक्षुत्व) पाउनु भएको हो। सन् १९४२ को अन्त्यतिर वहा काठमाडौं आउनु भई नेपालमा बुद्धधर्म प्रचार गर्ने कार्यमा संलग्न हुनुभयो।

सन् १९५० मा श्रीलंकामा भएको प्रथम बिश्व बौद्ध सम्मेलनमा नेपालको नेतृत्व गर्नुका साथै धेरै अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरु लगायत अनेक शान्ति सम्मेलनहरुमा पनि वहाले नेतृत्व गर्दै आउनु भएको छ। यूरोप, अमेरिका, स्क्याण्डिनेविया र दक्षिणपूर्वी एशियाका अनेक मुलुकहरुका साथै रुस, चीन, मंगोलिया आदि अनेक साम्यवादी देशहरुमा भ्रमण गनुभएको छ।

सन् १९५१ मा वहाले "अखिल नेपाल भिक्षु महासंघ", सन् १९५२ मा स्वयम्भूस्थित "आनन्दकुटी विद्यापीठ" र सन् १९७३ मा "आनन्दकुटी विहार गुठी" को स्थापना गर्नुभएको हो।

सन् १९७६ मा वहालाई श्रीलंकाका बुद्धिष्ट एकेडेमी अफ सिलोनले "साहित्य चक्रवर्ती" र सन् १९७९ मा भारतको नालन्द पालि महाविद्यालयले "विद्यावारिधी" उपाधि प्रदान गरिएको छ।

सन् १९८४ मा श्रीलंकाका स्याम, अमर तथा रामाञ्ञ निकायहरुले संयुक्त रूपमा वहालाई "महानायक" भन्ने श्रेष्ठपदबाट विभूषित गरेका थिए भने "त्रिपिटक विशारद", "त्रिपिटक विशारद शासक जोतक" तथा "सिरिधम्मरक्खितवंसालंकार धम्मकित्तिसिरि" भन्ने जस्ता पद्वीहरुबाट पनि वहा विभूषित हुनुहुन्छ।

वहाले नेपालभाषा, नेपाली र अंग्रेजीमा गरी ६ दर्जन बढी पुस्तकहरु लेख्नु भएका थिए र वहाको निधन वि.सं. २०४७ भाद्र ५ गते भएको थियो।

Downloaded from http://dhamma.digital/

वीर-पूर्ण स्मृति ग्रन्थमाला : ४२

१७

# बुद्धकालीन नेपाली विश्वकोश

## Nepali Encyclopedia of Buddha's Time

Volume - XVII

विषयगत : बुद्धकालीन श्रावक-चरित (भाग-३)

आचार्य डा. भिक्षु अमृतानन्द

*प्रकाशन प्रमुख*

**दुण्डबहादुर वज्राचार्य**

*प्रकाशक परिवार*

**अशोकरत्न वज्राचार्य**

**अनूनरत्न वज्राचार्य**

**वीर-पूर्ण पुस्तक सङ्ग्रहालय**

Downloaded from http://dhamma.digital/

प्रकाशक : वीर-पूर्ण पुस्तक सङ्ग्रहालय

प्रथम आवृत्ति : बु.सं. २५६२, ने.सं. ११३९,
वि.सं. २०७५, इ.सं. २०१९

© सर्वाधिकार : आनन्दकुटी विहार (संस्था)
स्वयम्भू, काठमाडौं

२७ वटा सेटको मूल्य : रु. १०,०००/-

Dhamma.Digital

## प्रथम संस्करणको सङ्क्षिप्त इतिवृति

| | | |
|---|---|---|
| ग्रन्थ | : | बुद्धकालीन श्रावक-चरित भाग-३ |
| प्रकाशक | : | आनन्दकुटी विहार गुठी |
| प्रकाशन मिति | : | बुद्धाब्द २५२७ (वि.सं. २०४०) |
| प्रथमावृति | : | १००० प्रति |
| मुद्रक | : | नेपाल प्रेस |
| प्रकाशकीय | : | मैत्री भिक्षु |
| Preface | : | Bhikkhu Amritananda |
| प्राक्कथन | : | भिक्षु अमृतानन्द |

Downloaded from http://dhamma.digital/



**आचार्य डा. अमृतानन्द महास्थविर**

जन्म : वि.सं. १९७५ पौष ५ (1918 Dec. 20)

दिवंगत : वि.सं. २०४७ भाद्र ५ (1990 Aug. 21)

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhammadigital/

प्र. जि. का. दर्ता नं. ०१/३१
Govt. Regd. No. 01/031

# आनन्द कुटी विहार
## ANANDA KUTI VIHAR

Swayambhu, G.P.O. Box 3007, Kathmandu, Nepal

मिति : २०७५।६।१

## शुभकामना सन्देश

अतिपूज्य गुरुवर दिवंगत डा. भिक्षु अमृतानन्द महानायक महास्थविरज्यूले दुई दशक लामो अथक प्रयासले नेपाली भाषामा सुरचित ...नेपाली बौद्ध साहित्य भण्डार लाई धनी बनाउादै आनन्दकुटी विहार (गुठी) संस्थाले प्रकाशनमा ल्याई बौद्ध साहित्यमा ज्ञानको भण्डारण गरी "बुद्धकालीन ग्रन्थमाला" को रूपमा आफ्नो कृतित्व छोडेर जानुभएकोमा उहााको उक्त अतुलनीय योगदानलाई कदर गर्दै अझ व्यापक बनाउनु पर्ने सुविचारसहित "बुद्धकालीन नेपाली बिश्वकोश" को रूपमा पुनः प्रकाशनमा ल्याउन प्रकाशन प्रमुख श्री दुण्डबहादुर वज्राचार्यबाट आनन्दकुटी विहारलाई अनुरोध भए बमोजिम यथास्थितिमा "बुद्धकालीन नेपाली बिश्वकोश" को रूपमा ...बुद्धकालीन ग्रन्थमाला पुनः प्रकाशन गर्न दिने सहमति प्राप्त गरी हाल उक्त "बुद्धकालीन नेपाली बिश्वकोश" प्रकाशनमा ल्याउन लागेकोमा म सहित सम्पूर्ण आनन्दकुटी विहार परिवारलाई धर्मप्रीतिको अनुभव भएको छ ।

उक्त महान् कार्यले बुद्ध जन्मभूमि नेपालमा बुद्ध शिक्षालाई मात्र नभई नेपाली बौद्ध साहित्यमा समेत ठूलो टेवा पुग्न गई नेपाल

Downloaded from http://dhamma.digital/

र नेपालीको ज्ञानमा थप उचाइ थपिने छ । बुद्ध उपदेश संग्रहीत प्रमाणित ग्रन्थ ...त्रिपिटक□ लाई सहज रूपमा जान्न र अन्तर्गत तथ्यलाई बुझ्न पनि मार्गप्रशस्त गरिएको यस "बुद्धकालीन नेपाली बिश्वकोश" ले नेपाली प्रकाशन भण्डारमा बहुमूल्य निधिको रूपमा परिभाषित हुनेछ ।

अतः बहुमूल्य निधिलाई नेपाली र बिश्वसामु पुनः उजागार गरी यसको महत्वलाई प्रदर्शित गर्न लागेकोमा तपाईं सहित प्रकाशक परिवार साधुवादका पात्र हुनुहुन्छ ।

पुनः प्रकाशित यस "बुद्धकालीन नेपाली बिश्वकोश"ले सम्पूर्ण पाठकवर्गलाई ज्ञान लाभ होस्, जीवन सार्थक तुल्याउन सकोस् भन्ने कामनासहित प्रकाशन परिवारलाई पुनः सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

भवतु सब्ब म□लं □

Dhamma.Digital

Dharmamurti.

**भिक्षु धर्ममूर्ति महास्थविर**
सदस्य सचिव एवं कार्यवाहक विहार प्रमुख
**आनन्दकुटी विहार (संस्था)**

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

मानवसमाजलाई अज्ञानरूपी अन्धकारबाट उज्यालोतर्फ डोऱ्याउने महामानव भगवान् बुद्धको शिक्षा संसारमा अतुलनीय रहेको छ। विश्वले उहााको योगदानको महत्त्व राम्ररी बुझेको छ।

विश्वलाई हाम्रो मुलुकले दिन सक्ने एकमात्र विरल साधन भनेको मानवीय उत्कृष्ट ज्ञानको अमूल्य धरोहर खजाना – बुद्धशिक्षा : धम्म नै हो। विश्वका प्रमुख भाषामा यसको प्रचार हुनु आवश्यक छ। यी विशुद्ध निर्मल ज्ञान (प्रज्ञा) को प्रचार जति हुादै जानेछ त्यति नै आदिमकालदेखिका मानवीय त्रास, पराधीनता र दास प्रवृत्तिबाट मुक्त हुनगई विद्यमान विकृति र विसङ्गतिजन्य कुसंस्कार र धर्मका नाममा रहेका अन्धभक्ति, पूजा कर्मकाण्ड आदि संस्कृतिको अन्त्य भई मानवीय विकास हुनेछ र भौतिक एवं आध्यात्मिक दुइटै क्षेत्रमा भरपूर विकास हुनेछ। साथै आफूमा सम्यकदृष्टि उत्पन्न हुनेछ। आजको युगमा भगवान् बुद्धको ज्ञानबेगर जीवन निरर्थक छ।

**अत्तदीप भव** अर्थात् आ□नो मालिक आफै बन। अर्को कोही छैन भनी आफूले आफैलाई मुक्तिको उद्घोष गर्न सक्ने गरी त्यस्तो पवित्र सन्देश बोकी हामी विगत चार दशकदेखि निरन्तर यस क्षेत्रमा संलग्न छौा। यस वर्ष नेपालपुत्र भगवान् बुद्धको मूल वचन सङ्गृहीत पालि त्रिपिटकलाई देवनागरी लिपिमा प्रथमपल्ट प्रकाशन गर्नपूर्व हामीले पनि सबै नेपालीमा त्रिपिटक वाङ्मय सम्बन्धी केही ज्ञान बााड्न आवश्यकता ठहऱ्यायौा। यसकारण पहिलो प्राथमिकतामा पालि त्रिपिटक ग्रन्थ प्रकाशन गर्ने पवित्र कामलाई स्थगित गरी प्रस्तुत ग्रन्थसेट निकाल्नमा लागेका हौं।

बुद्धभूमि नेपालका निवासीहरूको हकमा यसरी धार्मिक दासताबाट मुक्त हुने बुद्धशिक्षा, बुद्धज्ञान र तत्सम्बन्धी अभ्यास हुनु बेस हो। बुद्धको ख्याति सर्वत्र लोकप्रिय छह तथापि त्यो हालसम्म

Downloaded from http://dhamma.digital/

औपचारिकतामा मात्र सीमित छ। यहाा मरेपछि स्वर्ग जान पाइने धर्म साधनका रूपमा तीव्र प्रचार भइरहेको पाइन्छ। उहााको उपदेश पालिभाषामा रहेको कारण यथार्थ सत्य कुरो बुझ्न हामीमा यथार्थ ज्ञानको अभाव छ भने सबैले बुझ्न सक्ने नेपालीमा यस्ता साधन उपलब्ध नहुनु पनि एउटा कारण हो। यही कुरो दृष्टिगत गरी आचार्य डा. अमृतानन्द महास्थविरको असाधारण बृहत कृतिलाई यसपालि विशेष प्राथमिकता दिई **बुद्धकालीन नेपाली विश्वकोश**को नामाङ्कन गरी प्रकाशन गर्न लागेका हौा।

बुद्धकालीन ग्रन्थका पूर्ववर्ती प्रकाशनगृह आनन्दकुटी विहार गुठीका अध्यक्ष श्रद्धेय भिक्षु मैत्री महास्थविरका सामु उपर्युक्त प्रस्ताव राख्यौा। उहाालगायत गुठीबाट पनि हाम्रो प्रस्तावलाई स्वीकार गरी प्रकाशन गर्न हामीलाई अनुमति दिनुभयो। हामी अध्यक्षज्यूलगायत सकल सदस्यहरूप्रति हार्दिक आभारी छौा। यसका साथै, शुभेच्छा सन्देशको सम्बोधन गर्नु भएवापत विहार गुथिका सदस्य–सचिव एवं कार्यवाहक विहार प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरज्यूप्रति पनि कृतज्ञ छौा।

आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरका पुस्तकलाई एक आदर्श ग्रन्थ मान्दै यसमा प्रयुक्त प्रस्तुती अर्थात् शैली, भाषा, अनुवाद, पाठ्यसामाग्री र अनुक्रमणीकालगायत कुनै कुरोमा पनि हेरफेर गर्न आवश्यक ठानेनौा। यसलाई स्क्यानि गरी जस्ताको तस्तै प्रकाशन गर्ने योजना भएपनि पुस्तक छपाई गर्दागर्दै कुनै–कुनै बुद्धकालीन पुस्तकहरूको छपाईमा केही स्पष्ट नभएको कारण बीचमा आएको समस्या समाधान गर्न आनन्दकुटी विहारबाटै उपलब्ध सफ्ट कपीबाट काम चलाउन परेको छ। यसका लागि सम्बन्धित सबै मा हार्दिक कृतज्ञता प्रकट गर्दछौं। प्रेससम्बन्धी दीपक र बिनोद दुई दाजुभाइको सहयोग सम्झनलायक छ। उहााहरूबाट यस किसिमको सहयोग प्राप्त नभएको भए पाठकवर्गले यति छिटो यस्तो बृहत् ग्रन्थ पढ्न पाउनु सम्भव थिएन।

Downloaded from http://dhamma.digital/

आ□नो साधनामा लाग्न अनुकूल वातावरण मिलाई पारिवारीक सहयोग जुटाइदिने श्रीमती ज्ञानीशोभा शाक्य वज्राचार्यलाई धन्यवाद छ। स्नेही छोरी सुश्री मनिका वज्राचार्यलाई पनि धन्यवाद छ, जसले प्रूफलगायत अन्य आवश्यक सहयोग जुटाइ दिइन्।

विगत चार दशकदेखिको हाम्रो परिकल्पनामा सहभागी हुादै त्रिपिटक प्रकाशन गर्दै आएका भतिजा अशोकरत्न बज्राचार्यको संलग्नता स्मरणीय छ। हामी यहाासम्म पुग्नमा उनका साथै दिव□त दाजु पवित्रबहादुर बज्राचार्य र दिदीज्यू सुश्री हेरादेवी बज्राचार्यको उदार सहयोग उल्लेख्य छ। यसमा छोरा अनूनरत्न बज्राचार्यले समेत साथ दिएकोमा ज्याादै हर्षित छौं। यसरी बृहत् योजनाको प्रकाशन कार्य हाम्रा आफ्नै साधन र स्रोतले गरेका छौा। हामीले कसैबाट वा कुनै स्वदेशी वा विदेशी व्यक्ति अथवा सङ्घसंस्था वा सरकारको सहयोग बेगर सम्पन्न गर्न लागेका छौा। यस्ता मूल ग्रन्थको प्रचार प्रसार कार्यमा पाठकवर्गको सहयोगको आशा गरेका छौं।

अन्तमा, बुद्ध र बुद्धधर्मको ज्ञानको आधारमा मानवका रूपमा स्वतन्त्र रूपले बााच्ने कलाको बौद्ध संस्कृतिलाई सा□पा□ रूपमा बुझ्न पाठकवर्गलाई यसबाट यथेष्ट सहयोग प्राप्त हुनेछ। विद्यार्थी, शिक्षक, शोधार्थी, जिज्ञासु, योजनाकार, देश-निर्माता, अभियन्ता, नेतालगायत बौद्धिक समुदायका लागि आफ्नो ज्ञानमा वृद्धि गर्न अद्वितीय साधन उपलब्ध हुनेछ। अन्तमा, धर्मप्रति आस्था र श्रद्धा भएका महानुभाव एवं विज्ञजनलाई पनि आ-आफ्ना धर्म र दर्शनसम्बन्धी चिन्तन, मनन र पूजनमा औपचारिकतामा मात्र सीमित नराखी बुद्धको यथार्थ मौलिक ज्ञान स्पर्श गर्दै मनुष्य जीवन सफल तुल्याउन यसबाट प्रेरणा प्राप्त होस् भनी शुभकामना टक्राउाछौा। साधु।

प्रकाशक एवं प्रमुख योजनाकार

**दुण्डबहादुर वज्राचार्य**

अध्यक्ष, वीर-पूर्ण पुस्तक संग्रहालय

Downloaded from http://dhamma.digital/

**Homage to the Buddha, the Supreme Enlightened One.**

# PREFACE

The present volume is the third part of 'The Sravakas of the Buddha's time' and the second part of 'The Sariputta Carita'.

As mentioned in my preface of the second part of 'The Sravakas of the Buddha's time', I have collected discourses in connection with Venerable Sariputta from different sources. Altogether forty eight Sutras (discourses) have been included in this volume.

1. Two discourses delivered in Apana
2. Two do do do Ukkacela
3. Fourteen do do do Rishipatana
4. One do do do Kitagiri
5. One do do do Kaushambi
6. One do do do Gosinga Salavana

Downloaded from http://dhamma.digital/

| | | | | |
|---|---|---|---|---|
| 7. Two | do | do | do | Campa |
| 8. One | do | do | do | Devadaha |
| 9. Two | do | do | do | Nalaka |
| 10. Two | do | do | do | Nalanda |
| 11. One | do | do | do | Pava |
| 12. One | do | do | do | Macchikasanda |
| 13. Twelve | do | do | do | Rajagriha |
| 14. Two | do | do | do | Gridhakuta |
| 15. One | do | do | do | Vaishali |
| 16. Two | do | do | do | Sukarakhatalena |
| 17. One | do | do | do | Sravasti |
| 18. One | do | do | do | Sankassa |

Forty eight discourses delivered in eighteen places are collected here in this volume. But as one discourse has been mentioned in two places it has been serially numbered in this volume as 104/49, this is an errar all requested to read it as 103/48.

Discourses collected in this volume are located in the Tripitaka as given below :—

1. Six discourses are from Anguttara Nikayapali.
2. One discourse is from Udanapali.
3. Four discourses are from Cullavaggapali.
4. Three discourses are from Dighanikayapali.
5. One discourse is from Pacittiyapali.

Downloaded from http://dhamma.digital/

6. Eight discourses are from Majjhimanikayapali.
7. One discourse is from Suttanipatapali.
8. Twenty three discourses are from Samyuttanikayapali.
9. One discourse is from Mahavaggapali.

These Sutras (discourses) are as follows :—

1. S. II. p[1] 29 : Annatitthiyasuttam, Nidana Samyuttam R.[2] II. 32
2. S. II. p. 96 : Nilakalapisuttam, Nidana Samyuttam R. II. 112
3. S. II. p. 132 : Cankamasuttam, Dhatu Samyuttam R. II. 155
4. S. II. p. 164 : Anotappisuttam, Kassapa Samyuttam R. II. 195
5. S. II. p. 245 : Devadahasuttam, Khandha Samyuttam R. III. 5
6. S. II. p. 380 : Silavantasuttam, Khandha Samyuttam R. III. 167
7. S. II. p. 385 : Dutiya Samudayadhammasuttam, Khandha Samyuttam R. III. 172

---

1. References given here are to the pages of the Pali Text, Nagari Edition of Nalanda, India.

2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

Downloaded from http://dhamma.digital/

8. S. II. p. 386 : Tatiya Samudayadhammasutta, Khandha Samyuttam R. III. 173
9. S. II. p. 386 : Assadasuttam, Khandha Samyuttam R. III. 173
10. S. II. p. 387 : Dutiya Assadasuttam, Khandha Samyuttam R. III. 174
11. S. II. p. 387 : Dutiya Samudayasuttam, Khandha Samyuttam R. III. 174
12. S. II. p. 387 : Samudayasuttam, Khandha Samyuttam R. III. 174
13. S. II. p. 453 : Sucimukhasuttam, Sariputta Samyuttam R. III. 238
14. S. III. p. 147 : Kotthikasuttam, Salayatana Samyuttam R. IV. 162
15. S. III. p. 233 : Samadandasuttam, Samadanda Samyuttam R. IV. 261
16. S. III. p. 330 : Pathama Sariputtakotthikasuttam, Abyakata Samyuttam R. IV. 384
17. S. III. p. 331 : Dutiya Sariputtakotthikasuttam, Abyakata Samyuttam R. IV. 386
18. S. III. p. 332 : Tatiya Sariputtakotthikasuttam, Abyakata Samyuttam R. IV. 387
19. S. IV. p. 71 : Upavanasuttam, Bojjhanga Samyuttam R. V. 76

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| 20. | S. IV. | p. 136 : Nalandasuttam, Satipatthana Samyuttam | R. V. 159 |
| 21. | S. IV. | p. 140 : Ukkacelasuttam, Satipatthana Samyuttam | R. V. 163 |
| 22. | S. IV. | p. 195 : Apanasuttam, Indriya Samyuttam | R. V. 225 |
| 23. | S. IV. | p. 202 : Sukarakhatasuttam, Indriya Samyuttam | R. V. 233 |
| 24. | M. I. | p. 96 : Mahasihanadasuttam | R. I. 68 |
| 25. | M. I. | p. 263 : Mahagosingasuttam | R. I. 212 |
| 26. | M. II. | p. 156 : Goliyanisuttam | R. I. 469 |
| 27. | M. II. | p. 193 : Dighanakhasuttam | R. I. 497 |
| 28. | M. II. | p. 449 : Dhananjanisuttam | R. II. 184 |
| 29. | M. III. | p. 333 : Saccavibhangasuttam | R. III. 248 |
| 30. | M. III. | p. 352 : Channovadasuttam | R. III. 263 |
| 31. | M. III. | p. 398 : Pindapatisuddhisuttam | R. III. 393 |
| 32. | D. III. | p. 77 : Sampasadaniyasuttam | R. I. 99 |
| 33. | D. III. | p. 166 : Sangitisuttam | R. I. 207 |
| 34. | D. III. | p. 210 : Dasuttarasuttam | R. I. 272 |
| 35. | A–6 | p. 55 : Darukkhandhasuttam | R. III. 340 |
| 36. | A–7 | p. 197 : Danamahapphalasuttam | R. IV. 58 |
| 37. | A–9 | p. 43 : Silayupasuttam | R. IV. 402 |
| 38. | A–9 | p. 54 : Nibbanasukhasuttam | R. IV. 414 |
| 39. | A–10 | p. 195 : Pathama Sukhasuttam | R. V. 120 |
| 40. | A–10 | p. 196 : Dutiya Sukhasuttam | R. V. 121 |

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| 41. | Pa. | p. 96 : Unatimsatimapacittiyam, Pacittiyakandam | R. 66 |
| 42. | Cu. | p. 24 : | R. 12 |
| 43. | Cu. | p. 32 : Patisaraniyakammam, Kammakkhandhakam | R. 15 |
| 44. | Cu. | p. 288 : Pakasaniyakammam, Sanghabhedakhandhakam | R. 188 |
| 45. | Cu. | p. 300 : Sanghabhedakatha, Sanghabhedakhandhakam | R. 199 |
| 46. | U. | p. 108 : Yakkhapaharasuttam, Meghiyavaggo | R. 39 |
| 47. | Mh. | p. 384 : Attharasavatthukatha, Kosambakkhandhakam | R. 355 |
| 48. | SN. | p. 415 : Sariputtasuttam, Atthakavaggo | R. 176 |

The next volume will have a collection of discourses delivered in connection with Venerable Sariputta but with no places mentioned.

The volume to follow it will just have an introduction of Venerable Sariputta.

Printing in Nepal has now become a very difficult task. If on one side the cost of printing is soaring too high, on the other a good press is hardly available.

Downloaded from http://dhamma.digital/

A good printing press seems to be out of the reach for writers of religious books. The printing of the present volume was started on 17-5-1983 but it could be completed only on 15-12-1983. Additionally, I was also out of Kathmandu to participate in the Centennial Celebration of Dipankara Shri Gnyana Atisha in Bangaladesh and The Asian Buddhist Conference in Moscow.

As in previous volumes this volume also contains a list of the names, words and Gathas at the end for the convenience of the readers.

The original Pali Suttas refferred to in this volume are from the Tripitaka in Devanagari script published from Nalanda Pali Institute. The Atthakathas are from both the Sinhalese Edition and Devanagari Edition.

Dhamma.Digital

The present volume is the 31st volume published by Anandakuti Vihara Trust and 22nd in the volumes of 'Buddha's time'. In like manner it is the second volume on Venerable Sariputta Thera.

I am ever thanksful to Prof. Vatukrishna who has been helping me in refining my language and in reading the proofs. I am also indebted to the Venerable Kumar Kashyapa for his cooperation in preparing the pre-final wordlist. Mr. Khadga Bahadur Upasaka also

Downloaded from http://dhamma.digital/

deserves my thanks for his untiring cooperation in bringing proofs from the press. Prof. Asha Ram Sakya also deserves my thanks for his translation of this preface into English. They all deserve to share the merit from this work.

Finally I express my hearty thanks to Venerable Maitri and other members of Anandakuti Vihara Trust who have so kindly published this volume.

"Long live the Buddha's Teachings"

Bhikkhu Amritananda

Anandakuti Vihara
Kathmandu, Nepal.
Phone : 214420

Downloaded from http://dhamma.digital/

## List of Abbreviation :

S. = Samyuttanikaya
M. = Majjhimanikaya
Di. = Dighanikaya
A. = Anguttaranikaya
Pa. = Pacittiyapali
Mh. = Mahavaggapali
SN. = Suttanipatapali

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# प्राक्कथन

प्रस्तुत पुस्तक बुद्धकालीन श्रावक चरितको तेस्रो भाग र सारिपुत्र चरितको दोस्रो भाग हो ।

बुद्धकालीन श्रावक चरित दोस्रो भागको प्राक्कथन पृ. १७ मा उल्लेख गरे झैं प्रस्तुत पुस्तकमा सारिपुत्र स्थविर सम्बन्धी विभिन्न ठाउँहरूमा घटेका सूत्रहरूको संग्रह गरिदिएको छ । अतः यसमा जम्मा ४८ वटा सूत्रहरू समावेश भएका छन् । ती हुन्—

| | | |
|---|---|---|
| (१) आपनमा देशित सूत्र | — | २ |
| (२) उक्काचेलमा देशित सूत्र | — | २ |
| (३) ऋषिपतनमा देशित सूत्र | — | १४ |
| (४) किटागिरिमा देशित सूत्र | — | १ |
| (५) कौशम्बीमा देशित सूत्र | — | १ |
| (६) गोसिङ्ग शालवनमा देशित सूत्र | — | १ |
| (७) चम्पामा देशित सूत्र | — | २ |
| (८) देवदहमा देशित सूत्र | — | १ |
| (९) नालकमा देशित सूत्र | — | २ |

Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| (१०) नालन्दामा देशित सूत्र | — | २ |
| (११) पावामा देशित सूत्र | — | १ |
| (१२) मच्छिकासन्दमा देशित सूत्र | — | १ |
| (१३) राजगृहमा देशित सूत्र | — | ११ |
| (१४) गृद्धकूटमा देशित सूत्र | — | २ |
| (१५) बैशालीमा देशित सूत्र | — | १ |
| (१६) श्रावस्तीमा देशित सूत्र | — | १ |
| (१७) सूकरखतलेनमा देशित सूत्र | — | २ |
| (१८) संकस्समा देशित सूत्र | — | १ |

यसरी यस पुस्तकमा जम्मा अट्ठारवटा ठाउँहरूमा देशित ४८ वटा सूत्रहरू संग्रहित भएका छन्। तर एउटा सूत्र दुइ ठाउँमा पर्न गएको हुँदा यसमा छापिएको क्रम संख्यामा १०४।४९ हुन गएको हो । यसलाई १०३।४८ भनी पाठकवर्गले सम्झनु पऱ्यो।

यसरी संग्रहित भएका सूत्रहरू त्रिपिटकका निम्न ग्रन्थहरूबाट हुन्—

| | | |
|---|---|---|
| (१) अङ्गुत्तरनिकायपालिबाट | — | ६ |
| (२) उदानपालिबाट | — | १ |
| (३) चुल्लवग्गपालिबाट | — | ४ |
| (४) दीघनिकायपालिबाट | — | ३ |
| (५) पाचित्तियपालिबाट | — | १ |
| (६) महावग्गपालिबाट | — | १ |

Downloaded from http://dhamma.digital/

(७) मज्झिमनिकायपालिबाट — ८
(८) सुत्तनिपातपालिबाट — १
(९) संयुत्तनिकायपालिबाट — २३

यी सूत्रहरू यसप्रकार छन्—

| | | | | |
|---|---|---|---|---|
| १. सं. नि. | II. | पृ. २९ : | अञ्ञतितित्थियसुत्तं, निदानसंयुत्तं | २७५ |
| २. ऐ | ऐ | पृ. ९६ : | नलकलापिसुत्तं, निदानसंयुत्तं | ९ |
| ३. ऐ | ऐ | पृ. १३२ : | चङ्कमसुत्तं, धातुसंयुत्तं | २८८ |
| ४. ऐ | ऐ | पृ. १६४ : | अनोत्तप्पसुत्तं, कस्सपसंयुत्तं | २५ |
| ५. ऐ | ऐ | पृ. २४५ : | देवदहसुत्तं, खन्धसंयुत्तं | १८६ |
| ६. ऐ | ऐ | पृ. ३८० : | सीलवन्तसुत्तं, खन्धसंयुत्तं | २९ |
| ७. ऐ | ऐ | पृ. ३८५ : | दुतिय समुदयधम्मसुत्तं, खन्धसंयुत्तं | ३३ |
| ८. ऐ | ऐ | पृ. ३८६ : | ततिय समुदयधम्मसुत्तं, खन्धसंयुत्तं | ३५ |
| ९. ऐ | ऐ | पृ. ३८६ : | अस्सादसुत्तं, खन्धसंयुत्तं | ३७ |
| १०. ऐ | ऐ | पृ. ३८७ : | दुतिय अस्सादसुत्तं, खन्धसंयुत्तं | ३९ |
| ११. ऐ | ऐ | पृ. ३८७ : | दुतिय समुदयसुत्तं, खन्धसंयुत्तं | ४१ |
| १२. ऐ | ऐ | पृ. ३८७ : | समुदयसुत्तं, खन्धसंयुत्तं | ४३ |
| १३. ऐ | ऐ | पृ. ४५७ : | सूचिमुखसुत्तं, सारिपुत्तसंयुत्तं | २२७ |
| १४. ऐ | III. | पृ. १४७ : | कोट्ठिकसुत्तं, सलायतनसंयुत्तं | ५२ |
| १५. ऐ | ऐ | पृ. २३३ : | सामदण्डसुत्तं, सामदण्डसंयुत्तं | ९२ |
| १६. ऐ | ऐ | पृ. ३३० : | पठम सारिपुत्तकोट्ठिकसुत्तं, अब्याकतसंयुत्तं | ४५ |

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| १७. ऐ | ऐ | पृ. ३३१ : दुतिय सारिपुत्तकोट्ठिकसुत्तं, अब्याकतसंयुत्तं | ४८ |
| १८. ऐ | ऐ | पृ. ३३२ : ततिय सारिपुत्तकोट्ठिकसुत्तं, अब्याकतसंयुत्तं | ५० |
| १९. ऐ | IV. | पृ. ७१ : उपवानसुत्तं, बोज्झङ्गसंयुत्तं | ६० |
| २०. ऐ | ऐ | पृ. १३६ : नालन्दासुत्तं, सतिपट्ठानसंयुत्तं | १४३ |
| २१. ऐ | ऐ | पृ. १४० : उक्कचेलसुत्तं, सतिपट्ठानसंयुत्तं | ६ |
| २२. ऐ | ऐ | पृ. १९५ : आपणसुत्तं, इन्द्रियसंयुत्तं | १ |
| २३. ऐ | ऐ | पृ. २०२ : सूकरखतसुत्तं, इन्द्रियसंयुत्तं | १९७ |
| २४. म. नि. | I. | पृ. ९६ : महासीहनादसुत्तं | २९४ |
| २५. ऐ | ऐ | पृ. २९३ : महागोसिङ्गसुत्तं | ६२ |
| २६. ऐ | II. | पृ. १५६ : गोलियानिसुत्तं | २५२ |
| २७. ऐ | ऐ | पृ. १९३ : दीघनखसुत्तं | ३२९ |
| २८. ऐ | ऐ | पृ. ४४९ : धनञ्जानिसुत्तं | २७३ |
| २९. म. नि. | III. | पृ. ३३३ : सच्चविभङ्गसुत्तं | १६ |
| ३०. ऐ | ऐ | पृ. ३५२ : छन्नोवादसुत्तं | २६१ |
| ३१. ऐ | ऐ | पृ. ३९८ : पिण्डपातपरिशुद्धिसुत्तं | २६८ |
| ३२. दी. नि. | III. | पृ. ७७ : सम्पसादनीयसुत्तं | १२२ |
| ३३. ऐ | ऐ | पृ. १६६ : सङ्गीतिसुत्तं | १४७ |
| ३४. ऐ | ऐ | पृ. २१० : दसुत्तरसुत्तं | ८० |
| ३५. अं. नि–६ | | पृ. ५५ : दारुक्खन्धसुत्तं, देवतावग्गो | २९२ |
| ३६. अं. नि–७, | | पृ. १९७ : दानमहप्फलसुत्तं, महायञ्ञवग्गो | ७३ |

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| ३७. अं. नि–९, | पृ. ४३ : | सिलायूपमसुत्तं, सत्तावासवग्गो | २३२ |
| ३८. अं. नि–९, | पृ. ५४ : | निब्बानसुखसुत्तं, महावग्गो | २३८ |
| ३९. अं. नि–१०, | पृ. १९५ : | पठम सुखसुत्तं, यमकवग्गो | १२० |
| ४०. अं. नि–१०, | पृ. १९६ : | दुतिय सुखसुत्तं, यमकवग्गो | ११८ |
| ४१. पाचि. पा. | पृ. ९६ : | ऊनतिंसतिमपाचित्तियं, पाचित्तियकण्डं | २८५ |
| ४२. चुल्ल. व. पा. | पृ. २४ : | कम्मक्खन्धकं | ५८ |
| ४३. चुल्ल. व. पा. | पृ. ३२ : | पटिसारणीयकम्म, कम्मक्खन्धकं | २१४ |
| ४४. चुल्ल. व. पा. | पृ. २८८ : | पकासनीयकम्मं, सङ्घभेदकखन्धकं | २१६ |
| ४५. चुल्ल. व. पा. | पृ. ३०० : | सङ्घभेदकथा, सङ्घभेदकखन्धकं | २२१ |
| ४६. उदा. पा. | पृ. १०८ : | यक्खपहारसुत्तं, मेघियवग्गो | २४८ |
| ४७. महा. व. पा. | पृ. ३८४ : | अट्ठारमवत्थुकथा, कोसम्बकखन्धकं | ३३२ |
| ४८. सुत्त. नि. पा. | पृ. ४१५ : | सारियुत्तसुत्तं, अट्ठकवग्गो | ३३७ |

यसपछि अर्को भागमा ठाउँ नटोकिएका सारिपुत्र स्थविर सम्बन्धी सूत्रहरूको संग्रह हुने छ । त्यसपछिको भाग चाहिं सारिपुत्र स्थविरको परिचय मात्र रहने छ ।

अब त नेपालमा पुस्तक छपाउन पनि झन् झन् गाह्रो हुँदै आयो । एकातिर छपाइको खर्च दिन प्रति दिन महंगो हुँदै गएको छ भने अर्कातिर राम्ररी छापिने प्रेस पाउनु नै गाह्रो जस्तो भइसक्यो । राम्ररी छाप्ने प्रेसमा चाहिं हामी जस्ता धार्मिक संस्थाहरूले पुस्तक छाप्नु सक्दैन कि भन्ने जस्तो स्थितिमा पुगिसक्यो । प्रस्तुत पुस्तक छपाइको

Downloaded from http://dhamma.digital/

शुरु ३।२।२०४० मा भएको थियो र २९।८।२०४० मा बल्लतल्ल तयार भयो। हुन त म पनि यसबीच एशियन बुद्धिष्ट कन्फरेन्सको मीटिंगमा भाग लिन मास्को र बंगलादेशमा भएको अतिश श्रीज्ञानको १००० वर्षको सेमिनारमा भाग लिन जान परेको थियो।

अघि अघिका ग्रन्थहरूमा झैं यसमा पनि पाठकहरूको सुविधाको लागि ग्रन्थको अन्तमा नामावली, शब्दावली र गाथा-सूची राखिदिएको छु।

यस संग्रहको निमित्त प्रयोग गरिएका मूलपालि ग्रन्थहरू नालन्दा पालि महाविहारबाट प्रकाशित देवनागरी लिपिका हुन्। अर्थकथाहरू चाहिं कुनै सिंहल लिपिका र कुनै देवनागरी लिपिका हुन्।

प्रस्तुत पुस्तक आनन्दकुटी विहार गुठीको प्रकाशन क्रमको ३१ सौं ग्रन्थ हो र बुद्धकालीन क्रमको २२ सौं ग्रन्थ हो। त्यस्तैगरी सारिपुत्र संग्रहको दोस्रो भाग हो।

दशौं वर्षदेखि सहयोग गरी भाषा संशोधन तथा प्रूफ हेरिदिनु भएका प्राध्यापक श्री वटुकृष्ण ज्यूलाई, शब्दावली आदि प्रारम्भिक लेखाइको काम गरिदिनु भएका आयुष्मान् कुमार काश्यपलाई र दिनहुँ झैं झिंनो नमानी प्रेसबाट प्रूफ ल्याउने-लैजाने काम गरिदिनु भएका श्री खड्ग बहादुर उपासकलाई तथा प्रस्तुत प्राक्कथनलाई अंग्रेजीमा रूपान्तर गरिदिनु भएका प्राध्यापक श्री आशाराम शाक्यलाई समेत हार्दिक धन्यवाद दिई पुण्यानुमोदन गरेको छु।

Downloaded from http://dhamma.digital/

अन्तमा आनन्दकुटी विहार गुठीको तरफबाट यो ग्रन्थ प्रकाशित गरिदिनु भएकोमा गुठीका सदस्य-सचिव मैत्री भिक्षु लगायत गुठीका सबै सदस्य महानुभावहरूलाई पनि हार्दिक धन्यवाद ज्ञापन गरेको छु।

"चिरं तिट्ठतु सद्धम्मो"

– **भिक्षु अमृतानन्द**

आनन्दकुटी विहार, स्वयम्भू,
काठमाडौं, नेपाल।
पौष ७, २०४०
फो. नं. २१४४२०

Downloaded from http://dhamma.digital/

## मूल ग्रन्थहरू—

(१) अङ्गुत्तरनिकायपालि ।

(२) उदानपालि ।

(३) चुल्लवग्गपालि ।

(४) दीघनिकायपालि ।

(५) पाचित्तियपालि ।

(६) मज्झिमनिकायपालि ।

(७) सुत्तनिपातपालि ।

(८) संयुत्तनिकायपालि ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## सहायक ग्रन्थहरू—


अङ्गुत्तरनिकायट्ठकथा।

उदानट्ठकथा।

जातकट्ठकथा I-II

जातकपालि I, II.

दीघनिकाय हिन्दी।

पटिसम्भिदामग्गट्ठकथा।

बुद्धकालीन गृहस्थीहरू भाग–१, २, ३.

बुद्धकालीन परिव्राजकहरू भाग–१.

बुद्धकालीन ब्रह्मादिदेव भा–१.

बुद्धकालीन ब्राह्मणहरू भा–१, २, ३.

बुद्धकालीन प्रेतकथा।

बुद्धकालीन महिलाहरू भा–१.

बुद्धकालीन राजपरिवार भा–१.

बुद्धकालीन विमानकथा।

मज्झिमनिकायट्ठकथा अर्थात् पपञ्चसूदनी I, II, III, IV.

विभङ्गपालि।

विभङ्गट्ठकथा।

समन्तपासादिका I, II, III.


Downloaded from http://dhamma.digital/

सुत्तनिपातट्ठकथा।
सुमङ्गलविलासिनी I, II, III.
संयुत्तनिकायट्ठकथा I, II, III.

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## संकेत-शब्दको अर्थ-

अं. नि. अ. क.<br>अ. अ. क. } = अंगुत्तरनिकायट्ठकथा।

उदा. अ. क. = उदानट्ठकथा।

जा. अ. क. = जातकट्ठकथा।

जा. पा. = जातकपालि।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा।

पटि. म. अ. क. = पटिसम्भिदामग्गट्ठकथा।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू।

बु. प. = बुद्धकालीन परिव्राजकहरू।

बु. ब्र. = बुद्धकालीन ब्रह्मादिदेव।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मणहरू।

बु. प्रे. = बुद्धकालीन प्रेतकथा।

बु. म. = बुद्धकालीन महिलाहरू।

बु. रा. = बुद्धकालीन राजपरिवार।

बु. वि. = बुद्धकालीन विमानकथा।

म. नि. अ. क. = मज्झिमनिकायट्ठकथा।

पपं. सू. = पपञ्चसूदनी।

विभं. पा. = विभङ्गपालि।

Downloaded from http://dhamma.digital/

विभं. अ. क. = विभङ्गट्ठकथा।

सम. पा. = समन्तपासादिका।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा।

सुमं. वि. = सुमङ्गलविलासिनी।

सं. अ. क. = संयुत्तनिकायट्ठकथा।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# त्रि-पिटक सूची

अभिधम्(

१. दीघनिकाय
२. मज्झिमनिकाय
३. संयुत्तनिकाय
४. अङ्गुत्तरनिकाय
५. खुद्दकनिकाय
   १. खुद्दकपाठ
   २. धम्मपद
   ३. उदान
   ४. इतिवुत्तक
   ५. सुत्तनिपात
   ६. विमानवत्थु
   ७. पेतवत्थु
   ८. थेरगाथा
   ९. थेरीगाथा
   १०. जातक
   ११. निद्देस
      क.महानिद्देस
      ख.चूलनिद्देस
   १२. पटिसम्भिदामग्ग
   १३. अपदान
   १४. बुद्धवंश
   १५. चरियापिटक

१. पाराजिकापालि } सुत्तविभ□
२. पाचित्तियपालि
३. महावग्गपालि } खन्धक
४. चूलवग्गपालि
५. परिवारपालि

१. धम्मस□णि
२. विभ□
३. धातुकथा
४. पुग्गलपञ्ञत्ति
५. कथावत्थु
६. यमक
७. प□ान

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# विषय-सूची

पृष्ठ :

प्रकाशकीय

प्राक्कथन

१. आर्यश्रावकको बुद्धप्रति सन्देह रहन्न — १

२. केलाई निर्वाण भन्दछन् ? — ४

३. सारिपुत्रको परिनिर्वाण पछि — ६

४. जरामरण कसले बनाएको ? — ९

खप्तरीको मुट्ठाको दृष्टान्त — ११

छत्तीस प्रकारले अनुमोदन — १३

५. सारिपुत्रको सत्संगत गर — १६

आयुष्मान् सारिपुत्रको देशना — १८

दु:ख आर्यसत्य — १८

दु:ख समुदय आर्यसत्य — २१

दु:ख निरोध आर्यसत्य — २१

मार्ग आर्यसत्य — २१

६. आतापी र ओत्तप्पी — २५

आतप्त र ओतप्त नगर्ने पुरुष — २६

आतप्त र ओतप्त गर्ने पुरुष — २७

७. शीलवान् भिक्षुले के गर्नुपर्छ ? — २९

Downloaded from http://dhamma.digital/

८. अविदद्या भनेको के हो ? ३३
९. विदद्या भनेको के हो ? ३५
१०. केलाई अविदद्या भन्दछ ? ३७
११. केलाई विदद्या भन्दछ ? ३९
१२. विदद्या केलाई भन्दछ ? ४१
१३. अविदद्या केलाई भन्दछ ? ४३
१४. मरणपछि सत्व हुन्छ ? ४५
१५. मरणपछि सत्व हुन्न त ? ४८
१६. रूपमा राग हुने सत्व हुन्छ ५०
१७. आयुष्मान् महाकोट्ठिकको प्रश्न ५२
कुनचाहिं संयोजन हो ? ५२
पञ्चेन्द्रियको संयोजन पञ्च विषय होइन ५४
सुविमुक्तचित्त भगवान ५६
१८. किटागिरी पठाए ५८
१९. आयुष्मान् उपवानसँग ६०
२०. गोसिङ्ग शालवन कसरी शोभायमान हुन्छ ? ६२
आयुष्मान् आनन्द ६३
आयुष्मान् रेवत ६४
आयुष्मान् अनुरुद्ध ६५
आयुष्मान् महाकाश्यप ६५
आयुष्मान् महामौद्गल्यायन ६६

Downloaded from http://dhamma.digital/

आयुष्मान् सारिपुत्र ६२

भगवानकहाँ गए ६८

भगवानको मन्तव्य ७१

२१. कुन दानको फल महत्फल हुन्छ ? ७३

२२. दशुत्तर उपदेश ८०

आयुष्मान् सारिपुत्रको उपदेश ८०

एक धर्म ८१

दुई धर्म ८२

तीन धर्म ८घ

चार धर्म ८५

पाँच धर्म ८६

छ धर्म ९१

सात धर्म ९६

आठ धर्म ९९

नौ धर्म १०३

दश धर्म १०६

२३. पश्चिम जनपदमा जान चाहने भिक्षुहरू ११०

विदेशमा अनेक प्रश्नहरू सोध्छन् १११

यस्तो सोध्दा यस्तो जवाफ दिनू ११३

२४. यो धर्ममा के सुख हो ? ११८

२५. सुख दु:ख भनेको के हो ? १२०


Downloaded from http://dhamma.digital/

२६. सारिपुत्रको सिंहनाद १२२
भगवानको अनुपम धर्मदेशना १२५

२७. सारिपुत्रको सिंहनाद १४३

२८. मेलमिलाप गरी पढ्नु पर्ने धर्महरू १४७
सारिपुत्र स्थविरको धर्मोपदेश १४७
निगण्ठहरूका बीच फूट १५०
सबै मिलेर पढ्नु पर्छ १५०
एउटा धर्म १५१
दुइवटा धर्महरू १५१
तीनवटा धर्महरू १५३
चारवटा धर्महरू १६०
पाँचवटा धर्महरू १७३
छवटा धर्महरू १८२
सातवटा धर्महरू १८९
आठवटा धर्महरू १९५
नौवटा धर्महरू २०२
दशवटा धर्महरू २०७

२९. मच्छिकासण्डमा २१४

३०. प्रकाशनीयकर्म २१६

३१. देवदत्तको सङ्घभेद २२१

३२. सूचिमुखी परिब्राजिकाको प्रश्न २२७

Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| ३३. शिलास्तम्भको उपमा | २३२ |
| ३४. निर्वाण सुख | २३८ |
| लालुदायीको प्रश्न | २३८ |
| ३५. यक्ष प्रहार | २४८ |
| ३६. गोलियानि भिक्षुलाई उपदेश | २५२ |
| आदरयुक्त हुनुपर्छ | २५२ |
| आसन कुशल हुनुपर्छ | २५३ |
| अभिसमाचारिक धर्म जान्नुपर्छ | २५३ |
| यथासमय गाउँमा जानुपर्छ | २५४ |
| कुलघरमा विचरण गर्न हुन्न | २५४ |
| चञ्चलचपल हुन हुन्न | २५५ |
| अमुखर हुनुपर्छ | २५५ |
| आज्ञाकारी हुनुपर्छ | २५६ |
| इन्द्रिय संयम गर्नुपर्छ | २५६ |
| भोजन मात्रा ज्ञान | २५६ |
| जागृतभई बस्नुपर्छ | २५७ |
| वीर्यवान् हुनुपर्छ | २५७ |
| स्मृतिमान् भई बस्नुपर्छ | २५७ |
| समाहित हुनुपर्छ | २५८ |
| प्रज्ञावान् हुनुपर्छ | २५८ |
| धर्म र विनयमा ध्यानदिनु पर्छ | २५८ |
| आरूप्यमा तल्लीन हुनुपर्छ | २५९ |


Downloaded from http://dhamma.digital/

उत्तरीय मनुष्य धर्ममा संलग्न हुनुपर्छ २५९

३७. छन्नलाई उपदेश २६१

आयुष्मान् छन्नको गति २६५

३८. पिण्डपात्र शुद्धि २६८

शून्यता समापत्ति नै महापुरुष समापत्ति हो २६८

प्रत्यवेक्षणा गर्नुपर्छ २६९

३९. धनञ्जानि ब्राह्मणसँग सारिपुत्र २७३

४०. *सूचिमुखी परिब्राजिकासँग २७४

४१. अन्यतीर्थिय परिब्राजकाराममा २७५

कर्मवादीहरू २७६

दु:खको के प्रत्यय हो ? २७६

स्पर्श बाहेक दु:खको कारण छैन २७८

स्पर्श निरोधद्वारा दु:ख निरोध २८२

४२. सारिपुत्रहरू महान पुरुषहरू हुन् २८५

४३. जो जस्तो छ ऊ त्यस्तैसँग मिल्दछ २८८

४४. काठको मूढा २९२

४५. महासिंहनाद २९४

सुनक्खत्त भिक्षुले चीवर छाडे २९४

तथागतका दशबलहरू २९६

तथागतका चार वैशारदचता ३०२

---

* दोहरिएको सूत्र ।

Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| आठ परिषद्मा अभय प्राप्त तथागत | ३०४ |
| चार योनिहरू | ३०५ |
| पाँच गतिहरू | ३०६ |
| चतुरंग ब्रह्मचर्य | ३१३ |
| दुष्करचर्या | ३१७ |
| विविध शुद्धिहरू | ३२० |
| ४६. सारिपुत्रको अरहत्व | ३२९ |
| ४७. नतमस्तक भई बस्छ | ३३० |
| ४८. कौशम्बिक भिक्षुहरू | ३३२ |
| धर्मवादी र अधर्मवादी | ३३३ |
| ४९. सारिपुत्र स्थविरको प्रश्न | ३३७ |
| नामावली | ३४१ |
| शब्दावली | ३५१ |
| गाथा-सूची | ४१६ |


Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# बुद्धकालीन श्रावक-चरित

(भाग-३)

## सारिपुत्र-चरित

(भाग-२)

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

मूल सूत्र—

## ५६।१ आर्यश्रावकको बुद्धप्रति सन्देह रहन्न

यस्तो मैले सुनें[1] ।

एक समय **अ□** (**देश**) **को आपण भन्ने अ□** (**देश**) को निगममा भगवान बस्नु भएको थियो। अनि त्यहाँ भगवानले आयुष्मान् **सारिपुत्रलाई आमन्त्रण गर्नुभयो**– “**सारिपुत्र □ जो आर्यश्रावक तथागतप्रति** अभिप्रसन्न छ– त्यसले तथागत वा तथागतको **धर्मप्रति** शंका सन्देह गर्न सक्छ के ?”

(१) “भन्ते ! जो आर्यश्रावक **तथागतप्रति** अभिप्रसन्न छ– उसले तथागत वा तथागतको धर्म प्रति शंका सन्देह गर्न सक्दैन । भन्ते ! श्रद्धालु आर्यश्रावकबाट यस्तो अपेक्षा गर्न सकिन्छ– जो वीर्यवान् भई बस्ने छ– अकुशल धर्मलाई हटाउनको निमित्त कुशल धर्मलाई प्राप्त

---

१. सं. नि. IV. पृ. १९५ : आपणसुत्तं, इन्द्रियसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

गर्नकोनिमित्त कुशलधर्महरूमा बलसम्पन्न, बलियो पराक्रम तथा उत्साह नछाड्ने हुन्छ। भन्ते ! जो त्यसको वीर्य हो सोही नै उसको वीर्येन्द्रिय हो।"

(२) "भन्ते ! श्रद्धालु वीर्यवान् आर्यश्रावकबाट यस्तो अपेक्षा गर्न सकिन्छ– जो स्मृतिवान् हुनेछ, प्रज्ञाले युक्त परम स्मृतिले सम्पन्न हुनेछ र चिरकाल अघि गरेको र बोलेकोलाई पनि जान्न सक्ने हुन्छ। भन्ते ! जो त्यसको स्मृति हो सोही नै उसको स्मृतेन्द्रिय हो।"

(३) "भन्ते ! वीर्यवान्, स्मृति सम्पन्न श्रद्धालु आर्यश्रावकबाट यस्तो अपेक्षा गर्न सकिन्छ– जो निर्वाणको आरम्मण गरी समाधि लाभ गर्छ र चित्तको एकाग्रता प्राप्त गर्छ। भन्ते ! जो त्यसको समाधि हो सोही नै उसको समाधेन्द्रिय हो।"

(४) "भन्ते ! वीर्यवान्, स्मृति सम्पन्न, समाहित भएका श्रद्धालु आर्यश्रावकबाट यस्तो अपेक्षा गर्न सकिन्छ– जसले जान्नेछ कि– यो संसारको मूल जान्न सकिन्न। अविदया नीवरण भएका तृष्णा तथा संयोजनद्वारा धावन गरी यताउता हिंडिरहेकाको पूर्वकोटि (= आदि कारण) देखिंदैन। अविदयान्धकारकै निरवशेष निरोध नै शान्त तथा प्रणीत पद हो; सबै संस्कारहरूको निरुद्ध र सबै उपधि (= कामविषयादिको बन्धन) लाई हटाई तृष्णा क्षय निरुद्ध हुनु नै निर्वाण हो। भन्ते ! जो त्यसको प्रज्ञा हो सोही नै उसको प्रज्ञेन्द्रिय हो।"

(५) "भन्ते ! श्रद्धालु सो आर्यश्रावक यसरी कोशिस गर्दै यसरी संस्मरण गर्दै यसरी ध्यानमा बस्दै यसरी प्रज्ञाद्वारा

Downloaded from http://dhamma.digital/

जानी यस्तो विश्वास गर्छ– अघि मैले यी धर्महरूलाई केवल सुनेको मात्र थिएँ परन्तु अब मैले तिनीहरूलाई आध्यात्मद्वारा स्पर्शगरी बसेको छु र प्रज्ञाद्वारा बोध गरी हेरेको छु। भन्ते ! जो त्यसको श्रद्धा हो सोही नै उसको श्रद्धेन्द्रिय हो ।"

"साधु सारिपुत्र साधु ! ! सारिपुत्र ! जो आर्यश्रावक तथागत प्रति अभिप्रसन्न छ– त्यसले **तथागत वा तथागतको धर्मप्रति** शंका सन्देह गर्न सक्दैन... ।"

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ५७।२ केलाई निर्वाण भन्दछन् ?

एक समय **आयुष्मान् सारिपुत्र वज्जीस्थित उक्काचेल** (गाउँ) को गङ्गानदीको तीरमा बस्नु भएको थियो[1] ।

अनि **सामण्डक परिव्राजक** जहाँ **आयुष्मान् सारिपुत्र** हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् **सारिपुत्रसाग** सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बसे । एक छेउमा बसेका सामण्डक परिव्राजकले आयुष्मान् सारिपुत्रलाई यस्तो भने—

(१) प्र–“**आवुसो सारिपुत्र** □ ...**निर्वाण, नि**( भनी भन्दछन् । आवुसो ! कुनचाहिं निर्वाण हो ?”

उ–“आवुसो ! जो राग क्षय, द्वेष क्षय तथा मोह क्षय हो– यसैलाई निर्वाण भन्दछ ।”

१. सं. नि. III. पृ. २३३ : सामण्डकसुत्तं, सामण्डकसंयुत्तं, अ. क. पृ. ९२.

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

(२) प्र–"आवुसो ! यो निर्वाण साक्षात्कार गर्ने कुनै मार्ग तथा प्रतिपद् पनि छ के ?"

उ–"आवुसो ! यो निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद् पनि छ ।"

(३) प्र–"आवुसो ! यो निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद् कुन हो त ?"

उ–"आवुसो ! यही **आर्यअष्टाङ्गिक मार्ग** नै निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद् हो । जस्तै– सम्यक्-दृष्टि, सम्यक्-संकल्प, सम्यक्-वाचा, सम्यक्-कर्म, सम्यक्-आजीव, सम्यक्-ब्यायाम, सम्यक्-स्मृति तथा सम्यक्-समाधि ।"

"आवुसो ! निर्वाण साक्षात्कार गर्ने मार्ग तथा प्रतिपद् राम्रै रहेछ । **आवुसो सारिपुत्र** अप्रमाद हुनकोनिमित्त यति पर्याप्त छ ।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ५८।३ सारिपुत्रको परिनिर्वाण पछि

एक समय अर्थात् भरखरै **सारिपुत्र मौद्गल्यायनहरु** परिनिर्वाण भइसकेपछि **वज्जीको उक्काचेल** भन्ने गङ्गाको तीरमा महत् भिक्षुसङ्घका साथ भगवान बस्नु भएको थियो[1]। त्यसबेला भिक्षुसङ्घले परिवृत्त भई भगवान खुला ठाउँमा बसिरहनु भएको थियो।

अनि तूष्णी भएका भिक्षुसङ्घलाई हेर्नुभई भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो ! **सारिपुत्रमौद्गल्यायनहरु** परिनिर्वाण भएपछि यो परिषद् शून्य जस्तो लाग्छ। भिक्षुहरू ! जुन दिशामा **सारिपुत्रमौद्गल्यायनहरु** बस्थे त्यस दिशा शून्य हुन्नथ्यो र मैले हेर्नपर्ने हुन्थ्यो। भिक्षुहो ! जो ती अतीतमा अरहन्त सम्यक्सम्बुद्धहरू थिए वहाँहरूका पनि मेरा **सारिपुत्रमौद्गल्यायनहरु** जस्ता युगल अग्रश्रावकहरू थिए। भिक्षुहो ! जो ती अनागतमा अरहन्त

---

१. सं. नि. IV. पृ. १४० : उक्कचेलसुत्तं, सतिपट्ठानसंयुत्तं, अ. क. III. पृ. १८१.

Downloaded from http://dhamma.digital/

सम्यक्सम्बुद्धहरू हुनेछन् वहाँहरूका पनि मेरा **सारिपुत्रमौद्गल्यायनहरु** जस्ता युगल अग्रश्रावकहरू हुनेछन् । भिक्षुहो ! आश्चर्य श्रावकहरू ! अद्भुत श्रावकहरू !! जो शास्ताको अर्ति सुनी **बुद्धशासन** पालन गर्छन्; जो चार परिषद्का प्रिय मनाम तथा गौरवनीय हुन्छन् । भिक्षुहो ! आश्चर्य तथागत !! भिक्षुहो ! अद्भुत तथागत !! यस्ता युगल अग्र-श्रावकहरू परिनिर्वाण हुँदा पनि **तथागतलाई** शोक सन्ताप छैन । भिक्षुहो ! त्यो कहाँ पाउनु र ! जो त्यो जन्म भएको उत्पन्न भएको संस्कारले बनेको विनाशवान् पदार्थ हो– त्यो विनाश नहोस् !! न यस्तो हुन सक्छ । भिक्षुहो ! जस्तै– सारवान् महान रूख छँदाछँदै जुन ती महान शाखाहरू हुन् ती भाँचिएर जान्छन्; भिक्षुहो ! यस्तै गरी महान भिक्षुसङ्घ छँदाछँदै सारवान् **सारिपुत्रमौद्गल्यायनहरु** परिनिर्वाण भए । भिक्षुहो ! त्यो कहाँ पाउनु र ! जो त्यो जन्म भएको उत्पन्न भएको संस्कारले बनेको विनाशवान् पदार्थ हो– त्यो विनाश नहोस् ! न यस्तो हुन सक्छ । भिक्षुहो ! त्यसैले आत्मद्वीप भएर बस, अर्काको शरणमा नगई आफ्नै शरणमा बस, धर्मद्वीप भई बस र अर्काको शरण नलिई धर्मकै शरण लिई बस ।

"भिक्षुहो ! कसरी भिक्षु आत्मद्वीप भएर बस्छ ? कसरी अर्काको शरणमा नगई आफ्नै शरणमा बस्छ ? कसरी धर्मद्वीप भई बस्छ र कसरी अर्काको शरण नलिई धर्मको शरण लिई बस्छ ? भिक्षुहो ! यहाँ भिक्षु आतप्त भइ सम्प्रज्ञानी स्मृतिवान् भई यस शरीरमा अभिध्या दौर्मनस्य हटाउनकोनिमित्त कायमा कायानुपश्यी

Downloaded from http://dhamma.digital/

भई बस्छ...वेदनामा वेदनानुपश्यी भई बस्छ...चित्तमा चित्तानुपश्यी भई बस्छ...धर्ममा धर्मानुपश्यी भई बस्छ। भिक्षुहो ! यसरी आत्मद्वीप भएर बस्छ... । भिक्षुहो ! शिक्षाकामीहरूमध्येमा यही भिक्षु अग्र हुनेछ।"

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ५९।४ जरामरण कसले बनाएको ?

एक समय **आयुष्मान् सारिपुत्र** तथा **आयुष्मान् महाकोट्ठिक** **वाराणशीस्थित ऋषिपतन मृगदावनमा** बस्नु भएको थियो[1] ।

अनि आयुष्मान् महाकोट्ठिक सन्ध्या समयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् **सारिपुत्रस**( सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता गरिसक्नु भएपछि एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् **महाको** आयुष्मान् **सारिपुत्रलाई** यस्तो भन्नुभयो—

प्र– "**आवुसो सारिपुत्र** (१) **के जरामरण स्वयंकृत हो ?** (२) के जरामरण परकृत हो ? (३) के जरामरण स्वयंकृत पनि परकृत पनि हो ? (४) अथवा जरामरण स्वयंकृत पनि होइन परकृत पनि होइन बल्कि आपसे आप उत्पन्न भएको हो त ?"

---

१. सं. नि. II. पृ. ९६ : नलकलापीसुत्तं, निदानसंयुत्तं; अ. क. II. पृ. ९१.

Downloaded from http://dhamma.digital/

उ–"आवुसो कोट्ठिक ! (१) **जरामरण न स्वयंकृत होह**(२) जरामरण न परकृत हो; (३) जरामरण न स्वयंकृत हो न परकृत हो; (४) जरामरण स्वयंकृत पनि होइन परकृत पनि होइन न त आपसे आप उत्पन्न भएको नै हो; बल्कि **जन्म (जाति) को कारणले जरामरण भएको हो ।**"

प्र–"आवुसो सारिपुत्र ! **के त जन्म स्वयंकृत** हो ? के त जन्म परकृत हो ? के त जन्म स्वयंकृत पनि परकृत पनि हो ? अथवा जन्म स्वयंकृत पनि होइन परकृत पनि होइन बल्कि आपसे आप उत्पन्न भएको हो त ?"

उ–"आवुसो कोट्ठिक ! **जन्म न स्वयंकृत होह जन्म न परकृत हो** जन्म न स्वयंकृत हो न परकृत हो; जन्म स्वयंकृत पनि होइन परकृत पनि होइन, न त आपसे आप उत्पन्न भएको नै हो; बल्कि भवको कारणले जन्म (जाति) भएको हो ।"

प्र–"आवुसो सारिपुत्र ! **के त भव स्वयंकृत** ?...के त उपादान स्वयंकृत हो ?...के त तृष्णा स्वयंकृत हो ?...के त वेदना स्वयंकृत हो ?...के त स्पर्श स्वयंकृत हो ?...के त षडायतन स्वयंकृत हो ?...(१) के त नाम-रूप स्वयंकृत हो ? (२) के त नाम-रूप परकृत हो ? (३) के त नाम-रूप स्वयंकृत पनि परकृत पनि हो ? (४) अथवा

१. प्रत्येक प्रश्नमा माथि उल्लेख भए जस्तै चार चार प्रकारले प्रश्न गरी पढ्नु पर्छ ।

Downloaded from http://dhamma.digital/

नाम-रूप स्वयंकृत पनि होइन परकृत पनि होइन बल्कि आपसे आप उत्पन्न भएको हो त ?"

उ-"आवुसो कोट्ठिक ! **भव न स्वयंकृत** ..उपादान न स्वयंकृत हो;...तृष्णा न स्वयंकृत हो;...वेदना न स्वयंकृत हो;...स्पर्श न स्वयंकृत हो;...षडायतन न स्वयंकृत हो;...(१) नाम-रूप न स्वयंकृत हो; (२) नाम-रूप न परकृत हो; (३) नाम-रूप न स्वयंकृत हो न परकृत हो; (४) नाम-रूप स्वयंकृत पनि होइन परकृत पनि होइन न त आपसे आप उत्पन्न भएको नै हो; बल्कि विज्ञानको कारणले नाम-रूप भएको हो ।"

प्र-"आवुसो सारिपुत्र ! (१) **के विज्ञान स्वयंकृत हो ?** (२) के विज्ञान परकृत हो ? (३) के विज्ञान स्वयंकृत पनि परकृत पनि हो ? (४) अथवा विज्ञान स्वयंकृत पनि होइन परकृत पनि होइन बल्कि आपसे आप उत्पन्न भएको हो त ?"

उ-"आवुसो कोट्ठिक ! (१) **विज्ञान न स्वयंकृत होह** (२) विज्ञान न परकृत हो; (३) विज्ञान न स्वयंकृत हो न परकृत हो; (४) विज्ञान स्वयंकृत पनि होइन परकृत पनि होइन न त आपसे आप उत्पन्न भएको नै हो; बल्कि **नाम-रुपको कारणले विज्ञान भएको हो ।**"

## खप्तरीको मुट्ठाको दृष्टान्त

"भरखरै हामीहरूले आयुष्मान् सारिपुत्रले भन्नुभएको सुन्यौं कि– 'आवुसो कोट्ठिक ! नाम-रूप न स्वयंकृत हो; नाम-रूप न परकृत

Downloaded from http://dhamma.digital/

हो, नाम-रूप न स्वयंकृत हो न परकृत हो; नाम-रूप स्वयंकृत पनि होइन परकृत पनि होइन न आपसे आप उत्पन्न भएको नै हो; बल्कि **विज्ञानको कारणले उत्पन्न भएको हो।**"

"भरखरै हामीहरूले आयुष्मान् सारिपुत्रले भन्नुभएको सुन्यौ कि– 'आवुसो कोट्ठिक ! विज्ञान न स्वयंकृत हो; विज्ञान न परकृत हो; विज्ञान न स्वयंकृत हो न परकृत हो; विज्ञान स्वयंकृत पनि होइन परकृत पनि होइन न आपसे आप उत्पन्न भएको नै हो; बल्कि नाम-रूपको कारणले विज्ञान उत्पन्न भएको हो।"

"आवुसो सारिपुत्र ! कसरी यस कुराको अर्थ बुझ्ने ?"

(क) "आवुसो ! त्यसोभए तपाईलाई दृष्टान्त देखाउने छु। दृष्टान्त-द्वारा पनि बताएका कुराको अर्थ यहाँ केही विज्ञ पुरुषहरूले बुझ्न सक्छन्। आवुसो ! जस्तै **केही खप्तरीका मुट्ठाहरु परस्परको आधारमा खडा रहन्छन्।** आवुसो ! त्यस्तै **नाम-रुपको कारणले विज्ञान, विज्ञानको कारणले नाम-रुपह** नाम-रूपको कारणले षडायतन; षडायतनको कारणले स्पर्श; स्पर्शको कारणले वेदना; वेदनाको कारणले तृष्णा; तृष्णाको कारणले उपादान; उपादानको कारणले भव (= कर्मभव); भवको कारणले जन्म (= जाति); जन्मको कारणले जरामरण शोकपरिदेव दुःख दौर्मनस्य उपायास उत्पन्न हुन्छन्। यसरी सम्पूर्ण दुःखस्कन्धको समुदय हुन्छन्।"

(ख) "आवुसो ! जस्तै ती **खप्तरीका मुट्ठाहरुमध्ये एउटालाई झिक्यो भने एउटा ढल्छ,** अर्कोलाई झिक्यो भने अर्को ढल्छ।

Downloaded from http://dhamma.digital/

आवुसो ! त्यस्तै नाम-रूप निरोधबाट विज्ञान निरोध हुन्छ, विज्ञान निरोधबाट नाम-रूप निरोध हुन्छ; नाम-रूप निरोधबाट षडायतन निरोध हुन्छ; षडायतन निरोधबाट स्पर्श निरोध हुन्छ; स्पर्श निरोधबाट वेदना निरोध हुन्छ; वेदना निरोधबाट तृष्णा निरोध हुन्छ; तृष्णा निरोधबाट उपादान निरोध हुन्छ; उपादान निरोधबाट भव निरोध हुन्छ; भव निरोधबाट जन्म निरोध हुन्छ; जन्म निरोधबाट जरामरण शोकपरिदेव दुःख दौर्मनस्य उपायास निरोध हुन्छन् । यसरी सम्पूर्ण दुःखस्कन्धको समुदय निरोध हुन्छ ।"

## छत्तीस प्रकारले अनुमोदन

"आश्चर्यहो, आवुसो सारिपुत्र ! अद्‌भुतहो, आवुसो सारिपुत्र ! ! आयुष्मान् सारिपुत्रले कति सुभाषित बोल्नु भएको ! आयुष्मान् सारिपुत्रले बताउनु भएका यी कुरालाई हामीहरूले निम्न छत्तीस प्रकारले अनुमोदन गर्छौं—

१–a '(१) आवुसो ! **जरामरणको निर्वेदकोनिम्ति**, विरागकोनिम्ति, निरोधकोनिम्ति जो भिक्षुले धर्मोपदेश गर्छ– उसलाई ...**धर्मक( भिक्षु** भन्न योग्य छ । b- आवुसो ! जरामरणको निर्वेदकोनिम्ति, विरागकोनिम्ति, निरोधकोनिम्ति जो भिक्षु प्रतिपन्न हुन्छ– उसलाई ...**धर्मानुधर्म प्रतिपन्न** भन्न योग्य छ । c– आवुसो ! जरामरणलाई निर्वेद, विराग, निरोध गरी उपादान रहित जो भिक्षु विमुक्त हुन्छ– उसलाई ...**दृष्टधर्म निर्वाण प्राप्त** भन्न योग्य छ ।

Downloaded from http://dhamma.digital/

२–a आवुसो ! **जन्मको निर्वेदकोनिम्ति**, विरागकोनिम्ति, निरोधकोनिम्ति जो भिक्षुले धर्मोपदेश गर्छ– उसलाई 'धर्मकथिक भिक्षु' भन्न योग्य छ। b– आवुसो ! जन्मको निर्वेदकोनिम्ति, विरागकोनिम्ति, निरोधकोनिम्ति जो भिक्षु प्रतिपन्न हुन्छ– उसलाई 'धर्मानुधर्म प्रतिपन्न भिक्षु' भन्न योग्य छ। c– आवुसो ! जन्मलाई निर्वेद, विराग, निरोध गरी उपादान रहित जो भिक्षु विमुक्त हुन्छ– उसलाई 'दृष्टधर्म निर्वाण प्राप्त भिक्षु' भन्न योग्य छ। ३–a आवुसो ! **भवको निर्वेदकोनिम्ति**[१],.. ४–a आवुसो ! उपादानको निर्वेदकोनिम्ति,... ५–a आवुसो ! तृष्णाको निर्वेदकोनिम्ति,... ६–a आवुसो ! वेदनाको निर्वेदकोनिम्ति,... ७–a आवुसो ! स्पर्शको निर्वेदकोनिम्ति,... ८–a आवुसो ! षडायतनको निर्वेदकोनिम्ति,... ९–a आवुसो ! नाम-रूपको निर्वेदकोनिम्ति,... १०–a आवुसो ! विज्ञानको निर्वेदकोनिम्ति,... ११–a आवुसो ! संस्कारहरूको निर्वेदकोनिम्ति,... १२–a आवुसो ! अविदद्याको निर्वेदकोनिम्ति, विरागकोनिम्ति, निरोधकोनिम्ति जो भिक्षुले धर्मोपदेश गर्छ– उसलाई ...**धर्मकथिक**भन्न योग्य छ। b- आवुसो ! अविदद्याको निर्वेदकोनिम्ति, विरागकोनिम्ति, निरोधको-निम्ति जो भिक्षु प्रतिपन्न हुन्छ– उसलाई ...**धर्मानुधर्म प्रतिपन्न भिक्षु**

१. यी प्रत्येक ठाउँमा 'धर्मकथिक भिक्षु' 'धर्मानुधर्म प्रतिपन्न भिक्षु' तथा 'दृष्टधर्म निर्वाण प्राप्त भिक्षु' गरी तीन तीन प्रकारले दोहऱ्याई पढ्नू पर्छ।

Downloaded from http://dhamma.digital/

भन्न योग्य छ । c– आवुसो ! अविदद्यालाई निर्वेद, विराग, निरोध गरी उपादान रहित जो भिक्षु विमुक्त हुन्छ– उसलाई **निर्वाण प्राप्त भिक्षु** भन्न योग्य छ ।”

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६०।५ सारिपुत्रको सत्संगत गर

यस्तो मैले सुनें[१] ।

एक समय **वाराणसीको ऋषिपतन मृगदावनमा** भगवान बस्नुभएको थियो। अनि त्यहाँ भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए। अनि भगवानले यसो भन्नुभयो—

"भिक्षुहो ! तथागत अरहत् सम्यक्सम्बुद्धले **वाराणसीको ऋषिपतन मृगदायमा** अनुपम धर्मचक्र प्रवर्तन गर्नुभयो जो यो लोकमा कुनै श्रमण, ब्राह्मण, देव, मार तथा ब्रह्माले अथवा अरू कसैले पल्टाउन (अप्पतिवत्तियं) सक्दैन । त्यो हो **चतुरार्यसत्यलाई** बताउनु, देशना गर्नु, प्रतिस्थापना गर्नु, विवरण गर्नु, विभाजन गर्नु तथा प्रष्ट पार्नु । कुन **चतुरार्यसत्य** भने– दुःखसत्यलाई बताउनु, दुःखसमुदय सत्यलाई बताउनु ... दुःखनिरोध सत्यलाई बताउनु ... तथा दुःखनिरोध हुने

---

१. म. नि. III. पृ. ३३३ : सच्चविभङ्गसुत्तं, अ. क. IV. पृ. १९५.

Downloaded from http://dhamma.digital/

मार्गसत्यलाई बताउनु, देशना गर्नु, प्रतिस्थापना गर्नु, विवरण गर्नु, विभाजन गर्नु तथा प्रष्ट पार्नु । तथागत अरहत् सम्यक्सम्बुद्धले यही चतुरार्यसत्यलाई वाराणशीको ऋषिपतन मृगदायमा बताउनु भएको हो जो ... अरू कसैले पल्टाउन सक्दैन ... ।

"भिक्षुहो ! **सारिपुत्र मौद्गल्यायनहरुको** सत्संगत गर ! भिक्षुहो ! **सारिपुत्र मौद्गल्यायनहरुको** भजन गर ! भिक्षुहरू ! उनीहरू पण्डित छन् र सब्रह्मचारीहरूको अनुग्राहक हुन् । भिक्षुहो ! **सारिपुत्र आमा** जस्तै हुन् **मौद्गल्यायन जन्मेकोलाई** पोषण गर्ने जस्तै हुन् । भिक्षुहो ! सारिपुत्रले स्रोतापत्ति फलमा विनीत गराउँछन् भने **मौद्गल्यायनले** उत्तम अर्थमा पुऱ्याइदिन्छन् । भिक्षुहो ! चतुरार्यसत्यलाई विस्तारपूर्वक बताउन, देशना गर्नु, प्रतिस्थापन गर्न, विवरण गर्न, विभाजन गर्न तथा प्रष्ट पार्न **सारिपुत्रले** सक्छन्[१] ।" यति भन्नुभई भगवान आसनबाट उठी विहारभित्र (कोठामा) जानुभयो ।

---

१. "सेवेथ, भिक्खवे, सारिपुत्तमोग्गल्लाने; भजन, भिक्खवे, सारिपुत्त-मोग्गल्लाने । पण्डिता भिक्खू अनुग्गाहका सब्रह्मचारीनं । सेय्यथापि, भिक्खवे, जनेता, एवं सारिपुत्तो; सेय्यथापि जात्तस्स आपादेता, एवं मोग्गल्लानो । सारिपुत्तो, भिक्खवे, सोत्तापत्तिफले विनेति, मोग्गल्लानी उत्तमत्थे । सारिपुत्तो, भिक्खवे, पहोति चत्तारिअरियसच्चानि वित्थारेन आचिक्खितुं देसतुं पञ्ञापेतुं पट्ठपेतुं विवरितुं विभजितुं उत्तानीकातुं ।" म. नि. III. पृ. ३३३-३४ : सच्चविभङ्गसुत्तं ।

Downloaded from http://dhamma.digital/

# आयुष्मान् सारिपुत्रको देशना

भगवान जानुभएको केहीछिन् पछि आयुष्मान् **सारिपुत्रले** भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "आवुसो भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् **सारिपुत्रलाई** प्रत्युत्तर दिए । अनि आयुष्मान् **सारिपुत्रले** यसो भन्नुभयो–

"आवुसो ! **वाराणसी ऋषिपतन मृगदायमा** तथागत अरहत् सम्यक्सम्बुद्धले अनुपम धर्मचक्र प्रवर्तन गर्नुभएको थियो । जसलाई यो लोकको कुनै, श्रमण, ब्राह्मण तथा ब्रह्माले अथवा अरू कसैले पल्टाउन (अप्पटिवत्तियं) सक्दैन । त्यो हो चतुरार्यसत्य । **चतुरार्यसत्य** भनेको के हो ? दुःख आर्यसत्य, ... दुखसमुदय आर्यसत्य, ... दुःखनिरोध आर्यसत्य, ... तथा दुःखनिरोध हुने मार्ग आर्यसत्य ... ।"

## (१) दुःख आर्यसत्य

"आवुसो ! **दुःख आर्यसत्य भनेको के हो ?** जन्म हुनु दुःख हो, जरा हुनु दुःख हो, मरण हुनु दुःख हो, शोक हुनु दुःख हो, परिदेव हुनु दुःख हो र दुःख दौर्मनस्य उपायास हुनु दुःख हो । अप्रियसँग सम्पर्क हुनु, प्रियसँग वियोग हुनु तथा इच्छा गरेको नपाउनु पनि दुःख हो । संक्षेपमा भन्ने हो भने पञ्चउपादानस्कन्ध नै दुःख हो ।"

"आवुसो ! जन्म (जाति) भनेको के हो ? ती सत्वहरूको (= प्राणीहरूको) ती सत्वनिकायमा जन्मिनु, अवक्रान्त हुनु, उत्पन्न हुनु,

Downloaded from http://dhamma.digital/

स्कन्धहरूको प्रादुर्भाव हुनु तथा आयतन (= इन्द्रिय) हरूको प्रादुर्भाव हुनु हो– आवुसो ! यही 'जन्म' हो ।"

"आवुसो ! जरा भनेको के हो ? ती ती सत्वहरूमा जुन आ-आफ्ना शरीरमा जरता, जीर्णता, दाँत फुक्लने, केश फुल्ने, छाला चाउरी पर्ने, आयु परिहानिता तथा इन्द्रियहरूको परिपक्वता हो– आवुसो ! यही 'जरा' हो ।"

"आवुसो ! मरण भनेको के हो ? जुन जुन सत्वहरूको शरीरबाट सम्बन्धित अवयवहरू च्युत हुनु, चवनता, भेद-भिन्न हुनु, अन्तर्धान हुनु, मृत्यु, मरण कालक्रिया, स्कन्धहरूको भेद-भिन्न हुनु, शरीरको निक्षेप तथा जीवितेन्द्रियको समुच्छेद हो– आवुसो ! यही 'मरण' हो ।"

"आवुसो ! शोक भनेको के हो ? आवुसो ! कुनै न कुनै व्यसनले गर्दा, कुनै न कुनै दुःख धर्मले गर्दा जुन शोक हुन, चित्तमा जल्नु तथा भित्र शोक हुनु हो– आवुसो ! यही 'शोक' हो ।"

"आवुसो ! परिदेव (= अलाप-विलाप) भनेको के हो ? आवुसो ! कुनै न कुनै व्यसनले गर्दा, कुनै न कुनै दुःख धर्मले गर्दा जुन रुनु, अलाप-प्रलाप गर्नु, विलाप गर्नु तथा कुरा गर्दागर्दै रुनु हो– आवुसो ! यही 'परिदेव' हो ।"

"आवुसो ! **दुःख भनेको के हो ?** आवुसो ! जुन शारीरिक दुःख हो, जुन कायिक अस्वाद हो र जुन स्पर्शद्वारा शारीरिक प्रतिकूल अनुभव हुनु हो– आवुसो ! यही 'दुःख हो' ।"

Downloaded from http://dhamma.digital/

"आवुसो ! दौर्मनस्य भनेको के हो ? आवुसो ! जुन चैतसिक (= भित्री मनमा) दुःख हो जुन चैतसिक अस्वाद हो र जुन मनः स्पर्शद्वारा प्रतिकूल अनुभव हुने हो– आवुसो ! यही 'दौर्मनस्य' हो ।"

"आवुसो ! उपायास (= मानसिक कष्ट पीडा) भनेको के हो ? कुनै न कुनै ब्यसनले गर्दा कुनै न कुनै दुःख धर्मले गर्दा जुन मानसिक कष्ट पीडा हुने हो– आवुसो ! यही 'उपायास' हो ।"

"आवुसो ! इच्छा गरेको नपाउनु पनि दुःख हो भनेको के हो ? आवुसो ! जन्मिने स्वभावका प्राणीहरूको यस्तो इच्छा उत्पन्न हुन्छ– 'अहो ! हामीमा जन्मिने स्वभाव नभए हुन्थ्यो र हामीमा जन्म नआए हुन्थ्यो ।' किन्तु यो इच्छाद्वारा मात्र पाउन सकिने होइन । 'इच्छा गरेको नपाउनु पनि दुःख हो' भनेको यही हो । आवुसो ! जरास्वभावका प्राणीहरूको यस्तो इच्छा उत्पन्न हुन्छ– 'अहो ! हामीमा जरास्वभाव नभए हुन्थ्यो र हामीमा जरा नआए हुन्थ्यो ।' किन्तु यो इच्छाद्वारा मात्र पाउन सकिने होइन । आवुसो ! ब्याधि स्वभावका प्राणीहरूको ... मरण स्वभावका प्राणीहरूको ... शोक, परिदेव, दुःख, दौर्मनस्य उपायास स्वभावका प्राणीहरूको यस्तो इच्छा उत्पन्न हुन्छ– 'अहो ! हामीमा शोक परिदेव दुःख दौर्मनस्य उपायास स्वभाव नभए हुन्थ्यो र हामीमा शोक परिदेव दुःख दौर्मनस्य उपायास नआए हुन्थ्यो ।' किन्तु यो इच्छाद्वारा मात्र पाउन सकिने होइन । इच्छा गरेको नपाउनु पनि दुःख हो' भनेको यही हो ।"

"आवुसो ! संक्षेपमा पञ्चउपादानस्कन्ध दुःख हो भनेको के हो ?

Downloaded from http://dhamma.digital/

जस्तै कि– (१) रूप-उपादानस्कन्ध, (२) वेदना-उपादानस्कन्ध, (३) संज्ञा-उपादानस्कन्ध, (४) संस्कार-उपादानस्कन्ध र (५) विज्ञान-उपादानस्कन्ध। आवुसो ! यसैलाई 'संक्षेपमा पञ्चउपादानस्कन्ध दुःख हो' भनी भनिएको हो। आवुसो ! यसैलाई 'दुःख आर्यसत्य' भनिएको हो।

## (२) दुःखसमुदय आर्यसत्य

"आवुसो ! **दुःखसमुदय आर्यसत्य भनेको कस्तो हो ?** जो यो पुनर्भविक (= फेरि फेरि जन्मिने) तृष्णा हो, जो यो नन्दिराग सहगत तृष्णा हो, जो यो त्यहाँ अभिनन्दन गर्ने तृष्णा हो– जस्तै (१) कामतृष्णा, (२) भवतृष्णा, र (३) विभवतृष्णा,– आवुसो ! यही 'दुःखसमुदय आर्यसत्य' हो।"

## (३) दुःखनिरोध आर्यसत्य

"आवुसो ! **दुःखनिरोध आर्यसत्य भनेको कस्तो हो** ? जो यही तृष्णाको निश्शेष निरोध, त्याग, प्रतिनिस्सर्ग, मुक्ति र अनालय हो– आवुसो ! यही 'दुःखनिरोध आर्यसत्य' हो।"

## (४) मार्ग आर्यसत्य

"आवुसो ! **दुःखनिरोध हुने मार्ग (प्रतिपदा) आर्यसत्य**

Downloaded from http://dhamma.digital/

**भनेको कस्तो हो ?** यही आर्यअष्टाङ्गिक मार्ग नै दुःखनिरोध हुने मार्ग हो– जस्तै (१) सम्यक्दृष्टि, (२) सम्यक्संकल्प, (३) सम्यक्वाचा, (४) सम्यक्कर्म, (५) सम्यक्आजीव, (६) सम्यक्व्यायाम, (७) सम्यक्स्मृति र (८) सम्यक्समाधि ।"

१– "आवुसो ! सम्यक्दृष्टि भनेको कस्तो हो त ? आवुसो ! जो दुःखको ज्ञान, दुःखसमुदयको ज्ञान, दुःखनिरोधको ज्ञान र दुःखनिरोध गर्ने मार्गको ज्ञान हो– आवुसो ! यही ...**सम्यक्** हो ।"

२– "आवुसो ! सम्यक्सङ्कल्प भनेको कस्तो हो त ? आवुसो ! जो (१) नैष्क्रम्यसंकल्प, (२) अब्यापाद (= मैत्री) संकल्प र (३) अविहिंसा (= करुणा) संकल्प हो– आवुसो ! यही हो ।"

३– "आवुसो ! सम्यक्वाचा भनेको कस्तो हो त ? (१) मृषावादलाई त्याग्नु, (२) पैशुन्यवाचालाई त्याग्नु, (३) परुषवाचालाई त्याग्नु र (४) सम्प्रलापलाई त्याग्नु । आवुसो ! यही ...**सम्यक्** हो ।"

४– "आवुसो ! सम्यक्कर्म भनेको कस्तो हो त ? (१) प्राणीघातलाई त्याग्नु, (२) अदिन्नादान (= नदिएकोलाई लिने) लाई त्याग्नु र (३) काममिथ्याचारलाई त्याग्नु । आवुसो ! यही ...**सम्यक्** हो ।"

५– "आवुसो ! सम्यक्आजीव भनेको कस्तो हो त ? आवुसो ! यहाँ आर्यश्रावक मिथ्याजीविकालाई त्यागी सम्यक् जीविकाले जीवन बिताउँछ । आवुसो ! यही ...**सम्यक्आजीि** हो ।"

६– "आवुसो ! सम्यक्ब्यायाम भनेको कस्तो हो त ? आवुसो ! यहाँ भिक्षु (१) उत्पन्न नभएको पापक अकुशल धर्मलाई अनुत्पन्न

Downloaded from http://dhamma.digital/

गर्नकोनिमित्त इच्छा गर्छ, ब्यायाम गर्छ, बीर्य लगाउँछ र चित्तले समाती प्रयत्न गर्छ; (२) उत्पन्न भएको पापक अकुशलधर्मलाई हटाउनकोनिमित्त इच्छा गर्छ,....प्रयत्न गर्छ; (३) उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गराउनकोनिमित्त इच्छा गर्छ,...प्रयत्न गर्छ; (४) उत्पन्न भएको कुशल धर्मलाई बिलाएर जान नदिई स्थिर राख्नकोनिमित्त, झन् झन् बढाउनकोनिमित्त, विपुलपार्नकोनिमित्त र भावनाद्वारा परिपूर्ण गर्नकोनिमित्त इच्छा गर्छ,...प्रयत्न गर्छ। आवुसो ! यही ...**सम्यक्ब्याया**( हो।"

७– "आवुसो ! **सम्यक्स्मृति** भनेको कस्तो हो त ? आवुसो ! यहाँ भिक्षु (१) कायमा कायानुपश्यी भई आतप्तयुक्त सम्प्रज्ञानी स्मृतिमानभई यो देहमा भएको अभिध्या (= लोभ, राग) दौर्मनस्य (= द्वेष, क्रोध) लाई हटाउँछ। (२) वेदनामा वेदनानुपश्यी भई...(३) चित्तमा चित्तानुपश्यी भई...तथा (४) धर्ममा (= मनभित्र हुने स्वभाव बारे) धर्मानुपश्यी भई आतप्तयुक्त सम्प्रज्ञानी स्मृतिमान् भई यो देहमा भएको अभिध्या दौर्मनस्यलाई हटाउँछ। आवुसो ! यही हो।"

८– "आवुसो ! सम्यक्समाधि भनेको कस्तो हो त ? आवुसो ! (१) यहाँ भिक्षु कामविषयबाट अलग भई अकुशलबाट अलग भई सवितर्क सविचारयुक्तः विवेकजः (= ध्यानजः) प्रीति सुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ, (२) वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसाद चित्तलाई एकाग्र गरी वितर्क विचार रहित

Downloaded from http://dhamma.digital/

समाधिजः प्रीति सुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ, (३) प्रीतिलाई पनि त्यागी उपेक्षी भई स्मृतिमान् र प्रज्ञावान् भई– शरीरद्वारा सुखानुभव गर्छ जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिमान् सुखपूर्वक बस्ने' भनी भन्दछन् अनि (४) सौमनस्य र दौर्मनस्यलाई पहिले नै अन्त गरी सुख र दुःखलाई त्यागी दुःख र सुख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ । आवुसो ! यही ...**दुःखनिरोध हुने** हो...।"

आयुष्मान् **सारिपुत्रले** यति भन्नुभयो । यसबाट सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् **सारिपुत्रको भाषणाल(** अभिनन्दन गरे ।

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६१।६ आतापी र ओत्तप्पी

यस्तो मैले सुनें[1] ।

एक समय **आयुष्मान् महाकाश्यप** र **आयुष्मान् सारिपुत्र वार स्थित ऋषिपतन मृगदावनमा** बस्नुभएको थियो । अनि आयुष्मान् सारिपुत्र सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् महाकाश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् **महाकाश्यपस**( सम्मोदन गर्नुभयो । सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् **स ा ि र** आयुष्मान् **महाकाश्यपलाई** यस्तो भन्नुभयो—

"आवुसो काश्यप ! यस्तो भनिन्छ कि– (१) **अनातापी** (= क्लेशलाई तप्त नपार्ने) र **अनोतापी** (= क्लेश देखेर नडराउने र भय नमान्ने) पुरुष सम्बोधि प्राप्त गर्नकोनिमित्त अयोग्य हुन्छ, निर्वाण

१. सं. नि. II. पृ. १६४ : अनोत्तप्पीसुत्तं, अ. क. II. पृ. १२४.

Downloaded from http://dhamma.digital/

प्राप्त गर्नकोनिमित्त अयोग्य हुन्छ, अनुपम योगक्षेम[१] (= बन्धनबाट मुक्त) प्राप्त गर्नकोनिमित्त अयोग्य हुन्छ। (२) **अतापी** = क्लेशलाई तप्त पार्ने) र **ओत्तप्पी** (= क्लेश देखेर डराउने र भय मान्ने) पुरुष सम्बोधि प्राप्त गर्नकोनिमित्त योग्य हुन्छ, निर्वाण प्राप्त गर्नकोनिमित्त योग्य हुन्छ र अनुपम योगक्षेम प्राप्त गर्नकोनिमित्त योग्य हुन्छ।"

## आतप्त ओतप्त नगर्ने पुरुष

(क) "आवुसो! कसरी (१) **अनातापी हुने** र (२) **अनोत्तापी हुने** सम्बोधि प्राप्तिकोनिमित्त निर्वाण प्राप्तिकोनिमित्त अनुपम योगक्षेम प्राप्तिकोनिमित्त अयोग्य हुन्छ ? आवुसो ! कसरी (३) **आतापी हुने** र (४) **ओत्तप्पी हुने पुरूष** सम्बोधि प्राप्तिकोनिमित्त निर्वाण प्राप्तिकोनिमित्त अनुपम योगक्षेम प्राप्तिकोनिमित्त योग्य हुन्छ ?"

(क)– १" **आवुसो  कसरी अनातापी हुन्छ त** आवुसो ! यहाँ भिक्षुले– (१) 'उत्पन्न नभएका पापक अकुशल-धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी **आतप्त गर्दैनह** (२) 'उत्पन्न भएका पापक अकुशल-धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी **आतप्त गर्दैनह** (३) उत्पन्न नभएका कुशल-धर्महरू उत्पन्न नभएमा

२. केलाई 'योग' भन्दछन् भन्ने बारेमा हेर बु. प. I. पृ. ३०८ को पादटिप्पणीमा।

Downloaded from http://dhamma.digital/

मेरो अनर्थ हुनसक्छ' भनी **आतप्त गर्दैनह** (४) 'उत्पन्न भएका कुशल धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी **आतप्त गर्दैन** । **आवुसो  यसरी अनातापी हुन्छ**

(क)–२ "**आवुसो  कसरी अनोत्तापी हुन्छ त** आवुसो ! यहाँ भिक्षुले– (१) 'उत्पन्न नभएका पापक अकुशल-धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी **ओतप्प** (= डर) **गर्दैनह** (२) 'उत्पन्न भएका पापक अकुशल-धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी **ओतप्प ग द ै** (३) 'उत्पन्न नभएका कुशल-धर्महरू उत्पन्न नभएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प गर्दैन; (४) 'उत्पन्न भएका कुशल-धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी ओतप्त गर्दैन। **आवुसो  अनोत्तापी हुन्छ।**"

"आवुसो ! यसरी अनातापी र अनोत्तापी हुने पुरुष– सम्बोधि प्राप्तिकोनिमित्त, निर्वाण प्राप्तिकोनिमित्त, अनुपम योगक्षेम प्राप्तिकोनिमित्त अयोग्य हुन्छ।"

## आतप्त ओतप्त गर्ने पुरुष

(क)–३ "आवुसो ! **कसरी अतापी** (= तप्त गर्ने) **हुन्छ त ?** आवुसो ! यहाँ भिक्षुले– (१) 'उत्पन्न नभएका पापक अकुशल-धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी **आतप्त गर्छह** (२) 'उत्पन्न भएका पापक अकुशल-धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी **आतप्त गर्छह** (३) 'उत्पन्न नभएका कुशल-धर्महरू

Downloaded from http://dhamma.digital/

उत्पन्न नभएमा मेरो अनर्थ हुनसक्छ' भनी **आतप्त गर्छह** (४) 'उत्पन्न भएका कुशल धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्छ। **आवुसो  यसरी अतापी हुन्छ**

(क)–४ "**आवुसो  कसरी ओत्तप्पी हुन्छ त** आवुसो ! यहाँ भिक्षुले– (१) 'उत्पन्न नभएका पापक अकुशल-धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी **ओत्तप्प** (= डर) **गर्छह** (२) 'उत्पन्न भएका पापक अकुशल-धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी **ओत्तप्प** (३) 'उत्पन्न नभएका कुशल-धर्महरू उत्पन्न नभएमा मेरो अनर्थ हुनसक्छ' भनी **ओत्तप्प** (४) 'उत्पन्न भएका कुशल-धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी ओतप्त गर्छ। **आवुसो  यसरी ओत्तप्पी हुन्छ।**"

"आवुसो ! यसरी **आतापी र ओत्तप्पी हुने पुरूष**– सम्बोधि प्राप्तिकोनिमित्त, निर्वाण प्राप्तिकोनिमित्त, अनुपम योगक्षेम प्राप्तिकोनिमित्त अयोग्य हुन्छ।"

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६२।७ शीलवान् भिक्षुले के गर्नुपर्छ ?

एक समय **आयुष्मान् सारिपुत्र** र **आयुष्मान् महाकोट्ठिक** वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[1]।

अनि आयुष्मान् कोट्ठिक सन्ध्यासमयमा समाधिबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि ... आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

१– "आवुसो सारिपुत्र ! शीलवान् भिक्षुले कुन धर्मलाई राम्ररी मनमा राख्नुपर्छ ?"

"आवुसो कोट्ठिक ! शीलवान् भिक्षुले पाँच-उपादानस्कन्धहरूलाई– **अनित्यको दृष्टिले**, दु:खको दृष्टिले, ब्याधिको दृष्टिले, खटिराको दृष्टिले, शल्यको दृष्टिले, ब्यसनको दृष्टिले, **पीडाको दृष्टिले**, आफ्नो नहुने दृष्टिले, लुप्त हुने दृष्टिले, शून्यको दृष्टिले तथा **अनात्मको दृष्टिले**– राम्ररी मनन गर्नुपर्छ। कुन पाँच भने ?–

---

१. सं. नि. II. पृ. ३८० : सीलवन्तसुत्तं, खन्धसंयुत्तं, अ. क. II. पृ. २४४.

Downloaded from http://dhamma.digital/

(१) **रुप-उपादानस्कन्ध,** (२) वेदना-उपादानस्कन्ध, (३) संज्ञा-उपादानस्कन्ध, (४) संस्कार-उपादानस्कन्ध तथा (५) विज्ञान-उपादान-स्कन्ध ।"

"आवुसो को**ट्ठि**क ! शीलवान् भिक्षुले पाँच-उपादानस्कन्धहरूलाई– अनित्यको दृष्टिले...तथा अनात्मको दृष्टिले– राम्ररी मनन गर्नुपर्छ । आवुसो ! शीलवान् भिक्षुले यी पाँच-उपास्कन्धहरूलाई– अनित्यको दृष्टिले,...तथा अनात्मको दृष्टिले– राम्रोसँग मनन गर्दा उसले **स्रोतापत्ति**[१]-**फल** साक्षात्कार गर्न सक्नेछ ।"

---

१. 'स्रोतापति वा स्रोतापन्न' को शब्दार्थ हो– स्रोतमा परेको । अर्थात् निर्वाणरूपीसागरमा पुगिने मूल स्रोतधारमा पुग्ने व्यक्ति हो । यस सम्बन्धमा विभिन्न प्रकारका कुराहरू यो भन्दा अघिका बुद्धकालीन ब्राह्मणदि पुस्तकहरूमा सम्बन्धित ठाउँहरूमा समुल्लेख भइसकेको छ । यी तीनप्रकारका छन्–

(क)– यो स्रोतापन्न हुने व्यक्ति धेरैमा सातपटकसम्म मनुष्यलोकमा जन्मेर निर्वाण हुने व्यक्ति पनि छ । यस्तालाई 'सत्तक्खत्तुंपरमो' अर्थात् 'सातपटके' भनी भन्दछन् । (ख) कममा एक पटकसम्म मनुष्यलोकमा जन्मेर निर्वाण हुने व्यक्ति पनि छ । यस्तालाई 'एक बीजी' अर्थात् 'एकपटके' भनी भन्दछन् । (ग) अर्कोथरी दुइ तीन पटक मनुष्यलोकमा जन्मेर निर्वाण हुने व्यक्ति पनि छन् । यस्तालाई 'कोलङ्कोल' अर्थात् 'कुलबाट कुलमै जाने' भनी भन्दछन् । हेर. पुग्ग. प. पृ. २४ : मातिकानिद्देसो ।

Downloaded from http://dhamma.digital/

२– "आवुसो सारिपुत्र ! स्रोतापन्न हुने भिक्षुले कुन धर्मलाई राम्ररी मनन गर्नुपर्छ त ?"

"आवुसो कोट्ठिक ! स्रोतापन्न हुने भिक्षुले पनि यीनै पाँच-उपादानस्कन्धहरूलाई– **अनित्यको दृष्टिले**...तथा अनात्मको दृष्टिले– राम्ररी मनन गर्नुपर्छ। आवुसो ! यी पाँच-उपास्कन्धहरूलाई– अनित्यको दृष्टिले,...तथा **अनित्यको दृष्टिले**– राम्रोसँग मनन गर्दा उसले **सकृदागामी-फल** साक्षात्कार गर्न सक्छ।"

३– "आवुसो सारिपुत्र ! सकृदागामी हुने भिक्षुले कुन धर्मलाई राम्ररी मनन गर्नुपर्छ त ?"

"आवुसो कोट्ठिक ! सकृदागामी हुने भिक्षुले पनि यीनै पाँच-उपादानस्कन्धहरूलाई– **अनित्यको दृष्टिले**...तथा अनात्मको दृष्टिले– राम्ररी मनन गर्नुपर्छ। आवुसो ! यी पाँच-उपास्कन्धहरूलाई– अनित्यको दृष्टिले,...तथा **अनित्यको दृष्टिले**– राम्रोसँग मनन गर्दा उसले **अनागामी-फल** साक्षात्कार गर्न सक्छ।"

४– "आवुसो सारिपुत्र ! अनागामी हुने भिक्षुले कुन धर्मलाई राम्ररी मनन गर्नुपर्छ त ?"

"आवुसो कोट्ठिक ! अनागामी हुने भिक्षुले पनि यीनै पाँच-उपादानस्कन्धहरूलाई– **अनित्यको दृष्टिले**...तथा अनात्मको दृष्टिले– राम्ररी मनन गर्नुपर्छ। आवुसो ! यी पाँच-उपास्कन्धहरूलाई– अनित्यको दृष्टिले,...तथा **अनित्यको दृष्टिले**– राम्रोसँग मनन गर्दा उसले **अ र** साक्षात्कार गर्न सक्छ।"

Downloaded from http://dhamma.digital/

५– "आवुसो सारिपुत्र ! अरहत् हुने भिक्षुले कुन धर्मलाई राम्ररी मनन गर्नुपर्छ त ?"

"आवुसो कोट्ठिक ! अरहत् हुने भिक्षुले पनि यीनै पाँच-उपादानस्कन्धहरूलाई– **अनित्यको दृष्टिले**, दुःखको दृष्टिले, ब्याधिको दृष्टिले, खटिराको दृष्टिले, शल्यको दृष्टिले, ब्यसनको दृष्टिले, पीडाको दृष्टिले, आफ्नो नहुने दृष्टिले, लुप्त हुने दृष्टिले, शून्यको दृष्टिले तथा **अनात्मको दृष्टिले**– राम्ररी मनन गर्नुपर्छ। आवुसो ! अरहत् हुने भिक्षुलाई अगाडि गर्नुपर्ने केही बाँकी छैन र गरेको कर्मको पनि कुनै सञ्चित छैन । किन्तु यी धर्महरूको भावित-बहुलिकृत गर्नाले यसै जीवनमा सुखविहार नै हुन्छ र स्मृति सम्प्रजन्यता पनि ।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६३।८ अविदया भनेको के हो ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[१] ।

अनि आयुष्मान् महाकोट्ठिक सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि ... आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र ! ...**अविदया अ**( भनी भनिन्छ । आवुसो ! केलाई अविदया भन्दछन् ? कस्तालाई **अविदयागत** (= अविदयामा लागेका) भन्दछन् ?"

१– "आवुसो ! यहाँ **अश्रुतवान् पृथक्जनले** (क) **समुदय स्वभावको रुपलाई** 'समुदय स्वभावको रूप हो' भनी यथार्थत जान्दैन; (ख) व्यय स्वभावको रूपलाई 'व्यय स्वभावको रूप हो' भनी यथार्थत जान्दैन; (ग) समुदय-व्यय स्वभावको रूपलाई 'समुदय-व्यय स्वभावको रूप हो' भनी यथार्थत जान्दैन ।"

१. सं. नि. II. पृ. ३८५ : दुतियसमुदयधम्मसुत्तं, खन्धसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

२– "(क) **समुदय स्वभावको वेदना**लाई 'समुदय स्वभावको वेदना हो' भनी यथार्थत जान्दैन; (ख) व्यय स्वभावको वेदनालाई 'व्यय स्वभावको वेदना हो' भनी यथार्थत जान्दैन; (ग) समुदय-व्यय स्वभावको वेदनालाई 'समुदय-व्यय स्वभावको वेदना हो' भनी यथार्थत जान्दैन ।"

३– "(क) **समुदय स्वभावको संज्ञा**लाई 'समुदय स्वभावको संज्ञा हो' भनी यथार्थत जान्दैन; (ख) व्यय स्वभावको संज्ञालाई 'व्यय स्वभावको संज्ञा हो' भनी यथार्थत जान्दैन; (ग) समुदय-व्यय स्वभावको संज्ञालाई 'समुदय-व्यय स्वभावको संज्ञा हो' भनी यथार्थत जान्दैन ।"

४– "(क) **समुदय स्वभावको संस्कार**लाई 'समुदय स्वभावको संस्कार हो' भनी यथार्थत जान्दैन; (ख) व्यय स्वभावको संस्कारलाई 'व्यय स्वभावको संस्कार हो' भनी यथार्थत जान्दैन; (ग) समुदय-व्यय स्वभावको संस्कारलाई 'समुदय-व्यय स्वभावको संस्कार हो' भनी यथार्थत जान्दैन ।"

५– "(क) **समुदय स्वभावको विज्ञान**लाई 'समुदय स्वभावको विज्ञान हो' भनी यथार्थत जान्दैन; (ख) व्यय स्वभावको विज्ञानलाई 'व्यय स्वभावको विज्ञान हो' भनी यथार्थत जान्दैन; (ग) समुदय-व्यय स्वभावको विज्ञानलाई 'समुदय-व्यय स्वभावको विज्ञान हो' भनी यथार्थत जान्दैन ।"

"आवुसो ! यसैलाई ...**अ**ि( भनिन्छ, यस्तालाई नै **अविद्यागत** पनि भन्दछन् ।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६४।९ विदचा भनेको के हो ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाको**ट्ठि**क वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[१]।

अनि आयुष्मान् महाकोट्ठिक सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि ... आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र ! ...**विदचा** भनी भनिन्छ। आवुसो ! केलाई विदचा भन्दछन् ? कस्तालाई ...**विदच**( (= विदचामा लागेका) भन्दछन् ?"

१– "आवुसो ! यहाँ **श्रुतवान् श्रावकले** (**क**) **समुदय स्वभावको रुपलाई ...समुदय स्वभावको रुप हो** भनी यथार्थत जान्दछ; (ख) व्यय स्वभावको रूपलाई 'व्यय स्वभावको रूप हो' भनी यथार्थत जान्दछ; (ग) समुदय-व्यय स्वभावको रूपलाई 'समुदय-व्यय स्वभावको रूप हो' भनी यथार्थत जान्दछ।"

१. सं. नि. II. पृ. ३८६ : ततियसमुदयधम्मसुत्तं, खन्धसंयुत्तं।

Downloaded from http://dhamma.digital/

२– “(क) **समुदय स्वभावको वेदना**लाई ‘समुदय स्वभावको वेदना हो’ भनी यथार्थत जान्दछ; (ख) व्यय स्वभावको वेदनालाई ‘व्यय स्वभावको वेदना हो’ भनी यथार्थत जान्दछ; (ग) समुदय-व्यय स्वभावको वेदनालाई ‘समुदय-व्यय स्वभावको वेदना हो’ भनी यथार्थत जान्दछ।”

३– “(क) **समुदय स्वभावको संज्ञा**लाई ‘समुदय स्वभावको संज्ञा हो’ भनी यथार्थत जान्दछ; (ख) व्यय स्वभावको संज्ञालाई ‘व्यय स्वभावको संज्ञा हो’ भनी यथार्थत जान्दछ; (ग) समुदय-व्यय स्वभावको संज्ञालाई ‘समुदय-व्यय स्वभावको संज्ञा हो’ भनी यथार्थत जान्दछ।”

४– “(क) **समुदय स्वभावको संस्कार**लाई ‘समुदय स्वभावको संस्कार हो’ भनी यथार्थत जान्दछ; (ख) व्यय स्वभावको संस्कारलाई ‘व्यय स्वभावको संस्कार हो’ भनी यथार्थत जान्दछ; (ग) समुदय-व्यय स्वभावको संस्कारलाई ‘समुदय-व्यय स्वभावको संस्कार हो’ भनी यथार्थत जान्दछ।”

Dhamma.Digital

५– “(क) **समुदय स्वभावको विज्ञान**लाई ‘समुदय स्वभावको विज्ञान हो’ भनी यथार्थत जान्दछ; (ख) व्यय स्वभावको विज्ञानलाई ‘व्यय स्वभावको विज्ञान हो’ भनी यथार्थत जान्दछ; (ग) समुदय-व्यय स्वभावको विज्ञानलाई ‘समुदय-व्यय स्वभावको विज्ञान हो’ भनी यथार्थत जान्दछ।”

“आवुसो ! यसैलाई          भनिन्छ, यस्तालाई नै **विद्यागत** पनि भन्दछन्।”

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६५।१० केलाई अविद्या भन्दछ ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[1]।

अनि आयुष्मान् महाकोट्ठिक सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि ... आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो ! ...**अविद्या अ**( भनी भनिन्छ। आवुसो ! केलाई अविद्या भन्दछन् ? कस्तालाई **अविद्यागत** (= अविद्यामा परेका) भन्दछन् ?"

"आवुसो कोट्ठिक ! **अश्रुतवान् पृथक्जनले** (१) **रुपको आस्वादल**( दुष्परिणामलाई तथा रूप-विमुक्तिलाई यथार्थत जान्दैन। (२) वेदनाको आस्वादलाई,... (३) संज्ञाको आस्वादलाई,...

---

१. सं. नि. II. पृ. ३८६ : अस्सादसुत्तं, खन्धसंयुत्तं।

Downloaded from http://dhamma.digital/

(४) संस्कारको आस्वादलाई,... (५) विज्ञानको आस्वादलाई, दुष्परिणामलाई तथा विज्ञान-विमुक्तिलाई यथार्थत जान्दैन।"

"आवुसो ! यसैलाई ...**अ**( भनिन्छ, यस्तालाई नै **अविदचागत** (= अविदचामा परेका) पनि भन्दछन्।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६६।११ केलाई विदया भन्दछ ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[१]।

अनि आयुष्मान् महाकोट्ठिक सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि ... आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो ! ...**विदया** भनी भनिन्छ। आवुसो ! केलाई विदया भन्दछन् ? कस्तालाई **विदयागत** (= अविदयामा परेका) भन्दछन् ?"

"आवुसो कोट्ठिक ! **श्रुतवान् आर्यश्रावकले** (१) **रुपको आस्वादल**( दुष्परिणामलाई तथा रूप-विमुक्तिलाई यथार्थत जान्दछ। (२) वेदनाको आस्वादलाई,... (३) संज्ञाको आस्वादलाई,... (४)

१. सं. नि. II. पृ. ३८७ : दुतियअस्सादसुत्तं, खन्धसंयुत्तं।

Downloaded from http://dhamma.digital/

संस्कारको आस्वादलाई,... (५) विज्ञानको आस्वादलाई, दुष्परिणामलाई तथा विज्ञान-विमुक्तिलाई यथार्थत जान्दछ।"

"आवुसो ! यसैलाई भनिन्छ, यस्तालाई नै **विदयाथत** (= विदयामा परेका) पनि भन्दछन्।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६७।१२ विद्या केलाई भन्दछ ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[1] ।

अनि आयुष्मान् महाकोट्ठिक सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि ... आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो ! ...**विद्या** भनी भनिन्छ। आवुसो ! केलाई विद्या भन्दछन् ? कस्तालाई **विद्यागत** (= विद्यामा परेका) भन्दछन् ?"

"आवुसो कोट्ठिक ! श्रुतवान् आर्यश्रावकले (१) **रुपको समुदय,** अन्त, आस्वाद, दुष्परिणाम तथा रूप-विमुक्तिलाई यथार्थत जान्दछ। (२) वेदनाको,... (३) संज्ञाको,... (४) संस्कारको,... तथा

१. सं. नि. II. पृ. ३८७ : दुतियअस्सादसुत्तं, खन्धसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

(५) विज्ञानको समुदय, अन्त, आस्वाद, दुष्परिणाम तथा विज्ञान-विमुक्तिलाई यथार्थत जान्दछ।"

"आवुसो ! यसैलाई भनिन्छ, यस्तालाई नै **विदयागत** (= विदयामा परेका) पनि भन्दछन्।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६८।१३ अविदया केलाई भन्दछ ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[1] ।

अनि आयुष्मान् महाकोट्ठिक सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि ... आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो ! ...**अविदया अवि** भनी भनिन्छ । आवुसो ! केलाई अविदया भन्दछन् ? कस्तालाई **अविदयागत** (= अविदयामा परेका) भन्दछन् ?"

"आवुसो कोट्ठिक ! **अश्रुतवान् पृथकजनले** (१) **रुपको समुदय, अन्त**, आस्वाद, दुष्परिणाम तथा रूप-विमुक्तिलाई यथार्थत जान्दैन । (२) वेदनाको,... (३) संज्ञाको,... (४) संस्कारको,... तथा

१. सं. नि. II. पृ. ३८७ : समुदयसुत्तं; खन्धसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

(५) विज्ञानको समुदय, अन्त, आस्वाद, दुष्परिणाम तथा विज्ञान-विमुक्तिलाई यथार्थत जान्दैन।"

"आवुसो ! यसैलाई **अविद्या** भनिन्छ, यस्तालाई नै **अविद्यागत** (= अविद्यामा परेका) पनि भन्दछन्।"

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ६९।१४ मरणपछि सत्व हुन्छ ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक[1] वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[2]। अनि आयुष्मान् महाकोट्ठिक सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता गरिसक्नु भएपछि एक छेउमा बस्नु भयो । एक छेउमा बस्नुभएका आयुष्मान् महाकोट्ठिकले आयुष्मान् सारिपुत्रसँग यसो सोध्नुभयो—

(१) "आवुसो सारिपुत्र ! मरणपछि **तथागत**[3] (= सत्व, जीव) हुन्छ के ?

---

१. स्याममा 'महाकोट्ठित' छ ।

२. सं. नि. III. पृ. ३३० : पठमं सारिपुत्तकोट्ठिकसुत्तं, अब्याकतसंयुत्तं ।।

३. सुमं वि. I. पृ. ८३ : ब्रह्मजालसुत्तवर्णमालाले यहाँ 'तथागत' को अर्थ 'सत्व' भनिएको हो भनी उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

"आवुसो ! 'मरणपछि तथागत (= सत्व, जीव) हुन्छ' भन्ने कुरा भगवानले अब्याकृत गर्नुभएको छ (= भन्नु भएको छैन) ।"

(२) "आवुसो ! के त मरणपछि सत्व (तथागत) हुन्न त ?"

"आवुसो ! भगवानले यो कुरा पनि अब्याकृत गर्नु भएको छ ।"

(३) "आवुसो ! के त मरणपछि हुन्छ पनि हुन्न पनि ?"

"आवुसो ! भगवानले यो पनि अब्याकृत गर्नु भएको छ ।"

(४) "आवुसो ! के त मरणपछि सत्व न त हुन्छ न त हुन्न ?"

"आवुसो ! भगवानले यो पनि अब्याकृत गर्नु भएको छ ।"

"आवुसो ! (१) 'मरणपछि सत्व हुन्छ के ?' भनी सोध्दा 'आवुसो ! भगवानले अब्याकृत गर्नु भएको छ' भनी भन्नुहुन्छ । (२) "आवुसो ! के त मरणपछि सत्व हुन्न त ?" भनी सोध्दा 'आवुसो ! भगवानले यो कुरा पनि अब्याकृत गर्नु भएको छ' भनी भन्नुहुन्छ । (३) आवुसो ! 'के त मरणपछि हुन्छ पनि हुन्न पनि ?' भनी सोध्दा 'आवुसो ! भगवानले यो पनि अब्याकृत गर्नु भएको छ' भनी भन्नुहुन्छ । (४) आवुसो ! 'के त मरणपछि सत्व न त हुन्छ न त हुन्न ?' भनी सोध्दा 'आवुसो ! भगवानले यो पनि अब्याकृत गर्नु भएको छ' भनी भन्नुहुन्छ । आवुसो ! भगवानले यसलाई अब्याकृत गर्नाको के हेतु के प्रत्यय हो त ?"

"आवुसो ! **मरणपछि सत्व** (तथागत) **हुन्छ** के भन्ने कुरालाई रूपमै अन्तर्गत हुन्छ । मरणपछि सत्व हुन्छ पनि हुन्न पनि भन्ने कुरा पनि

Downloaded from http://dhamma.digital/

रूपमै अन्तर्गत हुन्छ। मरणपछि सत्व न त हुन्छ न त हुन्न भन्ने कुरा पनि रूपमै अन्तर्गत हुन्छ। आवुसो ! **मरणपछि सत्व हुन्छ** भन्ने कुरा वेदनामा ... संज्ञामा ... संस्कारमा ... विज्ञानमा अन्तर्गत हुन्छ। आवुसो ! यहीं हेतु यहीं प्रत्यय हो जसले गर्दा भगवानले अब्याकृत गर्नु भएको हो।"

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७०।१५ मरणपछि सत्व हुन्न त ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[१]। (जम्मै कुरा माथिको ६९।१४ को सूत्रमा जस्तै हो।)

"आवुसो भगवानले यसलाई अब्याकृत गर्नाको के हेतु के प्रत्यय हो त ?

a. "आवुसो ! (१) रूपलाई यथार्थतः नजानेकोले नदेखेकोले; रूप-समुदयलाई यथार्थतः नजानेकोले नदेखेकोले; रूप-निरोधलाई यथार्थतः नजानेकोले नदेखेकोले; रूप-निरोध हुने मार्गलाई यथार्थतः नजानेकोले नदेखेकोले– 'मरणपछि सत्व हुन्छ' भन्ने लाग्छ, 'मरणपछि सत्व हुन्न' भन्ने लाग्छ, 'मरणपछि सत्व हुन्छ पनि हुन्न पनि' भन्ने पनि लाग्छ, 'मरणपछि सत्व न त हुन्छ न त हुन्न' भन्ने पनि लाग्छ। (२) वेदनालाई यथार्थतः नजानेकोले नदेखेकोले; ... (३) संज्ञालाई यथार्थतः नजानेकोले नदेखेकोले; ... (४) संस्कारलाई यथार्थतः

१. सं. नि. III. पृ. ३३१ : दुतियसारिपुत्तकोट्ठिकसुत्तं, अब्याकतसंयुत्तं।

Downloaded from http://dhamma.digital/

नजानेकोले नदेखेकाले; ... यथार्थतः नजानेकोले नदेखेकोले; ... (५) विज्ञानलाई यथार्थतः नजानेकोले नदेखेकाले– मरणपछि सत्व हुन्न' भन्ने लाग्छ।

b. "आवुसो ! (१) रूपलाई यथार्थतः जानेकोले देखेकोले; रूप-समुदयलाई यथार्थतः जानेकोले देखेकोले; रूप-निरोधलाई यथार्थतः जानेकोले देखेकोले; रूप-निरोध हुने मार्गलाई यथार्थतः जानेकोले देखेकोले– 'मरणपछि सत्व हुन्छ' भन्ने पनि लाग्दैन, 'मरणपछि सत्व हुन्न' भन्ने पनि लाग्दैन, 'मरणपछि सत्व हुन्छ पनि हुन्न पनि' भन्ने पनि लाग्दैन र 'मरणपछि सत्व न त हुन्छ न त हुन्न' भन्ने पनि लाग्दैन। (२) वेदनालाई ... (३) संज्ञालाई ... (४) संस्कारलाई ... (५) विज्ञानलाई यथार्थतः जानेकोले देखेकाले– ...**मरणपछि सत्व** भन्ने पनि लाग्दैन ... । आवुसो ! यहीं हेतु यहीं प्रत्यय हो जसले गर्दा भगवानले अब्याकृत गर्नु भएको हो।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७१।१६ रुपमा राग हुने सत्व हुन्छ

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[1]। (बाँकी सबै माथि ६९।१४ को सूत्रमा झैं पढ्नू।)

a. "आवुसो ! (१) रूपमा राग, छन्द, प्रेम, पिपासा, परिडाह तथा तृष्णा नहतेकालाई 'मरणपछि सत्व हुन्छ' भन्ने लाग्छ, ... (२) वेदनामा ... (३) संज्ञामा ... (४) संस्कारमा ... (५) विज्ञानमा राग, छन्द, प्रेम, पिपासा, परिडाह तथा तृष्णा नहटेकालाई ...**मरणपछि सत्व** भन्ने लाग्छ ... ।"

b. "आवुसो ! रूपमा राग, छन्द, प्रेम, पिपासा, परिडाह तथा तृष्णा नहटेकालाई 'मरणपछि सत्व हुन्छ' भन्ने लाग्दैन, ... (२) वेदनामा ... (३) संज्ञामा ... (४) संस्कारमा ... (५) विज्ञानमा राग,

---

१. सं. नि. III. पृ. ३३२ : ततियसारिपुत्तकोट्ठिकसुत्तं, अब्याकतसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

छन्द, प्रेम, पिपासा, परिडाह तथा तृष्णा हटेकालाई 'मरणपछि सत्व हुन्छ' भन्ने पनि लाग्दैन ... । आवुसो ! यहीं हेतु यहीं प्रत्यय हो जसले गर्दा भगवानले **अब्याकृत गर्नु भएको हो ।"**

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७२।१७ आयुष्मान् महाकोट्ठिकको प्रश्न

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महाकोट्ठिक वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो[1] ।

अनि आयुष्मान् महाकोट्ठिक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदनीय कुराकानी गर्नुभयो । सम्मोदनीय कुराकानी गरिसकेपछि एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् महाकोट्ठिकले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

### कुनचाहिं संयोजन हो ?

(१) "आवुसो सारिपुत्र ! के त रूपहरूको संयोजन चक्षु अथवा चक्षुको संयोजन (= बन्धन) रूपहरू हुन् ? (२) आवुसो

---

१. सं. नि. III. पृ. १४७ : कोट्ठिकसुत्तं, सलायतनसंयुत्तं, अ. क. III. पृ. ३५

Downloaded from http://dhamma.digital/

सारिपुत्र ! के त शब्दहरूको संयोजन श्रोत अथवा श्रोतको संयोजन शब्दहरू हुन् ? (३) आवुसो सारिपुत्र ! के त गन्धहरूको संयोजन घ्राण अथवा घ्राणको संयोजन गन्धहरू हुन् ? (४) आवुसो सारिपुत्र ! के त रसहरूको संयोजन जिह्वा अथवा जिह्वाको संयोजन रसहरू हुन् ? (५) आवुसो सारिपुत्र ! के त स्पर्शहरूको संयोजन काय अथवा कायको संयोजन स्पर्शहरू हुन् ? (६) आवुसो सारिपुत्र ! के त धर्महरूको संयोजन मन अथवा मनको संयोजन धर्महरू हुन् ?"

(१) "आवुसो कोट्ठिक ! न रूपहरूको संयोजन चक्षु हो न त चक्षुको संयोजन रूपहरू हुन्; (२) आवुसो कोट्ठिक ! न शब्दहरूको संयोजन श्रोत हो न त श्रोतको संयोजन शब्दहरू हुन्; (३) आवुसो कोट्ठिक ! न गन्धहरूको संयोजन घ्राण हो न त घ्राणको संयोजन गन्धहरू हुन्; (४) आवुसो कोट्ठिक ! न रसहरूको संयोजन जिह्वा हो न त जिह्वाको संयोजन रसहरू हुन्; (५) आवुसो कोट्ठिक ! न स्पर्शहरूको संयोजन काय हो न त कायको संयोजन स्पर्शहरू हुन्; (६) आवुसो कोट्ठिक ! न धर्महरूको संयोजन मन हो न त मनको संयोजन धर्महरू हुन् । बल्कि जो त्यहाँ ती दुबैका कारणहरूबाट उत्पन्न हुने छन्दराग हो– उही नै त्यहाँ संयोजन हो ।"

**दृष्टान्त**– "आवुसो ! भनौं कि यहाँ कालो गोरू र सेतो गोरूलाई एकै दामलोले बाँधेको हुन्छ । यदि कसैले– 'कालो गोरूको संयोजन (= बन्धन) सेतो गोरू र सेतो गोरूको संयोजन कालो गोरू हो' भनी भन्छ भने– के उनीहरूले भनेका कुरा ठीक हो भनी भन्न सक्छ ?"

Downloaded from http://dhamma.digital/

"आवुसो ! सक्दैन ।"

"आवुसो ! न कालो गोरूको संयोजन सेतो गोरू हो न त सेतो गोरू कालो गोरूको संयोजन हो । बल्कि जुन त्यहाँ एकै दामलोले दुबैलाई जोडिएको छ बाँधिएको छ– उही नै त्यहाँ बन्धन (= संयोजन) हो ।"

"आवुसो ! यस्तैगरी न रूपहरूको संयोजन चक्षु हो न चक्षुको संयोजन रूपहरू हुन्; न शब्दहरूको संयोजन श्रोत हो न श्रोतको संयोजन शब्दहरू हुन्; न गन्धहरूको संयोजन घ्राण हो न घ्राणको संयोजन गन्धहरू हुन्; न रसहरूको संयोजन जिह्वा हो न जिह्वाको संयोजन रसहरू हुन्; न स्पर्शहरूको संयोजन काय हो न कायको संयोजन स्पर्शहरू हुन्; न धर्महरूको संयोजन मन हो न मनको संयोजन धर्महरू हुन् । बल्कि जो त्यहाँ ती दुबैका कारणहरूबाट उत्पन्न हुने छन्दराग हो– उही नै त्यहाँ संयोजन हो ।"

## पञ्चेन्द्रियको संयोजन पञ्चविषय होइन

१– "आवुसो ! यदि रूपहरूको संयोजन चक्षु भएको भए अथवा चक्षुको संयोजन रूपहरू भएका भए– न यो ब्रह्मचर्यवासद्वारा सम्यक्रूपले दुःख क्षय देखिने थियो । आवुसो ! किन कि न रूपहरूको संयोजन चक्षु हो न चक्षुको संयोजन रूपहरू हुन्– बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो– त्यही नै त्यहाँ संयोजन हो । त्यसैले ब्रह्मचर्यवासद्वारा सम्यक्रूपले दुःख क्षय देखिन्छ ।"

Downloaded from http://dhamma.digital/

२– "आवुसो ! यदि शब्दहरूको संयोजन श्रोत भएको भए अथवा श्रोतको संयोजन शब्दहरू भएका भए– न यो ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिने थियो। आवुसो ! किन कि न शब्दहरूको संयोजन श्रोत हो न श्रोतको संयोजन शब्दहरू हुन्– बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो– त्यही नै त्यहाँ संयोजन हो। त्यसैले ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिन्छ।"

३– "आवुसो ! यदि गन्धहरूको संयोजन घ्राण भएको भए अथवा घ्राणको संयोजन गन्धहरू भएका भए– न यो ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिने थियो। आवुसो ! किन कि न गन्धहरूको संयोजन घ्राण हो न घ्राणको संयोजन गन्धहरू हुन्– बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो– त्यही नै त्यहाँ संयोजन हो। त्यसैले ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिन्छ।"

४– "आवुसो ! यदि रसहरूको संयोजन जिह्वा भएको भए अथवा जिह्वाको संयोजन रसहरू भएका भए– न यो ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिने थियो। आवुसो ! किन कि न रसहरूको संयोजन जिह्वा हो न जिह्वाको संयोजन रसहरू हुन्– बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो– त्यही नै त्यहाँ संयोजन हो। त्यसैले ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिन्छ।"

५– "आवुसो ! यदि स्पर्शहरूको संयोजन काय भएको भए अथवा कायको संयोजन स्पर्शहरू भएका भए– न यो ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिने थियो। आवुसो ! किन कि न स्पर्शहरूको

Downloaded from http://dhamma.digital/

संयोजन काय हो न कायको संयोजन स्पर्शहरू हुन्– बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो– त्यही नै त्यहाँ संयोजन हो। त्यसैले ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिन्छ।"

६– "आवुसो ! यदि धर्महरूको संयोजन मन भएको भए अथवा मनको संयोजन धर्महरू भएका भए– न यो ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिने थियो। आवुसो ! किन कि न धर्महरूको संयोजन मन हो न मनको संयोजन धर्महरू हुन्– बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो– त्यही नै त्यहाँ संयोजन हो। त्यसैले ब्रह्मचर्यवासद्वारा सम्यक्‌रूपले दुःख क्षय देखिन्छ।"

"आवुसो ! यस पर्यायले पनि बुझ्नुसक्नुपर्छ कि न रूपहरू चक्षुको संयोजन हो न त चक्षु नै रूपहरूको संयोजन हो; बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो त्यही नै त्यहाँ संयोजन हो। न शब्दहरू श्रोतको संयोजन हो, ... न गन्धहरू घ्राणको संयोजन हो, ... न रसहरू जिह्वाको संयोजन हो, ... न स्पर्शहरू कायको संयोजन हो, ... न धर्महरू मनको संयोजन हो न त मन नै धर्महरूको संयोजन हो; बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने जो छन्दराग हो त्यही नै त्यहाँ संयोजन हो।"

## सुबिमुक्तचित्त भगवान

"(१) आवुसो ! भगवानको चक्षु छ। भगवानले चक्षुद्वारा हेर्नुहुन्छ। भगवानमा छन्दराग छैन। भगवान सुविमुक्तिचित्त हुनुहुन्छ।

Downloaded from http://dhamma.digital/

(२) आवुसो ! भगवानको श्रोत छ । भगवानको श्रोतद्वारा सुन्नु हुन्छ । भगवानमा छन्दराग छैन । (३) आवुसो ! भगवानको घ्राण छ । भगवानले घ्राणद्वारा सुंघ्नु हुन्छ । भगवानमा छन्दराग छैन । (४) आवुसो ! भगवानको जिह्वा छ । भगवानले जिह्वाद्वारा रस्वादन लिनुहुन्छ । भगवानमा छन्दराग छैन । (५) आवुसो ! भगवानको काय छ । भगवानले कायद्वारा स्पर्श गर्नुहुन्छ । भगवानमा छन्दराग छैन । (६) आवुसो ! भगवानको मन छ । भगवानले मनद्वारा मनको विषयलाई जान्नुहुन्छ । भगवानमा छन्दराग छैन । भगवान सुविमुक्तचित्त हुनुहुन्छ ।"

"आवुसो ! यसरी यस पर्यायले पनि बुझ्नुसक्नुपर्छ कि– न रूपहरूको संयोजन चक्षु हो न चक्षुको संयोजन रूपहरू हुन्; बल्कि जो त्यहाँ ती दुबै कारणबाट उत्पन्न हुने छन्दराग हो त्यही नै त्यहाँ संयोजन हो । न शब्दहरू संयोजन श्रोत हो, ... न गन्धहरूको संयोजन घ्राण हो, ... न रसहरूको संयोजन जिह्वाको हो, ... न स्पर्शहरूको संयोजन काय हो, ... न धर्महरूको संयोजन मन हो न मनको धर्महरू हुन्; बल्कि जो त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो त्यही नै त्यहाँ संयोजन हो ।"

\+ \+ \+

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७३।१८ किटागिरी पठाए

(**अस्सजि र पुनब्बसु**[१] भिक्षुहरू कीटागिरीमो बस्दथे । तिनीहरू अनाचार गर्दथे । यसै सम्बन्धमा तथागतले आयुष्मान् सारिपुत्र र मौद्गल्यायनलाई त्यहाँ पठाउनु भएको थियो। सविस्तर कुरा चुल्लवग्गपालि पृ. १९ पब्बाजनीय कम्ममा हेर्नू । यहाँ सारिपुत्र सम्बन्धी कुरा मात्र उल्लेख गरेको छु ।)

अनि भगवानले सारिपुत्र र मौद्गल्यायनलाई आमन्त्रण गर्नुभयो[२]– “सारिपुत्र ! तिमीहरू कीटागिरीमा गई **अस्सजि र पुनबब्सु भिक्षुहरुलाई निष्कासन गर्ने काम गर ।** यी भिक्षुहरू तिमीहरूसँगै बस्ने हुन् ।”

---

१. यी भिक्षुहरू छ वर्गीय भिक्षुहरू मध्येका हुन् । यी छ वर्गीय भिक्षुहरू युगल अग्रश्रावकहरूकहाँ श्रावस्तीमा प्रव्रजित भएका थिए । यी मध्ये अस्सजि र पुनब्बसु कीटागिरीमा बस्दथे । सम. पा. II. पृ. ६१७–१८ : तेरससंघादिसेसवण्णना ।

२. चुल्ल. व. पा. पृ. २४.

Downloaded from http://dhamma.digital/

भन्ते ! कसरी अस्सजि र पुनब्बसु भिक्षुहरूलाई कीटागिरीबाट निष्कासन गर्ने ? उनीहरू बडा दरुण तथा चण्ड छन् !"

"सारिपुत्र ! त्यसोभए तिमीले धेरै भिक्षुहरू साथमा लैजाऊ ।"

"हवस्, भन्ते ! भनी सारिपुत्र र मोद्गल्यायनले भगवानलाई प्रत्युत्तर दिनुभयो ।"

\+ \+ \+

अनि सारिपुत्र र मौद्गल्यायनप्रमुख भिक्षुसंघ कीटागिरीमा गई **अस्सजि र पुनबब्सु भिक्षुहरुलाई कीटागिरीबाट निष्कासन गर्ने कामको साथै अस्सजि र पुनब्बसु भिक्षुहरु कीटागिरीमा बस्नुहुन्न** भन्ने प्रस्ताव पनि पारित गरे[१] ।

\+ \+ \+

१. चुल्ल. व. पा. पृ. २९.

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७४।१९ आयुष्मान् उपवानसाग

एक समय आयुष्मान् उपवान र आयुष्मान् सारिपुत्र कौशम्बीको घोषितारामम[1] बस्नुभएको थियो[2] ।

अनि भगवानले सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् उपवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् उपवानसँग सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले आयुष्मान् उपवानलाई यस्तो भन्नुभयो–

---

१. कौशम्बी भन्ने देश आजकल कहाँ पर्छ भन्ने कुरा लेखकको बु. रा. भा–१, पृ. ४१८ को पादटिप्पणीमा र घोषिताराम भन्ने कसले बनाएको हो भन्ने कुरा पनि उही पुस्तकको पृ. ४१९ मा उल्लेख भएको छ।

२. सं. नि. IV. पृ. ७१: उपवानसुत्तं, बोज्भंगसंयुत्तं; अ. क. III. पृ. १२८.

Downloaded from http://dhamma.digital/

"आवुसो उपवान ! (कुनै) भिक्षुले ज्ञानपूर्वक आफैले विचार गरी ...**मेरा सप्तबोध्यजहरु सुपरिपूर्ण** र कुशलपूर्वक विहार गर्न समर्थ छु' भनी भन्न सक्छ के ?"

"आवुसो सारिपुत्र ! (कुनै) भिक्षुले ज्ञानपूर्वक आफैले मनमा विचार गरी ...**मेरा सप्तबोध्य□हरु सुपरिपूर्ण** र म कुशलपूर्वक विहार गर्न समर्थ छु' भनी भन्न सक्छ के ।" (कसरी भने–)

"आवुसो सारिपुत्र ! स्मृतिसम्बोध्यङ्गलाई भाविता गर्ने भिक्षुले, धर्मविचयसम्बोध्यङ्गलाई भाविता गर्ने भिक्षुले, वीर्यसम्बोध्यङ्गलाई भाविता गर्ने भिक्षुले, प्रीतिसम्बोध्यङ्गलाई भाविता गर्ने भिक्षुले, प्रशब्धिसम्बोध्यङ्गलाई भाविता गर्ने भिक्षुले, समाधिसम्बोध्यङ्गलाई भाविता गर्ने भिक्षुले तथा उपेक्षासम्बोध्यङ्गलाई भाविता गर्ने भिक्षुले 'मेरो चित्त सुविमुक्त छ, शारीरिक र मानसिक अल्छीपनलाई पनि मैले हटाइसकेको छु, कायिक र मानसिक चंचलपनलाई पनि मैले राम्रैसँग विनीत गरिसकेको छु, मेरो वीर्य सुपरिपूर्ण भइसकेको छ, परमार्थलाई मैले मनमा राखेको छु तथा ममा शिथिलपन पनि छैन' भनी भन्नसक्छ ।"

"आवुसो सारिपुत्र ! यस्तो भिक्षुले आफैले ज्ञानपूर्वक मनमा विचार गरी ...**मेरा सप्तबोध्य□हरु सुपरिपूर्ण** र म कुशलपूर्वक विहार गर्न समर्थ छु' भनी जान्नसक्छ ।"

\+ \+ \+

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७५।२० गोसि□ शालवन कसरी शोभायमान हुन्छ ?

यस्तो मैले सुनें[१] ।

एक समय भगवान धेरै प्रसिद्ध प्रसिद्ध स्थविर श्रावकहरूका साथ गोसिङ्ग शालवनदायमा बस्नुभएको थियो । जस्तै– आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकाश्यप, आयुष्मान् अनुरुद्ध, आयुष्मान् रेवत, आयुष्मान् आनन्द तथा अरू पनि प्रसिद्ध प्रसिद्ध श्रावकहरूसँग । अनि सन्ध्यासमयमा ध्यानबाट उठी आयुष्मान् महामौद्गल्यायन जहाँ आयुष्मान् महाकाश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् महाकाश्यपलाई यसो भन्नुभयो– "आवुसो काश्यप ! धर्मश्रवण गर्नको निमित्त जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्छ त्यहाँ जाऔं ।" "हुन्छ" भनी आयुष्मान् महाकाश्यपले प्रत्युत्तर दिनुभएपछि धर्मश्रवणको निमित्त आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकाश्यप र आयुष्मान् अनुरुद्ध

---

१. म. नि. I. पृ. २६३ : महागोसिङ्गसुत्तं, अ. क. II. पृ. २०४.

Downloaded from http://dhamma.digital/

जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । अनि आयुष्मान् आनन्दले धर्मश्रवणको निमित्त आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकाश्यप र आयुष्मान् अनुरुद्ध जहाँ सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गइरहेको देख्नुभयो । देखेर आयुष्मान् रेवतकहाँ गई यसो भन्नुभयो– "आवुसो रेवत ! यी सत्पुरुषहरू धर्म श्रवणकोनिमित्त आयुष्मान् सारिपुत्रकहाँ जाँदैछन् । आवुसो रेवत ! हामीहरू पनि धर्मश्रवणकोनिमित्त आयुष्मान् सारिपुत्रकहाँ जाऔं ।" "हुन्छ" भनी आयुष्मान् रेवतले प्रत्युत्तर दिएपछि दुबैजना आयुष्मान् सारिपुत्रकहाँ जानुभयो ।

## आयुष्मान् आनन्द

अनि आयुष्मान् सारिपुत्रले आयुष्मान् रेवत र आयुष्मान् आनन्दहरू आइरहनुभएको टाढैबाट देख्नुभयो । देखेर आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो– "आउनुहोस् आयुष्मान् आनन्द ! भगवानका उपस्थाक तथा भगवानका समीपमा बस्नुहुने आयुष्मान् आनन्दको स्वागत छ । आवुसो आनन्द ! गोसिङ्ग शालवन रमणीय छ । आकाशमा निर्मल चन्द्रमा छ । शालाको (= पाटी) वरिपरि सबै ठाउँमा फूलहरू फुलिरहेका छन् । लाग्छ कि चारैतिरबाट दिब्य वासना आइरहेका छन् । आवुसो आनन्द ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?

Downloaded from http://dhamma.digital/

"आवुसो सारिपुत्र ! यहाँ **भिक्षु बहुश्रुत हुन्छ,** श्रुतधर हुन्छ र श्रुतसंचयी हुन्छ; जो त्यो धर्म आदिकल्याण हो, मध्यकल्याण हो, पर्यवशान कल्याण हो, अर्थसहित व्यञ्जन सहित केवल परिपूर्ण छ त्यस्तो ब्रह्मचर्यको भाषण गर्छ, त्यस्तो धर्म धेरै सुनेको हुन्छ, धारण गरेको हुन्छ, वचनले अभ्यास गरेको हुन्छ, मनले परीक्षा गरेको हुन्छ र बुद्धिले अर्थ जानेको हुन्छ। अनि जसले अनुशय निवारण गर्नकोनिमित्त यस्तो धर्म चतुपरिषद्लाई सुनाउँछ– आवुसो सारिपुत्र ! त्यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुनसक्छ ।"

## आयुष्मान् रेवत

यस्तो भन्नु भएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् रेवतलाई यसो भन्नुभयो– "आवुसो रेवत ! आयुष्मान् आनन्दले आफ्नो विचार प्रकट गर्नुभयो । अब म आयुष्मान् रेवतसँग सोध्दछु– "आवुसो रेवत ! गोसिङ्ग शालवन रमणीय छ ... । आवुसो रेवत ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?

"आवुसो सारिपुत्र ! यहाँ भिक्षु **ध्यानमा लाग्ने ध्यानमा तल्लीन हुने** हुन्छ । आफ्नो चित्त एकाग्रतामा राख्नकोनिमित्त प्रयत्न गर्ने, ध्यानबाट अलग नहुने, विपश्यना युक्त र एकान्तवास रुचाउने हुन्छ । आवुसो सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुनसक्छ ।"

Downloaded from http://dhamma.digital/

## आयुष्मान् अनुरुद्ध

यस्तो भन्नु भएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् अनुरुद्धलाई यस्तो भन्नुभयो– “आवुसो अनुरुद्ध ! आयुष्मान् रेवतले आफ्नो विचार प्रकट गर्नुभयो । अब म आयुष्मान् अनुरुद्धसँग सोध्दछु– “आवुसो अनुरुद्ध ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?

“आवुसो सारिपुत्र ! यहाँ **भिक्षु अमानुषीय विशुद्ध दि( हजारौं लोकलाई हेर्दछ ।** आवुसो सारिपुत्र ! जस्तै चक्षुवान् पुरुषले प्रासादको माथिल्लो भागबाट हजारौं घेराको सिमाना देख्छ त्यस्तै आवुसो सारिपुत्र ! सो भिक्षुले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हजारौं लोकलाई हेर्दछ । आवुसो सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ ।”

## आयुष्मान् महाकाश्यप

यस्तो भन्नु भएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् महाकाश्यपलाई यस्तो भन्नुभयो– “आवुसो महाकाश्यप ! आयुष्मान् अनुरुद्धले आफ्नो विचार प्रकट गर्नुभयो । अब म आयुष्मान् महाकाश्यपसँग सोध्दछु– “आवुसो महाकाश्यप ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?

Downloaded from http://dhamma.digital/

“आवुसो सारिपुत्र ! यहाँ भिक्षु (१) आफू पनि आरण्यिक हुन्छ आरण्यिकताको वर्णवादी पनि हुन्छ, (२) आफू पनि पिण्डपात्रिक (= भिक्षाटन् जाने) हुन्छ पिण्डपात्रिकताको वर्णवादी पनि हुन्छ, (३) आफू पनि पंसुकूलिक हुन्छ पंसुकूलिकताको वर्णवादी पनि हुन्छ, (४) आफू पनि त्रिचीवरिक (= तीनवटा चीवर मात्र व्यवहार गर्ने) हुन्छ त्रिचीवरिकताको वर्णवादी पनि हुन्छ, (५) आफू पनि अल्पेच्छी हुन्छ अल्पेच्छताको वर्णवादी पनि हुन्छ, (६) आफू पनि सन्तोषी हुन्छ सन्तुष्टताको वर्णवादी पनि हुन्छ, (७) आफू पनि एकान्तवासी हुन्छ एकान्तवासको वर्णवादी हुन्छ, (८) आफू पनि असंसर्गी हुन्छ असंसर्गताको वर्णवादी पनि हुन्छ, (९) आफू पनि वीर्यवान् हुन्छ वीर्यवान्ताको वर्णवादी पनि हुन्छ, (१०) आफू पनि शीलसम्पन्न हुन्छ शीलसम्पन्नताको वर्णवादी पनि हुन्छ, (११) आफू पनि समाधि सम्पन्न हुन्छ समाधि सम्पन्नताको वर्णवादी पनि हुन्छ, (१२) आफू पनि प्रज्ञासम्पन्न हुन्छ प्रज्ञासम्पन्नताको वर्णवादी पनि हुन्छ, (१३) आफू पनि विमुक्ति सम्पन्न हुन्छ विमुक्ति सम्पन्नताको वर्णवादी पनि हुन्छ र (१४) आफू पनि विमुक्ति ज्ञानदर्शन सम्पन्न हुन्छ विमुक्ति ज्ञानदर्शन सम्पन्नताको वर्णवादी पनि हुन्छ । आवुसो सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ ।”

## आयुष्मान् महामौद्गल्यायन

यस्तो भन्नु भएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् महा-

Downloaded from http://dhamma.digital/

मौद्गल्यायनलाई यसो भन्नुभयो– "आवुसो मौद्गल्यायन ! आयुष्मान् महाकाश्यपले आफ्नो विचार प्रकट गर्नुभयो । अब म आयुष्मान् महामौद्गल्यायनसँग सोध्दछु– "आवुसो मौद्गल्यायन ! गोसिङ्ग शालवन र मणीय छ ... । कस्ता भिक्षुद्वारा गोसि• शालवन शोभायमान हुन सक्ला ?

"आवुसो सारिपुत्र ! यहाँ **भिक्षु अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हजारौं लोकलाई हेर्दछ ।** आवुसो सारिपुत्र ! जस्तै चक्षुवान् पुरुषले प्रासादको माथिल्लो भागबाट हजारौं घेराको सिमाना देख्छ त्यस्तै आवुसो सारिपुत्र ! सो भिक्षुले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हजारौं लोकलाई हेर्दछ। आवुसो सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ ।"

## आयुष्मान् सारिपुत्र

अनि आयुष्मान् महामौद्गल्यायनले आयुष्मान् सारिपुत्रलाई यसो भन्नुभयो– "आवुसो सारिपुत्र ! हामी सबैले आफ्ना आफ्ना विचारहरू प्रकट गरिसक्यौं। अब हामी आयुष्मान् सारिपुत्रसँग सोध्दछौं– "आयुष्मान् सारिपुत्र ! गोसिङ्ग शालवन रमणीय छ ... । आवुसो सारिपुत्र ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?

"आवुसो मौद्गल्यायन ! यहाँ **भिक्षु चित्तलाई वशमा राख्छ, किन्तु चित्तको वशमा पर्दैन ।** सो भिक्षु जुन समापत्तिमा पूर्वाण्ह समयमा बस्न चाहन्छ, जुन समापत्तिमा मध्यान्ह समयमा बस्न चाहन्छ, जुन समापत्तिमा सन्ध्या समयमा बस्न चाहन्छ र उही समापत्तिमा बस्छ।

Downloaded from http://dhamma.digital/

आवुसो मौद्गल्यायन ! भनौं कि यहाँ राजा वा राजमहामात्यका अनेक रंगका वस्त्रहरू भरिएको सन्दूक हुन्छ। उसले जुन वस्त्र पूर्वाण्ह समयमा लगाउन चाहन्छ उही वस्त्र लगाउँछ जुन वस्त्र मध्यान्ह समयमा लगाउन चाहन्छ सोही वस्त्र लगाउँछ र जुन वस्त्र सन्ध्या समयमा लगाउन चाहन्छ उही वस्त्र लागउँछ। आवुसो मौद्गल्यायन ! यस्तै गरी भिक्षु चित्तलाई वशमा राख्छ परन्तु चित्तको वशमा पर्दैन । सो भिक्षु जुन समापत्तिमा पूर्वाण्ह समयमा बस्न चाहन्छ उही समापत्तिमा बस्छ, जुन समापत्तिमा मध्यान्ह समयमा बस्न चाहन्छ ... उही समापत्तिमा बस्छ। आवुसो मौद्गल्यायन ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ ।"

## भगवानकहाँ गए

अनि आयुष्मान् सारिपुत्रले ती आयुष्मान्हरूलाई यसो भन्नुभयो– "आवुसो ! हामी सबैले आ-आफ्नो विचार प्रकट गरिसक्यौं। आवुसो ! अब हामी जहाँ भगवान हुनुहुन्छ त्यहाँ जाऔं । अनि वहाँलाई यो कुरा सुनाऔं । भगवानले जस्तो भन्नु हुनेछ उस्तै हामी धारण गर्नेछौं ।" "हुन्छ" भनी ती आयुष्मान्हरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिनुभयो । अनि ती आयुष्मान्हरू भगवानकहाँ गई वहाँलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बसेका आयुष्मान् सारिपुत्रले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! यहाँ आयुष्मान् रेवत र आयुष्मान् आनन्द धर्मश्रवणकोनिमित्त मकहाँ आउनु

Downloaded from http://dhamma.digital/

भयो। ...[१]" (अनि मैले यस्तो सोध्दा आयुष्मान् आनन्दले यस्तो भन्नुभयो भनी जम्मै कुरा भगवानलाई सुनाउनु भयो।)

(यो सुनेर भगवानले यस्तो भन्नुभयो–)

"साधु सारिपुत्र ! साधु ! आनन्दले जस्तो भन्नुपर्ने हो त्यस्तै भने। सारिपुत्र ! आनन्द बहुश्रुत श्रुतधर तथा श्रुतसंचयी हुन्। जुन धर्म आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान कल्याण छ, जुन धर्म अर्थ सहित व्यञ्जन सहित केवल परिपूर्ण परिशुद्ध छ त्यस्तो ब्रह्मचर्य भाषण गर्छन्, त्यस्तो धर्म धेरै सुनेका छन्, मनले परीक्षण गरेका छन् र बुद्धिले अर्थ बुझेका छन्। उनले अनुशय हटाउनकोनिमित्त परिमण्डल पदव्यञ्जनद्वारा चारपरिषद्लाई धर्मदेशना गर्छन्।"

"भन्ते ! यस्तो भन्नु भएपछि मैले आयुष्मान् रेवतसँग सोधें ... अनि आयुष्मान् रेवतले यसो भन्नुभयो ..." (जम्मै कुरा माथि जस्तै दोहऱ्याई पढ्नू।)

(यो सुनेर भगवान भन्नुहुन्छ–)

"साधु सारिपुत्र ! साधु ! रेवतले जस्तो भन्नुपर्ने हो त्यस्तै भने। सारिपुत्र ! रेवत ध्यानमा लाग्ने रध्यानमा तल्लीन हुने हुन्। आफ्नो चित्त एकाग्र राख्नकोनिमित्त प्रयत्न गर्ने हुन् र ध्यानबाट अलग नभई विपश्यना युक्त एकान्तवास रुचाउने हुन्।"

---

१. माथि जस्तै जम्मै कुरा दोहऱ्याई पढ्नू।

Downloaded from http://dhamma.digital/

"भन्ते ! यस्तो भन्नु भएपछि मैले आयुष्मान् अनुरुद्धसँग सोधें ... । अनि आयुष्मान अनुरुद्धले यसो भन्नुभयो ... ।" (जम्मै कुरा माथि जस्तै दोहऱ्याई पढ्नू ।)

"साधु सारिपुत्र ! साधु ! अनुरुद्धले जस्तो भन्नुपर्ने हो त्यस्तै भने । सारिपुत्र ! अनुरुद्ध अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हजारौं लोक हेर्दछन् ।"

"भन्ते ! यस्तो भन्नु भएपछि मैले आयुष्मान् महाकाश्यपसँग सोधें ... । अनि आयुष्मान् महाकाश्यपले यसो भन्नुभयो ... ।"(जम्मै कुरा माथि जस्तै दोहऱ्याई पढ्नू ।)

"साधु ! सारिपुत्र ! साधु ! जस्तो भन्नु पर्ने हो त्यस्तो महाकाश्यपले भने । सारिपुत्र काश्यप आफू पनि आरिण्यिक हुन् आरण्यिकताको वर्णवादी पनि हुन् ... आफू पनि विमुक्ति ज्ञानदर्शन सम्पन्न हुन् । विमुक्तिज्ञान दर्शन सम्पन्नताको वर्णवादी पनि हुन् ।"

"भन्ते ! यस्तो भन्नु भएपछि मैले आयुष्मान् महामौद्गल्यायनलाई यसो भने ... 'आवुसो मौद्गल्यायन ! आयुष्मान् महाकाश्यपले आफ्नो विचार प्रकट गर्नुभयो ... ।' अब म आयुष्मान् महामौद्गल्यायनसँग सोध्दछु– '...कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?' अनि आयुष्मान् महामौद्गल्यायनले 'यहाँ दुइ भिक्षुहरू अभिधर्मका कुरा गर्छन् ... धार्मिक कथा गर्छन् । यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ' भनी भन्नुभयो ।"

Downloaded from http://dhamma.digital/

"साधु सारिपुत्र ! साधु ! जस्तो भन्नुपर्ने हो त्यस्तै मौद्गल्यायनले भने । सारिपुत्र ! मौद्गल्यायन धर्मकथिक हुन् ।"

यस्तो भन्नु भएपछि आयुष्मान् महामौद्गल्यायानले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! अनि मैले आयुष्मान् सारिपुत्रसँग सोधें । आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो ... ।" (जम्मै कुरा माथि जस्तै दोहऱ्याई पढ्नू ।)

"साधु मौद्गल्यायन ! साधु ! जस्तो भन्नुपर्ने हो त्यस्तै सारिपुत्रले भने । मौद्गल्यायन ! सारिपुत्र चित्तलाई वशमा राख्छन् । चित्तको वशमा बस्दैनन् । उनी जुन समापत्तिमा बिहान, दिउँसो वा सन्ध्यासमयमा बस्न चाहन्छन् उही समापत्तिमा बस्छन् ।"

## भगवानको मन्तव्य

यस्तो भन्नु भएपछि आयुष्मान् सारिपुत्रले भगवानलाई यसो भन्नुभयो– भन्ते ! कसको कुरा सुभाषित छ ?"

"सारिपुत्र ! पर्यायद्वारा सबैका कुरा सुभाषित छन् । मेरो पनि केही कुरा सुन जुन भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन्छ । सारिपुत्र ! यहाँ भिक्षु **भिक्षु भोजनपछि पलेटीमारी बसी शरीर सीधा राखी मुख अगाडि स्मृति राखी– ...तबसम्म म यो पलेटी बिगार्ने छैन जबसम्म**

Downloaded from http://dhamma.digital/

**उपादान रहित आस्रवबाट चित्त विमुक्ति हुने छैन□** भनी प्रतिज्ञा गर्छ। सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन्छ।”

भगवानले यति भन्नुभयो। सन्तुष्ट भई ती आयुष्मान्‌हरूले भगवानको भाषणलाई अभिनन्दन गर्नुभयो।

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७६।२१ कुन दानको फल महत्फल हुन्छ ?

एक समय भगवान चम्पास्थित गग्गरा पुष्करिणीको[1] तीरमा बस्नुभएको थियो[2]।

अनि धेरै चम्पावासी उपासकहरू जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका चम्पावासी उपासकहरूले आयुष्मान् सारिपुत्रलाई यस्तो बिन्ति गरे–

"भन्ते ! हामीले भगवानको सम्मुखबाट धार्मिक कथा नसुनेको धेरै दिन भइसक्यो। हामीले भगवानको सम्मुखबाबट धर्मका कुराहरू सुन्नपाए हुन्थ्यो, भन्ते !"

"आवुसो ! त्यसोभए उपोसथ (पूर्णिमा) को दिनमा आउनुहोस्। अवश्य पनि भगवानको सम्मुखबाट धर्मका कुराहरू सुन्न पाउनु हुनेछ।"

---

१. चम्पा भन्ने नगर वर्तमान समयमा कहाँ पर्छ भन्ने कुरा लेखकको बु. रा. I. पृ ६७ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. अं. नि.–७, पृ. १९७ : दानमहप्फलसुत्तं, अ. क. II. पृ. ७१६.

Downloaded from http://dhamma.digital/

"हवस्, भन्ते" भनी चम्पावासी उपासकहरू आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिई आसनबाट उठी आयुष्मान् सारिपुत्रलाई अभिवादन गरी प्रदक्षिणा गरी फर्केर गए ।

अनि चम्पावासी उपासकहरू उपोसथको दिनमा जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई अभिवादन गरी एक छेउमा बसे । त्यसपछि आयुष्मान् सारिपुत्र ती उपासकहरूसँगै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवानलाई बिन्ति गर्नुभयो–

प्र. "भन्ते ! हुनसक्छ, के यहाँ त्यस्तै नै दिएको **दानको फलले कसैलाई न महत्फलदायी हुन्छ न त महानिसंस नै** ? भन्ते ! हनुसक्छ के यहाँ त्यस्तै नै दिएको दानको फलले कसैलाई महत्फलदायी पनि हुन्छ महानिसंस पनि ?"

उ. "सारिपुत्र ! हुनसक्छ, त्यस्तै नै दिएको दानको फलले यहाँ कसैलाई न महत्फलदायी हुन्छ न त महानिसंस नै; सारिपुत्र ! हुनसक्छ, त्यस्तै नै दिएको दानको फलले यहाँ कसैलाई महत्फलदायी पनि हुन्छ महानिसंस पनि ।"

प्र. "भन्ते ! के हेतु के प्रत्यय होला जसले गर्दा **त्यस्तै नै दान दिएको फलले यहा। कसैलाई महत्फलदायी पनि महानिसंस पनि हुन्न** ? भन्ते ! के हेतु के प्रत्यय होला जसले गर्दा त्यस्तै नै दान दिएको फलले यहाँ कसैलाई महत्फलदायी पनि हुन्छ महानिसंस पनि ?"

Downloaded from http://dhamma.digital/

उ. १–"सारिपुत्र ! यहाँ कसैले सापेक्षी भई दान दिन्छ, प्रतिबद्ध चित्त लिई दान दिन्छ– 'परलोकमा यो परिभोग गर्नेछु' भन्ने निधान गर्ने (डिपोजित गर्ने) आशाले दान दिन्छ । (अनि) उसले श्रमणलाई वा ब्राह्मणलाई अन्न, पान, वस्त्र, यान, माला, गन्धविलेपन सुत्ने बस्ने तथा प्रदीपादि वस्तुहरू दान दिन्छ। सारिपुत्र ! यहाँ कुनैद्वारा यस्तो दान दिइन्छ के ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! दिइन्छ ।"

"सारिपुत्र ! जसले यहाँ **सापेक्षी भई दान दिन्छ र प्रतिबद्ध चित्त लिई दान दिन्छ**– 'परलोकमा यो परिभोग गर्नेछु' भन्ने निधान गर्ने आशा लिई दान दिन्छ। ऊ त्यो दान दिई कायछाडी मृत्युपछि चातुर्महाराजिक देवताहरूको सहवासमा उत्पन्न हुन्छ। उ त्यो कर्म (= कर्मफल), त्यो ऋद्धि[1] (= विपाक ऋद्धि), त्यो यश (= परिवार सम्पत्ति), त्यो आधिपत्य (= अगुवा हुने कारण) भोग गरी आगामी हुन्छ[2]। अर्थात् यस आत्मभावमा (= मनुष्य लोकमा) आउने हुन्छ।

---

१. ऋद्धिको बारेमा लेखकको बु. गृ II. पृ. २६० को पादटिप्पणीमा विशेष वर्णन सहित उल्लेख भएको छ।

२. 'आगामि हुन्छ' भन्नाको मतलब उ त्यसलोकबाट च्युत भई न त त्यसै लोकमा उत्पन्न हुन्छ न त त्यो भन्दा माथिल्लो लोकमा बल्कि त्यहाँबाट च्युतभई तलतिर यो मनुष्य लोकमा नै आउँछ भनिएको हो।

Downloaded from http://dhamma.digital/

२–"सारिपुत्र ! यहाँ **कसैले न त सापेक्षी भई दान दिन्छ, न प्रतिबद्ध चित्त लिई दान दिन्छ** न 'परलोकमा यो परिभोग गर्नेछु' भन्ने निधान गर्ने (डिपोजित गर्ने) आशा लिई दान दिन्छ बल्कि 'दान दिनु असल हो' भनी दान दिन्छ। ... उ त्यो कर्म ... भोग गरी आगामी हुन्छ। अर्थात् यस आत्मभावमा आउने हुन्छ।"

३–"सारिपुत्र ! यहाँ कसैले न त सापेक्षी भई दान दिन्छ, न प्रतिबद्ध चित्त लिई दान दिन्छ ... न ...**दान दिनु असल हो' भनी दान दिन्छ अघि देखि बाबु बाजेहरुले दिई आएको र गरिआएको पुरानो कुलवंशको परम्परालाई मैले टुटाउन हुँदै** भनी दान दिन्छ। ... ऊ त्यो कर्म ... भोग गरी आगामी हुन्छ। अर्थात् यस आत्मभावमा आउने हुन्छ।"

४–"सारिपुत्र ! यहाँ **कसैले न त सापेक्षी भई दान दिन्छ, न ... देखि बाबु बाजेहरुले दिई आएको...' भनी दान दिन्छ** बल्कि 'म पकाउँछु (=दानको फल मैले भोग्ने छु) यिनीहरूले पकाउँदैनन् (= दानको फल यिनीहरूले भोग गर्दैनन्) त्यसो हुनाले पकाउनेले नपकाउनेलाई दान नदिन योग्य छैन' भनी दान दिन्छ। ... उ त्यो कर्म ... भोग गरी आगामी हुन्छ। अर्थात् यस आत्मभावमा आउने हुन्छ।"

५–"सारिपुत्र ! **कसैले न त सापेक्षी भई दान दिन्छ, .... न ...म पकाउाछु** भनी दान दिन्छ बल्कि जस्तै 'अष्टक, वामक, वामदेव, विश्वमित्र,यमदग्नि, अङ्गिरस, भारद्वाज, वशिष्ठ, भृगृ

Downloaded from http://dhamma.digital/

आदि पूर्वज ऋषिहरूको महायज्ञादि थियो त्यस्तै यो मेरो दानसंविभाजन हुनेछ' भनी दान दिन्छ। ... ऊ त्यो कर्म ... भोग गरी आगामी हुन्छ। अर्थात् यस आत्मभावमा आउने हुन्छ।"

६–"सारिपुत्र ! **कसैले न त सापेक्षी भई दान दिन्छ,** ... न जस्तै अष्टक, ... पूर्वज ऋषिहरूको महायज्ञादि थियो त्यस्तै यो मेरो दानसंविभाजन हुनेछ' भनी दान दिन्छ बल्कि 'यो दान दिंदा मेरो चित्त प्रसन्न हुन्छ, सन्तुष्ट र सौमनस्य उत्पन्न हुन्छ' भनी दान दिन्छ। ... ऊ त्यो कर्म ... भोग गरी आगामी हुन्छ। अर्थात् यस आत्मभावमा आउने हुन्छ।"

७–"सारिपुत्र ! **कसैले न त सापेक्षी भई दान दिन्छ,** ... **न** ...**यो दान दिंदा मेरो चित्त प्रसन्न हुन्छ** .... भनी दान दिन्छ बल्कि चित्तालंकार चित्तपरिष्कार[1] हुन्छ' भनी दान दिन्छ। (अनि) उसले श्रमणलाई वा ब्राह्मणलाई अन्नपान, ... तथा प्रदीपादि वस्तुहरू दान दिन्छ। सारिपुत्र ! यहाँ कुनैद्वारा यस्तो दान दिइन्छ के ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! दिइन्छ।"

"सारिपुत्र ! यहाँ जसले न सापेक्षी भई दान दिन्छ न प्रतिबद्ध चित्त लिई दान दिन्छ; न 'यो परलोकमा परिभोग गर्नेछु' भनी निधान

१. समथ र विपश्यना ध्यानहरूलाई चित्तको अलङ्कार र चित्तको परिष्कार भन्दछन्। अतः यहाँ यी ध्यानलाभी भई दान दिन्छ भनिएको हो। अं. अ. क. II. पृ. ७१६.

Downloaded from http://dhamma.digital/

गर्ने आशा लिई दान दिन्छ; न 'दान दिनु असल हो' भनी दान दिन्छ; न अघिदेखि बाबु बाजेहरूले दिइ आएको, गरिआएको मैले पुरानो कुलवंशको परम्परालाई टुटाउन हुँदैन' भनी दान दिन्छ; न 'म पकाउँछु यिनीहरूले पकाउन्नन् त्यसो हुनाले पकाउनेले नपकाउनेलाई दान नदिनु योग्य छैन' भनी दान दिन्छ; न जस्तै ˘अष्टक, ... भृगु आदि पूर्वज ऋषिहरूको महायज्ञादि थियो त्यस्तै यो मेरो दानसंविभाजन हुनेछ' भनी दान दिन्छ; न 'यो दान दिंदा मेरो चित्त प्रसन्न हुन्छ, सन्तुष्ट र सौमनस्य उत्पन्न हुन्छ' भनी दान दिन्छ बल्कि चित्तालंकार चित्त-परिष्कार हुन्छ' भनी दान दिन्छ। उ त्यो दान दिई काय छाडी मृत्युपछि ब्रह्मकायिक देवताहरूको सहवासमा उत्पन्न हुन्छ[१]।ऊ त्यो कर्म (= कर्मफल), त्यो ऋद्धि (= विपाक ऋद्धि), त्यो यश (= परिवार सम्पत्ति), त्यो आधिपत्य (= अगुवा हुने कारण) भोग गरी अनागामी हुन्छ। अर्थात् **यस आत्मभावमा न आउने हुन्छ।**"

"सारिपुत्र ! यही नै हेतु हो, यही नै प्रत्यय हो जसले गर्दा यहाँ कसैलाई उस्तै गरी दान दिएता पनि त्यसको फल न महत्फल हुन्छ न त

---

१. दानको प्रभावले मात्र ब्रह्मलोकमा उत्पन्न हुन सकिंदैन। अतः उ चित्तालंकार संझिने समथ विपश्यनादि ध्यान लाभी भई त्यसै चित्तको प्रभावले ब्रह्मलोकमा उत्पन्न हुन्छ। यसै ध्यानद्वारा उ अनागामी पनि हुन्छ। अं. अ. क. II. पृ. ७१६.

Downloaded from http://dhamma.digital/

महानिसंस नै। सारिपुत्र! **यही नै हेतु हो र यही नै प्रत्यय हो जसले गर्दा यहाा कसैलाई उस्तै गरी दान दिंदा पनि त्यसको फल महत्फल हुन्छ र महानिसंस पनि।**"

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७७।२२ दशुत्तर उपदेश

### आयुष्मान् सारिपुत्रको उपदेश

यस्तो मैले सुनें[1]।

एक समय भगवान पाँचशय महान भिक्षुसङ्घका साथ चम्पाको गग्गरा पोखरीको किनारमा बस्नुभएको थियो। अनि त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई सम्मोदन गर्नुभयो– "आवुसो ! भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। अनि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो—

"दसुत्तरं पवक्खामि, धम्मं निब्बानपत्तिया।
दुक्खस्सन्तकिरियाय, सब्बगन्थप्पमोचनं॥"

**अर्थ :—**

"निर्वाण पाउनकोनिमित्त, दुःख अन्त गर्नकोनिमित्त तथा सबै ग्रन्थीहरूबाट मुक्त हुनकोनिमित्त दशुत्तर धर्मदेशना गर्छु।

१. दी. नि. III. पृ. २१० : दसुत्तरसुत्तं, अ. क. III. पृ. ४०३.

Downloaded from http://dhamma.digital/

## एक धर्म–

१– "आवुसो ! (१) एक धर्म बहूपकारी छ, (२) एक धर्म भाविता गर्नुपर्छ, (३) एक धर्म जान्नुपर्छ, (४) एक धर्म त्याग्नुपर्छ, (५) एक धर्म हानभागीय छ, (६) एक धर्म विशेषभागीय छ, (७) एक धर्म बुझ्न कठीन छ, (८) एक धर्म उत्पादन गर्नुपर्छ, (९) एक धर्म बुझ्नुपर्छ र (१०) एक धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं एक धर्म बहूपकारी छ ? कुशलधर्महरूमा अप्रमाद। यो एक धर्म बहूपकारी छ। (२) कुनचाहिं एक धर्म भाविता गर्नुपर्छ ? सुख सहगत कायगतस्मृति। यो एक धर्म भाविता गर्नुपर्छ। (३) कुनचाहिं एक धर्म जान्नुपर्छ ? सास्रव उपादानीय स्पर्श। यो एक धर्म जान्नुपर्छ। (४) कुनचाहिं एक धर्म त्याग्नुपर्छ ? अस्मिमान। यो एक धर्म त्याग्नुपर्छ। (५) कुनचाहिं एक धर्म हानभागीय हो ? अज्ञानतापूर्वक विचार गर्नु। यो एक धर्म हानभागीय हो। (६) कुनचाहिं एक धर्म विशेषभागीय हो ? ज्ञानपूर्वक विचार गर्नु। यो एक धर्म विशेषभागीय हो। (७) कुनचाहिं एक धर्म बुझ्न कठीन छ ? आनन्तरिक चित्त समाधि। यो एक धर्म बुझ्न कठीन छ। (८) कुनचाहिं एक धर्म उत्पादन गर्नुपर्छ ? अटल (अकोप्य) ज्ञान। यो एक धर्म उत्पादन गर्नुपर्छ। (९) कुनचाहिं एक धर्म बुझ्नुपर्छ ? सबै प्राणीहरू आहारमा स्थित रहन्छन्। यो एक धर्म बुझ्नुपर्छ। (१०) कुनचाहिं एक धर्म साक्षात्कार गर्नुपर्छ ? अटल (अकोप्य) चित्तविमुक्ति। यो एक धर्म साक्षात्कार गर्नुपर्छ।"

Downloaded from http://dhamma.digital/

"तथागतले बोध गरेका यी दश धर्महरू भूत (= वास्तविकता), तथ्य, तथ, अवितथ र अनन्यथ छन् ।"

## दुई धर्म–

२– "(१) दुई धर्म बहूपकारी छन्, (२) दुई धर्म भाविता गर्नुपर्छ, (३) दुई धर्म जान्नुपर्छ (परिञ्ञेय्या), (४) दुई धर्म त्यागनुपर्छ, (५) दुई धर्म हानभागीय हुन्, (६) दुई धर्म विशेषभागीय हुन्, (७) दुई धर्म बुझ्न कठीन छ, (८) दुई धर्म उत्पादन गर्नुपर्छ, (९) दुई धर्म बुझ्नुपर्छ र (१०) दुई धर्म साक्षात्कार गर्नुपर्छ ।"

"(१) कुनचाहिं दुई धर्म बहूपकारी छन् ? स्मृति र सम्प्रजन्य (= प्रज्ञा) । यी दुई धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं दुई धर्म भाविता गर्नुपर्छ ? समथ र विपश्यना । यी दुई धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं दुई धर्म जान्नुपर्छ ? नाम र रूप । यी दुई धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं दुई धर्म त्यागनुपर्छ ? अविद्य र भवतृष्णा । यी दुई धर्महरू त्यागनुपर्छ । (५) कुनचाहिं दुई धर्म हानभागीय हुन् ? दुर्वचता र पापमित्रता । यी दुई धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं दुई धर्म विशेषभागीय हुन् ? सुवचता र कल्याण-मित्रता । यी दुई धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं दुई धर्म बुझ्न कठीन छ ? प्राणीहरू संक्लिष्ट हुनको लागि जुन हेतु र प्रत्यय हो तथा प्राणीहरू विशुद्ध हुनको लागि जुन हेतु र प्रत्यय हो । यी दुई धर्महरू बुझ्न कठीन छ । (८) कुनचाहिं दुई धर्म उत्पादन गर्नुपर्छ ? दुई

Downloaded from http://dhamma.digital/

ज्ञानहरू– क्षय-ज्ञान र अनुत्पाद-ज्ञान। यी दुई धर्महरू उत्पादन गर्नु-पर्छ। (९) कुनचाहिं दुई धर्म बुझ्नुपर्छ ? दुई धातुहरू– संस्कृत-धातु र असंस्कृत धातु। यी दुई धर्महरू बुझ्नुपर्छ। (१०) कुनचाहिं दुई धर्म साक्षात्कार गर्नुपर्छ ? विदया र विमुक्ति। यी दुई धर्महरू साक्षात्कार गर्नुपर्छ।"

"तथागतले बोध गरेका यी बीस धर्महरू भूत,...अनन्यथ छन्।"

## तीन धर्म–

३– "(१) तीन धर्म बहूपकारी छन्, (२) तीन धर्म भाविता गर्नुपर्छ[1],...(१०) तीन धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं तीन धर्म बहूपकारी छन् ? सत्पुरुष सत्संगत, सद्धर्म श्रवण र धर्मानुकूल आचरण। यी तीन धर्महरू बहूपकारी छन्। (२) कुनचाहिं तीन धर्म भाविता गर्नुपर्छ ? तीनवटा समाधि– सवितर्क सविचार समाधि, अवितर्क विचार मात्र समाधि र अवितर्क अविचार समाधि। यी तीन धर्महरू भाविता गर्नुपर्छ। (३) कुनचाहिं तीन धर्म जान्नुपर्छ ? तीनवटा वेदना– सुख वेदना, दुःख वेदना र असुख अदुःख वेदना। यी तीन धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं तीन धर्म त्याग्नु-पर्छ ? तीनवटा तृष्णा– कामतृष्णा, भवतृष्णा र विभवतृष्णा। यी तीन

१. यहाँका बाँकी कुराहरू माथि पृ. ८१ मा उल्लेख भए जस्तै (१०) सम्म एक भनेको ठाउँमा तीन भनी मिलाई पढ्नू।

Downloaded from http://dhamma.digital/

धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं तीन धर्म हानभागीय हुन् ? तीनवटा अकुशल मूलहरू– लोभ अकुशल मूल, द्वेष अकुशल मूल र मोह अकुशल मूल । यी तीन धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं तीन धर्म विशेषभागीय हुन् ? तीनवटा कुशल मूलहरू– अलोभ कुशल मूल, अद्वेष कुशल मूल र अमोह कुशल मूल। यी तीन धर्महरू विशेषभागीय हुन्। (७) कुनचाहिं तीन धर्म बुझ्न कठीन छ ? तीनवटा निश्शरण धातुहरू– कामविषयको निश्शरण (= विमुक्ति) नैष्क्रम्य[1] हो, रूपविषयको निश्शरण अरूप हो र र जुनसुकै उत्पन्न (पदार्थ) संस्कृत प्रतित्यसमुत्पन्न हो, त्यसको निश्शरण निरोध हो। यी तीन धर्महरू बुझ्न कठीन छ। (८) कुनचाहिं तीन धर्म उत्पादन गर्नुपर्छ ? तीनवटा ज्ञानहरू– अतीतांशको ज्ञान, अनागतांशको ज्ञान र प्रत्युत्पन्नांशको ज्ञान । यी तीन धर्महरू उत्पादन गर्नुपर्छ। (९) कुनचाहिं तीन धर्म बुझ्नुपर्छ ? तीनवटा धातुहरू– कामधातु, रूपधातु र अरूपधातु। यी तीन धर्महरू बुझ्नुपर्छ। (१०) कुनचाहिं तीन धर्म साक्षात्कार गर्नुपर्छ ? तीनवटा विदयाहरू– पूर्वेनिवासानुस्मृतिज्ञान विदया, प्राणीहरूको च्यूतूपपत्तिज्ञानविदया र आस्रवक्षय हुने ज्ञानविदया। यी तीन धर्महरू साक्षात्कार गर्नुपर्छ।

"तथागतले बोध गरेका यी तीन धर्महरू भूत, .... अनन्यथ छन्।"

---

१. यस ठाउँमा नैष्क्रम्य भनी अनागामीलाई लक्ष गरी भनिएको हो । दी. नि. अ. क. III. पृ. ४०९ : दसुत्तरसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

## चार धर्म-

४- "(१) चार धर्म बहूपकारी छन्, ... (१०) चार धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं चार धर्म बहूपकारी छन् ? चारवटा चक्रहरू- अनुकूल देशमा बास, सत्पुरुषको आश्रय, आफूलाई राम्रोसँग राख्नु र पहिले पुण्य गरेको हुनु । यी चार धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं चार धर्म भाविता गर्नुपर्छ ? चारवटा स्मृतिप्रस्थानहरू- आवुसो ! यहाँ भिक्षु कायमा कायानुपश्यना गरी बस्छ, ... वेदनामा वेदनापश्यना गरी बस्छ, ... चित्तमा चित्तानुपश्यना गरी बस्छ, ... र धर्ममा धर्मानुपश्यना गरी बस्छ। यी चार धर्महरू भाविता गर्नुपर्छ। (३) कुनचाहिं चार धर्म जान्नुपर्छ ? चारवटा आहारहरू- ठूलो वा स्यानो गाँस गाँस गरी खाने आहार, स्पर्श आहार, मनसंचेतना आहार र विज्ञान आहार। यी चार धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं तीन धर्म त्याग्नुपर्छ ? चारवटा ओधहरू- कामओध, भवओध, दृष्टिओध र अविदचाओध। यी चार धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं चार धर्म हानभागीय हुन् ? चारवटा योगहरू (= बन्धनहरू)- कामयोग, भगयोग, दृष्टियोग र अविदचायोग । यी चार धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं चार धर्म विशेषभागीय हुन् ? चारवटा विसंयोगहरू- कामयोगबाट विसंयोग, भवयोगबाट विसंयोग, दृष्टियोगबाट विसंयोग र अविदचायोगबाट विसंयोग। यी चार धर्महरू विशेषभागीय हुन्। (७) कुन चार धर्म बुझ्न कठीन छ ? चारवटा समाधिहरू- हानभागीय

Downloaded from http://dhamma.digital/

समाधि, स्थितभागीय समाधि, विशेषभागीय समाधि र निर्वेथभागीय समाधि। यी चार धर्महरू बुझ्न कठीन छ। (८) कुनचाहिं चार धर्म उत्पादन गर्नुपर्छ ? चारवटा ज्ञानहरू– धर्ममा ज्ञान, अन्वयमा ज्ञान, परिच्छेदमा ज्ञान र सम्मतिमा ज्ञान। यी चार धर्महरू उत्पादन गर्नु- पर्छ। (९) कुनचाहिं चार धर्म बुझ्नुपर्छ ? चारवटा आर्यसत्यहरू– दुःख आर्यसत्य, दुःख समुदय आर्यसत्य, दुःख निरोध आर्यसत्य र दुःख निरोधगामिनी आर्यसत्य। यी चार धर्महरू बुझ्नुपर्छ। (१०) कुनचाहिं चार धर्म साक्षात्कार गर्नुपर्छ ? स्रोतापत्तिफल, सकृदागामीफल, अनागामीफल र अरहत् फल। यी चार धर्महरू साक्षात्कार गर्नुपर्छ।

"तथागतले बोध गरेका यी चालीस धर्महरू भूत, .... अनन्यथ छन्।"

**पाच धर्म–**

५– "(१) पाँच धर्म बहूपकारी छन्, ... (१०) पाँच धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं पाँच धर्म बहूपकारी छन् ? पाँच प्रधानीय अङ्गहरू– आवुसो ! यहाँ भिक्षु श्रद्धालु हुन्छ तथागतको बोधि प्रति विश्वास गर्छ– 'वहाँ भगवान अरहत् सम्यक् सम्बुद्ध,...[1] तथा बुद्ध

१. यहाँका बाँकी कुराहरू लेखकका बु. गृ. III. पृ. २१८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

Downloaded from http://dhamma.digital/

भगवान हुनुहुन्छ' । आबाध रहित र आतंक रहित हुन्छ...[1] र प्रज्ञावान् हुन्छ। यी पाँच धर्महरू बहूपकारी छन्। (२) कुनचाहिं पाँच धर्म भाविता गर्नुपर्छ ? पञ्चांगिक सम्यक् समाधिहरू– प्रीतिले ब्याप्त, सुखले ब्याप्त, चित्तले ब्याप्त, आलोकले ब्याप्त र प्रत्यवेक्षणा निमित्त भएका। यी पाँच धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं पाँच धर्म जान्नुपर्छ ? पाँच उपास्कन्धहरू– रूप-उपास्कन्ध, वेदना-उपास्कन्ध, संज्ञा-उपास्कन्ध, संस्कार-उपास्कन्ध र विज्ञान-उपास्कन्ध। यी पाँच धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं पाँच धर्म त्याग्नुपर्छ ? पाँच नीवरणहरू– कामच्छन्द नीवरण, ब्यापाद नीवरण, थीनमिद्ध नीवरण, उद्धच्चकुक्कुच्च नीवरण र विचिकित्सा नीवरण। यी पाँच धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं पाँच धर्म हानभागीय हुन् ? पाँचवटा चित्तका काँढा (= सारोपन) हरू– (क) आवुसो ! यहाँ भिक्षु शास्तामाथि शंका गर्छ, विचिकित्सा गर्छ, श्रद्धा राख्दैन र प्रसन्न हुन्न। आवुसो ! जो सो भिक्षु शास्तामाथि शंका गर्छ,...र प्रसन्न हुन्न उसको चित्त आतप्तताको निमित्त, अनुयोगको निमित्त र सतत प्रयत्नको निमित्त लाग्दैन। जसको चित्त आतप्तताको निमित्त,...सतत प्रयत्नको निमित्त मन लाग्दैन– यो पहिलो चित्तको काँढा हो । (ख) आवुसो ! फेरि भिक्षु धर्ममाथि...(ग) संघमाथि...(घ) शिक्षामाथि...(ङ) सब्रह्मचारी माथि कोप गर्छ असन्तुष्ट हुन्छ आघात राख्छ र सारो हुन्छ उसको

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा नं. १६ को पाँच प्रधानीय अग्रहरूमा उल्लेख भए जस्तै मिलाएर पढ्नू।

Downloaded from http://dhamma.digital/

चित्त आतप्तताको निमित्त,...लाग्दैन । जसको चित्त आतप्तताको निमित्त...मन लाग्दैन– यो पाँचौ चित्तको काँढा हो । यी पाँच धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं पाँच धर्म विशेषभागीय हुन् ? पाँच इन्द्रियहरू– श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतेन्द्रिय, समाधेन्द्रिय र प्रज्ञेन्द्रिय । यी पाँच धर्महरू विशेषभागीय हुन् । (७) कुन पाँच धर्म बुझ्न कठीन छ ? पाँच निश्शरणीय धातुहरू– (क) आवुसो ! यहाँ भिक्षु कामविषयमा मन लगाउँदा कामविषयमा मन लाग्दैन, प्रसन्न हुन्न, सन्तुष्ट हुन्न र लिप्त हुन्न । किन्तु नैष्क्रम्यको विषयमा मन लगाउँदा नैष्क्रम्यको विषयमा मन लाग्छ, प्रसन्न हुन्छ, सन्तुष्ट हुन्छ र लिप्त हुन्छ । त्यसको त्यो चित्त असल बाटोमा गएको हुन्छ, सुभावित हुन्छ, उठेको हुन्छ, सुविमुक्त हुन्छ र कामबाट विसंयुक्त हुन्छ । कामको कारणबाट जुन आस्रव, विघात परि डाह उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई कामविषयबाट निश्शरण (= विमुक्ति) भनिएको हो । (ख) आवुसो ! फेरि भिक्षु ब्यापादको विषयमा मन लगाउँदा...लिप्त हुन्न । किन्तु अब्यापादको विषयमा...लिप्त हुन्छ । त्यसको त्यो चित्त...विसंयुक्त हुन्छ । ब्यापादको कारणबाट जुन आस्रव,...उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई ब्यापादबाट निश्शरण भनिएको हो । (ग) आवुसो ! यहाँ भिक्षु विहिंसाको विषयमा मन लगाउँदा...लिप्त हुन्न । किन्तु अविहिंसाको विषयमा...लिप्त हुन्छ । त्यसको त्यो चित्त...विसंयुक्त हुन्छ । विहिंसाको कारणबाट जुन आस्रव,...उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ । उसले त्यो वेदना

Downloaded from http://dhamma.digital/

अनुभव गर्दैन। यसैलाई विहिंसाबाट निश्शरण भनिएको हो। (घ) आवुसो ! यहाँ भिक्षु रूपको विषयमा मन लगाउँदा...लिप्त हुन्न। किन्तु अरूपको विषयमा...लिप्त हुन्छ । त्यसको त्यो चित्त...विसंयुक्त हुन्छ । रूपको विषयबाट जुन आस्रव,...उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई रूपबाट निश्शरण भनिएको हो । (ङ) आवुसो ! यहाँ भिक्षु सत्कायको विषयमा मन लगाउँदा...लिप्त हुन्न । किन्तु सत्काय निरोधको विषयमा...लिप्त हुन्छ । त्यसको त्यो चित्त...विसंयुक्त हुन्छ। सत्कायको कारणबाट जुन आस्रव,...उत्पन्न हुने हो सो त्यसबाट मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई सत्कायबाट निश्शरण (= विमुक्ति) भनिएको हो । यी पाँच धर्महरू बुझ्न कठीन छ। (८) कुनचाहिं पाँच धर्म उत्पादन गर्नुपर्छ ? पाँचवटा ज्ञान हुने सम्यक् समाधि– (क) 'यो समाधि वर्तमानमा पनि सुखमय छ र भविष्यमा पनि सुखविपाक हुनेछ' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ, (ख) 'यो समाधि आर्य र निरामिष हो' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ, (ग) 'यो समाधि श्रेष्ठ पुरुषद्वारा सेवित छ' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ, (घ) 'यो समाधि शान्त, प्रणीत, क्लेश नहुनेद्वारा प्राप्त, एकाग्रता हुने र संस्कारद्वारा बाधा नभएको' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ र (ङ) 'सो मैले यो समाधिमा होस राखेर बस्छु र होस राखेर समाधिबाट उठ्छु' भन्ने ज्ञान स्वयं भित्र उत्पन्न हुन्छ। यी पाँच धर्महरू उत्पादन गर्नु पर्छ। (९) कुनचाहिं पाँच धर्म बुझ्नुपर्छ ? पाँचवटा विमुक्ति-आयतनहरू– (क) आवुसो ! यहाँ भिक्षुलाई शास्ता वा अरू कुनै गुरुस्थानमा बस्ने

Downloaded from http://dhamma.digital/

सब्रह्मचारी धर्मदेशना गर्छ। जसो जसो भिक्षुलाई शास्ता वा अरू कुनै गुरुस्थानमा बस्ने सब्रह्मचारी धर्मदेशना गर्छ त्यसो त्यसो उ त्यस धर्मको अर्थ पनि बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोदय हुन्छ, प्रमुदित हुनेलाई प्रीति हुन्छ, प्रीति हुनेको शरीर शान्त हुन्छ, शरीर शान्त हुनेले सुखानुभव गर्छ र सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो पहिलो विमुक्ति-आयतन हो। (ख) आवुसो ! फेरि भिक्षुलाई न शास्ता वा अरू कुनै गुरुस्थानमा बस्ने सब्रह्मचारी धर्मदेशना गर्छ। वल्कि सुनेको र पढे अनुसार विस्तारपूर्वक अरूलाई धर्मदेशना गर्छ। सुनेको र पढे अनुसार जसो जसो भिक्षु विस्तारपूर्वक धर्मदेशना गर्छ त्यसो त्यसो ऊ त्यस धर्मको अर्थ र धर्म बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोदय हुन्छ, ... सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो दोश्रो विमुक्ति-आयतन हो। (ग) आवुसो ! फेरि भिक्षुलाई न शास्ता वा अरू कुनै गुरुस्थानमा बस्ने सब्रह्मचारी धर्मदेशना गर्छ न त सुनेको र पढे अनुसार विस्तारपूर्वक अरूलाई धर्मदेशना गर्छ वल्कि सुनेको र पढे अनुसार विस्तारपूर्वक धर्म स्वाध्यायन गर्छ। जसो जसो भिक्षु स्वाध्यायन गर्छ त्यसो त्यसो ऊ त्यस धर्मको अर्थ र धर्म बोध गर्छ। अरूलाई धर्मदेशना गर्छ। सुनेको र पढे अनुसार जसो जसो भिक्षु विस्तारपूर्वक धर्मदेशना गर्छ त्यसो त्यसो ऊ त्यस धर्मको अर्थ र धर्म बोध गर्छ । अर्थ र धर्म बोध गर्नेलाई प्रामोदय उत्पन्न हुन्छ, ... सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो तेश्रो विमुक्ति-आयतन हो। (घ) आवुसो ! फेरि भिक्षुलाई न शास्ता ... धर्मदेशना गर्छ न त सुनेको र पढे अनुसार विस्तारपूर्वक अरूलाई धर्मदेशना गर्छ न त सुनेको र पढे अनुसार विस्तारपूर्वक धर्म स्वाध्ययन गर्छ वल्कि सुनेको र पढे अनुसार धर्मलाई चित्तले अनुविर्तकना गर्छ, अनुविचार गर्छ र मनले विचार

Downloaded from http://dhamma.digital/

गर्छ। आवुसो ! जसो जसो भिक्षु सुनेको र पढे अनुसार धर्मलाई चित्तले अनुवितर्कना गर्छ ... त्यसो त्यसो ऊ सत्य धर्मको अर्थ र धर्म बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोदय उत्पन्न हुन्छ, ... सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ । यो चौथो विमुक्ति-आयतन हो । (ङ) आवुसो ! फेरि भिक्षुलाई न शास्ता ... धर्मदेशना गर्छ, न त सुनेको र पढे अनुसार ... मनले विचार गर्छ वल्कि कुनै एक समाधिनिमित्तलाई राम्ररी ग्रहण गर्दछ, राम्ररी मनमा राख्छ, राम्ररी धारण गर्छ र राम्ररी प्रज्ञाद्वारा छेदन गर्छ। आवुसो ! जसो जसो भिक्षु कुनै एक समाधिनिमित्तलाई राम्ररी ग्रहण गर्दछ, ... त्यसो त्यसो ऊ त्यस धर्मको अर्थ र धर्म बोध गर्छ। अर्थ र धर्म बोध गर्नेलाई प्रामोदय उत्पन्न हुन्छ, ... सुखानुभव हुनेको चित्त समाधिष्ठ हुन्छ। यो पाँचौ विमुक्ति-आयतन हो। यी पाँच धर्महरू बुझ्नुपर्छ । (१०) कुनचाहिं पाँच धर्म साक्षात्कार गर्नुपर्छ ? पाँचवटा धर्मस्कन्धहरू– शीलस्कन्ध, समाधिस्कन्ध, प्रज्ञास्कन्ध, विमुक्तिस्कन्ध र विमुक्तिज्ञान दर्शनस्कन्ध । यी पाँच धर्मस्कन्धहरू साक्षात्कार गर्नुपर्छ।।

"तथागतले बोध गरेका यी पचासवटा धर्महरू भूत, ... अनन्यथ छन् ।"

### छ धर्म–

६– "(१) छ धर्म बहूपकारी छन्, ... (१०) छ धर्म साक्षात्कार गर्नुपर्छ ।"

Downloaded from http://dhamma.digital/

"(१) कुनचाहिं छ धर्म बहूपकारी छन् ? छ सारणीय धर्महरू– (क) आवुसो ! यहाँ सब्रह्मचारी प्रति भिक्षुको मैत्री कायकर्म उपस्थित हुन्छ । यो धर्म पनि सारणीय, प्रियंकर, गुरुकर, संग्रहको निमित्त, अविवादको निमित्त, मेलमिलापको निमित्त र एकताको निमित्त हुन्छ। (ख) आवुसो ! फेरि यहाँ ... मैत्री वाचाकर्म उपस्थित हुन्छ। यो धर्म पनि सारणीय, ... र एकताको निमित्त हुन्छ। (ग) आवुसो ! फेरि यहाँ ... मैत्री मन कर्म उपस्थित हुन्छ । यो धर्म पनि सारणीय, ... र एकताको निमित्त हुन्छ । (घ) आवुसो ! फेरि यहाँ भिक्षुको जो त्यो धार्मिक लाभ हो अन्ततः पात्रभरी मात्र लाभलाई पनि शीलवान् सब्रह्मचारीहरूसँग बाँडेर ऊ परिभोग गर्छ। यो धर्म पनि सारणीय, ... र एकताको निमित्त हुन्छ । (ङ) आवुसो ! फेरि यहाँ भिक्षुको जुन अखण्ड, अछिद्र, निर्दागी, क्रमसहित, स्वातन्त्र्य, विज्ञप्रशंसित, दृष्टिद्वारा अपरामर्शित तथा समाधिसंवर्तनिक शील हो त्यस्तो शीलद्वारा प्रकटरूपले र गुप्तरूपले सब्रह्मचारीहरूसँग समानरूपले बस्छ । यो धर्म पनि सारणीय, ... र एकताको निमित्त हुन्छ । (च) आवुसो ! फेरि यहाँ भिक्षुको जुन दृष्टि आर्य-नैर्याणिक र दुःखक्षयगामिनी हो त्यस्तो दृष्टिद्वारा प्रकटरूपले र गुप्तरूपले सब्रह्मचारीहरूसँग समानरूपले बस्छ । यो धर्म पनि सारणीय, ... र एकताको निमित्त हुन्छ। यी छ धर्महरू बहूपकारी छन् । (२) कुनचाहिं छ धर्म भाविता गर्नुपर्छ ? छ अनुस्मृति स्थानहरू– बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति र देवतानुस्मृति। यी छ धर्महरू भाविता गर्नुपर्छ। (३) कुनचाहिं छ धर्म जान्नुपर्छ ? छ अध्यातमिक आयतनहरू– चक्षु आयतन, श्रोत आयतन,

Downloaded from http://dhamma.digital/

घ्राण आयतन, जिह्वा आयतन, काय आयतन र मन आयतन। यी छ धर्महरू जान्नुपर्छ। (४) कुन चाहिं छ धर्म त्याग्नुपर्छ ? छ तृष्णा कायहरू– रूप तृष्णा, शब्द तृष्णा, गन्ध तृष्णा, रस तृष्णा, स्पर्श तृष्णा र धर्म तृष्णा। यी छ धर्महरू त्याग्नु पर्छ। (५) कुनचाहिं छ धर्म हानभागीय हुन् ? छ अगौरवहरू– आवुसो ! यहाँ भिक्षु शास्ताप्रति अगौरव राखी बस्छ, धर्मप्रति, ... संघप्रति, ... शिक्षाप्रति, ... अप्रमाद प्रति ... र कुशलवार्ता प्रति अगौरव राखी बस्छ। यी छ धर्महरू हानभागीय हुन्। (६) कुनचाहिं छ धर्म विशेषभागीय हुन् ? छ गौरवहरू– आवुसो ! यहाँ भिक्षु शास्ताप्रति गौरव राखी बस्छ, धर्म प्रति, ... संघप्रति, ... शिक्षाप्रति, ... अप्रमादप्रति .... र कुशलवार्ता प्रति गौरव राखी बस्छ। यी छ धर्महरू विशेषभागीय हुन्। (७) कुनचाहिं छ धर्म बुझ्न कठीन छ ? छ निश्शरणीय धातुहरू– (क) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– 'आवुसो ! यहाँ मैले मैत्रीचित्तविमुक्ति भावित, बहुलिकृत, यानिकृत, बस्तुकृत, अनुष्ठित, परिचित र सुसमारब्ध गरें। किन्तु मेरो चित्त ब्यापमाद चित्तद्वारा समातिएको हुन्छ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नु पर्छ। भगवानलाई झूटो आरोप नगर। भगवानलाई झूटो आरोप लगाउनु राम्रो होइन। भगवानले यस्तो भन्नु हुन्न। आवुसो ! मैत्रीचित्तविमुक्ति भाविता गरी ... ब्यापाद चित्तद्वारा समातिएको भन्ने कुरा हुनै सक्तैन। आवुसो ! मैत्रीचित्तविमुक्ति नै ब्यापादको निश्शरण (= विमुक्ति) हो। (ख) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– 'आवुसो ! यहाँ मैले करुणाचित्त-विमुक्ति भावित, ... र सुसमारब्ध गरें। किन्तु मेरो चित्त विहिंसा

Downloaded from http://dhamma.digital/

चित्तद्वारा समातिएको हुन्छ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ। भगवानलाई झूटो आरोप नगर। ... आवुसो! करुणाचित्तविमुक्ति नै विहिंसाको निश्शरण हो। (ग) आवुसो! यहाँ भिक्षु यस्तो भन्दछ– 'आवुसो! यहाँ मैले मुदिताचित्तविमुक्ति भावित, ... र सुसमारब्ध गरें। किन्तु मेरो चित्त अरतिद्वारा समातिएको हुन्छ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ। भगवानलाई झूटो आरोप नगर। ... आवुसो! मुदिताचत्तविमुक्ति नै अरतिको निश्शरण हो। (घ) आवुसो! यहाँ भिक्षु यस्तो भन्दछ– 'आवुसो! यहाँ मैले उपेक्षाचित्तविमुक्ति भावित,...र सुसमारब्ध गरें। किन्तु मेरो चित्त रागद्वारा समातिएको हुन्छ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ। भगवानलाई झूटो आरोप नगर। ... आवुसो! उपेक्षाचित्तविमुक्ति नै रागको निश्शरण हो। (ङ) आवुसो! यहाँ भिक्षु यस्तो भन्दछ– 'आवुसो! यहाँ मैले अनिमित्ताचित्तविमुक्ति भावित,...र सुसमारब्ध गरें। किन्तु निमित्तानुसारी विज्ञान मात्र हुन्छ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ। भगवानलाई झूटो आरोप नगर। ... आवुसो! अनिमित्तचित्तविमुक्ति नै सबै निमित्तहरूको निश्शरण हो। (च) आवुसो! यहाँ भिक्षु यस्तो भन्दछ– 'अस्मी (= म हुँ) भन्ने भाव मबाट हटेको छ, यो महुँ (अयमहस्मी) भन्ने म देख्दिन। किन्तु मेरो चित्त विचिकित्सा र के कसो गर्ने भन्ने शल्यचित्तद्वारा समातिएको हुन्छ।' यस्तो भन्ने उसलाई 'यस्तो नभन यस्तो नभन' भनी भन्नुपर्छ। भगवानलाई झूटो आरोप नगर। ... आवुसो! अस्सीमान नहुनु नै

Downloaded from http://dhamma.digital/

विचिकित्सा र के कसो गर्ने भन्ने शल्यचित्तको निश्शरण हो । यी छ धर्महरू बुझ्न कठीन छ । (८) कुनचाहि छ धर्म उत्पादन गर्नुपर्छ ? छ सतत विहारहरू– (क) आवुसो ! यहाँ भिक्षु चक्षुले रूपदेखी न सुमन हुन्छ न दुर्मन हुन्छ । वल्कि स्मृतिसम्प्रजन्य भई उपेक्षी भई बस्छ । (ख) श्रोतले शब्द सुनी... (ग) घ्राणले गन्ध सुँघी... (घ) जिह्वाले रस चाखी... (ङ) कायले स्पर्श गरी... र (च) मनले धर्म जानी न सुमन हुन्छ र दुर्मन हुन्छ । बल्कि स्मृतिसम्प्रजन्य भई उपेक्षी भई बस्छ । यी छ धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहि छ धर्म बुझ्नुपर्छ ? छ अनुत्तरियहरू– (क) दर्शनअनुत्तरिय, (ख) श्रवण अनुत्तरिय, (ग) लाभ अनुत्तरिय, (घ) शिक्षा अनुत्तरिय, (ङ) परिचर्या अनुत्तरिय र (च) अनुस्मृति अनुत्तरिय । यी छ धर्महरू बुझ्नुपर्छ । (१०) कुनचाहि छ धर्म साक्षात्कार गर्नुपर्छ ? छ अभिज्ञाहरू– (क) आवुसो ! यहाँ भिक्षु अनेक प्रकारका ऋद्धिविध जान्दछ...[1] ब्रह्मलोक सम्मलाई पनि आफ्नो कायद्वारा वशमा राख्छ । (ख) अलौकिक विशुद्ध दिव्यश्रोतद्वारा देवताहरूको पनि मनुष्यहरूको पनि टाढाको पनि नगिचको पनि– दुवै शब्दहरू सुन्दछ । (ग) पर प्राणी र पर पुरषको चित्तलाई आफ्नो चित्तद्वारा बोध गर्छ– सराग चित्तलाई सराग चित्त भनी...[2] अविमुक्त चित्तलाई अविमुक्त चित्त भनी बोध गर्छ ।

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४५८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४५९-६० मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

(घ) उसले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। जस्तै– एक जनमको कुरा...[१] अनेक प्रकारका पूर्वजनमका कुराहरू अनुस्मरण गर्छ। (ङ) अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा नीचता र उच्चतामा च्युत हुने र उत्पन्न हुने प्राणीहरूलाई देख्छ...[२]। (च) आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयं यसै जीवनमा बुझी साक्षात्कार गरी उपशान्त भई बस्छ। यी छ धर्महरू साक्षात्कार गर्नुपर्छ।

"तथागतले बोध गरेका यी साठी धर्महरू भूत,... र अनन्यथ छन्।"

## सात धर्म–

७– "(१) सात धर्म बहूपकारी छन्, ... (१०) सात धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं सात धर्म बहूपकारी छन्? सात आर्यधर्महरू– श्रद्धा, धन, शील धन, ह्री धन, ओत्तप्प धन (= पाप देखेर डराउने), श्रुत धन, त्याग धन र प्रज्ञा धन। यी सात धर्महरू बहूपकारी छन्।

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४६०-६१ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४६२ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

Downloaded from http://dhamma.digital/

(२) कुनचाहिं सात धर्म भाविता गर्नुपर्छ ? सात बोध्यङ्गहरू– स्मृति सम्बोध्यङ्ग, धर्मविचय सम्बोध्यङ्ग, वीर्य सम्बोध्यङ्ग, प्रीति सम्बोध्यङ्ग, प्रशब्धि सम्बोध्यङ्ग, समाधि सम्बोध्यङ्ग र उपेक्षा सम्बोध्यङ्ग । यी सात धर्महरू भाविता गर्नुपर्छ । (३) कुनचाहिं सात धर्म जान्नुपर्छ ? सात विज्ञानस्थितिहरू– (क) नाना काय र नाना संज्ञा हुने प्राणीहरू छन् । जस्तै– मनुष्यहरू कुनै कुनै देवता र कुनै कुनै विनिपातीहरू । ...[१] । यी सात धर्महरू जान्नुपर्छ । (४) कुनचाहिं सात धर्म त्याग्नुपर्छ ? सात अनुशयहरू– कामराग अनुशय, प्रतिघराग अनुशय, दृष्टि अनुशय, विचिकित्सा अनुशय, मान अनुशय, भवराग अनुशय र अविदया अनुशय । यी सात धर्महरू त्याग्नुपर्छ । (५) कुनचाहि सात धर्म हानभागीय हुन् ? सात अश्रद्धाहरू– आवुसो ! यहाँ भिक्षु अश्रद्धालु हुन्छ, अलज्जी हुन्छ, अनोत्तप्पी हुन्छ, अल्पश्रुत हुन्छ, अल्छी हुन्छ, स्मृतिवान् हुन्न र दुष्प्रज्ञ हुन्छ । यी सात धर्महरू हानभागीय हुन् । (६) कुनचाहिं सात धर्म विशेषभागीय हुन् ? सात श्रद्धाहरू– आवुसो ! यहाँ भिक्षु श्रद्धालु हुन्छ, लज्जालु हुन्छ, ओत्तप्पी हुन्छ, बहुश्रुत हुन्छ, वीर्यवान् हुन्छ, स्मृतिवान् हुन्छ र प्रज्ञावान् हुन्छ । यी सात धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं सात धर्मबोध गर्न कठीन छ ? सात सत्पुरुष धर्महरू– आवुसो ! यहाँ भिक्षु धर्मज्ञ, आत्मज्ञ, मात्रज्ञ, कालज्ञ, परिषदज्ञ र पुरुषज्ञ हुन्छ । यी सात धर्महरू बोध गर्न

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा 'सप्तविज्ञानस्थितिहरू' भन्ने उपशीर्षक १० मा उल्लेख भए झैं पढ्नू ।

Downloaded from http://dhamma.digital/

कठीन छ। (८) कुनचाहिं सात धर्म उत्पादन गर्नुपर्छ ? सात संज्ञाहरू– अनित्य संज्ञा, अनात्म संज्ञा, अशुभ संज्ञा, दुष्परिणाम संज्ञा, प्रहाण संज्ञा, वैराग संज्ञा, अशुभ संज्ञा, दुष्परिणाम संज्ञा, प्रहाण संज्ञा, वैराग संज्ञा र निरोध संज्ञा। यी सात धर्महरू उत्पादन गर्नुपर्छ। (९) कुनचाहिं सात धर्म बुझ्नुपर्छ ? सात निद्दस वस्तुहरू– (क) आवुसो ! यहाँ भिक्षु शिक्षा समादान गर्नमा तीव्र इच्छा हुने हुन्छ ...[1]। यी सात धर्महरू बुझ्नुपर्छ। (१०) कुनचाहिं सात धर्म साक्षात्कार गर्नुपर्छ ? सात क्षीणास्रव बलहरू– (क) आवुसो ! यहाँ क्षीणास्रवी भिक्षुले सबै संस्कार अनित्य हुन् भनी प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ। क्षीणास्रवी भिक्षुले जुन सबै संस्कारहरू अनित्य हुन् भनी प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ– यो पनि क्षीणास्रवी भिक्षुको बल हो जुन बलमा आएर क्षीणास्रवी भिक्षु आस्रवक्षयलाई जान्दछ कि 'मेरा आस्रवहरू क्षय भइसके।' (ख) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले कामविषयलाई 'गोलको आगो' जस्तो हो भन्ने कुरा प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ। जुन कामविषयलाई गोलको आगो जस्तो हो भन्ने कुरा प्रज्ञाद्वारा राम्ररी देखेको हुन्छ– यो पनि क्षीणास्रवी भिक्षुको बल हो। ... (ग) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुको चित्त विवेक (= निर्वाण) तिर झुकेको हुन्छ, विवेकतिर लागेको हुन्छ, विवेकताले पूर्ण भएको हुन्छ, विवेकमा स्थित हुन्छ, नैष्क्रम्यमा अभिरत हुन्छ र सबै प्रकारले आस्रवस्थानीय धर्महरूबाट अलग भएको हुन्छ। जुन क्षीणास्रवी भिक्षुको चित्त

---

१. यहाँको बाँकी अरू कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'सप्तनिद्दस वस्तुहरू' उपशीर्षकमा लेखे अनुसार पढ्नू।

Downloaded from http://dhamma.digital/

विवकेतिर झुकेको हुन्छ, ... – यो पनि क्षीणास्रवीको बल हो ... । (घ) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले चार सतिपट्ठानहरू सुभावित गरेको हुन्छ। जुन क्षीणास्रवी भिक्षुले चार सतिपट्ठानहरू सुभावित गरेको हुन्छ– यो पनि क्षीणास्रवीको बल हो ... । (ङ) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले पञ्चेन्द्रियहरूको भावित र सुभावित गरेको हुन्छ । जुन पञ्चेन्द्रियहरूको भावित र सुभावित गरेको हुन्छ– यो पनि क्षीणास्रवीको बल हो ... । (च) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले सात बोध्यङ्गहरूको भावित र सुभावित गरेको हुन्छ । जुन सात बोध्यङ्गहरूको भावित र सुभावित गरेको हुन्छ– यो पनि क्षीणास्रवीको बल हो ... । (छ) आवुसो ! फेरि यहाँ क्षीणास्रवी भिक्षुले आर्यअष्टाङ्गिक मार्गको भावित र सुभावित गरेको हुन्छ। जुन आर्यअष्टाङ्गिक मार्गको भावित र सुभावित गरेको हुन्छ– यो पनि क्षीणास्रवीको बल हो जुन बलमा आएर 'मेरो आस्रवहरू क्षय भइसके' भनी जान्दछ । यी सात धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी सत्तरी धर्महरू भूत ... अनन्यथ छन् ।"

प्रथम भाणवार समाप्त ।

## आठ धर्म–

४– "(१) आठ धर्म बहूपकारी छन्, ... (१०) आठ धर्म साक्षात्कार गर्नुपर्छ ।"

Downloaded from http://dhamma.digital/

"(१) कुनचाहिं आठ धर्म बहूपकारी छन् ? अप्राप्त आदि ब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त तथा प्राप्त भएकोलाई झन् झन् बढाउन र विपुलतापूर्वक भावना गरी परिपूर्णतामा पुग्नको निमित्त आठ हेत प्रत्ययहरू छन्। कुन आठ हेतु ? (क) आवुसो ! यहाँ भिक्षु शास्ताको वा गुरुस्थानीय सब्रह्मचारीको आश्रय लिई बस्छ। जहाँ उसको ती लज्जा, भय (हिरी ओत्तप्प), प्रेम र गौरब हुन्छ। अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त... यो पहिलो हेतु प्रत्यय हो। (ख) शास्ताको वा गुरुस्थानीय सब्रह्मचारीको आश्रयमा बस्नेले उनीहरूकहाँ समय समयमा गई 'भन्ते ! यो कसो हो ? यसको के अर्थ हो ?' भनी सोध्छ। उसलाई ती आयुष्मान्हरूले अप्रकटलाई प्रकट गर्छन् र अस्पष्टलाई प्रष्ट पारि-दिन्छन्। अनेक प्रकारका शंकास्पद स्थानहरूमा शंका निवारण गरिदिन्छन्। अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त... यो दोश्रो हेतु प्रत्यय हो। (ग) त्यो धर्म सुनेर काय शान्तिको निमित्त र चित्त शान्तिको निमित्त प्रतिपादन गर्छ। अप्राप्त आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त... यो पहिलो हेतु प्रत्यय हो। (घ) आवुसो ! फेरि भिक्षु शीलवान् प्रातिमोक्ष संयमी भई बस्छ। आचार गोचर सम्पन्न र अणुमात्र दोषमा पनि भयदर्शी भई शिक्षापद समादान गरी बस्छ। अप्राप्ति आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त ... यो चौथो हेतु प्रत्यय हो। (ङ) आवुसो ! फेरि भिक्षु बहुश्रुत र श्रुतसंचयी हुन्छ ... र राम्ररी बुझेको पनि हुन्छ। अप्राप्ति आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त... यो पाँचौ हेतु प्रत्यय हो। (च) आवुसो ! फेरि भिक्षु वीर्यवान् हुन्छ

Downloaded from http://dhamma.digital/

अकुशल धर्महरूलाई दूर गर्नको निमित्त र कुशल धर्महरूको प्राप्तिको निमित्त बलबान् पराक्रमी र कुशल धर्महरूको निमित्त उत्साह नछाड्ने हुन्छ। अप्राप्ति आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त... यो छैटौं हेतु प्रत्यय हो। (छ) आवुसो ! फेरि भिक्षु स्मृतिवान् हुन्छ परम स्मृति प्रज्ञाले युक्त हुन्छ। धेरै अघि गरेको र बोलेकोलाई अनुस्मरण गर्न सक्छ। अप्राप्ति आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त... यो सातौं हेतु प्रत्यय हो। (ज) आवुसो ! फेरि भिक्षु पाँच उपादानस्कन्धलाई उदय-व्ययको दृष्टिले हेर्ने हुन्छ– 'यो रूप हो, यो रूपको समुदय हो, यो रूपको निरोध हो; यो वेदना हो, यो वेदनाको समुदय हो, यो वेदनाको निरोध हो; यो संज्ञा हो, ... यो संस्कार हो, ... यो विज्ञान हो, यो विज्ञानको समुदय हो, यो विज्ञानको निरोध हो।' अप्राप्ति आदिब्रह्मचर्य प्रज्ञा प्राप्तिको निमित्त... यो आठौं हेतु प्रत्यय हो। यी आठ धर्महरू बहूपकारी छन्। (२) कुनचाहिं आठ धर्म भाविता गर्नुपर्छ ? आर्यअष्टाङ्गिक मार्ग। जस्तै– सम्यक्दृष्टि ... सम्यक्समाधि। यी आठ धर्महरू भाविता गर्नुपर्छ। (३) कुनचाहिं आठ धर्महरू जान्नुपर्छ ? आठ लोक धर्महरू– लाभ र अलाभ, यश र अयश, निन्दा र प्रशंसा, सुख र दुःख। यी आठ धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं आठ धर्म त्याग्नु पर्छ ? आठ मिथ्यात्वहरू– मिथ्यादृष्टि, ... मिथ्या समाधि। यी आठ धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं आठ धर्म हानभागीय हुन् ? आठ आलस्य वस्तुहरू– आवुसो ! यहाँ भिक्षुको गर्नुपर्ने काम हुन्छ। उसलाई यस्तो लाग्छ– ...[१]। यी आठ धर्महरू हानभागीय हुन्।

---

१. यहाँका बाँकी सबै कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'आठ आलस्यवस्तुहरू' भन्ने उपशीर्षकमा लेखे जस्तै पढ्नू।

Downloaded from http://dhamma.digital/

(६) कुनचाहिं आठ धर्म विशेषभागीय हुन् ? आठ आरम्भ वस्तुहरू– आवुसो ! यहाँ भिक्षुलाई काम गर्नुपर्ने हुन्छ । उसलाई यस्तो लाग्छ– ...[१] । यी आठ धर्महरू विशेषभागीय हुन् । (७) कुनचाहिं आठ धर्म बुझ्न कठीन छ ? ब्रह्मचर्यवास गर्नको निमित्त आठ अक्षण समयहरू– आवुसो ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएको हुन्छ । ...[२] । यी आठ धर्महरू बुझ्न कठीन छ । (८) कुनचाहिं आठ धर्म उत्पादन गर्नु पर्छ ? आठ महापुरुष वितर्कहरू– (क) यो धर्म अल्पेच्छीको निमित्त हो र यो धर्म महेच्छीको निमित्त होइन; (ख) यो धर्म सन्तुष्ट हुनेको निमित्त हो र यो धर्म असन्तुष्ट हुनेको निमित्त होइन; (ग) यो धर्म एकान्तप्रेमीको निमित्त हो र यो धर्म मानिस जम्मा गरी बस्नेको निमित्त होइन; (घ) यो धर्म वीर्यवान्को निमित्त हो र यो धर्म अल्छी हुनेको निमित्त होइन; (ङ) यो धर्म स्मृतिवान्को निमित्त हो र यो धर्म स्मृतिहीन हुनेको निमित्त होइन; (च) यो धर्म समाहित हुनेको निमित्त हो र यो धर्म असमाहित हुनेको निमित्त होइन; (छ) यो धर्म प्रज्ञावान्कोनिमित्त हो र यो धर्म मूर्खकोनिमित्त होइन; (ज) यो धर्म निष्प्रपञ्चीको निमित्त हो र यो धर्म प्रपञ्चीको निमित्त

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'आठ आरम्भवस्तुहरू' भन्ने उपशीर्षकमा लेखे जस्तै पढ्नू ।

२. यहाँका बाँकी कुराहरू 'असुर योनिमा उत्पन्न भएको हुन्छ' भन्ने एक बाहेक अरू सबै अगाडि संगीति सूत्रमा उल्लेख भएको 'ब्रह्मचर्यवास गर्नको निमित्त नौवटा अक्षण' भन्ने उपशीर्षकमा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

होइन। यी आठ धर्महरू उत्पादन गर्नु पर्छ। (९) कुनचाहिं आठ धर्म बुझ्नुपर्छ ? आठ अभिआयतनहरू (अभिभ्वायतनहरू)– ...[१]। यी आठ धर्महरू बुझ्नुपर्छ। (१०) कुनचाहिं आठ धर्म साक्षात्कार गर्नुपर्छ ? आठ विमोक्षहरू– ... [२]। यी आठ धर्महरू साक्षात्कार गर्नुपर्छ।"

"तथागतले बोध गरेका यी असी धर्महरू भूत, ... अनन्यथ छन्।"

**नौ धर्म–**

९– "(१) नौवटा धर्म बहूपकारी छन्, ... (१०) नौ वटा धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं नौवटा धर्म बहूपकारी छन् ? योनिसो मनस्कार[१] मूल भएका नौवटा धर्महरू– योनिसो (= यथावतो) मनस्कार गर्दा प्रामोदय हुन्छ, प्रमुदित हुनेको प्रीति हुन्छ, प्रीति हुनेको काय प्रशब्ध हुन्छ, प्रशब्ध काय हुनेको सुखवेदना हुन्छ, सुख हुनेको चित्त समाधिष्ठ हुन्छ, समाहित चित्त भएपछि यथार्थत जान्दछ देख्दछ,

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'आठ अभिभायतनहरू' भन्ने उपशीर्षकमा हेर्नू।

२. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'आठ विमोक्षहरू' भन्ने उपशीर्षकमा हेर्नू।

३. बुद्धि पुऱ्याई उपायपूर्वक युक्तिपूर्वक यथार्थतः विचार गर्नुलाई 'योनिसो मनस्कार' भनिएको हो।

Downloaded from http://dhamma.digital/

यथार्थत जान्दा देख्दा निर्वेद (= उदासीन) हुन्छ, निर्वेद भएपछि विरक्तिन्छ र विरक्तताबाट विमुक्त हुन्छ। यी नौवटा धर्महरू बहूपकारी छन्। (२) कुनचाहिं नौवटा धर्म भाविता गर्नुपर्छ ? नौवटा पारिशुद्धि प्रधानीय अङ्गहरू– शीलविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, चित्तविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, दृष्टिविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, कङ्खावितरणविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, मार्गामार्गज्ञानदर्शन पारिशुद्धि प्रधानीय अङ्ग, प्रतिपदाज्ञानदर्शन विशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, ज्ञानदर्शनविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग, प्रज्ञाविशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग र विमुक्ति विशुद्धि पारिशुद्धि प्रधानीय अङ्ग। यी नौवटा धर्महरू भाविता गर्नुपर्छ। (३) कुनचाहिं नौवटा धर्म जान्नुपर्छ ? नौवटा सत्वावासहरू– आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जसको नानाकाय र नानासंज्ञा हुन्छ। ... [१]। यी नौवटा धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं नौवटा धर्म त्याग्नुपर्छ ? नौवटा तृष्णामूलक धर्महरू– तृष्णाको कारणले खोजी, खोजीको कारणले लाभ, लाभको कारणले विनिश्चय, विनिश्चयको कारणले छन्दराग, छन्दरागको कारणले अध्यवसान, अध्यवसानको कारणले परिग्रह, परिग्रहको कारणले मात्सर्य, मात्सर्यको कारणले आरक्षा र आरक्षाको कारणले दण्डादान-शस्त्रादान-कलहविग्रहविवाद– तँ तँ म म भन्ने पिशुन, मृषावाद र अनेक पापक अकुशल धर्महरू हुन्छन्। यी नौवटा धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'नवसत्वावासहरू' भन्ने उपशीर्षकमा हेर्नू।

Downloaded from http://dhamma.digital/

नौवटा धर्म हानभागीय हुन् ? नौवटा आघात वस्तुहरू– 'मेरो अनर्थ गऱ्यो' भनी आघात राख्छ ... [१]। यी नौवटा धर्महरू हानभागीय हुन्। (६) कुनचाहिं नौवटा धर्म विशेषभागीय हुन् ? नौवटा आघात विनयन वस्तुहरू– ... [२]। यी नौवटा धर्महरू विशेषभागीय हुन्। (७) कुनचाहिं नौवटा धर्म बुझ्न कठीन छ ? नौवटा नानात्वहरू– धातुनानात्वको कारणले स्पर्श नानात्व उत्पन्न हुन्छ, स्पर्श नानात्वको कारणले वेदना नानात्व उत्पन्न हुन्छ, वेदना नानात्वको कारणले संज्ञा नानात्व उत्पन्न हुन्छ, संज्ञा नानात्वको कारणले संकल्प नानात्व उत्पन्न हुन्छ, संकल्प नानात्वको कारणले छन्द नानात्व उत्पन्न हुन्छ, छन्द नानात्वको कारणले परिदाह नानात्व उत्पन्न हुन्छ, परिदाह नानात्वको कारणले पर्येषण नानात्व उत्पन्न हुन्छ र पर्येषण नानात्वको कारणले लाभ नानात्व उत्पन्न हुन्छ। यी नौवटा धर्महरू बुझ्न कठीन छ। (८) कुनचाहिं नौवटा धर्म उत्पादन गर्नुपर्छ ? नौवटा संज्ञाहरू– अशुभसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूलसंज्ञा, सबै लोकमा अनभिरतसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दु:खसंज्ञा, दु:खमा अनात्मसंज्ञा, प्रहाणसंज्ञा र विरागसंज्ञा। यी नौवटा धर्महरू उत्पादन गर्नुपर्छ। (९) कुनचाहिं नौवटा धर्म

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'नौवटा आघातवस्तुहरू' भन्ने उपशीर्षकमा हेर्नू।

२. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'नौवटा आघात प्रतिविनयनहरू' भन्ने उपशीर्षकमा हेर्नू।

Downloaded from http://dhamma.digital/

बुझ्नुपर्छ ? नौवटा अनुपूर्वविहार– ... [१]। यी नौवटा धर्महरू बुझ्नु पर्छ। (१०) कुनचाहिं नौवटा धर्म साक्षात्कार गर्नुपर्छ ? नौवटा अनुपूर्व-निरोधहरू– ... [२]। यी नौवटा धर्महरू साक्षात्कार गर्नु पर्छ।"

"तथागतले बोध गरेका यी नब्बे धर्महरू भूत, ... अनन्यथ छन्।"

**दश धर्म–**

१०– "(१) दश धर्म बहूपकारी छन्, ....... (१०) दश धर्म साक्षात्कार गर्नुपर्छ।"

"(१) कुनचाहिं दश धर्म बहूपकारी छन् ? दश नाथकरण धर्महरू– ... [३]। यी दश धर्महरू बहूपकारी छन्। (२) कुनचाहिं दश धर्म भाविता गर्नुपर्छ ? दश कसिणहरू– ... [४]। यी दश धर्महरू

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'नौअनुपूर्वविहार' भन्ने उपशीर्षकमा हेर्नू।

२. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'नौ अनुपूर्व निरोधहरू' भन्ने उपशीर्षकमा हेर्नू।

३. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'दश नाथकरण धर्महरू' भन्ने उपशीर्षकमा हेर्नू।

४. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'दश कसिणायतनहरू' भन्ने उपशीर्षकमा हेर्नू।

Downloaded from http://dhamma.digital/

भाविता गर्नुपर्छ। (३) कुनचाहिं दश धर्म जान्नुपर्छ ? दश आयतनहरू– चक्षु आयतन, रूप आयतन, श्रोत आयतन, शब्द आयतन, घ्राण आयतन, गन्ध आयतन, जिह्वा आयतन, रस आयतन, काय आयतन र स्पर्श आयतन। यी दश धर्महरू जान्नुपर्छ। (४) कुनचाहिं दश धर्म त्याग्नु-पर्छ ? दश मिथ्यात्वहरू– मिथ्यादृष्टि, ...[1]। मिथ्यासमाधि, मिथ्याज्ञान र मिथ्याविमुक्ति। यी दश धर्महरू त्याग्नुपर्छ। (५) कुनचाहिं दश धर्म हानभागीय हुन् ? दश अकुशलकर्मपथहरू– ...[2] (६) कुनचाहिं दश धर्म विशेषभागीय हुन् ? दश कुशल कर्मपथहरू– ...[3]। यी दश धर्महरू विशेषभागीय हुन्। (७) कुनचाहिं दश धर्महरू बुझ्न कठीन छ ? दश आर्यवासहरू...[4]। यी दश धर्महरू बुझ्न कठीन छ। (८) कुनचाहिं दश धर्म उत्पादन गर्नुपर्छ ? दश संज्ञाहरू– अशुभसंज्ञा, मरणसंज्ञा, आहारमाप्रति-

---

१. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएका 'आठ मिथ्यापनहरूलाई' जोडेर पढ्नू।

२. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'अकुशल कर्मपथहरू' भन्ने उपशीर्षकमा हेर्नू।

३. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'दश कुशल कर्मपथहरू' भन्ने उपशीर्षकमा हेर्नू।

४. यहाँका बाँकी कुराहरू अगाडि संगीति सूत्रमा उल्लेख भएको 'दश आर्यवासहरू' भन्ने उपशीर्षकमा हेर्नू।

Downloaded from http://dhamma.digital/

कूलसंज्ञा, सबै लोकहरूमा अनभिरतिसंज्ञा, अनित्यसंज्ञा, अनित्यमा दु:खसंज्ञा, दु:खमा अनात्मताकोसंज्ञा, प्रहाणसंज्ञा, विरागसंज्ञा र निरोध-संज्ञा । यी दश धर्महरू उत्पादन गर्नुपर्छ । (९) कुनचाहिं दश धर्म बुझ्नुपर्छ ? (अभिञ्ञेय्या) । दशवटा निर्जर वस्तुहरू– (क) सम्यक्‌दृष्टि हुनेको मिथ्यादृष्टि जीर्ण हुन्छ र मिथ्यादृष्टिको कारणले जुन अनेक पापक धर्महरू सम्भव हुन्छन् ती पनि जीर्ण हुन्छन्, (ख) सम्यक्‌संकल्प हुनेको मिथ्यासंकल्प जीर्ण हुन्छ र..., (ग) सम्यक्‌वाचा हुनेको मिथ्यावाचा जीर्ण हुन्छ र..., (घ) सम्यक्‌कर्मान्त हुनेको मिथ्याकमन्ति जीर्ण हुन्छ र..., (ङ) सम्यक्‌आजीव हुनेको मिथ्या आजीव जीर्ण हुन्छ र..., (च) सम्यक्‌ब्यायाम हुनेको मिथ्या ब्यायाम जीर्ण हुन्छ र..., (छ) सम्यक्‌स्मृति हुनेको मिथ्यास्मृति जीर्ण हुन्छ र..., (ज) सम्यक् समाधि हुनेको मिथ्या समाधि जीर्ण हुन्छ र..., (झ) सम्यक्‌ज्ञान हुनेको मिथ्याज्ञान जीर्ण हुन्छ र..., (ञ) सम्यक् विमुक्ति हुनेको मिथ्या विमुक्ति जीर्ण हुन्छ र मिथ्या विमुक्तिको कारणले जुन अनेक पापक धर्महरू सम्भव हुन्छन् ती पनि जीर्ण हुन्छन् । यी दश धर्महरू बुझ्नुपर्छ । (१०) कुनचाहिं दश धर्म साक्षात्कार गर्नुपर्छ ? दश अशैक्ष धर्महरू– अशैक्ष सम्यक्‌दृष्टि, अशैक्ष सम्यक्‌संकल्प, अशैक्ष सम्यक्‌वाचा, अशैक्ष सम्यक्‌कमन्ति, अशैक्ष सम्यक्‌आजीव, अशैक्ष सम्यक्‌वायाम, अशैक्ष सम्यक्‌स्मृति, अशैक्ष सम्यक्‌समाधि, अशैक्ष सम्यक्‌ज्ञान र अशैक्ष सम्यक्‌विमुक्ति । यी दश धर्महरू साक्षात्कार गर्नुपर्छ ।"

"तथागतले बोध गरेका यी दश धर्महरू भूत, तथ्य, तथ, अवितथ र अनन्यथ छन् ।"

Downloaded from http://dhamma.digital/

आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो। सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७८।२३ पश्चिम जनपदमा जान चाहने भिक्षुहरु

यस्तो मैले सुनें[1] ।

एक समय भगवान शाक्यदेशस्थित देवदह भन्ने शाक्यहरूको निगममा बस्नु भएको थियो । अनि पश्चिम जनपदमा जान चाहने धेरै भिक्षुहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवानलाई यस्तो बिन्ति गरे—

"भन्ते ! हामीहरू पश्चिम जनपदमा जान चाहन्छौं । हामीहरू पश्चिम जनपदमा बस्न चाहन्छौं ।"

"भिक्षुहो ! तिमीहरूले सारिपुत्र**सँग** भेटचौ ?"

"भन्ते ! हामीहरूले आयुष्मान् सारिपुत्रसँग भेटेका छैनौ ।"

"भिक्षुहो ! सारिपुत्रसँग भेट । भिक्षुहो ! **सारिपुत्र पण्डित छन्** सब्रह्मचारी भिक्षुहरूको संग्रहकर्ता हुन् ।"

१. सं. नि. II. पृ. २४५ : देवदहसुत्तं, अ. क. II. पृ. १८६.

Downloaded from http://dhamma.digital/

"हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए।

त्यसबखत आयुष्मान् सारिपुत्र भगवानको अविदूरमा एक छाप्रोमा[1] बसिरहनु भएको थियो।

अनि ती भिक्षुहरू भगवानको कुरालाई अनुमोदन गरी आसनबाट उठी भगवानलाई अभिवादन तथा प्रदक्षिणा गरी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई यस्तो निवेदन गरे—

"आवुसो सारिपुत्र ! हामीहरू पश्चिम जनपदमा जान चाहन्छौं। हामीहरू पश्चिम जनपदमा बस्न चाहन्छौं। हामीहरूले भगवानसँग भेटिसक्यौं।"

## विदेशमा अनेक प्रश्नहरू सोध्छन्

"आवुसो ! विदेशको विभिन्न राज्यमा जाँदा भिक्षुहरूसँग

---

१. यो छाप्रो (मण्डप) पानी भएको एक स्थानमा थियो। सं. नि. अ. क. II. पृ. १८७.

Downloaded from http://dhamma.digital/

**क्षत्री-पण्डितहरुले**[1] पनि ब्राह्मण-पण्डितहरूले[2] पनि गृहपति-पण्डितहरूले[3] पनि श्रमण-पण्डितहरूले[4] पनि प्रश्नहरू सोध्छन् । आवुसो ! यस्ता प्रश्नहरू सोध्ने पण्डित-मनुष्यहरू पनि हुन्छन्—

"आयुष्मान्हरूका शास्ता के वादी तथा के बताउने हुनुहुन्छ ? के आयुष्मान्हरूले राम्ररी धर्महरू सुन्नु भएको छ ? राम्ररी ग्रहण गर्नु भएको छ ? राम्ररी मनमा धारण गर्नु भएको छ ? राम्ररी प्रज्ञाद्वारा प्रतिवेध गर्नु भएको छ ? जस्तो बताउँदा आयुष्मान्हरू

---

१. बिम्बिसार तथा प्रसेनजित कोशल राजाहरू जस्ता क्षत्री-पण्डितहरू । सं. नि. अ. क. II. पृ. १८८ : यी राजाहरूका कुराहरू बु. रा. भा-१, पृ. १, र १४७ मा उल्लेख भएको छ ।

२. चङ्की तथा तारुक्षहरू जस्ता ब्राह्मण-पण्डितहरू । सं. नि. अ. क. II. पृ. १८८ : यी ब्राह्मणहरूका कुराहरू बु. ब्रा. भा-१, पृ. १८५ र ३१२ मा उल्लेख भएको छ ।

३. चित्रगृहपति तथा सुदत्तगृहपतिहरू जस्ता गृहपति-पण्डितहरू । सं. नि. अ. क. II. पृ. १८८ : यिनीहरूका कुराहरू बु. गृ. भा-१, पृ. २५ र १३६ मा उल्लेख भएको छ ।

४. सभियपरिव्राजक तथा पिलोतिक परिव्राजकहरू जस्ता श्रमण-पण्डितहरू । सं. नि. अ. क. पृ. १८८ : सभिय परिव्राजकको बारेमा बु. प. भा-१, पृ. ८०, १३८, र सु. नि. पृ. ३४५ मा सभियसुत्तं; पिलोतिक परिव्राजकको सम्बन्धमा अं. नि-४, पृ. ४०५ : पोतलियसुत्तं हेर्नू ।

Downloaded from http://dhamma.digital/

भगवानले बताए बमोजिम बताउने पनि हुने छन्, भगवानलाई भूटा आरोप पनि लगाएको हुने छैन, धर्मानुकूल बताएको पनि हुने छ र कुनै सहधर्मीको वादानुवादलाई निन्दा पनि हुने छैन ?"

"आवुसो ! आयुष्मान्को यस कुराको अर्थ बुझ्नको निमित्त हामीहरू **टाढा टाढाबाट** पनि आउने थियौं होला । त्यसो हुनाले आयुष्मान् सारिपुत्रले नै यस कुराको अर्थ बताइदिनुहोस् ।"

"आवुसो ! त्यसोभए सुन, राम्ररी मनमा धारण गर, भन्नेछु ।"

"हवस्, आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए । अनि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

## यस्तो सोध्दा यस्तो जवाफ दिनू

१– "आवुसो ! विभिन्न राज्यमा जाने भिक्षुहरूसँग यस्तो प्रश्न सोध्ने **क्षत्री-पण्डित**हरु, ... श्रमण-पण्डितहरू हुन्छन् । आवुसो ! यस्तो प्रश्न सोध्ने पण्डित-मानिसहरू पनि छन्– 'आयुष्मान्हरूका शास्ता के वादी तथा के बताउने हुनुहुन्छ नि' ?"

"आवुसो ! यस्तो सोध्दा तपाईहरूले यस्तो बताउनु पर्छ– 'आवुसो ! हाम्रा शास्ता **छन्दरागलाई हटाउने कुरा** बताउनु पर्छ ।'

२– "आवुसो ! यस्तो बताउँदा अज उत्तरोत्तर प्रश्न सोध्ने **क्षत्री-पण्डित**हरु, ... श्रमण-पण्डितहरू हुन्छन् । आवुसो ! यस्तो प्रश्न सोध्ने पण्डित-मानिसहरू पनि हुन्छन्– शास्ताले 'आयुष्मान्हरूका शास्ता के बाट **छन्दराग हटाउने कुरा** बताउनु हुन्छ नि' ?"

Downloaded from http://dhamma.digital/

"आवुसो ! यस्तो सोध्दा तपाईहरूले यस्तो बताउनु पर्छ– 'आवुसो ! हाम्रा शास्ताले– **रुपमा भएको छन्दरागलाई हटाउने कुरा** बताउनु हुन्छ, वेदनामा भएको, ... संज्ञामा भएको, ... संस्कारमा भएको, ... तथा विज्ञानमा भएको छन्दरागलाई हटाउने कुरा बताउनु हुन्छ' ।"

३– "आवुसो ! यस्तो बताउँदा अज उत्तरोत्तर प्रश्न सोध्ने **क्षत्री-पण्डितहरु**, ... श्रमण-पण्डितहरू हुन्छन् । आवुसो ! यस्तो प्रश्न सोध्ने पण्डित-मानिसहरू पनि हुन्छन्– 'आवुसो ! **के दोष देखेर शास्ताले** आयुष्मान्हरूलाई **रुपमा भएको छन्दरागलाई हटाउने कुरा** बताउनु हुन्छ नि ? के दोष देखेर ... वेदनामा भएको छन्दरागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के दोष देखेर ... संज्ञामा भएको छन्दरागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के दोष देखेर, ... संज्ञामा भएको छन्द रागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के दोष देखेर ... संस्कारमा भएको छन्दरागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के दोष देखेर ... विज्ञानमा भएको छन्दरागलाई हटाउने कुरा बताउनु हुन्छ नि' ?"

"आवुसो ! यस्तो सोध्दा तपाईहरूले यस्तो बताउनुपर्छ– 'आवुसो ! **रुपमा भएको राग नहट्नाले**, छन्द नहट्नाले, प्रेम नहट्नाले, पिपासा नहट्नाले, परिदाह नहट्नाले र तृष्णा नहट्नाले– रूप-विपरिणाम अन्यथा भाव हुँदा– उसलाई शोक, परिदेब, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुन्छ । वेदनामा भएको राग नहट्नाले, ... संज्ञामा भएको राग नहट्नाले, .... संस्कारमा भएको राग नहट्नाले, ... तथा विज्ञानमा भएको राग नहट्नाले, छन्द नहट्नाले, प्रेम नहट्नाले,

Downloaded from http://dhamma.digital/

पिपासा नहट्नाले, परिदाह नहट्नाले, तृष्णा नहट्नाले– विज्ञा-विपरिणाम अन्यथा भाव हुँदा– उसलाई शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुन्छ' ।"

"आवुसो ! यहीं दोष देखेर शास्ताले हामीलाई **रुपमा भएको छन्द-रागलाई,** ... वेदनामा भएको छन्द-रागलाई, ... संज्ञामा भएको छन्द-रागलाई, ... संस्कारमा भएको छन्द-रागलाई, ... तथा विज्ञानमा भएको छन्द-रागलाई ... हटाउने कुरा बताउनु भएको हो भनी बताउनु पर्छ।"

४– "आवुसो ! यस्तो बताउँदा अज उत्तरोत्तर प्रश्न सोध्ने **क्षत्री-पण्डितहरु,** ... श्रमण-पण्डितहरू हुन्छन् । आवुसो ! यस्तो प्रश्न सोध्ने पण्डित-मानिसहरू पनि हुन्छन्– 'आवुसो ! **के गुण देखेर** शास्ताले आयुष्मान्हरूलाई रूपमा भएको छन्दरागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के गुण देखेर ... वेदनामा भएको छन्दरागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के गुण देखेर ... संज्ञामा भएको छन्द-रागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के गुण देखेर, ... संज्ञामा भएको छन्द-रागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? के गुण देखेर ... संस्कारमा भएको छन्द-रागलाई हटाउने कुरा बताउनु हुन्छ नि ? तथा के गुण देखेर ... विज्ञानमा भएको छन्द-रागलाई हटाउने कुरा बताउनु हुन्छ नि' ?"

"आवुसो ! यस्तो सोध्दा तपाईहरूले यस्तो बताउनुपर्छ– 'आवुसो ! **रुपमा भएको राग हट्नाले**, छन्द हट्नाले, प्रेम हट्नाले, पिपासा हट्नाले, परिदाह हट्नाले र तृष्णा हट्नाले– **रुप-विपरिणाम**

Downloaded from http://dhamma.digital/

अन्यथा भाव हुँदा– उसलाई शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुँदैन। वेदनामा भएको राग हट्नाले, ... संज्ञामा भएको राग हट्नाले, .... संस्कारमा भएको राग हट्नाले, ... तथा विज्ञानमा भएको राग हट्नाले, ... तृष्णा हट्नाले– **विज्ञान-विपरिणाम** अन्यथा भाव हुँदा– उसलाई शोक, परिदेव, ... उपायास उत्पन्न हुँदैन' ।"

"आवुसो ! **यही गुण देखेर** शास्ताले हामीलाई रूपमा भएको ... वेदनामा भएको ... संज्ञामा भएको ... संस्कारमा भएको ... तथा विज्ञानमा भएको छन्द-रागलाई हटाउने कुरा बताउनु भएको हो भनी बताउनु पर्छ ।"

"(अ) आवुसो ! **यदि अकुशल धर्महरुमा संलग्न भई विहार गर्दा**– यसै जीवनमा सुख, अविधात, अनुपायास, अपरिदाह हुने भएको भए काय छाडी मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न हुनसक्ने भएको भए– अवश्य पनि भगवानले **अकुशल धर्महरुलाई छोड्ने कुरा** बताउनु हुने थिएन होला । (आ) आवुसो ! जब कि **अकुशल धर्महरुमा संलग्न भई विहार गर्दा**–यसै जीवनमा दुःख, सविघात, सउपायास, सपरिदाह हुने भएको र काय छाडी मरणपछि दुर्गतिमा पनि उत्पन्न हुनसक्ने भएकाले – भगवानले **अकुशल धर्महरुलाई छाड्ने वर्णना गर्नुभएको हो ।**"

"(अ) आवुसो ! **कुशल धर्महरुमा संलग्न भई विहार गर्दा**– यसै जीवनमा दुःख, सविधात, सउपायास, सपरिदाह हुने भएको भए काय छाडी मरणपछि दुर्गति उत्पन्न हुनसक्ने भएको भए– अवश्य

Downloaded from http://dhamma.digital/

पनि भगवानले **कुशल धर्महरुमा संलग्न भई बस्ने वर्णना गर्नुहुने** थिएन होला। (आ) आवुसो ! जब कि **कुशल धर्महरुमा संलग्न भई विहार गर्दा**– यसै जीवनमा सुख, अविघात, अनुपायास, अपरिदाह हुने भएको र काय छाडी मरणपछि सुगति स्वर्गलोकमा पनि उत्पन्न हुनसक्ने भएकाले – भगवानले **कुशल धर्महरुमा संलग्न भई विहार गर्नेको वर्णना गर्नुभएको हो ।**"

आयुष्मान् सारिपुत्रले यति भन्नुभएपछि सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई **अभिनन्दन गरे ।**

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ७९।२४ यो धर्ममा के सुख हो ?

एक समय आयुष्मान् सारिपुत्र मगध (देश) को नालक भन्ने गाउँमा बस्दै हुनुहुन्थ्यो[1] । अनि सामण्डकानि परिब्राजक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्र**सँग** सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सामण्डकानि परिव्राजकले आयुष्मान् सारि**पुत्रसँग यस्तो सोधे–**

"आवुसो ! यो बुद्धशासनमा (= बुद्ध धर्ममा) **के सुख हो र के दुःख** हो ?"

"आवुसो ! यो बुद्धशासनमा (= बुद्ध धर्ममा) **मन नलाग्नु दुःख हो र मन लाग्नु सुख हो ।** आवुसो ! मन नलाग्दा यो दुःख सम्भव हुन्छ– हिडिरहे पनि सुख शान्ति हुँदैन, उभिइरहे पनि सुख शान्ति हुँदैन, बसिरहे पनि, ... सुतिरहे पनि, ... गाउँमा गए पनि, ... अरण्यमा

---

१. अं. नि–१०, पृ. १९६ : दुतियसुखसुत्तं, यमकवग्गो ।

Downloaded from http://dhamma.digital/

गए पनि, ... रुखमनि गए पनि, ... निर्जन स्थानमा गए पनि, ... खुला ठाउँमा गए पनि, ... भिक्षुहरूको बीच बसे पनि सुख शान्ति हुँदैन। आवुसो ! मन नलाग्दा यो दुःख सम्भव हुन्छ।"

"आवुसो ! मन लाग्दा यो सुख सम्भव हुन्छ– हिडिरहे पनि सुख शान्ति हुन्छ, उभिइरहे पनि सुख शान्ति हुन्छ, बसिरहे पनि, ... सुतिरहे पनि, ... गाउँमा गए पनि, ... अरण्यमा गए पनि, ... रुखमनि गए पनि, ... निर्जन स्थानमा गए पनि, ... खुला ठाउँमा गए पनि, ... भिक्षुहरूको बीच बसे पनि सुख शान्ति हुन्छ। आवुसो ! मन लाग्दा यो सुख सम्भव हुन्छ।"

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ८०।२५ सुख दुःख भनेको के हो ?

एक समय आयुष्मान् सारिपुत्र मगध (देश) को नालक गाउँमा बस्दै हुनुहुन्थ्यो[1]। अनि सामण्डकानि परिब्राजक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका सामण्डकानि परिव्राजकले आयुष्मान् सारिपुत्रसँग यस्तो सोधे—

"आवुसो सारिपुत्र ! **सुख भनेको के हो ? दुःख भनेको के हो ?**"

"आवुसो ! जन्म हुनु दुःख हो, जन्म नहुनु सुख हो। आवुसो ! जन्म भएपछि यो दुःख सम्भव हुन्छ– जाडो, गर्मी,भोक, प्यास, दिसा, पिसाब, आगोको स्पर्श, दण्डको स्पर्श, शस्त्रको स्पर्श र ज्ञातिबन्धु मित्रहरू आएर पनि रिसाउँछन्। आवुसो ! जन्म नभएमा यो सुख सम्भव हुन्छमन लाग्दा यो सुख सम्भव हुन्छ– न जाडो,

१. अं. नि.– १०, पृ. १९५ : पठमसुखसुत्तं, यमकवग्गो।

Downloaded from http://dhamma.digital/

न गर्मी, न भोक, न प्यास, न दिसा, न पिसाब, न आगोको स्पर्श, न दण्डको स्पर्श, न शस्त्रको स्पर्श र ज्ञातिबन्धु मित्रहरू आएर पनि रिसाउँदैनन् । आवुसो ! **जन्म नभएमा यो सुख सम्भव हुन्छ ।**"

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ८११२६ सारिपुत्रको सिंहनाद

यस्तो मैलेसुनें[१] ।

एक समय भगवान नालन्दास्थित पावारिक आम्रवनमा बस्नु भएको थियो । अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भएपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवानलाई यस्तो भन्नुभयो– "भन्ते ! भगवान प्रति म यति प्रसन्न छु कि– **सम्बोधिको सम्बन्धमा भगवान जस्तै उत्तरोत्तर ज्ञान गर्ने श्रमण वा न ब्राह्मण थिए न हुनेछ न त अहिले कुनै छन् ।**"

"सारिपुत्र ! तिम्रो यो कुरा बडो नैर्भीक र उदार छ । ठोकेर नै भन्यौ । सिंहनाद गर्‍यौ ... । सारिपुत्र ! जो ती अतीत समयका अरहन्त् सम्यक्सम्बुद्धहरू थिए ती सबै भगवानहरूका यस्ता शीलहरू थिए, ती भगवानहरू यस्ता स्वभावका थिए, ती भगवानहरू यस

१. दी. नि. III. पृ. ७७ : सम्पसादनीयसुत्तं, अ. क. II. पृ. ६३३.

Downloaded from http://dhamma.digital/

किसिमले बस्नुहुन्थ्यो र ती भगवानहरू यसरी विमुक्त भएका थिए भनी के तिम्रो चित्तले वहाहरूका चित्तलाई जानेका छौ के ?"

"भन्ते ! जानेको छैन ।"

"सारिपुत्र ! के त अनागत समयमा जो ती अरहन्त सम्यक्सम्बुद्धहरू हुने छन् ... जो ती अहिले अरहन्त सम्यक्सम्बुद्ध हुनुहुन्छ उहाँको यस्तो शील छ ... यसरी विमुक्त भएका छन् भनी तिम्रा चित्तले उहाँको चित्तलाई जानेका छौ के ?"

"भन्ते ! जानेको छैन ।"

"सारिपुत्र ! अतीतानागत प्रत्युत्पन्न बुद्धहरूको बारेमा **तिमीमा चित्तपरिच्छेद ज्ञान छैन** भने कसरी यस्तो निर्भीक वाचा ठोकेर तिमीले भन्न सक्यौ त ?"

"भन्ते ! ममा अतीतानागत प्रत्युत्पन्न बुद्धहरूको सम्बन्धमा **चित्तपरिच्छेद ज्ञान चाहिं छैन ।** किन्तु मैले **धर्मन्वय**[१] को कुरा बुझेको छु । भनौंकि राजाको प्रत्यन्त नगरमा बलियो परखालले घेरिएको यौटै मात्र नगर भित्र जाने ढोका छ । त्यहाँ ढोकामा बस्ने पाले पण्डित र व्यक्त छ । उसले चिनेकालाई मात्र भित्र पस्न दिन्छ अरूलाई दिन्न । ऊ नगरको चारैतिर गई परखाल हेर्छ । कतै पनि कुनै

१. प्रत्यक्ष धर्मानुसार अनुगमन गर्ने ज्ञानलाई 'धर्मन्वय' भनिएको हो । अर्थात् अनुमान ज्ञान । दी. नि. अ. क. II. पृ. ६३९ : सम्पसादनीयसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

प्वाल वा परखाल भत्केको देख्दैन। बिरालो छिर्न सरुक्ने सरुम्मको प्वाल पनि देख्दैन । अनि उसलाई यस्तो निश्चय हुन्छ– 'जो यस नगरभित्र पस्छन् वा बाहिर निस्कस्छन् ती सबै यसै ढोकाबाट पस्छन् र बाहिर निस्कन्छन्।' भन्ते ! यस्तै गरी मैले धर्मन्वयलाई बुझेको छु। भन्ते ! जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबैले पञ्चनीवरणलाई छाडी चित्तको उपक्लेशलाई प्रज्ञाद्वारा निर्बल पारी चारसतिपट्ठानमा राम्ररी चित्त राखी तथा सप्त्बोध्यङ्गलाई यथार्थतः भाविता गरी सम्यक्सम्बुद्धत्व प्राप्त गरे। भन्ते ! जो ती अनागत समयमा अरहत् सम्यक्सम्बुद्धहरू हुने छन् ती सबैले पञ्चनीवरणहरूलाई छाडी ... तथा सप्तबोध्यङ्गलाई यथार्थतः भाविता गरी सम्यक्सम्बुद्धत्व प्राप्त गर्ने छन्। भन्ते ! भगवान् अरहत् सम्यक्सम्बुद्धले पनि अहिले पञ्चनीवरणहरू छाड्नु भई ... तथा सप्तसम्बोध्यङ्गलाई यथार्थतः भाविता गर्नुभई सम्यक्सम्बुद्धत्व प्राप्त गर्नु भएको हो[१] ।

"भन्ते ! यहाँ म भगवानकहाँ धर्मश्रवणको निमित्त जान्छु। अनि भगवानले मलाई धर्मदेशना गर्नुहुँदै कृष्णशुक्लपक्ष मिलेका दुबै पक्षका उत्तरोत्तर तथा प्रणीततर धर्मदेशना गर्नुहुन्छ । जति जति भगवानले प्रणीततर धर्मदेशना गर्नुहुन्छ उति उति म धर्म अवबोध गर्छु । अनि शास्ता प्रति 'भगवान सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवानको धर्म सु-आख्यात छ र श्रावकसङ्घ सुप्रतिपन्न छ' भनी म प्रसन्न हुन्छु।"

---

१. यी कुराहरू सं. नि. IV. पृ. १३६ : नालन्दासुत्तमा र दी. नि. पा. II. पृ. ६७ : महापरिनिब्बासुत्तंमा पनि उल्लेख भएका छन्।

Downloaded from http://dhamma.digital/

# भगवानको अनुपम धर्मदेशना

१– “भन्ते ! भगवानले अर्को पनि अनुपम **कुशल धर्मदेशना** गर्नुहुन्छ। ती कुशल धर्महरू यी हुन्– (४) चार सतिपट्ठानहरू, (४) चार सम्यक् प्रधानहरू, (४) चार ऋद्धिपादहरू, (५) पाँच इन्द्रियहरू, (५) पाँच बलहरू, (७) सात बोध्यङ्गहरू, र (८) आर्य अष्टाङ्गिक मार्ग[1]। भन्ते ! यहाँ भिक्षु आस्रव क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी विहार गर्छ। भन्ते ! कुशल धर्ममा यही अनुपम हो। भगवानले यसलाई निरवशेषरूपले जान्नु भएको छ। यसरी निरवशेषरूपले जान्ने भगवानलाई यो भन्दा उत्तरोत्तर जान्नुपर्ने अरू केही छैन। कुशल धर्मको विषयमा जे जति भगवानले जान्नु भएको छ त्यो भन्दा बढ्ता भन्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन।”

२– “भन्ते ! भगवानले अर्को पनि अनुपम **आयतनको सम्बन्धमा** अनुपम धर्मदेशना गर्नुहुन्छ। भन्ते यी छ भित्री र बाहिरी आयतनहरू हुन्– (१) चक्षु र रूपहरू, (२) श्रोत र शब्दहरू, (३) घ्राण र गन्धहरू, (४) जिह्वा र रसहरू, (५) काय र स्पर्शहरू तथा (६) मन र धर्महरू। भन्ते ! आयतनको विषयमा यही अनुपम हो। भगवानले यसलाई

---

१. यी सैतीस धर्मलाई ‘सप्तत्रिंस बोधिपक्ष धर्म’ भनी भन्दछन् र यही बुद्धधर्म हो।

Downloaded from http://dhamma.digital/

निरवशेषरूपले जान्नु भएको छ। ... त्यो भन्दा बढ्ता भन्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन।"

३– "भन्ते ! भगवानले अर्को पनि **गर्भप्रवेशको विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! यी चार गर्भप्रवेश हुन्– a. भन्ते ! यहाँ कुनै नजानिकन आमाको कोखमा प्रवेश गर्छ, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ। यो पहिलो गर्भप्रवेश हो।"

b. "भन्ते ! यहाँ कुनै जानिकन आमाको **कोखमा प्रवेश गर्छ**, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ। यो दोस्रो गर्भप्रवेश हो।"

c. "भन्ते ! यहाँ कुनै जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ। यो तेस्रो गर्भप्रवेश हो।"

d. "भन्ते ! यहाँ कुनै जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमाको कोखमा बस्छ र जानिकन आमाको कोखबाट निस्कन्छ। यो चौथो गर्भप्रवेश हो। भन्ते ! गर्भप्रवेशहरूमध्येमा यही अनुपम हो।"

४– "भन्ते ! भगवानले अर्को पनि **आदेशनाविधि**[१] (= आदेसनविधासु) **को विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ।

१. कुनै लक्षण देखेर वा जानेर अनुमान ज्ञानद्वारा 'यो यस्तो हो' भनी बताउनेलाई 'आदेसना' भनी भनिन्छ।

Downloaded from http://dhamma.digital/

भन्ते ! यी चार आदेशनाविधि हुन्– (a) भन्ते ! यहाँ कसैले कुनै निमित्त[1] (= चिन्हो, लक्षण) देखेर 'यस्तो तिम्रो मन छ त्यस्तो तिम्रो मन छ र यस्तो तिम्रो चित्त छ' भनी आदेशना (= प्रकाश) गर्छ । उसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न । यो पहिलो आदेशना (= प्रकाशन) हो । (b) भन्ते ! यहाँ कसैले कुनै निमित्त देखेर बताउँदैन किन्तु मनुष्यहरूको वा अमनुष्यहरूको[2] देवताहरूको[3]

---

१. यो 'निमित्त' को सम्बन्धमा अट्ठकथाले यस्तो उदाहरण दिएको छ । जस्तै– एक राजाले हातमा तीनवटा मोती पोकोपारी पुरोहित ब्राह्मणसँग 'ब्राह्मण ! मेरो हातमा के छ ?' भनी सोध्दा त्यसबखत सो ब्राह्मणले यता उता हेर्दा एउटा माउसुली भिंगा समात्न गयो र भिंगा उसबाट मुक्त भयो । अनि उसले 'मोती' भनी भन्यो । राजाले 'हुनदेऊ, तर कतिवटा छन् त ?' भनी फेरि सोधे । फेरि उसले यता उता चिहाएर हेर्दा नजिकमा तीनचोटी कुखुरा बासेका सुनेर 'तीनवटा' भनी भन्यो । यस प्रकारका लक्षणहरूलाई 'निमित्त' भनिन्छ भनी दी. नि. अ. क. II. पृ. ६४४: सम्पसादनीयसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. यहाँ अमनुष्य भनी यक्ष पिशाच आदिलाई भनिएको हो भनी दी. नि. अ. क. पृ. ६४४ : सम्पसादनीयसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३. देवता भनी चातुर्महाराजिक देवताहरूलाई भनिएको हो भनी दी. नि. अ. क. II. पृ. ६४४ : सम्पसादनीयसुत्तवण्णनालेउल्ले ख गरेको छ ।

Downloaded from http://dhamma.digital/

शब्द सुनेर 'यस्तो तिम्रो मन छ त्यस्तो तिम्रो मन छ र यस्तो तिम्रो चित्त छ' भनी आदेशना गर्छ। उसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न । यो दोस्रो आदेशना हो । (c) भन्ते ! यहाँ फेरि कसैले निमित्त देखेर बताउँदैन न त मनुष्यहरूको वा अमनुष्यहरूको देवताहरूको शब्द सुनेर प्रकाश गर्छ किन्तु वितर्कना गरी विचार गरी तथा वितर्कनाको कारणले निस्केको आवाज (वितक्कविप्फारसद्दं) सुनेर 'यस्तो तिम्रो मन छ त्यस्तो तिम्रो मन छ र यस्तो तिम्रो चित्त छ' भनी आदेशना गर्छ। उसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न। यो तेस्रो आदेशना हो। (d) भन्ते ! यहाँ फेरि कसैले निमित्त देखेर प्रकाश गर्दैन न त मनुष्यहरूको वा अमनुष्यको देवताहरूको शब्द सुनेर प्रकाश गर्छ न त वितर्कना गरी न त विचार गरी न त वितर्कनाको कारणले निस्केको आवाज सुनी प्रकाश गर्छ बल्कि अवितर्क अविचार युक्त समाधि युक्त भएको चित्तले चित्तलाई परिच्छेद गरी 'यो पुरुषको चित्तसंस्कार स्थिर छ र यस चित्तपछि यस्तो वितर्कना गर्ने छ' भनी जान्दछ। उसले धेरै पनि भन्छ र त्यो त्यस्तै हुन्छ अन्यथा हुन्न। यो चौथो आदेशना हो।" आदेशना विधिहरूमध्ये यही अनुपम हो।

५– "भन्ते ! भगवानले अर्को पनि दर्शनसमापत्तिको विषयमा अनुपम धर्मदेशना गर्नुहुन्छ । भन्ते ! यी चार दर्शनसमापत्ति हुन्– (अ) भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी स्मृति राखी सम्यक् मनस्कार गरी त्यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असुचिले भरिएको देख्दछ । जस्तै– 'केश,

Downloaded from http://dhamma.digital/

रौं, नङ्, दाँत, छाला, मासु...[1] ।' यो पहिलो दर्शनसमापत्ति हो । (आ) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी...त्यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असुचिले भरिएको देख्दछ... र यसबाट उँभोलागी छाला, मासु, हाड भन्ने विचार गरी बस्छ। यो दोस्रो दर्शनसमापत्ति हो। (इ) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी...त्यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असुचिले भरिएको देख्दछ... र यसबाट उँभोलागी छाला, मासु, हाड भन्ने विचार गरी बस्छ। अनि इहलोक र परलोकमा अखण्डरूपले रहेको पुरुषको विज्ञानलाई जान्दछ। यो तेस्रो दर्शनसमापत्ति हो । (ई) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मणले वीर्य गरी...त्यस्तो समाधि प्राप्त गर्छ जसद्वारा यसै शरीरको माथिदेखि तलसम्म नाना असुचिले भरिएको देख्दछ... र यसबाट उँभोलागी छाला, मासु, हाड भन्ने विचार गरी बस्छ । अनि इहलोक र परलोकमा अखण्डरूपले नरहेको पुरुषको विज्ञानलाई जान्दछ । यो चौथो दर्शनसमापत्ति हो । भन्ते ! दर्शनसमापत्तिहरूमध्ये यही अनुपम हो ।

६– "भन्ते ! फेरि भगवानले **पुद्गल प्रज्ञप्तिको विषयमा** अनुपम धर्मदेशना गर्नु हुन्छ। भन्ते ! यी सात पुद्गलहरू (= व्यक्तिहरू) हुन्–

---

१. यहाँका बाँकी कुराहरू बु. रा. भा-१, पृ. ४३६ 'द्वात्तिसाकार' शीर्षकमा हेर्नू ।

Downloaded from http://dhamma.digital/

(१) उभतोभाग विमुक्त[१] (= दुवैतिरबाट विमुक्त), (२) प्रज्ञाविमुक्त[२], (३) कायसाक्षी[३], (४) दृष्टिप्राप्त[४], (५) श्रद्धाविमुक्त[५], (६) धर्मानुसारी[६] तथा (७) श्रद्धानुसारी[७]। भन्ते ! पुद्‌गल प्रज्ञप्तिमा यही अनुपम हो।"

७– "भन्ते ! भगवानले अर्को पनि प्रधान[८] (= वीर्य, प्रमुख कार्य) को सम्बन्धमा अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! यी सात बोध्यङ्गहरू हुन्– (१) स्मृतिसम्बोध्यङ्ग, (२) धर्मविचयसम्बोध्यङ्ग, (३) वीर्यसम्बोध्यङ्ग, (४) प्रीतिसम्बोध्यङ्ग, (५) प्रसब्धिसम्बोध्यङ्ग,, (६) समाधिसम्बोध्यङ्ग र (७) उपेक्षासम्बोध्यङ्ग। भन्ते ! प्रधानहरूमा यही अनुपम हो।"

८– "भन्ते ! भगवानले अर्को पनि **प्रतिपदाको सम्बन्धमा** अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! यी चार प्रतिपदाहरू हुन्– (१) दुःखप्रतिपदा दन्धाभिज्ञा[२], (२) दुःखाप्रतिपदा क्षिप्राभिज्ञा, (३) सुखाप्रतिपदा दन्धाभिज्ञा र (४) सुखाप्रतिपदा क्षिप्राभिज्ञा। भन्ते !

---

१. यो 'उभतोभाग विमुक्त' पुरुष भनेको कस्तो हो भन्ने बारेमा म. नि. II. पृ. १६७ : कीटागिरिसुत्तंमा वर्णित भएको छ। अरूपसमापत्तिद्वारा रूपकायबाट विमुक्त भएको र मार्गद्वारा नामकायबाट विमुक्त भएको भनी दी. नि. अ. क. II. पृ. ६४६ : सम्पसादनीयसुत्तवण्णनाले र अं. अ. क. II. पृ. ६९८ ले उल्लेख गरेका छन्। लेखकको बु. प. भा-१, पृ. ३२८ को पादटिप्पणीमा, बु. गृ. भा-१, पृ. ३३५ को पादटिप्पणीमा र बु. ब्र. भा-१, पृ. २८३ को पादटिप्पणीमा पनि हेरे बेश हुनेछ।

Downloaded from http://dhamma.digital/

२. 'प्रज्ञाविमुक्त' भनेको प्रज्ञाद्वारा विमुक्त भएको भनिएको हो । यस सम्बन्धमा विस्तृत कुरा दी. नि. अ. क. II. पृ. ६४७ : सम्पसादनीयसुत्तवण्णनाले र अं. अ. क. II. पृ. ६९८ सत्तकनिपातले उल्लेख गरेका छन्। त्यस्तै म. नि. II. पृ. १६८ : कीटागिरिसुत्तमा पनि उल्लेख भएको छ । लेखकको बु. गृ. भा-१, पृ. ३३५ को पादटिप्पणीमा, र बु. प. भा-१, पृ. ३२८ को पादटिप्पणीमा तथा बु. ब्र. भा-१, पृ. २८४ को पादटिप्पणीमा पनि हेरे बेश हुनेछ ।

३. 'कायसाक्षि' भनेको कायद्वारा प्रथमध्यानादिलाई अनुभव गर्नु हो । यस सम्बन्धमा लेखकको बु. गृ. भा-१, पृ. ३३६ को पादटिप्पणीमा, दी. नि. अ. क. II. पृ. ६४७ : सम्पसादनीयसुत्तवण्णना, अं. अ. क. II. पृ. ६९८ पुग्गलसुत्तवण्णना र म. नि. II. पृ. १६८ : कीटागिरिसुत्तमा हेर्नू ।

४. 'दृष्टिप्राप्त' भनेको प्रज्ञाद्वारा देखेको, अनुभव गरेको तथा साक्षात्कार गरेकोलाई भनिएको हो । अर्को शब्दमा भन्ने हो भने संस्कारहरू दुःख हुन् र त्यसको निरोध सुख हो भनी ज्ञान हुनु हो । दी. नि. अ. क. II. पृ. ६४७ : सम्पसादनीयसुत्तवण्णना र अं. अ. क. II. पृ. ६९८ र त्यस्तै म. नि. II. पृ. १६८ : कीटागिरिसुत्तमा पनि यस सम्बन्धी विषयमा उल्लेख भएको छ ।

५. 'श्रद्धाविमुक्त' भनेको श्रद्धाप्रमुख गरी विमुक्त हुने व्यक्ति । यस सम्बन्धमा म. नि. II. पृ. १६९ : कीटागिरिसुत्त र सं. नि. II. पृ. ४३९ : चक्खुसुत्तं आदि र ओक्कन्तसंयुत्तमा पनि उल्लेख भएका

Downloaded from http://dhamma.digital/

छन् । त्यस्तै गरी अं. अ. क. II. पृ. ६९८ : पुग्गलसुत्तवण्णना र दी. नि. अ. क. II. पृ. ६४७ : सम्पसादीयसुत्तवण्णनामा पनि उल्लेख भएका छन् ।

६. ‘धर्मानुसारी’ भनेको प्रज्ञा प्रधानताद्वारा मार्गको भावना गर्ने व्यक्ति । शब्दार्थ चाहिं ‘धर्म अनुस्मरण गर्ने’ भनिएको हो । दी. नि. अ. क. II. पृ. ६४८ : सम्पसादनीयसुत्तवण्णना, अं. अ. क. II. पृ. ६९८ : पुग्गलसुत्तव्णना तथा म. नि. II. पृ. १६९ : कीटागरिसुत्तमा पनि यसको अर्थ बताइएको पाइन्छ ।

७. ‘श्रद्धानुसारी’ भनेको श्रद्धानुसार काम गर्ने व्यक्ति । यसबाट स्रोतापत्ति मार्गमा पुऱ्याउँछ । हेर्नू म. नि. II. पृ. १७० : कीटागिरिसुत्तं, दी. नि. अ. क. II. पृ. ६४८ : सम्पसादनीयसुत्तवण्णना तथा अं. अ. क. II. पृ. ६९९ : पुग्गलसुत्तवण्णना ।

८. पालि साहित्यको भाषामा ‘प्रधान = पधान’ भनी मेहनत अथवा ध्यान गर्ने विषयलाई भनिएको हो । दी. नि. अ. क. II. पृ. ६४८ : सम्पसादनीयसुत्तवण्णना ।

९. ‘दु:खाप्रतिपदा दन्धाभिज्ञा’ भनेको कष्टपूर्वक मेहनत गरेता पनि ढीलो फल पाउने भनिएको हो । ‘दु:खाप्रतिपदा क्षिप्राभिज्ञा’ भनेको कष्टपूर्वक मेहनत गरेर चाँडै फल पाउने भनिएको हो । ‘सुखाप्रतिपदा दन्धाभिज्ञा’ भनेको सरलतापूर्वक मेहनत गरी ढीलो फल पाउने भनिएको हो । ‘सुखाप्रतिपदा क्षिप्राभिज्ञा’ भनेको सरलतापूर्वक मेहनत गरी चाँडै फल पाउने भनिएको हो ।

Downloaded from http://dhamma.digital/

यहाँ जुन प्रतिपदाद्वारा कष्ट गर्दा पनि ढीलो फल प्राप्ति हुन्छ यो प्रतिपदा दुवैतिरबाट कमसल देखिन्छ। कष्ट पनि फल प्राप्तिमा पनि ढिलाई। भन्ते ! यहाँ जुन प्रतिपदा कष्टप्रद छ तर चाँडै फल प्राप्ति हुन्छ। भन्ते ! यो प्रतिपदा कष्ट भएकोले कमसल छ। भन्ते ! जुन प्रतिपदा सरल छ तर फल प्राप्तिमा ढिलाइ हुने हुनाले कमसल छ। भन्ते ! यहाँ जुन प्रतिपदा सरल तथा चाँडै फल प्राप्ति हुन्छ। भन्ते ! यो प्रतिपदा दुवैतिरबाट प्रणीत देखिन्छ। सरल र चाँडै फल प्राप्तिमा पनि शीघ्रता। भन्ते ! प्रतिपदाहरूमा यही अनुपम हो।

९– "भन्ते ! भगवानले अर्को पनि **भस्ससमाचारको विष**( अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! यहाँ कोही मृषावादयुक्त कुरा गर्दैन, न त भेदभिन्न गर्ने चुक्ली नै बोल्छ, न त जित्ने विचारले जे पायो त्यो बोल्छ, बल्कि बुद्धिले विचार गरी हृदयग्राही वाचा बोल्छ त्यो पनि समय विचार गरी। भन्ते ! भस्ससमाचारमध्ये यही. अनुपम हो।"

१०– "भन्ते ! भगवानले अर्को पनि **पुरूषशील समाचारको विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! यहाँ कोही सत्यवादी र श्रद्धासम्पन्न हुन्छ। न त कुहक (= आफूमा नभएको गुण देखाउने) हुन्छ, न त बकवाद गर्ने हुन्छ, न त नैमित्तिक हुन्छ, न त छली हुन्छ र न त लाभले लाभ खोज्ने हुन्छ। इन्द्रिय संयमी हुन्छ, भोजन मात्राज्ञ हुन्छ, समचरित्र[1] हुन्छ, जागृतमा मन लगाउने हुन्छ, निरालसी

---

१. कायवाक्चित्त एक समान हुन्छ भनिएको हो।

Downloaded from http://dhamma.digital/

हुन्छ, वीर्यवान् हुन्छ, ध्यानी हुन्छ, स्मृतिमान् हुन्छ, कल्याणभाषी हुन्छ, गतिमान् हुन्छ, धारणशक्ति हुने हुन्छ, प्रज्ञावान हुन्छ, काम विषयमा लोभी हुन्न र स्मृति तथा ज्ञानवान् हुन्छ। भन्ते ! पुरुष-शीलसदाचारहरूमा यही अनुपम हो ।"

११– "भन्ते ! भगवानले अर्को पनि **अनुशासनविधिको विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! यी चार अनुशासनविधि हुन्– (१) भन्ते ! भगवान स्वयं ज्ञानपूर्वक मनले विचार गरी अर्को पुरुषलाई जान्नुहुन्छ– 'यो पुरुष मैले बताए अनुसार आचरण गरी तीनै संयोजनहरूलाई क्षय गरी स्रोतापन्न भई अविनिपाती भई निश्चिन्त बोधिपरायण हुने छ।' (२) भन्ते ! भगवान स्वयं ज्ञानपूर्वक मनले विचार गरी अर्को पुरुषलाई जान्नुहुन्छ– 'यो पुरुष मैले बताए अनुसार आचरण गरी तीनै संयोजनहरूलाई क्षय गरी राग, द्वेष मोहलाई दुर्बल पारी सकृदागामी हुनेछ जो एकैबार मात्र यस लोकमा आई दुःखको अन्त गर्ने हुने छ।' (३) भन्ते ! भगवान स्वयं ज्ञानपूर्वक मनले विचार गरी अर्को पुरुषलाई जान्नुहुन्छ– 'यो पुरुष मैले बताए अनुसार आचरण गरी पाँचै अधोभागीय (ओरम्भागीय) संयोजनहरूलाई क्षय गरी औपपातिक हुनेछ र त्यस लोकबाट यहाँ नआउने भई उहीं परिनिर्वाण हुने हुनेछ।' (४) भन्ते ! भगवान स्वयं ज्ञानपूर्वक मनले विचार गरी अरू पुरुषलाई जान्नुहुन्छ– 'यो पुरुष मैले बताएको अनुसार आचरण गरी आस्रवहरूलाई क्षय गरी अनास्रवी भई चित्तविमुक्त र प्रज्ञाविमुक्त भई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी विहार गर्नेछ।' भन्ते ! अनुशासनमध्ये यही अनुपम हो ।"

Downloaded from http://dhamma.digital/

१२– "भन्ते ! भगवानले अर्को पनि **परपुद्गलविमुक्ति ज्ञानको विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ । भन्ते ! भगवान स्वयं ज्ञानद्वारा विचार गरी अरू पुद्गललाई जान्नुहुन्छ– 'यो पुरुष तीनै संयोजनहरूलाई क्षय गरी स्रोतापन्न भई अविनिपाती भई निश्चिन्त बोधिपरायण हुनेछ...सकृदागामी हुनेछ...अनागामी हुनेछ...तथा अनास्रवी भई बस्ने छ ।' भन्ते ! परपुद्गल विमुक्तिज्ञानमध्ये यही अनुपम हो ।"

१३– "भन्ते ! भगवानले अर्को पनि **शाश्वतवादको विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ । भन्ते ! यी तीन शाश्वतवाद हुन्– (१) भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी...त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधिचित्तमा समाधिष्ठ हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छ । जस्तै– 'एक जन्मको कुरा पनि...लाख जन्मको कुरा पनि। फलाना ठाउँमा थिएँ...यति आयु थियो। सो त्यहाँबाट च्युत भई फलाना ठाउँमा जन्म्यो...र यति आयु थियो। सो त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो।' यसरी आकार सहित उद्देश्य सहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। अनि ऊ यस्तो भन्छ– 'अतीतको कुरा पनि म जान्दछु। संवर्त (= प्रलय) को कुरा पनि विवर्त (= प्रादुर्भाव) को कुरा पनि म जान्दछु। अनागतको कुरा पनि म जान्दछु । प्रलय हुनेछ श्रृष्टि (= प्रादुर्भाव) हुनेछ । यो आत्मा र लोक वन्ध्य कूटस्थ (= अचल) निश्चल छ। प्राणीहरू (नाना योनिमा) दगुर्छन्, गमनागमन गर्छन्, च्युत हुन्छन्, उत्पन्न हुन्छन् र अस्तित्व सदा स्थिर रहन्छ।' यो पहिलो शाश्वतवाद हो।

Downloaded from http://dhamma.digital/

(२) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी...त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधिचित्तमा समाधिष्ठ हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। जस्तै– 'एक संवर्त र विवृत्त...दश संवर्त र विवृत्तका कुराहरू संस्मरण गर्छ...फलाना ठाउँमा थिएँ...सो त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो ।' यसरी आकार सहित उद्देश्य सहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। अनि ऊ यस्तो भन्छ– 'अतीतको कुरा पनि म जान्दछु... ।' भन्ते ! यो दोस्रो शाश्वतवाद हो । (३) भन्ते ! फेरि यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी...त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधिचित्तमा समाधिष्ठ हुँदा अनेक प्रकार का पूर्वजन्मका कुराहरू संस्मरण गर्छ । जस्तै– 'दश संवर्त र विवृत्त...चालीस संवर्त र विवृत्तका कुराहरू संस्मरण गर्छ...फलाना ठाउँमा थिएँ...सो त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो ।' यसरी आकार सहित उद्देश्य सहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। अनि ऊ यस्तो भन्छ– 'अतीतका कुराहरू पनि म जान्दछु...यो आत्मा र लोक वन्ध्य कूटस्थ निश्चल छ । प्राणीहरू (नाना योनिमा) दगुर्छन्, गमनागमन गर्छन्, च्युत हुन्छन्, उत्पन्न हुन्छन् र अस्तित्व सदा स्थिर र हन्छ ।' भन्ते ! यो तेस्रो शाश्वतवाद हो । भन्ते ! शाश्वतवादहरूको यही अनुपम हो ।"

१४– "भन्ते ! भगवानले अर्को पनि **पूर्वेनिवासानुस्मृतिज्ञान विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ । भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी...त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधि-चित्तमा समाधिष्ठ हुँदा अनेक प्रकारका पूर्वजन्मका कुराहरू संस्मरण

Downloaded from http://dhamma.digital/

गर्छ । जस्तै– 'एक जन्मको कुरा...सो त्यहाँबाट च्युत भई...यहाँ उत्पन्न भयो ।' यसरी आकार सहित उद्देश्य सहित अनेक प्रकारले पूर्वजन्मका कुराहरू संस्मरण गर्छ। यहाँ देवताहरू छन् जसको आयु यति छ भनी गिन्ति गर्न सकिन्न। परन्तु जुन रूपयोनिमा, अरूपयोनिमा, संज्ञी योनिमा, असंज्ञी योनिमा अथवा नैवसंज्ञानासंज्ञा योनिमा अघि बसेर आएको छ त्यसको अनेक प्रकारले पूर्वजन्मका कुरा आकार सहित उद्देश्य सहित संस्मरण गर्छ। भन्ते ! पूर्वेनिवासानुस्मृतिज्ञानमध्ये यही अनुपम हो।"

१५– "भन्ते ! भगवानले अर्को पनि **प्राणीहरु च्युत र उत्पन्न हुने ज्ञानको विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी...त्यस्तो समाधि अनुभव गर्छ जस्तो समाधि चित्तमा समाधिष्ठ हुँदा अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा कर्मानुसार हीन प्रणीत, सुवर्ण दुवर्ण, सुगति दुर्गतिमा च्युत र उत्पन्न भएका प्राणीहरूलाई देख्छ । 'यी प्राणीहरू काय दुश्चरित्रले युक्त भई वची दुश्चरित्रले युक्त भई मनः दुश्चरित्रले युक्त भई आर्यहरूको अपवाद गरी मिथ्यादृष्टिक भई मिथ्यादृष्टिमा नियुक्त गर्ने भई शरीर छाडी मृत्युपछि अपाय दुर्गतिमा उत्पन्न भए भनी देख्छ। यी प्राणीहरू काय सुचरित्रले युक्त भई वची सुचरित्रले युक्त भई मनः सुचरित्रले युक्त भई आर्यहरूको अपवाद नगर्ने भई सम्यक्दृष्टिक सम्यक्दृष्टिमा नियुक्त गर्ने भई शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए' भनी देख्छ। यसरी अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा च्युत र उत्पन्न भएका प्राणीहरू-

Downloaded from http://dhamma.digital/

लाई जान्दछ। भन्ते ! प्राणीहरूको च्युति र उत्पत्तिज्ञानमध्येमा यही अनुपम हो।"

१६– "भन्ते ! भगवानले अर्को पनि **ऋद्धिको विषयमा** अनुपम धर्मदेशना गर्नु भएको छ। भन्ते ! ऋद्धिविध दुइवटा छन्– (a) भन्ते ! जुन ऋद्धि आस्रव सहित र दोषयुक्त छ त्यसलाई अनार्य-ऋद्धि भनिन्छ। (b) भन्ते ! जुन ऋद्धि आस्रव रहित तथा दोषमुक्त छ त्यसलाई आर्य-ऋद्धि भनिन्छ।"

"भन्ते ! **आस्रव सहित र दोषयुक्त अनार्य-ऋद्धि भनेको कस्तो हो ?** भन्ते ! यहाँ कुनै श्रवण वा ब्राह्मण आतप्त गरी त्यस्तो समाधि प्राप्त गर्छ जस्तो समाधि प्राप्त गर्दा उसले अनेक प्रकारका ऋद्धिहरू प्राप्त गर्छ। एक भएर धेरै हुन्छ धेरै भएर एक हुन्छ...[1]। भन्ते ! यही आस्रव सहित र दोषयुक्त अनार्य-ऋद्धि हो।"

"भन्ते ! **आस्रव रहित र दोषयुक्त आर्य-ऋद्धि भनेको कस्तो हो ?** भन्ते ! यहाँ भिक्षु 'प्रतिकूलमा अप्रतिकूल संज्ञी भई बस्छु' भनी इच्छा गरेमा त्यस्तो गरी बस्न सक्छ। यदि 'अप्रतिकूलमा प्रतिकूल संज्ञी भई बस्छु' भनी इच्छा गरेमा त्यस्तो गरी बस्न सक्छ। यदि प्रतिकूलमा पनि अप्रतिकूलमा पनि– यी दुवैलाई– ख्याल नगरी स्मृतिपूर्वक उपेक्षा गरी बस्छु' भनी इच्छा गरेमा त्यस्तै गरी बस्न सक्छ। भन्ते ! यही ऋद्धिलाई निर्दोषपूर्ण आर्य-ऋद्धि भनिन्छ।"

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्र. भा-१, पृ. ४८२ मा उल्लेख भए जस्तै पढ्नू।

Downloaded from http://dhamma.digital/

"भन्ते ! **ऋद्धिविधहरुमा** यही अनुपम हो । त्यसलाई भगवानले निरवशेषरूपले जान्नुहुन्छ । यसरी निरवशेषरूपले जान्नसक्ने भगवानले योभन्दा उत्तरोत्तर जान्नुपर्ने अरू केही छैन । ऋद्धिविधको विषयमा जे जति भगवानले जान्नुभएको छ त्योभन्दा बढता जान्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन ।"

## शास्ताको अनुमोदन

"भन्ते ! जो त्यो श्रद्धावान् वीर्यवान् कुलपुत्रले आफ्नो पुरुषार्थद्वारा प्राप्त गर्नु पर्ने हो त्यो भगवानले प्राप्त गर्नु भएको छ । भन्ते ! भगवान कामविषयमा प्रलिप्त हुनुहुन्न न त भगवान आत्मपीडाको निमित्त संलग्न हुनुहुन्छ । भगवान यसै जीवनमा चारै ध्यानको सुलाभी हुनुहुन्छ ।"

"भन्ते ! यदि मसँग 'आवुसो सारिपुत्र ! अतीत समयमा भगवानभन्दा धेरै जान्ने कुनै श्रमण वा ब्राह्मण थियो के ?' भनी सोधेमा 'थिएन' भनी भन्नेछु । 'आवुसो सारिपुत्र ! अनागतमा भगवानभन्दा धेरै जान्ने कुनै श्रमण वा ब्राह्मण हुनेछ के ?' भनी सोधेमा 'हुने छैन' भनी भन्नेछु । 'आवुसो सारिपुत्र ! वर्तमान समयमा भगवानभन्दा धेरै जान्ने कुनै श्रमण वा ब्राह्मण हुनेछ के ?' भनी सोधेमा 'छैन' भनी भन्छु ।"

"भन्ते ! यदि मसँग 'आवुसो सारिपुत्र ! के त अतीत समयमा कुनै श्रमण वा ब्राह्मण सम्बोधिको विषयमा बुद्ध समान थिए के ?'

Downloaded from http://dhamma.digital/

भनी सोधेमा 'थिए[१]' भनी भन्नेछु। 'आवुसो सारिपुत्र ! के त अनागत समयमा कुनै श्रमण वा ब्राह्मण सम्बोधिको विषयमा बुद्ध समान हुने छन् के ?' भनी सोधेमा 'हुने छन्' भनी भन्नेछु। 'आवुसो सारिपुत्र ! वर्तमान समयमा कुनै श्रमण वा ब्राह्मण सम्बोधिको विषयमा बुद्ध समान छ के ?' भनी सोधेमा 'छैन' भनी भन्छु।"

"भन्ते ! यदि मसँग आयुष्मान् सारिपुत्रले किन कसैलाई जान्ने र कसैलाई नजान्ने भनी भन्दछन् ?' भनी सोधेमा यस्तो भन्नेछु– 'आवुसो ! भगवानले अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू सम्बोधिको विषयमा म समान थिए भनी भन्नुभएको कुरा मैले उहाँसँग सुनेको छु र ग्रहण पनि गरेको छु। आवुसो भगवानले अनागत समयमा हुने अरहन्त सम्यक्सम्बुद्धहरू पनि सम्बोधिको विषयमा म समान हुने छन् भनी भन्नु भएको कुरा मैले उहाँबाट सुनेको छु र ग्रहण पनि गरेको छु। आवुसो ! भगवानले एकै लोकधातुमा न अगाडि न पछाडि गरी एकै समयमा दुइजना अरहन्त सम्यक्सम्बुद्धहरू हुन्छन् भन्ने कारण छैन; यस्तो हुन सक्दैन भनी भन्नुभएको कुरा मैले उहाँबाट सुनेको छु र ग्रहण पनि गरेको छु' ।"

"भन्ते ! यस्तो सोध्दा यस्तो जवाफ दिंदा के भगवानले भन्नुभए जस्तै भनेको हुनेछ कि छैन ? के यसबाट मैले भगवानलाई झूटो आरोप लगाएको हुन्छ ?"

---

१. राहुल सांकृत्यायनद्वारा अनुदित हिन्दी दीघनिकायमा 'थिएन' भनी उल्लेख भएको छ, पृ. २५१.

Downloaded from http://dhamma.digital/

"सारिपुत्र ! ठीक छ, यस्तो सोध्दा यस्तो जवाफ दिंदा तिमीले मैले भनेको जस्तै भनेको हुनेछ। मलाई भूटो आरोप लगाएको पनि हुने छैन।"

यस्तो भन्नुहुँदा आयुष्मान् उदायीले[1] भगवानलाई यस्तो भने– "आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते ! कस्तो तथागतको अल्पेच्छता सन्तुष्टिता तथा सल्लेखता ! जहाँ कि तथागत यस्तो महर्द्धिक यस्तो महानुभाव भएर पनि आफूलाई प्रकट गर्नु हुन्न। यदि अन्यतीर्थीय परिव्राजकहरूले यी मध्येमा कुनै एक कारण आफूमा पाएको भए उनीहरूले भण्डा फहराउँथे। अहो आश्चर्य ! अहो अद्भुत ! तथागतको अल्पेच्छता सन्तुष्टिता तथा सल्लेखता ! !"

अनि भगवानले आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो– "सारिपुत्र ! त्यसैले तिमीले यो धर्मदेशना भिक्षु भिक्षुणी उपासक तथा उपसिकाहरूलाई बार बार भाषण गर। सारिपुत्र ! जो मोघपुरुषहरूको

---

१. पालि साहित्यमा लालुदायी, कालुदायी र महाउदायी भन्ने तीनजना भिक्षुहरू छन्। यीमध्ये यहाँ महाउदायी भनिएको हो। यी उदायी धर्मदेशनाको सुरुदेखि त्यहाँ थिए। दी. नि. अ. क. II. पृ. ६५८ : सम्पसादनीयसुत्तवण्णना। यिनीहरू बाहेक अर्का पनि उदायी भिक्षु थिए भन्ने कुरा मज्झिमनिकायको बहुवेदनीय सूत्रद्वारा थाहा हुन्छ। पालि साहित्यमा कति उदायी नाम हुने छन् भन्ने बारेमा लेखकको बु. प. भा-१, पृ. ४१६ मा हेर्नू।

Downloaded from http://dhamma.digital/

मनमा तथागत प्रति शंका र विमति हुनेछ यो धर्मदेशना सुनेपछि उनीहरूको शंका र विमति दूर हुने छ।"

यसरी आयुष्मान् सारिपुत्रले भगवानको सन्मुख सम्प्रसाद (= श्रद्धा, प्रसन्नता) प्रकट गर्नुभयो। त्यसैले यो धर्मदेशनाको नाउँ नै 'सम्प्रसादनीय' (= सम्पसादनीय) रहन गएको हो।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ८२।२७ सारिपुत्रको सिंहनाद

एक समय नालन्दाको पावारिक आम्रवनमा भगवान बस्नु भएको थियो[१] । अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले भगवानलाई यस्तो भन्नुभयो—

"भन्ते ! भगवानमाथि म यति प्रसन्न छु कि– सम्बोधिको सम्बन्धमा भगवानभन्दा उत्तरोत्तर ज्ञान हुने कुनै श्रमण वा ब्राह्मण न थियो, न हुनेछ र न त अहिले छ भन्ने विश्वास गर्छु ।"

"सारिपुत्र ! तिमीले बडो ठूलो निर्भीक कुरा भन्यौ र ठोकेर

---

१. सं. नि. IV. पृ. १३६ : नालन्दासुत्तं, सतिपट्ठानसंयुत्त; अ. क. III. पृ. १६९ यस्तै सिंहनादको दी. नि. II. पृ. ६६ : सारिपुत्त सीहनादो भन्ने शीर्षक अन्तर्गत महापरिनिब्बानसुत्तंमा र दी. नि. III. पृ. ७७ : सम्पसादनीयसुत्तंको शुरुमा पनि छ ।

Downloaded from http://dhamma.digital/

सिंहनाद गऱ्यौ– 'भन्ते ! भगवानमाथि म यति प्रसन्न छु कि– सम्बोधिको सम्बन्धमा भगवानभन्दा उत्तरोत्तर ज्ञान हुने कुनै श्रमण वा ब्राह्मण न थियो, न हुनेछ र न त अहिले छ भन्ने विश्वास गर्छु ।"

"सारिपुत्र ! के तिमीले जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबै भगवानहरूलाई तिम्रो चित्तले (= ज्ञानले) थाहा पाएको छ कि– उहाँ भगवानहरू यस्ता शील हुने हुनुहुन्थ्यो अथवा उहाँ भगवानहरू यस्ता धर्म (= समाधि) हुने हुनुहुन्थ्यो अथवा उहाँ भगवानहरू यस्ता प्रज्ञा हुने हुनुहुन्थ्यो अथवा उहाँ भगवानहरू यसरी बस्ने (= निरोध समापत्तिमा बस्ने) हुनुहुन्थ्यो अथवा उहाँ भगवानहरू यसरी विमुक्त हुने हुनुहुन्थ्यो ?"

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! के त तिमीले जो ती भविष्यमा हुने अरहन्त सम्यक्सम्बुद्धहरू हुन् ती सबै भगवानलाई तिम्रो चित्तले थाहा पाएको छ कि– उहाँ भगवानहरू यस्ता शील हुने हुनेछन् अथवा उहाँ भगवानहरू यस्ता धर्म (= समाधि) हुने हुनेछन् अथवा उहाँ भगवानहरू यस्ता प्रज्ञा हुने हुनेछन् अथवा उहाँ भगवानहरू यसरी बस्नु (= निरोधसमापत्तिमा बस्ने) हुने हुनेछन् अथवा उहाँ भगवानहरू यसरी विमुक्त हुने हुनेछन् ?"

"भन्ते ! थाहा पाएको छैन ।"

"सारिपुत्र ! के तिमीले अहिलेका अरहन्त सम्यक्सम्बुद्धलाई तिम्रो चित्तले थाहा पाएको छ कि– उहाँ भगवान यस्तो शील हुने

Downloaded from http://dhamma.digital/

हुनुहुन्छ अथवा उहाँ भगवान यस्तो धर्म (= समाधि) हुने हुनुहुन्छ अथवा यस्तो प्रज्ञा हुने हुनुहुन्छ अथवा उहाँ भगवान यसरी बस्नुहुने (= निरोध समापत्तिमा बस्ने) हुनुहुन्छ अथवा उहाँ भगवान यसरी विमुक्त हुने हुनुहुन्छ ?"

"भन्ते ! थाहापाएको छैन ।"

"सारिपुत्र ! भूत, भविष्य तथा वर्तमानका अरहन्त सम्यक्-सम्बुद्धहरूलाई तिम्रो चित्तले थाहापाउन सकेको छैन भने सारिपुत्र ! कसरी तिमीले 'भन्ते ! भगवानमाथि म यति प्रसन्न छु कि– सम्बोधिको सम्बन्धमा भगवानभन्दा उत्तरोत्तर ज्ञान हुने कुनै श्रमण वा ब्राह्मण न थियो, न हुनेछ, न अहिले छ भन्ने विश्वास गर्छु' भनी यस्तो ठूलो निर्भीक कुरा भनेको र ठोकेर सिंहनाद गरेको त ?"

"भन्ते ! भूत, भविष्य तथा वर्तमानका अरहन्त सम्यक्सम्बुद्धहरूलाई जान्ने चेतोपरिय ज्ञान (= अर्काको चित्तलाई जान्ने ज्ञान) ममा छैन । किन्तु धर्मन्वयद्वारा (धर्मानुसार विचार गरेर) थाहा पाएको हुँ । भन्ते ! जस्तै– राजाको नगरमा बलियो परखाल र तोरण भएको एउटा ढोका हुन्छ । त्यस ढोकामा बस्ने पाले पण्डित, व्यक्त र बुद्धिमानि हुन्छ । चिनेकालाई मात्र भित्र पठाउँछ न चिनेकालाई पठाउँदैन । अनि ऊ नगरको चारैतिरको बाटोमा गई हेर्दा कतै पनि परखाल फुटेको वा भत्केको देख्दैन । कहींबाट बिरालो पस्ने प्वालसम्म पनि देख्दैन । अनि उसलाई दृढ विश्वास हुन्छ कि– कुनै स्थूल प्राणी नगरमा पस्दा वा बाहिर निस्कँदा सबै यसै ढोकाबाट आवत जावत

Downloaded from http://dhamma.digital/

गर्नुपर्छ । भन्ते ! यस्तै गरी मैले धर्मन्वयद्वारा जानें कि– भन्ते ! जो ती अतीत समयका अरहन्त सम्यक्सम्बुद्धहरू थिए ती सबै भगवानहरूले– पञ्चनीवरणलाई हटाई चित्तको उपक्लेशलाई प्रज्ञाद्वारा निर्बल पारी चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थत सप्तबोध्यङ्गलाई अभ्यास गरी– अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नु भएको थियो । भन्ते ! जो ती अरहन्त सम्यक्सम्बुद्धहरू अनागत समयमा हुनेछन् ती सबै भगवानहरूले पनि पञ्चनीवरणलाई हटाई ... चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थत सप्तबोध्यङ्गलाई अभ्यास गरी– अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नु हुनेछ । भन्ते ! जो ती अरहन्त सम्यक्सम्बुद्धहरू हुनु भएका भगवानले पनि अहिले– पञ्चनीवरणलाई हटाई ... चार सतिपट्ठानमा सुप्रतिष्ठित भई यथार्थत सप्तबोध्यङ्गलाई अभ्यास गरी– अनुत्तर सम्यक्सम्बोधिलाई अवबोध गर्नु भएको छ ।”

“साधु !! सारिपुत्र ! साधु सारिपुत्र ! अब तिमीले यो धर्मपर्यायलाई भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू तथा उपासिकाहरूलाई बारम्बार भन्ने गर । सारिपुत्र ! जो मोघपुरुषलाई तथागतप्रति शंका वा सन्देह हुनेछ– यही धर्मपर्याय सुनेर उनीहरूको तथागतप्रति शंका वा सन्देह दूर हुनेछ ।”

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ८३।२८ मेलमिलाप गरी पढ्नु पर्ने धर्महरु

### सारिपुत्र स्थविरको धर्मोपदेश

यस्तो मैले सुनें[1] ।

एक समय भगवान पाँचशय महान् भिक्षुसङ्घका साथ मल्लमा चारिका गर्नु हुँदै मल्लहरूको 'पावा' नगर हो त्यहाँ पुग्नुभयो र चुन्द कर्मारपुत्रको आम्रवनमा बस्नुभयो ।

त्यसबखत पावावासी मल्लहरूको 'उब्भतक' भन्ने नयाँ संस्थागार[2] भरखरै तयार भएको थियो र जसमा कुनै श्रमण वा ब्राह्मण अथवा कुनै मनुष्यले बास गरेका थिएन । अनि पावावासी मल्लहरूले "पाँचशय महान् भिक्षुसङ्घका साथ भगवान पावामा आइपुग्नु भई चुन्द कर्मारपुत्रको आम्रवनमा बसिरहनु भएको छ" भन्ने खबर

१. दी. नि. III. पृ. १६६: सङ्गीतिसुत्तं, अ. क. II. पृ. ७०८.

२. नगरको बीचमा बनाइराखेको आवास गृह अथवा सभागृह । दी. नि. II. पृ. ७०८ : सङ्गीतिसुत्तंवण्णना ।

Downloaded from http://dhamma.digital/

सुने । अनि पावावासी मल्लहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गई भगवानलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पावावासी मल्लहरूले भगवानसँग यस्तो बिन्ति गरे– "भन्ते ! पावावासी मल्लहरूको नयाँ संस्थागार तयार भएको छ । कुनै श्रमण वा ब्राह्मण अथवा कुनै मनुष्यले त्यसको परिभोग गरेको छैन । भगवानले पहिलो पटक परिभोग गर्नुभए बेश हुने थियो । भगवानले परिभोग गरिसकेपछि पावावासी मल्हरूले परिभोग गर्नेछन् । यसबाट पावावासी मल्लहरूको निमित्त दीर्घकालिक हितसुख हुनेछ ।" भगवानले मौनद्वारा स्वीकार गर्नुभयो ।

भगवानले स्वीकार गर्नुभएको कुरा बुझी पावावासी मल्लहरू आसनबाट उठी भगवानलाई अभिवादन तथा प्रदक्षिणा गरी जहाँ संस्थागार हो त्यहाँ गए । त्यहाँ पुगेपछि संस्थागारमा आसनहरू बिच्छ्याई भगवानको लागि पनि आसन बिच्छ्याई पानीको घडा राखी तेलको बत्ती राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गई भगवानलाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका उनीहरूले भगवानसँग यस्तो बिन्ति गरे– "भन्ते ! संस्थागारमा आसनहरू बिच्छ्याइसके । भगवानको लागि पनि आसन बिच्छ्याइ सकिएको छ । पानीको घडा र तेलको बत्ती पनि राखिसकेको छ । अब भगवानले जस्तो उचित सम्झनु हुन्छ ।"

अनि चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भगवान भिक्षुसङ्घका साथ संस्थागारमा जानुभयो । अनि पाउ धोई संस्थागारभित्र जानु भई

Downloaded from http://dhamma.digital/

बीचको स्तम्भमा आड लिई पूर्वाभिमुख गरी उहाँ बस्नुभयो। भिक्षुसङ्घ पनि पाउ धोई संस्थागारभित्र पसी पश्चीमको भित्तामा अडेस लिई पूर्वाभिमुख गरी भगवानलाई अगाडि पारी बसे। पावावासी मल्लहरू पनि खुट्टा धोई संस्थागार भित्र गई पूर्वतिरको भित्तामा अडेस लिई पश्चिमाभिमुख गरी भगवानलाई अगाडि पारी बसे। अनि भगवानले पावावासी मल्लहरूलाई रातको धेरै बेरसम्म धार्मिक कथाद्वारा सन्दर्शित समादपित समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई– "वासेट्ठ हो ! रात बितिसक्यो। अब तिमीहरू समय जान" भनी उनीहरूलाई बिदा दिनुभयो।

"हवस्, भन्ते !" भनी भगवानलाई प्रत्युत्तर दिई पावावासी मल्लहरू आसनबाट उठी भगवानलाई अभिवादन तथा प्रदक्षिणा गरी गए।

अनि पावावासी मल्लहरू गएको केही छिन पछि चुप लागेर बसिरहेका भिक्षुहरूलाई हेरेर भगवानले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो– "सारिपुत्र ! भिक्षुसङ्घ निरालसी छन्। सारिपुत्र ! भिक्षुसङ्घलाई धर्मदेशना गर। मेरो पिठ्यूँ दुख्छ। अतः म आराम गर्न चाहन्छु।" "हवस् भन्ते !" भनी आयुष्मान् सारिपुत्रले भगवानलाई प्रत्युत्तर दिनुभयो। अनि भगवान चार दोबरी सङ्घाटि पटचाई दाहिनेतिरबाट सिंहशय्या गरी खुट्टामाथि खुट्टा राखी स्मृति थातमा राखी उठ्ने संज्ञा मनमा लिई लेट्नुभयो।

Downloaded from http://dhamma.digital/

# निगण्ठहरूका बीच फूट

त्यस समय पावामा भरखरै मात्र निगण्ठ-नाटपुत्रको देहान्त भएको थियो। उनको देहान्त पछि निगण्ठहरूका बीच फूट भएर वचनतीरले प्रहार गर्दै बस्दथे– "तिमी यो धर्मविनय जान्दैनौ ... [1] यदि सक्छौ भने मेरो कुराको जवाफ देऊ।" निगण्ठ-नाटपुत्रका शिष्यहरूका बीच परस्पर बध नै भइरहेको जस्तो लाग्थ्यो। ...

अनि आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो– "आवुसो ! निगण्ठ-नाटपुत्रको हालै मात्र पावामा देहान्त भयो। उनको देहान्तपछि निगण्ठहरूको बीच ... भत्केको स्तूप जस्तै फूट भयो।

## सबै मिलेर पढ्नुपर्छ

"आवुसो ! दुराख्यात, दुष्प्रवेदित, अनैर्याणिक, अन्-उपशम-संवर्तनिक तथा असम्यक्सम्बुद्ध प्रवेदित धर्मविनयमा यस्तै हुन्छ। आवुसो ! हाम्रो भगवानको यो धर्म सु-आख्यात, सुप्रवेदित, नैर्याणिक, उपशम-संवर्तनिक तथा सम्यक्सम्बुद्ध प्रवेदित छ। त्यसैले सबै मिलेर त्यसलाई पढ्नुपर्छ (सङ्गायितब्बं) विवाद गर्नु हुन्न। जस्तो गर्दा यो ब्रह्मचर्य (= धर्म) दीर्घकालसम्म चिरस्थायी हुन्छ त्यस्तो गर्नुपर्छ। जसले गर्दा बहुजनको हित, बहुजनको सुख, लोकानुकम्पा तथा देवमनुष्य-

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. २९९ मा हेर्नू।

Downloaded from http://dhamma.digital/

हरूको पनि हित सुख हुनेछ। आवुसो ! भगवानको त्यो सु-आख्यात ... धर्म कस्तो हो त जसद्वारा देवमनुष्यहरूको पनि हित सुख हुनछ ?"

## एउटा धर्म–

"आवुसो ! जान्नुभएका देख्नुभएका उहाँ भगवान अरहन्त सम्यक्सम्बुद्धले राम्ररी बताउनु भएको एउटा धर्म छ । त्यहाँ सबै मिलजुल भएर पढ्नुपर्छ विवाद गर्नु हुन्न। जस्तो गर्दा ब्रह्मचर्य (= धर्म) दीर्घकालिक चिरस्थायी हुन्छ त्यस्तो गर्नुपर्छ । जसद्वारा बहुजन हित, बहुजन सुख, लोकानुकम्पा तथा देवमनुष्यहरूको पनि हित सुख हुनेछ। **कुन एउटा धर्म हो ?**

"(१) सबै सत्वहरू आहारद्वारा[1] रहन्छन्; (२) सबै सत्वहरू संस्कारद्वारा रहन्छन् ।"

"आवुसो ! ... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... बताउनु भएको एउटा धर्म यही हो ।"

## दुईवटा धर्महरु–

"आवुसो ! ... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... दुइवटा धर्महरू बताउनु भएको छ। ... **कुन दुइवटा धर्महरु हुन् ?**"

---

१. 'आहार' भन्नाले केवल एक एक गाँस गरी खाने आहारलाई मात्र भनिएको होइन । अपितु हेतु वा प्रत्ययलाई पनि आहार भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ। दी. नि. अ. क. II. पृ. ७११ : सङ्गीतिसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

"१– नाम र रूप। २– अविदया र भवतृष्णा। ३– भवदृष्टि र विभवदृष्टि। ४– अलज्जा र अनौतप्य। ५– लज्जा र औतप्य। ६– दुर्वाच्यता र पापमित्रता। ७– सुवाच्यता र कल्याणमित्रता। ८– आपत्तिकुशलता र आपत्तिवुट्ठान कुशलता। ९– समापत्ति कुशलता र समापत्तिवुट्ठान कुशलता। १०– धातु कुशलता र मनस्कार कुशलता। ११– आयनत कुशलता र प्रतित्यसमुत्पाद कुशलता। १२– स्थान कुशलता र अस्थान कुशलता। १३– ऋजुभाव र लज्जाभाव। १४– शान्ति र शीलवान्। १५– दोषरहित कुरा र कुशलवार्ता। १६– करुणा र मैत्री। १७– विस्मृति र अज्ञान। १८– स्मृति र ज्ञान। १९– इन्द्रियमा असंयमता र भोजनमा अमात्रज्ञता। २०– इन्द्रियमा संयमता र भोजनमा मात्रज्ञता। २१– प्रज्ञाबल र भावनाबल। २२– स्मृतिबल र समाधिबल। २३– समथ र विपश्यना। २४– समथनिमित्त र ग्रहणनिमित्त। २५– ग्रहण र अविक्षेप। २६– शीलविशुद्धि र दृष्टिविशुद्धि। २७– शीलसम्पदा र दृष्टिसम्पदा। २८– शीलविशुद्धि र दृष्टिविशुद्धि। २९– ज्ञानदर्शन र ज्ञानदर्शनको निमित्त वीर्य। ३०– संवेग र संवेगनीय स्थानमा संवेगी हुनको निमित्त ज्ञानपूर्वक वीर्य। ३१– असन्तुष्टिता र कुशलधर्मबाट नफर्कने वीर्य। ३२– विदया र विमुक्ति। ३३– क्लेश क्षय गर्ने ज्ञान र उत्पन्न नहुने ज्ञान।

"आवुसो! .... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... बताउनु भएका **दुईवटा धर्महरु यी नै हुन्।**"

Downloaded from http://dhamma.digital/

## तीनवटा धर्महरु–

“आवुसो ! ... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... तीनवटा धर्महरू बताउनु भएको छ। ... कुन तीनवटा धर्महरू हुन् ?”

१– “**तीन अकुशल मूलहरु**– लोभ अकुशलको मूल हो, द्वेष अकुशलको मूल हो र मोह अकुशलको मूल हो।”

२– “**तीन कुशल मूलहरु**– लोभ अकुशलको मूल हो, अद्वेष कुशलको मूल हो र अमोह कुशलको मूल हो।”

३– “**तीन दुश्चरितहरु**– काय दुश्चरित, वची दुश्चरित र मनः दुश्चरित।”

४– “**तीन सुचरितहरु**– काय सुचरित, वची सुचरित र मनः सुचरित।”

५– “**तीन अकुशल वितर्कहरु**– कामवितर्क, ब्यापादवितर्क र विहिंसावितर्क।”

६– “**तीन कुशल वितर्कहरु**– नैष्क्रम्यवितर्क, अब्यापादवितर्क र अविहिंसावितर्क।”

७– “**तीन अकुशल संकल्पहरु**– कामसंकल्प, ब्यापादसंकल्प र विहिंसासंकल्प।”

८– “**तीन कुशल संकल्पहरु**– नैष्क्रम्यसंकल्प, अब्यापादसंकल्प र अविहिंसासंकल्प।”

९– “**तीन अकुशल संज्ञाहरु**– कामसंज्ञा, ब्यापादसंज्ञा र विहिंसासंज्ञा।”

Downloaded from http://dhamma.digital/

१०– "**तीन कुशल संज्ञाहरु**– नैष्क्रम्यसंज्ञा, अब्यापादसंज्ञा र अविहिंसासंज्ञा।"

११– "**तीन अकुशल धातुहरु**– कामधातु, ब्यापादधातु र विहिंसाधातु।"

१२– "**तीन कुशल धातुहरु**– नैष्क्रम्यधातु, अब्यापादधातु र अविहिंसाधातु।"

१३– "**अर्का पनि तीन धातुहरु** (= लोक)– कामधातु, रूपधातु र अरूपधातु।"

१४– "**अर्का पनि तीन धातुहरु**– रूपधातु, अरूपधातु र निरोध धातु।"

१५– "**अर्का पनि तीन धातुहरु**– हीनधातु, मध्यमधातु र उत्तम धातु।"

१६– "**तीन तृष्णाहरु**– कामतृष्णा, भगतृष्णा र विभव तृष्णा।"

१७– "**अर्का पनि तीन तृष्णाहरु**– कामतृष्णा, रूपतृष्णा र अरूप तृष्णा।"

१८– "**अर्का पनि तीन तृष्णाहरु**– रूपतृष्णा र अरूप तृष्णा र निरोध तृष्णा।"

१९– "**तीन संयोजन** (=**बन्धन**) **हरु**– सत्कायदृष्टि, विचिकित्सा (= संदेह) र शीलब्रतपरामर्श।"

Downloaded from http://dhamma.digital/

२०– “**तीन आस्रवहरु**– कामास्रव, भवास्रव र अविद्यास्रव।”

२१– “**तीन भव** (= आवागमन) **हरु**– कामभव, रूपभव र अरूपभव।”

२२– “**तीन एषणा** (= खोज) **हरु**– कामएषणा, भवएषणा र ब्रह्मचर्यएषणा।”

२३– “**तीन मानहरु**– श्रेष्ठ छु भन्ने मान, सदृश छु भन्ने मानर हीन छु भन्ने मान।”

२४– “**तीन काल** (= समय) **हरु**– अतीत काल, अनागत काल र प्रत्युत्पन्नकाल।”

२५– “**तीन अन्तहरु**– सत्काय अन्त, सत्कायसमुदय अन्त र सत्कायनिरोध अन्त।”

२६– “**तीन वेदनाहरु**– सुखवेदना, दुःख वेदना र अदुःख असुख वेदना।”

२७– “**तीन दुःखहरु**– दुःख दुःखता, संस्कार दुःखता र विपरिणाम दुःखता।”

२८– “**तीन राशिहरु**– निश्चिन्त मिथ्यात्वको राशि, निश्चिन्त सम्यक्त्वको राशि र अनिश्चितताको राशि।”

२९– “**तीन तम** (= शंका सन्देह) **हरु**– अतीतकालको बारेमा शंकासन्देह गर्छ त्यसबाट मुक्त हुन्न, प्रसन्न हुन्न; अनागतकालको बारेमा शंकासन्देह गर्छ त्यसबाट मुक्त हुन्न, प्रसन्न हुन्न र वर्तमानकालको बारेमा शंकासन्देह गर्छ त्यसबाट मुक्त हुन्न र प्रसन्न हुन्न।”

Downloaded from http://dhamma.digital/

३०– "**तीन ठाउमा तथागतले रक्षा गर्नु पर्दै** आवुसो! तथागतको कायसमाचार परिशुद्ध छ। तथागतकोकायदुश्चरित छैन जो कि 'यो कुरा अरूले थाहा नपाउन्' भनी तथागतले रक्षा गर्नु परोस्। आवुसो! तथागतको वचीसमाचार परिशुद्ध छ। तथागतको वचीदुश्चरित छैन जो कि 'यो कुरा अरूले थाहा नपाउन्' भनी तथागतले रक्षा गर्नु परोस्। आवुसो! तथागतको मनः समाचार परिशुद्ध छ। तथागतको मनः दुश्चरित छैन जो कि 'यो कुरा अरूले थाहा नपाउन्' भनी तथागतले रक्षा गर्नु परोस्।"

३१– "**तीन प्रपञ्च** (किञ्चन) **हरु**– राग-प्रपञ्च, द्वेष-प्रपञ्च र मोह-प्रपञ्च।"

३२– "**तीन अग्निहरु**– राग-अग्नि, द्वेष-अग्नि र मोह-अग्नि।"

३३– "**अरु पनि तीन अग्निहरु**– आहुनेय्य-अग्नि, गृहपति-अग्नि र दक्षिणेय्य-अग्नि।"

३४– "**तीन प्रकारले रुप संग्रह**– सनिदर्शन प्रतिघरूप, अनिदर्शन सप्रतिघरूप र अनिदर्शन अप्रतिघरूप।"

३५– "**तीन संस्कारहरु**– पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार र आनेञ्जाभिसंस्कार।"

३६– "**तीन पुद्गल** (=**व्यक्ति**) **हरु**– शैक्षपुद्गल, अशैक्षपुद्गल र न शैक्ष न अशैक्ष पुद्गल।"

३७– "**तीन स्थविर** (=**वृद्ध**) **हरु**– जातिस्थविर, धर्मस्थविर र सम्मतिस्थविर।"

Downloaded from http://dhamma.digital/

३८– "**तीन पुण्यक्रिया वस्तुहरु**– दानमय पुण्यक्रिया वस्तु, शीलमय पुण्यक्रिया वस्तु र भावनामय पुण्यक्रिया वस्तु।

३९– "**तीन दोषारोपण (चोदना) हरु**– देखेर, सुनेर तथा शंकाले।"

४०–"**तीन काम** (= विषय वासना) उपपत्तिहरू– आवुसो ! यहाँ सत्वहरू कामविषय भएका हुन्छन् र कामविषय उत्पन्न भएपछि उनीहरू त्यसैको वशमा बस्छन्। जस्तै– **कुनै मनुष्यहरु तथा केही देवताहरु** केही विनीपातीहरू। यो पहिलो कामउत्पत्ति हो। आवुसो ! यहाँ कामविषय निर्मित गर्ने सत्वहरू पनि छन्। उनीहरू कामविषयहरू निर्मित गरी त्यसको वशमा बस्छन्। जस्तै– **निर्माणरति देवताहरु**। यो दोस्रो कामउपपत्ति हो। आवुसो ! यहाँ अर्काले निर्मित गरेको कामविषय पनि छ। उनीहरू अर्काले निर्मित कामविषयलाई वशमा पार्छन्। जस्तै– **परनिर्मित वशवर्ति देवता**। यो तेस्रो कामउपपत्ति हो।"

४१– "**तीन सुख उपपत्तिहरु**– आवुसो ! यहाँ सत्वहरू उत्पन्न गरी गरी सुखपूर्वक बस्छन्। जस्तै– **ब्रह्म कायिक देवता**। यो पहिलो सुखउत्पत्ति हो। आवुसो ! यहाँ सुखले भरिपूर्ण सत्वहरू छन्। उनीहरूले कहिले कहिले 'अहो सुख ! अहो सुख !' भनी उदान प्रकट गर्छन्। जस्तै– **आभास्वर देवता**। यो दोस्रो सुखउपपत्ति हो। आवुसो ! यहाँ सुखले परिपूर्ण सत्वहरू छन्। उनीहरू प्रणीत सुखमा

Downloaded from http://dhamma.digital/

सन्तुष्ट भई सुखानुभव गर्छन्। जस्तै– **सुभकृत्स्न देवता**। यो तेस्रो सुख उपपत्ति हो।"

४२– "**तीन प्रज्ञाहरु**– शैक्षप्रज्ञा, अशैक्षप्रज्ञा र न शैक्ष न अशैक्ष प्रज्ञा।"

४३–"**अर्का पनि तीन प्रज्ञाहरु**– चिन्तामयप्रज्ञा, श्रृतमयप्रज्ञा र भावनामभय प्रज्ञा।"

४४–"**तीन आयुधहरु**– श्रृतआयुघ, प्रविवेकआयुघ र प्रज्ञा आयुघ।"

४५– "**तीन इन्द्रियहरु**– अनज्ञातज्ञातस्यामिन्द्रिय[1] (= पहिले नजानेकोलाई जान्नेछु भन्ने इन्द्रिय), अज्ञिन्द्रिय[2] (= जानेको इन्द्रिय) र अज्ञाताविन्द्रिय[3] (= जानिसकेको इन्द्रिय)।"

४६– "**तीन चक्षुहरु**– मांसचक्षु, दिव्यचक्षु र प्रज्ञाचक्षु।"

---

१. स्रोतापत्ति मार्गज्ञानलाई 'अनज्ञातज्ञातस्यामिन्द्रिय' भनिएको हो। दी. नि. अ. क. II. पृ. ७३३ : सङ्गीतिसुत्तवण्णना।

२. स्रोतापत्तिफलज्ञानलाई 'अज्ञिन्द्रिय' भनिएको हो। दी. नि. अ. क. II. पृ. ७३३ : सङ्गीतिसुत्तवण्णना।

३. अरहत् फलज्ञानलाई 'अज्ञाताविन्द्रिय' भनिएको हो। दी. नि. अ. क. II. पृ. ७३३ : सङ्गीतिसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

४७– "**तीन शिक्षाहरु**– अधिशीलशिक्षा[१], अधिचित्तशिक्षा[२] र अधिप्रज्ञाशिक्षा[३]।"

४८– "**तीन भावनाहरु**– कायभावना, चित्तभावना र प्रज्ञा भावना।"

४९– "**तीन अनुत्तरीयहरु**– दर्शानुत्तरीय, प्रतिपदानुत्तरीय र विमुक्तानुत्तरीय।"

५०–"**तीन समाधिहरु**– सवितर्क सविचार समाधि, अवितर्क विचार मात्र समाधि र अवितर्क अविचार समाधि।"

५१–"**अर्का पनि तीन समाधिहरु**– शून्यता समाधि, अनिमित्तसमाधि र अप्रणिहितसमाधि।"

५२– "**तीन सुचरितता**– कायसुचरितता, वचीसुचरितता, र मनःसुचरितता।"

५३–"**तीन मौनता**– कायमौनता, वचीमौनता र मनः मौनता।"

---

१. प्रातिमोक्ष संवरशीललाई 'अधिशील शिक्षा' भनिएको हो। दी. नि. अ. क. II. पृ. ७३४.

२. अष्टसमापत्तिचित्त अथवा विपश्यना ध्यान मूलकलाई 'अधिचित्त शिक्षा' भनिएको हो। दी. नि. अ. क. II. पृ. ७३४.

३. विपश्यना प्रज्ञालाई 'अधिप्रज्ञा शिक्षा' भनिएको हो। दी. नि. अ. क. II. पृ. ७३४.

Downloaded from http://dhamma.digital/

५४– "**तीन कुशलता**– आयकुशलता, अपायकुशलता र उपायकुशलता।"

५५– "**तीन मदहरु**– आरोग्यमद, यौवनमद र जीवितमद।"

५६– "**तीन आधिपत्यहरु**– आत्माधिपत्य, लोकाधिपत्य र धर्माधिपत्य।"

५७– "**तीन कथावस्तुहरु**– 'अतीत समयमा यस्तो भएको थिएँ' भनी अतीत समयको बारेमा कुरा गर्छ, 'भविष्यमा यस्तो हुनेछ' भनी भविष्यको बारेमा कुरा गर्छ र 'वर्तमान समयमा यस्तो छु' भनी वर्तमान समयको बारेमा कुरा गर्छ।"

५८– "**तीन विदद्याहरु**– पूर्वेनिवासानुस्मृतिज्ञान विदद्या, सत्वहरूको च्युति उत्पत्तिज्ञान विदद्या र आस्रवक्षय ज्ञानविदद्या।"

५९– "**तीन विहारहरु**– दिव्यविहार, ब्रह्मविहार र आर्यविहार।"

६०– "**तीन प्रातिहार्यहरु**– ऋद्धिप्रातिहार्य, आदेशनाप्रातिहार्य र अनुशासनीयप्रातिहार्य।"

"आवुसो !...उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...बताउनु भएका तीनवटा धर्महरू यी नै हुन्।"

## चारवटा धर्महरु

"आवुसो !...उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...चारवटा धर्महरू बताउनु भएको छ।...**कुन चारवटा धर्महरु हुन् ?**"

Downloaded from http://dhamma.digital/

१– "**चार सतिपट्ठानहरु**– आवुसो ! यहाँ भिक्षु कायमा कायानुपश्यी भई विहार गर्छ । वेदनामा वेदनानुपश्यी भई विहार गर्छ । चित्तमा चित्तानुपश्यी भई विहार गर्छ । धर्ममा धर्मानुपश्यी भई विहार गर्छ ।"

२– "**चार सम्यक्प्रधानहरु**– आवुसो ! यहाँ उत्पन्न नभएको पापक अकुशल धर्मलाई उत्पन्न हुन नदिन कोशिश गर्छ । उत्पन्न भएको पापक अकुशल धर्मलाई हटाउनको निमित्त कोशिश गर्छ । उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गराउनको निमित्त कोशिश गर्छ । उत्पन्न भएको कुशल धर्मलाई स्थिर राख्नको निमित्त कोशिश गर्छ ।"

३– "**चार ऋद्धिपादहरु**– आवुसो ! यहाँ भिक्षु छन्दसमाधि प्रधानसंस्कार युक्त भई ऋद्धिपाद भाविता गर्छ।...चित्तसमाधि प्रधानसंस्कार युक्त भई...वीर्यसमाधि प्रधानसंस्कार युक्त भई...र विमर्शनसमाधि प्रधानसंस्कार युक्त भई ऋद्धिपाद भाविता गर्छ ।"

४– "**चार ध्यानहरु**– आवुसो ! यहाँ भिक्षु कामविषयलाई त्यागी...प्रथमध्यान प्राप्त गरी बस्छ; वितर्क विचारलाई शान्त गरी... द्वितीयध्यान प्राप्त गरी बस्छ; प्रीतिलाई पनि त्यागी...तृतीयध्यान प्राप्त गरी बस्छ तथा सुख दुःखलाई त्यागी...चतुर्थध्यान प्राप्त गरी बस्छ ।"

५– "**चार समाधिभावनाहरु**– (१) आवुसो ! त्यस्तो समाधिभावना छ जसको अभिबृद्धि गर्दा **यसै जीवनमा सुख हुन्छ ।** (२) आवुसो ! त्यस्तो समाधिभावना छ जसको अभिबृद्धि गर्दा ज्ञान-

Downloaded from http://dhamma.digital/

दर्शन प्रतिलाभ हुन्छ। (३) आवुसो ! त्यस्तो समाधिभावना छ जसको अभिबृद्धि गर्दा **स्मृति सम्प्रजन्यता लाभ हुन्छ** तथा (४) आवुसो ! त्यस्तो समाधिभावना पनि छ जसको अभिबृद्धि गर्दा **आस्रवक्षय प्राप्त हुन्छ ।**"

"(१) आवुसो ! कुनचाहिं समाधिभावना भावित बहुलिकृत गर्दा यसै जीवनमा सुख हुन्छ ? आवुसो !...प्रथमध्यान,...द्वितीयध्यान,... तृतीयध्यान, ... तथा चतुर्थध्यानमा बस्छ। आवुसो ! यसै समाधिभावनालाई भावित बहुलिकृत गर्दा यसै जीवनमा सुख हुन्छ।"

"(२) आवुसो ! कुनचाहि समाधिभावना भावित बहुलिकृत गर्दा यसै जीवनमा ज्ञानदर्शन लाभ हुन्छ ? आवुसो ! यहाँ भिक्षु आलोकसंज्ञा मनस्कार गर्छ; दिवासंज्ञालाई अधिष्ठान गर्छ। जस्तो दिन हो त्यस्तै रात। जस्तो रात हो त्यस्तै दिन। यसरी नढाकिएको विवृत्त भएको चित्तले प्रभास सहित चित्तलाई भाविता गर्छ। आवुसो ! यही समाधिभावना भावित बहुलिकृत गर्दा ज्ञानदर्शन लाभ हुन्छ।"

"(३) आवुसो ! कुनचाहिं समाधिभावना भावित बहुलिकृत गर्दा स्मृति सम्प्रजन्यता प्राप्त हुन्छ ? आवुसो ! यहाँ भिक्षुको ज्ञानसहितको वेदना उत्पन्न हुन्छ, ज्ञानसहितको वेदना उपस्थित रहन्छ र ज्ञानसहितको वेदना विलिन हुन्छ। ज्ञानसहितको संज्ञा...ज्ञानसहितको वितर्क...विलिन हुन्छ। आवुसो ! यही समाधि भावना भावित बहुलिकृत गर्दा स्मृति सम्प्रजन्यता प्राप्त हुन्छ।"

Downloaded from http://dhamma.digital/

"(४) आवुसो ! कुनचाहि समाधि भावना भावित बहुलिकृत गर्दा आस्रवक्षय प्राप्त हुन्छ ? आवुसो ! यहाँ भिक्षु पञ्चउपादानस्कन्धमाथि उदयब्यय दृष्टिले हेरेर बस्छ। यो रूप हो, यो रूपको समुदय हो तथा यो रूपको विनाश हो। यो वेदना हो,...यो संज्ञा हो,...यो संस्कार हो,...यो विज्ञान हो... । आवुसो ! यही समाधि भावना भावित बहुलिकृत गर्दा आस्रवक्षय प्राप्त हुन्छ।"

६– "**चार अप्रमण्य**– आवुसो ! यहाँ भिक्षु मैत्री सहगतचित्त एक दिशामा फैलाई बस्छ...[१] ।"

७– "**चार अप्रमण्य**– आवुसो ! यहाँ भिक्षु सर्वतो रूपसंज्ञालाई अतिक्रमण गरी प्रतिघसंज्ञालाई अन्त गरी...[२] बस्छ।"

८– "**चार सहाराहरु** (अपस्सेनानि)– आवुसो ! यहाँ भिक्षु संख्यान गरी (= सोच विचार गरी) कुनै एकलाई सेवन गर्छ, संख्यान गरी कुनै एकलाई स्वीकार्छ, संख्यान गरी कुनै एकलाई अस्वीकार्छ र संख्यान गरी कुनै एकलाई हटाउँछ।"

९– "**चार आर्यवंशहरु**– (१) आवुसो ! यहाँ भिक्षु कुनै प्रकारको चीवरद्वारा सन्तुष्ट हुन्छ। कुनै प्रकारको चीवरद्वारा सन्तुष्ट

१. यहाँका बाँकी पाठ लेखकको बु. गृ. भा-३, पृ. ४०–४१ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू तथा चार अरूपध्यानको सम्बन्धमा बु. ब्रा. भा-३, पृ. ३७–३८ मा उल्लेख भए झैं बुझ्नू ।

Downloaded from http://dhamma.digital/

हुने कुराको वर्णवादी हुन्छ। चीवरको कारणमा कुनै प्रकारको अनुपयुक्त काम गर्दैन । चीवर पाइन भनेर आत्तिन्न । चीवर पाएँ भनेर लोभ गर्दैन...बल्कि दुष्परिणामदर्शी भई परिभोग गर्छ। त्यस प्रकारको कुनै चीवरद्वारा सन्तुष्ट हुनेबाट न आफूलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ। जो त्यहाँ दक्ष निरालसी सम्प्रज्ञानी तथा स्मृतिवान् हुन्छ उसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

"(२) आवुसो ! फेरि कुनै प्रकारको भोजनद्वारा सन्तुष्ट हुन्छ। कुनै प्रकारको भोजनद्वारा सन्तुष्ट हुने कुराको वर्णवादी हुन्छ । भोजनको कारणमा कुनै अनुपयुक्त काम गर्दैन । भोजन लाभ भएन भनेर आत्तिन्न । लाभ भयो भनेर त्यसमा लोभ गर्दैन बल्कि दुष्परिणामदर्शी भई सेवन गर्छ । त्यस प्रकारको कुनै भोजनद्वारा सन्तुष्ट हुनेबाट न आफूलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ। जो त्यहाँ दक्ष...हुन्छ त्यसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

"(३) आवुसो ! फेरि कुनै प्रकारको शयनासनद्वारा सन्तुष्ट हुन्छ । कुनै प्रकारको शयनासनद्वारा सन्तुष्ट हुने कुराको वर्णवादी हुन्छ । शयनासनको कारणमा कुनै अनुपयुक्त काम गर्दैन । शयनासन प्राप्त भएन भनेर आत्तिन्न । प्राप्त भयो भनेर त्यसमा लोभ गर्दैन बल्कि दुष्परिणामदर्शी भई सेवन गर्छ । त्यस प्रकारको कुनै शयनासनद्वारा सन्तुष्ट हुनेबाट न आफूलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ। जो त्यहाँ दक्ष...हुन्छ त्यसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

Downloaded from http://dhamma.digital/

"(४) आवुसो ! फेरि भिक्षु प्रहाणमा (= त्यागमा) मन लगाई प्रहाणमा अभिरमण गर्छ । भावनामा मन लगाई भावनामा अभिरमण गर्छ। यसरी प्रहाणमा मन लगाई यसरी भावनामा मन लगाई त्यसबाट न आफूलाई ठूलो ठान्दछ न अर्कालाई नीच ठान्छ। जो त्यहाँ दक्ष...हुन्छ त्यसैलाई 'पुरानो अग्र आर्यवंशमा बस्ने भिक्षु' भनी भन्दछन् ।"

१०– "**चार प्रधानहरु** (= वीर्य)– संवरप्रधान, प्रहाण (= त्याग) प्रधान, भावनाप्रधान तथा अनुरक्षणप्रधान ।"

"(१) आवुसो ! संवरप्रधान भनेको कस्तो हो ? यहाँ भिक्षु चक्षुले रूप हेरी...चक्षुरिन्द्रिय वशमा राख्छ। श्रोतले शब्द सुनी...घ्राणले गन्ध सुँघी...जिह्वाले रसास्वाद चाखी...कायले स्पर्श गरी...मनले मनको विषय जानी...[1] मनेन्द्रिय संयम गरी बस्छ। आवुसो ! यसैलाई संवर-प्रधान भन्दछन् ।"

"(२) आवुसो ! प्रहाणप्रधान भनेको कस्तो हो ? आवुसो ! यहाँ भिक्षुले उत्पन्न भएको कामवितर्कलाई स्वीकार्दैन बल्कि त्याग गर्छ दूर गर्छ नाश गर्छ । उत्पन्न भएको ब्यापादवितर्कलाई...उत्पन्न भएको विहिंसावितर्कलाई...नाश गर्छ। आवुसो ! यसैलाई प्रहाणप्रधान भन्दछन् ।"

"(३) आवुसो ! भावनाप्रधान भनेको कस्तो हो ? आवुसो ! यहाँ भिक्षु विवेक आश्रित गरी, वैराग आश्रित गरी, निरोध आश्रित

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. २८६-८७ मा उल्लेख भए बमोजिम पढ्नू ।

Downloaded from http://dhamma.digital/

गरी तथा त्यागपरिणाम भएको स्मृतिसम्बोध्यङ्ग भाविता गर्छ ।... धर्मविचयसम्बोध्यङ्ग...वीर्यसम्बोध्यङ्ग...प्रीतिसम्बोध्यङ्ग...प्रश्रब्धिसम्बोध्यङ्ग ...समाधिसम्बोध्यङ्ग...तथा उपेक्षासम्बोध्यङ्ग भाविता गर्छ । आवुसो ! यसैलाई भावनाप्रधान भन्दछन् ।"

"(४) आवुसो ! अनुरक्षणप्रधान भनेको कस्तो हो ? आवुसो ! यहाँ भिक्षुले उत्पन्न भएको अस्थिकसंज्ञा, पुलवकसंज्ञा, विनीलकसंज्ञा, विच्छिद्रकसंज्ञा, उद्धुमातकसंज्ञा जस्ता असल समाधि निमित्तलाई रक्षा गर्छ । आवुसो ! यसैलाई अनुरक्षणप्रधान भन्दछन् ।"

११– "**चार ज्ञानहरु**– धर्मविषयकोज्ञान (= चतुरार्यसत्य ज्ञान), अन्वय विषयको ज्ञान, परिचित्त विषयको ज्ञान तथा सम्मति विषयको ज्ञान ।"

१२– "**अर्का पनि चार ज्ञानहरु**– दु:ख विषयको ज्ञान, दु:खसमुदय विषयको ज्ञान, दु:खनिरोध विषयको ज्ञान र दु:खनिरोधगामिनी प्रतिपदा विषयको ज्ञान ।"

१३–"**चार स्रोतापत्ति अ□हरु**– सत्पुरुष-सत्संगत, सद्धर्म-श्रवण, ज्ञानपूर्वक विचार र धर्मानुसार आचरण ।"

१४– "**चार स्रोतापन्नका अ□हरु**– आवुसो ! यहाँ आर्यश्रावक 'उहाँ भगवान अरहन्त हुनुहुन्छ...[1]' भनी बुद्ध प्रति अटल रूपले (अवेच्चप्पसादेन) प्रसन्न भएको हुन्छ ।...धर्म प्रति अटलरूपले प्रसन्न

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा-२, पृ. १४७ मा हेर्नू ।

Downloaded from http://dhamma.digital/

भएको हुन्छ।...[१] सङ्घप्रति अटलरूपले प्रसन्न भएको हुन्छ र आर्यकान्त शीलले युक्त हुन्छ।"

१५– "**चार श्रामाण्यफलहरु**– स्रोतापत्तिफल, सकृदागामीफल, अनागामीफल र अरहत्‌फल।"

१६– "**चार धातुहरु**– पृथ्वीधातु, आप्‌धातु, तेजधातु र वायुधातु।"

१७– "**चार आहारहरु**– गाँस गाँस गरी खाने स्थूल वा सूक्ष्म आहार, दोस्रो स्पर्श, तेस्रो मनः सञ्चेतना र चौथो विज्ञान।"

१८– "**चार विज्ञानस्थितिहरु**– आवुसो ! रूपमा आश्रय गरी, रूपमा गोचर गरी, रूपमा प्रतिष्ठित भई तृष्णाको सेवनबाट विज्ञानको वृद्धि, वुरुल्हि, वैपुल्य हुन्छ र (अभिसंस्कार) विज्ञानको स्थिति रहन्छ। वेदनामा...संज्ञामा...संस्कारमा आश्रय गरी...(अभिसंस्कार) विज्ञानको स्थिति रहन्छ।"

१९– "**चार अगति गमनहरु**– छन्दरागद्वारा अगतिगमन गर्छ, द्वेषद्वारा अगतिगमन गर्छ, मोहद्वारा अगतिगमन गर्छ र भयद्वारा अगति (= पक्ष) गमन गर्छ।"

२०– "**चार तृष्णा उत्पादहरु**– आवुसो ! चीवरको कारणमा भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ; आवुसो ! भिक्षा भोजनको

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा-२, पृ. ४४३ मा समुल्लेख भए जस्तै पढ्नू।

Downloaded from http://dhamma.digital/

कारणमा भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ; आवुसो ! शयनासनको कारणमा भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ र आवुसो ! प्रणीत प्रणीतको (= घ्यू, तेल आदिको) कारणमा भिक्षुको मनमा तृष्णा उत्पन्न हुन्छ ।"

२१– "**चार प्रतिपद्‌हरु**– दुःख सहितको प्रतिपद् धीलो ज्ञान प्राप्त, दुःख सहितको प्रतिपद् चाँडै ज्ञान प्राप्त, सुख सहितको प्रतिपद् धीलो ज्ञान प्राप्त र सुख सहितको प्रतिपद् चाँडै ज्ञान प्राप्त ।"

२२– "**अर्का पनि चार प्रतिपद्‌हरु**– अक्षमा (= सहन नसक्ने) प्रतिपद्, क्षमा (= सहन सक्ने) प्रतिपद्, दम (= इन्द्रिय दमन) प्रतिपद् र शम (= उत्पन्न हुने कामवितर्कादिलाई शमन गर्ने) प्रतिपद् ।"

२३– "**चार धर्मपदहरु**– अनभिध्या-धर्मपद, अब्यापाद-धर्मपद, सम्यक्स्मृति-धर्मपद र सम्यक्समाधि-धर्मपद ।"

२४– "**चार धर्मसमादानहरु**– (१) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा र भविष्यमा पनि दुःख विपाक हुन्छ; (२) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा दुःख र भविष्यमा सुख विपाक हुन्छ; (३) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा सुख र भविष्यमा दुःख विपाक हुन्छ र (४) आवुसो ! त्यस्तो धर्मसमादान छ जसको फल यसै जीवनमा पनि सुख र भविष्यमा पनि सुख हुन्छ ।"

२५– "**चार धर्मस्कन्धहरु**– शीलस्कन्ध, समाधिस्कन्ध, प्रज्ञास्कन्ध र विमुक्तिस्कन्ध ।"

Downloaded from http://dhamma.digital/

२६– "**चार बलहरु**– वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल ।"

२७– "**चार अधिष्ठानहरु**– प्रज्ञा-अधिष्ठान, सत्य-अधिष्ठान, त्याग-अधिष्ठान र उपशम-अधिष्ठान ।"

२८– "**चार प्रश्नोत्तरहरु**– एकांशरूपले दिन योग्य प्रश्नोत्तर, प्रश्न गरेर दिनुपर्ने प्रश्नोत्तर, छुटचाइ छुटचाइ (विभाजन) दिनुपर्ने प्रश्नोत्तर तथा थातिराख्नुपर्ने प्रश्नोत्तर ।"

२९– "**चार कर्म**हरु– आवुसो ! कृष्णकर्मको कृष्णविपाक छ; आवुसो ! शुक्लकर्मको शुक्लविपाक छ; आवुसो ! कृष्णशुक्लकर्मको कृष्णशुक्ल विपाक छ र आवुसो ! अकृष्णअशुक्लकर्मको अकृष्णअशुक्ल विपाक छ जसले कर्मक्षयतिर पुऱ्याउँछ ।"

३०– "**चार साक्षात्कार गर्नुपर्ने धर्महरु**– स्मृतिद्वारा साक्षात्कार गर्नुपर्ने पूर्वेनिवासज्ञान, चक्षु (= दिव्य) द्वारा साक्षात्कार गर्नुपर्ने प्राणीको च्युत उत्पत्तिको ज्ञान, कायद्वारा साक्षात्कार गर्नुपर्ने अष्टविमोक्ष ज्ञान र प्रज्ञाद्वारा साक्षात्कार गर्नुपर्ने आस्रवक्षय ज्ञान ।"

३१– "**चार ओघ** (= बाढ) **हरु**– काम-ओघ, भव-ओघ, दृष्टि-ओघ र अविदचा-ओघ ।"

३२– "**चार योग** (= संयोजन) **हरु**– काम-योग, भव-योग, दृष्टि-योग र अविदचा-योग ।"

३३– "**चार विसंयोगहरु**– कामयोग-विसंयोग, भवयोग-विसंयोग,

Downloaded from http://dhamma.digital/

दृष्टियोग-विसंयोग र अविदद्यायोग-विसंयोग।"

३४– "**चार ग्रन्थीहरु**– अभिध्या कायग्रन्थी, ब्यापाद-कायग्रन्थी, शीलव्रतपरामर्श-कायग्रन्थी र 'यही सत्य हो' (अरू झूट हो) भन्ने विश्वास-कायग्रन्थी।"

३५– "**चार उपादानहरु**– काम-उपादान, दृष्टि-उपादान, शीलव्रत-उपादान तथा आत्मवाद-उपादान।"

३६– "**चार योनिहरु**– अण्डजयोनि, जरायुजयोनि, संस्वेदजयोनि, औपपातिकयोनि।"

३७– "**चार गर्भप्रवेशहरु**– (१) आवुसो ! यहाँ कोही नजानिकन (असम्पजानो) आमाको कोखमा प्रवेश गर्छ, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ– यो पहिलो गर्भप्रवेश हो। (२) आवुसो ! फेरि यहाँ कोही जानिकन आमाको कोखमा प्रवेश गर्छ, नजानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ– यो दोस्रो गर्भप्रवेश हो। (३) आवुसो ! फेरि यहाँ कोही जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमाको कोखमा बस्छ र नजानिकन आमाको कोखबाट निस्कन्छ– यो तेस्रो गर्भप्रवेश हो। (४) आवुसो ! यहाँ कोही जानिकन आमाको कोखमा प्रवेश गर्छ, जानिकन आमाको कोखमा बस्छ र जानिकन आमाको कोखबाट निस्कन्छ– यो चौथो गर्भप्रवेश हो।"

३८– "**चार आत्मभाव प्रतिलाभहरु** (= आत्मभावहरू)– (१) आवुसो ! त्यस्तो आत्मभाव छ जुन आत्मभावमा आत्मसञ्चेतना

Downloaded from http://dhamma.digital/

(= आफूले चिताए अनुसार) मात्र वहन गर्छ (कमति) तर परसञ्चेतना (= अर्काले चिताएको अनुसार) होइन। (२) आवुसो ! त्यस्तो आत्मभाव पनि छ जुन आत्मभावमा परसञ्चेतना (= अरूले चिताए अनुसार) वहन गर्छ तर आत्मसञ्चेतना (= आफूले चिताए अनुसार) होइन। (३) आवुसो ! त्यस्तो पनि आत्मभाव छ जुन आत्मभावमा आत्मसञ्चेतना पनि परसञ्चेतना पनि वहन गर्छ। (४) आवुसो ! त्यस्तो पनि आत्मभाव छ जुन आत्मभावमा न आत्मसञ्चेतना वहन गर्छ न परसञ्चेतना वहन गर्छ।"

३९– "**चार दक्षिणा विशुद्धिहरु**–(१) आवुसो ! दायकबाट विशुद्धि हुने दक्षिणा (= दान) छ तर प्रतिग्राहकबाट होइन। (२) आवुसो ! प्रतिग्राहकबाट विशुद्धि हुने दक्षिणा छ तर दायकबाट होइन। (३) आवुसो ! दायकबाट पनि प्रतिग्राहकबाट पनि विशुद्धि नहुने दक्षिणा छ। (४) आवुसो ! दायकबाट पनि प्रतिग्राहकबाट पनि विशुद्धि हुने दक्षिणा छ।"

४०– "**चार संग्रह वस्तुहरु**– दान, प्रियवचन, अर्थचर्या र समानता।"

४१– "**चार अनार्य ब्यवहारहरु**– मृषावाद, पिशुन वचन, परुष वचन र सम्प्रलाप।"

४२– "**चार आर्य ब्यवहारहरु**– मृषावादबाट विरतता, पिशुन वचनबाट विरतता, परुष वचनबाट विरतता र सम्प्रलापबाट विरतता।"

Downloaded from http://dhamma.digital/

४३– “**अर्का पनि चार अनार्य ब्यवहारहरु**– नदेखेकोलाई देखेको भन्नु, नसुनेकोलाई सुनेको भन्नु, नछोएकोलाई छोएको भन्नु र नजानेकोलाई जानेको भन्नु ।”

४४– “**अर्का पनि चार आर्य ब्यवहारहरु**– नदेखेकोलाई नदेखेको भन्नु, नसुनेकोलाई नसुनेको भन्नु, नछोएकोलाई नछोएको भन्नु र नजानेकोलाई नजानेको भन्नु ।”

४५– “**अर्का पनि चार अनार्य ब्यवहारहरु**– देखेकोलाई नदेखेको भन्नु, सुनेकोलाई नसुनेको भन्नु, छोएकोलाई नछोएको भन्नु र जानेकोलाई नजानेको भन्नु ।”

४६– “**अर्का पनि चार आर्य ब्यवहारहरु**– देखेकोलाई देखेको भन्नु, सुनेकोलाई सुनेको भन्नु, छोएकोलाई छोएको भन्नु र जानेकोलाई जानेको भन्नु ।”

४७– “**चार पुद्गल** (= पुरुष) हरु– आवुसो ! यहाँ आफूलाई तापदिने हुन्छ...[१] ।”

४८– “**अर्का पनि चार पुद्गलहरु**– आवुसो ! यहाँ कोही पुरुष आत्महितको लागि काम गर्छ तर परहितको लागि होइन । आवुसो ! यहाँ केही पुरुष परहितको लागि काम गर्छ परन्तु आत्महितको लागि होइन । आवुसो ! यहाँ केही पुरुष न आत्महितको लागि न

१. यहाँका बाँकी कुराहरू सबै लेखकको बु. ब्रा. भा-२, पृ. २११ मा उल्लेख भए जस्तै बुझ्नू ।

Downloaded from http://dhamma.digital/

परहितको लागि काम गर्छ। आवुसो ! यहाँ केही पुरुष आत्महितको लागि पनि परहितको लागि पनि काम गर्छ।"

४९– "**अर्का पनि चार पुद्गलहरु**– अँध्यारोबाट अँध्यारोमा जाने, अँध्यारोबाट उज्यालोमा जाने, उज्यालोबाट अँध्यारोमा जाने र उज्यालोबाट उज्यालोमा जाने।"

५०– "**अर्का पनि चार पुद्गलहरु**– श्रमण-अचल, श्रमण-पद्म (= रातो कमल), श्रमण-पुण्डरिक (= सेतो कमल) र श्रमणहरूमा श्रमण-सुकुमार।"

"आवुसो !...उहाँ भगवान अरहत सम्यक्सम्बुद्धले...बताउनु भएको **चारवटा धर्महरु यही हुन्।**"

प्रथम भाणवार समाप्त।

**पाँचवटा धर्महरु–**

"आवुसो !...उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...पाँचवटा धर्महरू बताउनु भएका छन्।...कुन पाँचवटा धर्महरू हुन् ?"

१– "**पाँच स्कन्धहरु**– रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध तथा विज्ञानस्कन्ध।"

२– "**पाँच उपादानस्कन्ध**– रूप-उपादानस्कन्ध, वेदना-उपादानस्कन्ध, संज्ञा-उपादानस्कन्ध, संस्कार-उपादानस्कन्ध तथा विज्ञान-उपादानस्कन्ध।"

Downloaded from http://dhamma.digital/

३– "**पााच कामगुणहरु**– चक्षुविज्ञेय रूपहरू छन् जो इष्ट कान्त...हुन्छन्[1]।"

४– "**पााच गतिहरु**– नरक, तिर्यक् प्रेत, मनुष्य तथा देव।"

५– "**पााच मात्सर्यहरु**– आवास मात्सर्य, कुल मात्सर्य, लाभ मात्सर्य, वर्ण मात्सर्य र धर्म मात्सर्य।"

६– "**पााच नीवरणहरु**– कामच्छन्द-नीवरण, ब्यापाद-नीवरण, स्त्यायनमृद्ध-नीवरण, औद्धत्य कौकृत्य-नीवरण तथा विचिकित्सा-नीवरण।"

७– "**पााच अधोभागीय संयोजनहरु**–सत्कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श, कामच्छन्द र ब्यापाद।"

८– "**पााच उर्ध्वभागीय संयोजनहरु**– रूपराग, अरूपराग, मान, उद्धच्च र अविदया।"

९– "**पााच शिक्षाप**( प्राणी हिंसाबाट विरत रहनु, अदिन्नादानबाट विरत रहनु, काममिथ्याचारबाट विरत रहनु, मृषावादबाट विरत रहनु र सुरामेरय मदचप्रमादस्थानबाट विरत रहनु।"

१०– "**पााच अभब्यस्थानहरु**– (१) आवुसो ! क्षीणास्रवी भिक्षुले जानी जानी प्राणीहिंसा गर्न सक्तैन, (२) क्षीणास्रवी भिक्षुले नदिएको वस्तु चोरी गर्न सक्तैन, (३) क्षीणास्रवी भिक्षुले मैथुन गर्न सक्तैन, (४) क्षीणास्रवी भिक्षुले झूटो बोल्न सक्तैन तथा (५) अघि

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ६६ मा उल्लेख भए जस्तै पढ्नू।

Downloaded from http://dhamma.digital/

गृहस्थीमा छँदा जस्तै क्षीणास्रवी भिक्षुले रात बितेको कुनै काम (= खाने वस्तु) भोग गर्न सक्तैन ।"

११– "**पाच ब्यसनहरु**– ज्ञातिब्यसन, भोगब्यसन, रोगब्यसन, शीलब्यसन तथा दृष्टिब्यसन । आवुसो ! ज्ञातिब्यसनको कारणले, भोगब्यसनको कारणले अथवा रोगब्यसनको कारणले प्राणीहरू शरीर छाडी मृत्युपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुन्नन् । शीलब्यसनको कारणले अथवा दृष्टिब्यसनको कारणले प्राणीहरू शरीर छाडी मृत्युपछि...नरकमा उत्पन्न हुन्छन् ।"

१२– "**पाच सम्पत्तिहरु** (सम्पदा)– ज्ञातिसम्पत्ति, भोगसम्पत्ति, आरोग्यसम्पत्ति, शीलसम्पत्ति तथा दृष्टिसम्पत्ति । आवुसो ! ज्ञातिसम्पत्ति, भोगसम्पत्ति र आरोग्यसम्पत्तिको कारणबाट प्राणीहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्नन् । शीलसम्पत्ति वा दृष्टिसम्पत्तिको कारणबाट प्राणीहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।"

१३– "**शील त्रुटी हुने दुश्शीलो पाच दुष्परिणामहरु**– (१) आवुसो ! शील त्रुटी हुने दुश्शीलको प्रमादको कारणले गर्दा ठूलो भोगसम्पत्ति हानी हुन्छ । दुश्शीलको यो पहिलो दुष्परिणाम हो । (२) आवुसो ! फेरि शील त्रुटी हुने दुश्शीलको कुकीर्ति फैलिन्छ । दुश्शीलको यो दोस्रो दुष्परिणाम हो । (३) आवुसो ! फेरि शील त्रुटी हुने दुश्शील पुरुष क्षत्री ब्राह्मण गृहपति तथा श्रमण परिषद्मध्ये जुनसुकै परिषद्मा गए पनि अविशारद भई चुप लागेर उपस्थित हुन्छ ।

Downloaded from http://dhamma.digital/

दुश्शीलको यो तेस्रो दुष्परिणाम हो। (४) आवुसो ! फेरि शील त्रुटी हुने दुश्शील संमूढ भई मरण हुन्छ। दुश्शीलको यो चौथो दुष्परिणाम हो। (५) आवुसो ! फेरि शील त्रुटी हुने दुश्शील पुरुष मृत्युपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुन्छ। दुश्शीलको यो पाँचौ दुष्परिणाम हो।"

१४– "**शीलवान्को शीलसम्पत्तिमा पााच आनृशंस** (= गुण) हरू– (१) आवुसो ! यहाँ शीलवान् शीलसम्पन्न पुरुषको अप्रमादको कारणले गर्दा ठूलो भोगसम्पत्ति लाभ हुन्छ। शीलवान् शीलसम्पन्न पुरुषको यो पहिलो आनृशंस (= गुण) हो। (२) आवुसो ! फेरि शीलवान् शीलसम्पन्न पुरुषको कल्याणकीर्ति शब्द फैलिन्छ। शीलवान् शीलसम्पन्न पुरुषको यो दोस्रो आनृशंस हो। (३) आवुसो ! फेरि शीलवान् शीलसम्पन्न पुरुष क्षत्री ब्राह्मण गृहपति तथा श्रमण परिषद्मध्ये जुनसुकै परिषद्मा गए पनि विशारद भई चुप नलागी उपस्थित हुन्छ। शीलवान् शीलसम्पन्न पुरुषको यो तेस्रो आनृशंस हो।(४) आवुसो ! फेरि शीलवान् शीलसम्पन्न पुरुष संमूढ भई मृत्यु हुन्न। शीलवान् शीलसम्पन्न पुरुषको यो चौथो आनृशंस हो। (५) आवुसो ! शीलवान् शीलसम्पन्न पुरुष काय छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ। शीलवान् शीलसम्पन्न पुरुषको यो पाँचौ आनृशंस हो।"

१५– "आवुसो ! **अर्कालाई (दोष) आरोप लगाउन चाहने** (चोदकेन) **भिक्षुले** आफूलाई पाँच गुणमा स्थापित गरी आरोप गर्नुपर्छ– (१) समयमा भन्नेछु असमयमा होइन, (२) सत्य कुरा भन्नेछु असत्य

Downloaded from http://dhamma.digital/

कुरा होइन, (३) प्रेम-वचनले भन्नेछु परुष वचनले होइन, (४) अर्थकामी भई भन्नेछु अनर्थकामी भई होइन, (५) मैत्री चित्तले भन्नेछु द्वेषभावले होइन। आवुसो ! अर्कालाई (दोष) आरोप गर्न चाहने भिक्षुले यिनै पाँच गुणहरू आफूमा राखी आरोप लगाउन पर्छ।"

१६– "**पाच प्रधानीय अ□हरु**–आवुसो ! यहाँ भिक्षु श्रद्धालु हुन्छ तथागतको बोधि प्रति विश्वास गर्छ– 'उहाँ भगवान अरहत सम्यक्सम्बुद्ध, ... [1] तथा भगवान हुनुहुन्छ'। आबाध (= रोग) रहित र आतंक रहित हुन्छ, न शीताधिक न उष्णाधिक, मध्यमवीर्य बढाउन योग्य तथा समानरूपले पाचन शक्ति हुने हुन्छ। शास्ताको अगाडि वा विज्ञ सब्रह्मचारीको अगाडि यथार्थताको कुरा भन्न सक्ने अशठ र अमायावी हुन्छ। अकुशलधर्म हटाउनको निमित्त कुशलधर्म सम्पादन गर्नको निमित्त वीर्यवान् हुन्छ, बलवान् दृढपराक्रमी हुन्छ र कुशलधर्मको धुर छाडेको हुन्न। आर्यनिर्बेधिक सम्यक् दुःखक्षय हुने उदयब्ययगामी प्रज्ञाले युक्त प्रज्ञावान् हुन्छ।"

१७– "**पाच शुद्धावासहरु**– अविहा, अतप्पा, सुदस्सा (= सुदर्शा), सुदस्सी (= सुदर्शी) र अकनिष्ठ।"

१८– "**पाच अनागा**( अन्तरपरिनिर्वायी, उपहच्चपरिनिर्वायी, असंखरपरिनिर्वायी, ससंखापरिनिर्वायी र उर्ध्वस्रोत अकनिष्ठगामी।"

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–३, पृ. २१८ मा उल्लेख भए जस्तै बुझ्नू।

Downloaded from http://dhamma.digital/

१९– "**पाच चित्तखिलहरु** (= चित्तका सारोपनहरू)– (१) आवुसो ! यहाँ भिक्षु शास्ता प्रति शंका विमति अनिश्चिन्त तथा अप्रसन्न हुन्छ। आवुसो ! सो भिक्षु शास्ता प्रति शंका ... गर्छ उसको चित्त वीर्य बढाउनमा लाग्दैन । जसको चित्त वीर्य बढाउनमा लाग्दैन– यो पहिलो चित्तको सारोपन हो । (२) आवुसो ! फेरि भिक्षु धर्म प्रति शंका विमति गर्छ ... (३) संघ प्रति शंका विमति गर्छ ... (४) शिक्षा प्रति शंका विमति गर्छ ... (५) सब्रह्मचारी प्रति असन्तोष भई कोप गर्छ र सारोभाव राख्छ । आवुसो ! जो भिक्षु सब्रह्मचारी प्रति असन्तोष भई कोष गर्छ उसको चित्त वीर्य बढाउनमा लाग्दैन । जसको चित्त वीर्य बढाउनमा लाग्दैन– यो पाँचौ चित्तको सारोपन हो ।"

२०– "**पाच चित्तका विनिबन्धहरु**– (१) आवुसो ! यहाँ भिक्षु कामविषयबाट वीतरागी हुन्न, इच्छा हटेको हुन्न, प्रेम हटेको हुन्न, पिपासा हटेको हुन्न, परिडाह हटेको हुन्न र तृष्णा हटेको हुन्न। जो भिक्षु अवीतरागी हुन्छ ... उसको मन वीर्य बढाउनमा (= ध्यान गर्नमा) लाग्दैन । जसको मन वीर्य बढाउनमा लाग्दैन– यही पहिलो चित्त विनिबन्ध हो। (२) आवुसो ! फेरि भिक्षुको शरीरबाट राग हटेको हुन्न ... (३) आवुसो ! फेरि रूपबाट राग हटेको हुन्न ... (४) आवुसो ! फेरि भिक्षु पेटभरी खाएर सुत्छ र नीदको सुख लिन्छ ... (५) आवुसो ! फेरि भिक्षु 'यो शीलद्वारा व्रतद्वारा तपद्वारा ब्रह्मचर्यद्वारा देवताहरूमध्ये कुनै देवता हुनेछु' भनी कुनै देवलोकको कामना गरी ब्रह्मचर्य पालन गर्छ। यस्तो गर्ने भिक्षुको पनि वीर्य बढाउनमा मन लाग्दैन । जसको मन लाग्दैन– यो पाँचौ चित्तविनिबन्ध हो ।"

Downloaded from http://dhamma.digital/

२१– "**पााच इन्द्रियहरु**– चक्षुइन्द्रिय, श्रोतइन्द्रिय, घ्राणइन्द्रिय, जिह्वाइन्द्रिय र कायइन्द्रिय ।"

२२– "**अर्का पनि पााच इन्द्रियहरु**– सुखइन्द्रिय, दुःखइन्द्रिय, सौमनस्यइन्द्रिय, दौर्मनस्यइन्द्रिय र उपेक्षाइन्द्रिय ।"

२३– "**अर्का पनि पााच इन्द्रियहरु**– श्रद्धाइन्द्रिय, वीर्यइन्द्रिय, स्मृतिइन्द्रिय, समाधिइन्द्रिय र प्रज्ञाइन्द्रिय ।"

२४– "**पााच निस्सरणीय धर्महरु**– (१) आवुसो ! यहाँ (अशुभ ध्यानबाट उठेर) कामविषयलाई मनमा लगाउँदा भिक्षुको चित्त कामविषयमा जाँदैन, प्रसन्न हुन्न, त्यसमा बस्दैन र लिप्त हुन्न । किन्तु नैष्क्रम्यलाई मनमा लगाउँदा नैष्क्रम्यमा मन लाग्छ, प्रसन्न हुन्छ, त्यसमा बस्छ र लिप्त हुन्छ । त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, सुभावित हुन्छ, कामबाट हटेर मुक्त भएको हुन्छ र विसंयुक्त भएको हुन्छ । कामविषयको कारणबाट जुन आस्रव विघात परिडाह उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई (= अशुभध्यानलाई ) **कामविषयबाट मुक्त** (= निस्सरण) भनिएको हो ।"

"(२) आवुसो ! फेरि (मैत्री ध्यानबाट उठेर) ब्यापाद विषयलाई मनमा लगाउँदा भिक्षुको चित्त ब्यापाद विषयमा जाँदैन, ... र लिप्त हुन्न । किन्तु अब्यापादलाई मनमा लगाउँदा अब्यापादमा मन लाग्छ, ... र लिप्त हुन्छ । त्यसको त्यो चित्त असल बाटोमा लागेको

Downloaded from http://dhamma.digital/

हुन्छ,...र विसंयुक्त भएको हुन्छ। ब्यापादको कारणबाट जुन आस्रव...उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई (= मैत्री ध्यानलाई **ब्यापाद विषयबाट मुक्त** भनिएको हो ।"

"(३) आवुसो ! फेरि (करुणाध्यानबाट उठेर) विहिंसालाई मनमा लगाउँदा भिक्षुको चित्त विहिंसा विषयमा जाँदैन, ... र लिप्त हुन्न। किन्तु अविहिंसालाई मनमा लगाउँदा अविहिंसामा मन लाग्छ, ... र लिप्त हुन्छ । त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, ... र विसंयुक्त भएको हुन्छ । विहिंसाको कारणबाट जुन आस्रव ... उत्पन्न हुने हो र त्यसबाट ऊ मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन । यसैलाई (= करुणाध्यानलाई) **विहिंसा विषयबाट मुक्त** भनिएको हो ।"

"(४) आवुसो ! फेरि (अरूपध्यानबाट उठेर) रूपविषयलाई मनमा लगाउँदा भिक्षुको चित्त रूपविषयमा जाँदैन, ... र लिप्त हुन्न । किन्तु अरूपलाई मनमा लगाउँदा अरूपमा मन लाग्छ, ... र लिप्त हुन्छ । त्यसको त्यो चित्त असल बाटोमा लागेको हुन्छ, ... र विसंयुक्त भएको हुन्छ । रूपको कारणबाट जुन आस्रव ... उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ। उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई (= अरूपध्यानलाई) **रुपविषयबाट मुक्त** सत्कायबाट मुक्त भनिएको हो ।"

"(५) आवुसो ! फेरि (फलसमापत्तिबाट उठेर) सत्काय विषयलाई मनमा लगाउँदा भिक्षुको चित्त सत्काय विषयमा जाँदैन, ... र लिप्त हुन्न। किन्तु सत्काय निरोधलाई मनमा लगाउँदा सत्काय निरोधमा मन लाग्छ, ... र लिप्त हुन्छ । त्यसको त्यो चित्त असल बाटोमा लागेको

Downloaded from http://dhamma.digital/

हुन्छ, ... र विसंयुक्त भएको हुन्छ। सत्कायको कारणबाट जुन आस्रव ... उत्पन्न हुने हो त्यसबाट ऊ मुक्त हुन्छ । उसले त्यो वेदना अनुभव गर्दैन। यसैलाई (= सत्काय ध्यानलाई) **सत्कायबाट मुक्त भनिएको हो ।**"

२५– "**पाँच विमुक्त्यायतनहरू–** (१) **आवुसो** ! **यहाा शास्ता** (= **गुरु**) **ले वा अरू कुनै** आदरणीय (= गुरुस्थानीय) सब्रह्मचारीले भिक्षुलाई धर्मोपदेश गर्छ । जसरी जसरी शास्ताले वा आदरणीय सब्रह्मचारीले भिक्षुलाई धर्मोपदेश गर्दै जान्छ त्यसरी त्यसरी नै उसलाई त्यो धर्मको अर्थावबोध र धर्मावबोध हुन्छ। अर्थावबोध र धर्मावबोध गर्ने उसलाई प्रामोदय अनुभव हुन्छ, प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ, प्रीति मन हुनेको शरीर प्रश्रब्धि (= शान्त निश्चल) हुन्छ, प्रश्रब्धि भएपछि शरीरले सुखानुभव गर्छ र सुखी भएको चित्त समाधिष्ठ हुन्छ । यो पहिलो विमुक्त्यायतन हो ।"

"(२) आवुसो ! फेरि भिक्षुलाई न शास्ताले अथवा अरू कुनै आदरणीय सब्रह्मचारीले धर्मोपदेश गर्छ, बल्की सुनेको अनुसार पढेको अनुसार विस्तारपूर्वक धर्मोपदेश गर्छ ... (३) सुनेको अनुसार पढेको अनुसार विस्तारपूर्वक धर्म सज्झायना गर्छ ... (४) सुनेको अनुसार पढेको अनुसार मनले धर्मको विषयलाई तर्कना गर्छ विचार गर्छ र मनले हेर्छ ... (५) उसले अर्को समाधि निमित्त राम्ररी ग्रहण गर्छ, राम्ररी मनमा राख्छ, राम्ररी विचार गर्छ र प्रज्ञाद्वारा राम्ररी प्रतिविद्ध गर्छ । जसरी जसरी राम्ररी प्रतिविद्ध गर्दै जान्छ त्यसरी त्यसरी नै त्यो धर्मको अर्थावबोध र धर्मावबोध हुन्छ । अर्थावबोध र धर्मावबोध गर्ने उसलाई प्रामोदय

Downloaded from http://dhamma.digital/

अनुभव हुन्छ, प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ, प्रीति मन हुनेको शरीर प्रश्रब्धि (= शान्त निश्चल) हुन्छ, प्रश्रब्धि भएपछि शरीरले सुखानुभव गर्छ र सुखी भएको चित्त समाधिष्ठ हुन्छ। यो पहिलो विमुक्त्यायतन हो।"

२६– "**पाँच** विमुक्ति परिपाचनीय संज्ञाहरू– अनित्यसंज्ञा, अनित्यमा दुःखसंज्ञा, दुःखमा अनात्मसंज्ञा, प्रहणसंज्ञा र विरागसंज्ञा।"

"आवुसो ! ... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... बताउनु भए**का पाचवटा धर्महरु यी नै हुन्।**"

## छवटा धर्महरु–

"आवुसो ! ... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... छवटा धर्महरू बताउनु भएको छ। ... **कुन छवटा धर्महरु हुन्** ?" "

१– "**छ अध्यात्म-आयतन**हरु– चक्षु-आयतन, श्रोत-आयतन, घ्राण-आयतन, जिह्वा-आयतन, काय-आयतन र मन-आयतन।"

२– "**छ बाहिरी-आयतनहरु**– रूप-आयतन, शब्द-आयतन, गन्ध-आयतन, रस-आयतन, स्पर्श-आयतन र धर्म-आयतन।"

३– "**छ विज्ञान कायहरु**– चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान, जिह्वाविज्ञान, कायविज्ञान र मनविज्ञान।"

४– "**छ स्पर्श कायहरु**– चक्षुस्पर्श, श्रोतस्पर्श, घ्राणस्पर्श, जिह्वास्पर्श, कायस्पर्श र मनस्पर्श।"

Downloaded from http://dhamma.digital/

५– "**छ वेदना कायहरु**– चक्षुसंस्पर्शज वेदना, श्रोतसंस्पर्शज वेदना, घ्राणसंस्पर्शज वेदना, जिह्वासंस्पर्शज वेदना, कायसंस्पर्शज वेदना तथा मनसंस्पर्शज वेदना ।"

६– "**छ संज्ञा कायहरु**– रूपसंज्ञा, शब्दसंज्ञा, गन्धसंज्ञा, रससंज्ञा, स्पर्शसंज्ञा र धर्मसंज्ञा ।"

७– "**छ सञ्चेतना कायहरु**– रूपसंचेतना, शब्दसंचेतना, गन्धसंचेतना, रससंचेतना, स्पर्शसंचेतना तथा धर्मसंचेतना ।"

८– "**छ तृष्णा कायहरु**– रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, र सतृष्णा, स्पर्शतुष्णा तथा धर्मतृष्णा ।"

९– "**छ अगौरवहरु**– (१) आवुसो ! यहाँ भिक्षु शास्ता प्रति गौरव सत्कार नराखी बस्छ, (२) धर्म प्रति गौरव सत्कार नराखी बस्छ, (३) सङ्घ प्रति गौरव सत्कार नराखी बस्छ, (४) शिक्षा प्रति गौरव सत्कार नराखी बस्छ, (५) अप्रमाद प्रति गौरव सत्कार नराखी बस्छ तथा (६) कुशलवार्ता प्रति गौरव सत्कार नराखी बस्छ ।"

१०– "**छ गौरवहरु**– आवुसो ! यहाँ भिक्षु शास्ता प्रति गौरव सत्कार राखी बस्छ, धर्म प्रति गौरव सत्कार राखी बस्छ, सङ्घ प्रति गौरव सत्कार राखी बस्छ, शिक्षा प्रति गौरव सत्कार राखी बस्छ, अप्रमाद प्रति गौरव सत्कार राखी बस्छ तथा कुशलवार्ता प्रति गौरव सत्कार राखी बस्छ ।"

११– "**छ सौमनस्य उपविचारहरु**– (१) आवुसो ! यहाँ रूप

Downloaded from http://dhamma.digital/

देख्दा सौमनस्य हुने स्थान विचार गर्छ, (२) श्रोतले शब्द सुन्दा सौमनस्य हुने स्थानमा विचार गर्छ, (३) घ्राणले गन्ध सुघ्दा सौमनस्य हुने स्थानमा विचार गर्छ, (४) जिह्वाले रस चाख्दा सौमनस्य हुने स्थानमा विचार गर्छ, (५) कायले स्पर्श गर्दा सौमनस्य हुने स्थानमा विचार गर्छ र (६) मनले धर्म जान्दा सौमनस्य हुने स्थानमा विचार गर्छ।"

१२– "छ **दौर्मनस्य उपविचारहरु**– चक्षुले रूप देख्दा दौर्मनस्य हुने स्थानमा विचार गर्छ ... तथा मनले धर्म जान्दा दौर्मनस्य हुने स्थानमा विचार गर्छ।"

१३– "छ **उपेक्षा उपविचारहरु**– चक्षुले रूप देख्दा उपेक्षा हुने स्थानमा विचार गर्छ ... तथा मनले धर्म जान्दा उपेक्षा हुने स्थानमा विचार गर्छ।"

१४– "छ **सारणीय धर्महरु**– (१) आवुसो ! यहाँ सब्रह्मचारी प्रति भिक्षुको **मैत्री कायकर्म उपस्थित** हुन्छ। यो धर्म सारणीय प्रियंकर गुरुधर्म हो तथा संग्रहको निमित्त अविवादको निमित्त मेल-मिलापको निमित्त र एकताको निमित्त हुन्छ।"

"(२) आवुसो ! फेरि यहाँ सब्रह्मचारी प्रति भिक्षुको **मैत्री वचनकर्म उपस्थित हुन्छ** । यो धर्म सारणीय ... हो तथा संग्रहको निमित्त ... र एकताको निमित्त हुन्छ।"

"(३) आवुसो ! फेरि यहाँ सब्रह्मचारी प्रति भिक्षुको **मैत्री मनकर्म उपस्थित हुन्छ**। यो धर्म सारणीय ... हो तथा संग्रहको निमित्त ... र एकताको निमित्त हुन्छ।"

Downloaded from http://dhamma.digital/

"(४) आवुसो ! फेरि यहाँ भिक्षुले धार्मिकरूपले पात्रभरी मात्र भएको लाभलाई पनि शीलवान् सब्रह्मचारीहरूसँग **साधारणरुपले बा( भोग गर्छ** । यो धर्म पनि सारणीय ... हो तथा संग्रहको निमित्त ... र एकताको निमित्त हुन्छ ।"

"(५) आवुसो ! फेरि भिक्षु जो त्यो अखण्ड अछिद्र निर्दागी निर्दोषी परिपूर्ण विज्ञप्रशंसित अपरामर्शित तथा समाधिसंवर्तनिक शील हो त्यस्तो **शीलमा मेल राखी** प्रकटरूपमा पनि गुप्तरूपमा पनि सब्रह्मचारीसँग बस्छ। यो धर्म पनि सारणीय ... हो तथा संग्रहको निमित्त ... र एकताको निमित्त हुन्छ ।"

"(६) आवुसो ! फेरि भिक्षुले जुन विचारधारा (= दृष्टि) लिंदा नैर्याणिक मार्गमा लागेर सम्यक्‌रूपले **दु:खक्षय गर्ने हो** त्यस्तो विचार **धारासाग मेल राखी** ऊ प्रकटरूपमा पनि गुप्तरूपमा पनि सब्रह्मचारीसँग बस्छ । यो धर्म पनि सारणीय धर्म ... हो तथा संग्रहको निमित्त ... र एकताको निमित्त हुन्छ ।"

**१५– "छ विवाद मूलहरु–** (१) आवुसो ! यहाँ भिक्षु क्रोधी र वैर भाव राख्ने हुन्छ । आवुसो ! जो भिक्षु क्रोधी र वैरभाव राख्ने हुन्छ ऊ शास्ता प्रति पनि अगौरव असत्कारपूर्वक बस्छ, धर्म प्रति पनि ... सङ्घ प्रति पनि अगौरव असत्कारपूर्वक बस्छ शिक्षा पनि परिपूर्णकारी हुन्न । आवुसो ! जो भिक्षु शास्ता प्रति अगौरव असत्कारपूर्वक बस्छ, शिक्षा पनि परिपूर्णकारी हुन्न त्यस्ताको कारणबाट सङ्घमा विवाद उत्पन्न हुन्छ । जसले गर्दा बहुजन अहित बहुजन असुख तथा अनर्थ भई

Downloaded from http://dhamma.digital/

देवमनुष्यको पनि अहित हुन्छ। आवुसो ! यस्तो विवाद मूललाई भित्र वा बाहिर देख्यौं भने आवुसो ! त्यहाँ तिमीहरूले त्यो पापक विवाद मूललाई हटाउने कोशिश गर्नु पर्छ। आवुसो ! यदि यस्तो पापक विवाद मूललाई भित्र वा बाहिर देख्दैनौ भने त्यहाँ तिमीहरूले सोही पापक विवाद मूललाई भविष्यमा उत्पन्न नहुने किसिमले काम गर्नुपर्छ। यसरी त्यो पापक विवाद प्रहाण हुनेछ। यसरी त्यो पापक विवाद मूल भविष्य उत्पन्न हुने छैन।"

"(२) आवुसो ! फेरि भिक्षु **मक्खी** (= मक्षी = अर्काको गुण मेटाउने) हुन्छ पलासी,... (३) **इर्ष्यालु हुन्छ** मात्सरी,...(४) **सठी हुन्छ** मायावी,...(५) **खराब इच्छाराख्ने हुन्छ** मिथ्यादृष्टिक,...(६) **सन्दृष्टि-परामर्शी हुन्छ** हठी दृष्टि नछोडने। आवुसो ! जो भिक्षु सन्दृष्टिपरामर्शी हठी दृष्टि नछोडने हुन्छ जो शास्ता प्रति अगौरव असत्कारपूर्वक बस्छ... यसरी त्यो पापक विवाद मूल भविष्यमा उत्पन्न हुने छैन।"

१६– "**छ धातुहरु**– पृथ्वीधातु, आप्धातु, तेजधातु, वायुधातु, आकाशधातु तथा विज्ञानधातु।"

१७– "**छ निस्सरणीय धातुहरु**– (१) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– 'मैले **मैत्री चित्तविमुक्तिल**( भावित बहुलिकृत... गरेको छु। परन्तु मेरो चित्तलाई **ब्यापाद चित्तले** समाति राख्छ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ। 'आयुष्मान् ! यस्तो नभन भगवानलाई झूटो आरोप नलगाऊ। भगवानलाई झूटो आरोप

Downloaded from http://dhamma.digital/

लगाउनु राम्रो होइन । भगवानले यस्तो भन्नु भएको छैन । मैत्रीचित्त-विमुक्तिलाई भावित बहुलिकृत...गर्नेको चित्तलाई व्यापाद चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! मैत्रीचित्तविमुक्ति व्यापाद चित्तको निस्सरण (= विमुक्ति) हो ।"

"(२) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– 'मैले **करूणाचित्तविमुक्तिलाई** भावित बहुलिकृत... गरेको छु । परन्तु मेरो चित्तलाई **विहिंसा चित्तले** समाति राख्छ ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् ! यस्तो नभन...भगवानले यस्तो भन्नु भएको छैन । करुणाचित्तविमुक्तिलाई भावित बहुलिकृत...गर्नेको चित्तलाई व्यापाद चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! करुणाचित्तविमुक्ति विहिंसाको निस्सरण (= विमुक्ति) हो ।"

"(३) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– 'मैले **मुदिताचित्त-विमुक्तिलाई** भावित बहुलिकृत... गरेको छु । परन्तु मेरो चित्तलाई **अरति चित्तले** समाति राख्छ ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । 'आयुष्मान् ! यस्तो नभन...भगवानले यस्तो भन्नु भएको छैन । मुदिताचित्तविमुक्तिलाई भावित बहुलिकृत...गर्नेको चित्तलाई अरति चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन । आवुसो ! मुदिताचित्तविमुक्ति अरतिको निस्सरण हो ।"

"(४) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– 'मैले **उपेक्षाचित्त-विमुक्तिलाई** भावित बहुलिकृत...गरेको छु । परन्तु मेरो चित्तलाई राग चित्तले समाति राख्छ ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी

Downloaded from http://dhamma.digital/

भन्नुपर्छ। 'आयुष्मान् ! यस्तो नभन...भगवानले यस्तो भन्नु भएको छैन। उपेक्षाचित्तविमुक्तिलाई भावित बहुलिकृत...गर्नेको चित्तलाई राग चित्तले समाप्छ भन्ने कुरा हुनै सक्तैन। आवुसो ! उपेक्षाचित्तविमुक्ति अरतिको निस्सरण हो।"

"(५) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– 'मैले **अनिमित्तचित्त-विमुक्तिलाई** भावित बहुलिकृत... गरेको छु। परन्तु **ि न ि म** ( **विज्ञान** ममा हुन्छ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ। 'आयुष्मान् ! यस्तो नभन...भगवानले यस्तो भन्नु भएको छैन। अनिमित्ताचित्तविमुक्तिलाई भावित बहुलिकृत...गर्नेको चित्तमा निमित्त चित्त हुन्छ भन्ने कुरा हुनै सक्तैन। आवुसो ! अनिमित्तचित्तविमुक्ति अनिमित्तको निस्सरण हो।"

"(६) आवुसो ! यहाँ भिक्षु यस्तो भन्दछ– भन्ने भाव ममा छैन, 'यो महुँ' (अयमहस्मि) भन्ने म देख्दिन। परन्तु मलाई **सन्देह सहित कुरा गर्ने चित्तले** समातिराखेको छ।' यस्तो भन्नेलाई 'यस्तो नभन' भनी भन्नुपर्छ। 'आयुष्मान् ! यस्तो नभन...भगवानले यस्तो भन्नु भएको छैन। 'अस्मि' भन्ने भाव नहुनेको 'यो महुँ' भन्ने नदेख्नेको चित्तलाई संदेह सहित चित्तले समात्छ भन्ने कुरा हुनै सक्तैन। आवुसो ! अस्मिान नहुनु नै संदेह सहित कुरा गर्नेको निस्सरण हो।"

१८– "**छ अनुत्तरियहरु**– दर्शन-अनुत्तरिय, श्रवण-अनुत्तरिय, लाभ-अनुत्तरिय, शिक्षा-अनुत्तरिय, परिचर्या-अनुत्तरिय र अनुस्मृति-अनुत्तरिय।"

Downloaded from http://dhamma.digital/

१९– “**छ अनुस्मृति स्थानहरु**– बुद्धानुस्मृति, धर्मानुस्मृति, सङ्घानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति र देवतानुस्मृति ।”

२०– “**छ नित्यविहारहरु** (सततविहारा)– आवुसो ! यहाँ भिक्षु चक्षुद्वारा रूपदेखी न सुमन हुन्छ न दुर्मन स्मृतिसम्प्रजन्य भई उपेक्षी भएर बस्छ। श्रोतद्वारा शब्द सुनी...मनद्वारा धर्म जानी न सुमन हुन्छ न दुर्मन स्मृतिसम्प्रजन्य भई उपेक्षी भएर बस्छ ।”

२१– “**छ अभिजातिहरु**– (१) आवुसो ! यहाँ केही नीच जातिक (कण्हाभिजातिक) भएर नीच (कृष्ण) धर्म गर्छ; (२) आवुसो ! यहाँ केही नीच जातिक भएर शुक्ल (= असल) धर्म गर्छ; (३) आवुसो ! यहाँ केही नीच जातिक भएर अकृष्ण अशुक्ल निर्वाण प्राप्त हुने हुन्छ; (४) आवुसो ! यहाँ केही असल जातिक (सुक्काभिजातिक) भएर शुक्ल (= असल) धर्म गर्छ; (५) आवुसो ! यहाँ केही असल जातिक भएर कृष्ण (= कमसल) धर्म गर्छ; (६) आवुसो ! यहाँ केही असल जातिक भएर अकृष्ण अशुक्ल निर्वाण प्राप्त हुने हुन्छ ।”

२२– “**छ निर्वेधभागीय संज्ञाहरु**– अनित्यसंज्ञा, अनित्यमा दुःख संज्ञा, दुःखमा अनात्मसंज्ञा, प्रहाणसंज्ञा, विरागसंज्ञा र निरोधसंज्ञा ।”

“आवुसो !...उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...बताउनु भएका **छवटा धर्महरु यही हुन् ।**”

## सातवटा धर्महरु–

“आवुसो !...उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...सातवटा धर्महरू बताउनु भएको छ ।...**कुन सातवटा धर्महरु ?**”

Downloaded from http://dhamma.digital/

१– “**सप्त आर्यधनहरु**– श्रद्धाधन, शीलधन, ह्रीधन, ओत्तप्प (= भय र संकोच) धन, श्रुतधन, त्यागधन र प्रज्ञाधन ।”

२– “**सप्त बोध्य□हरु**– स्मृतिसम्बोध्यङ्ग, धर्मविचयसम्बोध्यङ्ग, वीर्यसम्बोध्यङ्ग, प्रीतिसम्बोध्यङ्ग,, प्रश्रब्धिसम्बोध्यङ्ग, समाधिसम्बोध्यङ्ग र उपेक्षासम्बोध्यङ्ग ।”

३– “**सप्त समाधिपरिष्कारहरु**– सम्यक्‌दृष्टि, सम्यक्‌सङ्कल्प, सम्यक्‌वाचा, सम्यक्‌कर्म, सम्यक्‌आजीव, सम्यक्‌ब्यायाम र सम्यक्‌स्मृति ।”

४– “**सप्त असद्धर्महरु**– आवुसो ! यहाँ भिक्षु अश्रद्धालु हुन्छ, निर्लज्जी हुन्छ, असंकोची हुन्छ (अनोत्तप्पी), अल्पश्रुत हुन्छ, अल्छी हुन्छ, स्मृतिहीन हुन्छ र दुष्प्रज्ञ हुन्छ ।”

५– “**सप्त सद्धर्महरु**– आवुसो ! यहाँ भिक्षु श्रद्धालु हुन्छ, लज्जालु हुन्छ, संकोची हुन्छ, बहुश्रुत हुन्छ, वीर्यवान् हुन्छ, स्मृतिवान् हुन्छ र प्रज्ञावान् हुन्छ ।”

६– “**सप्त सत्पुरूष धर्महरु**– आवुसो ! यहाँ भिक्षु धर्मज्ञ हुन्छ, अर्थज्ञ हुन्छ, आत्मज्ञ हुन्छ, मात्रज्ञ हुन्छ, कालज्ञ हुन्छ, परिषद्‌ज्ञ हुन्छ र पुद्‌गलज्ञ हुन्छ ।”

७– “**सप्त निद्दसवस्तुहरु**– (१) आवुसो ! यहाँ भिक्षु शिक्षा समादान गर्नमा तीव्र इच्छा हुने हुन्छ र भविष्यमा पनि शिक्षा समादान गर्नमा प्रेम हटेको हुन्न; (२) धर्मनिसन्तिमा (= विदर्शनामा) तीव्र इच्छा हुने हुन्छ र भविष्यमा पनि धर्मनिसन्तिमा प्रेम हटेको हुन्न;

Downloaded from http://dhamma.digital/

(३) तृष्णा हटाउनमा तीव्र इच्छा हुने हुन्छ र भविष्यमा पनि तृष्णा हटाउनमा प्रेम हटेको हुन्न; (४) एकान्त वासमा तीव्र इच्छा हुने हुन्छ र भविष्यमा पनि एकान्तवासमा प्रेम हटेको हुन्न; (५) वीर्यारम्भ गर्नुमा तीव्र इच्छा राख्ने हुन्छ र भविष्यमा पनि वीर्यारम्भ गर्नुमा प्रेम हटेको हुन्न; (६) स्मृति परिपाकमा तीव्र इच्छा हुने हुन्छ र भविष्यमा पनि स्मृति परिपाकमा प्रेम हटेको हुन्न तथा (७) दृष्टि प्रतिवेधमा तीव्र इच्छा राख्ने हुन्छ र भविष्यमापनि दृष्टि प्रतिवेधमा प्रेम हटेको हुन्न ।"

८– "**सप्त संज्ञाहरु**– अनित्यसंज्ञा, अनात्मसंज्ञा, अशुभसंज्ञा, ष्परिणाम (आदिनव) संज्ञा, प्रहाणसंज्ञा, विरागसंज्ञा र निरोधसंज्ञा ।"

९– "**सप्त बलहरु**– श्रद्धाबल, वीर्यबल, ह्रीबल, ओत्तप्पबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल ।"

१०– "**सप्त विज्ञान स्थितिहरु**– (१) आवुसो ! **नानाकाय र नानासंज्ञा**[१] हुने प्राणीहरू छन् । जस्तै– **मनुष्यहरु,** कुनै कुनै

१. प्रतिसन्धिको बेलामा भिन्नाभिन्नै चेतना हुने भएकोले 'नानासंज्ञा' भनिएको हो । जस्तै– द्विहेतुकले पनि त्रिहेतुकले पनि तथा अहेतुकले पनि प्रतिसन्धि हुने भएकोले 'नानासंज्ञा' भनिएको हो । अं. अ. क. II. पृ. ७११. यहाँ 'संज्ञा' भनी 'प्रतिसन्धि संज्ञालाई' भनिएको हो । पटि. म. अ. क. पृ. ७९.

Downloaded from http://dhamma.digital/

देवता[1] र कुनै कुनै विनिपातिकाहरू[2]। यो पहिलो विज्ञानस्थिति हो।"

"(२) आवुसो ! **नानाकाय र एकत्वसंज्ञा**[3] हुने प्राणीहरू छन् जस्तै– प्रथमध्यानबाट उत्पन्न भएका ब्रह्मकायिक देवताहरू। यो दोस्रो विज्ञानस्थिति हो।"

"(३) आवुसो ! **एकत्व काय र नानात्वसंज्ञा**[4] हुने प्राणीहरू छन् जस्तै– आभास्वर देवता। यो तेस्रो विज्ञानस्थिति हो।"

---

१. 'कुनै कुनै देवता' भनी कामावचर देवताहरूलाई भनिएको हो। अं. नि. अ. क. II. पृ. ७११.

२. 'विनिपाती' भनी वेमानिक प्रेतहरूलाई भनिएको हो। कस्तालाई वेमानिक प्रेत भन्दछन् भन्ने कुरा लेखकको बु. प्रे. प्राक्कथनको पृ. ११ मा उल्लेख भएको छ।

३. सबै ब्रह्मकायिक देवताहरूका आकृति भिन्नाभिन्नै भएता पनि ती सबै प्रथमध्यानको प्रभावले ब्रह्मलोकमा उत्पन्न भएका हुन्। त्यसैले 'एकत्वसंज्ञा' भनिएको हो। अर्थात् उत्पन्न हुने बेलामा सबै ब्रह्मकायिकहरू प्रथमध्यान चेतनाले उत्पन्न भएका हुन्। त्यसैले 'एकत्वसंज्ञा' भनिएको हो। अं. नि. अ. क. II. पृ. ७१२ सत्तविञ्ञाणट्ठितिसुत्तवण्णना, सत्तकनिपात। पटि. म. अ. क. पृ. ७९ : परिञ्ञेय्यनिद्देसवण्णना।

४. शरीराकृति समान भए पनि ध्यानको दृष्टिले द्वितीय वा तृतीयध्यानद्वारा आभास्वर देवलोकमा उत्पन्न हुने भएकाले ध्यानको अवितर्क विचार र अवितर्क अविचार अङ्गको हिसाबले यहाँ

Downloaded from http://dhamma.digital/

"(४) आवुसो ! **एकत्व काय र एकत्वसंज्ञा**[1] हुने प्राणीहरू पनि छन् जस्तै– **शुभकृत्स्न देवता**। यो चौथो विज्ञानस्थिति हो।"

"(५) आवुसो ! सर्वतो रूपसंज्ञालाई अतिक्रमण गरी प्रतिघसंज्ञालाई अन्तगरी नानात्वसंज्ञालाई मनस्कार नगरी 'अनन्त आकाश' भनी **आकाशानन्त्यायतनमा** पुग्ने प्राणीहरू पनि छन्। यो पाँचौ विज्ञानस्थिति हो।"

"(६) आवुसो ! सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रमण गरी 'अनन्त विज्ञान' भनी **विज्ञानन्त्यायतनमा** पुग्ने प्राणीहरू पनि छन्। यो छैठौं विज्ञानस्थिति हो।"

"(७) आवुसो ! सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रमण गरी 'केही छैन' भनी **आकिञ्चन्यायतनमा** पुग्ने प्राणीहरू पनि छन्। यो सातौ विज्ञानस्थिति हो।"

११– "**सप्त दक्षिणोय्य व्यक्तिहरु**– उभतोभागविमुक्त, प्रज्ञाविमुक्त, कायसाक्षि, दृष्टिप्राप्त, श्रद्धाविमुक्त, धर्मानुसारी र

---

'नानात्वसंज्ञा' भनिएको हो। पटि. म. अ. क. पृ. ८०; अं. अ. क. II. पृ. ७१२ : सत्तकनिपात, सत्तविञ्ञाणट्ठिति सुत्तवण्णना।

१. चतुर्थध्यानबाट हुने शुभकृत्स्न देवताहरूको सम्बन्धमा यहाँ 'एकत्व काय र एकत्व संज्ञा' भनिएको हो। अर्थात् चतुर्थध्यान संज्ञा एउटै भएकोले त्यसो भनिएको हो। अं. अ. क. II. पृ. ७१३ :सत्तकनिपात, सत्तविञ्ञाणट्ठितिसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

श्रद्धानुसारी।"

१२– "**सप्त अनुशयहरु–** कामराग-अनुशय, प्रतिघ-अनुशय, दृष्टि-अनुशय, विचिकित्सा-अनुशय, मान-अनुशय, भवराग-अनुशय र अविदया-अनुशय।"

१३– "**सप्त संयोजनहरु–** अनुनय-संयोजन, प्रतिघ-संयोजन, दृष्टि-संयोजन, विचिकित्सा-संयोजन, मान-संयोजन, भवराग-संयोजन र अविदया-संयोजन।"

१४– "**सप्त अधिकरण शमथहरु–** (१) उत्पन्न भएको अधिकरण (= झगडा) लाई शमथ (= शान्त) गर्नको निमित्त सन्मुख विनय दिनुपर्छ, (२) स्मृति-विनय दिनुपर्छ, (३) अमूढ-विनय दिनुपर्छ, (४) वचन लिएर (पटिञ्ञाय) गर्नुपर्छ, (५) येभुय्यसिका (= बहुमत) द्वारा गर्नुपर्छ, (६) तस्सपापिय्यसिका (= उसले गरेको दोषको काम) द्वारा गर्नुपर्छ र (७) तिणवत्थारक (= त्रिण बिच्छ्याउने जस्तो गरी) द्वारा गर्नुपर्छ।"

"आवुसो!...उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...बताउनु भएका **सातवटा धर्महरु यही हुन्।**"

दुतिय भाणवार समाप्त।

---

१. 'धर्मानुसारी' र 'श्रद्धानुसारी' भनेका कस्ता हुन् भन्ने बारेका कुरा लेखकको बु. गृ. भा-१, पृ. २७१ मा हेर्नू र अरू कुराको बारेमा म. नि. II.पृ. १६७ मा तथा पुग्ग. प. पृ. २३ मा हेर्नू।

Downloaded from http://dhamma.digital/

**आठवटा धर्महरु–**

"आवुसो ! उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...आठवटा धर्महरू बताउनु भएको छ।...**कुन आठवटा धर्महरु ?**"

१– "**आठ मिथ्यापानहरु**– मिथ्यादृष्टि, मिथ्यासङ्कल्प, मिथ्यावचन, मिथ्याकर्म, मिथ्याआजीव, मिथ्याब्यायाम, मिथ्यास्मृति र मिथ्यासमाधि।"

२– "**आठ सम्यक्त्वहरु**– सम्यक्दृष्टि, सम्यक्सङ्कल्प, सम्यक्वचन, सम्यक्कर्म, सम्यक्आजीव, सम्यक्ब्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि।"

३– "**आठ दक्षिणेय्य व्यक्तिहरु**– स्रोतापन्न, स्रोतापत्तिफल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति, सकृदागामी, सकृदागामीफल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति, अनागामी, अनागामीफल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति, अरहत् र अरहत्फल साक्षात्कार गर्नको निमित्त तत्पर रहने व्यक्ति।"

४– "**आठ आलस्यवस्तुहरु**– (१) आवुसो ! यहाँ भिक्षुको गर्नुपर्ने काम हुन्छ। उसलाई यस्तो लाग्छ– 'मैले काम गर्नुपर्ने छ। काम गर्दा शरीर थाकिने छ। अतः सुत्छु' भनी ऊ सुत्छ। अप्राप्त वस्तुको प्राप्तिको लागि अनधिगत सत्यको अधिगमनको लागि र असाक्षात्कार नगरिएको सत्यलाई साक्षात्कार गर्नको लागि वीर्य गर्दैन। यो पहिलो आलस्यवस्तु हो।"

Downloaded from http://dhamma.digital/

"(२) आवुसो ! फेरि भिक्षुले काम गरेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'मैले काम गरें। काम गर्दा मेरो शरीर थकित भयो। अतः म सुत्छु' भनी ऊ सुत्छ...वीर्य गर्दैन। यो दोस्रो आलस्यवस्तु हो।"

"(३) आवुसो ! फेरि भिक्षुले हिड्नु परेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'मलाई हिड्नु छ। बाटो हिड्दा मेरो शरीर थाक्ने छ। अतः सुत्छु' भनी ऊ सुत्छ...वीर्य गर्दैन। यो तेस्रो आलस्यवस्तु हो।"

"(४) आवुसो ! फेरि भिक्षु हिडिसकेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'म बाटो हिडें। बाटो हिड्दा मेरो शरीर थकित भयो। अतः म सुत्छु' भनी ऊ सुत्छ...वीर्य गर्दैन। यो चौथो आलस्यवस्तु हो।"

"(५) आवुसो ! फेरि भिक्षु गाउँमा वा निगममा भिक्षाटन् गर्दा असल वा कमसल पर्याप्तमात्रामा भिक्षा पाउँदैन। उसलाई यस्तो लाग्छ– 'गाउँ र निगममा भिक्षाटन् गर्दा मैले असल वा कमसल भिक्षा पर्याप्तमात्रामा पाइन। यो मेरो शरीर थकित छ अकर्मण्य छ। अतः सुत्छु' भनी ऊ सुत्छ...वीर्य गर्दैन। यो पाँचौ आलस्यवस्तु हो।"

"(६) आवुसो ! फेरि भिक्षु गाउँमा वा निगममा भिक्षाटन् गर्छ र उसले असल वा कमसल भिक्षा पर्याप्तमात्रामा पाउँछ। उसलाई यस्तो लाग्छ– 'गाउँ र निगममा भिक्षाटन् गर्दा मलाई असल वा कमसल भिक्षा पर्याप्तमात्रामा प्राप्त भयो। यो मेरो शरीर भिजेको मास जस्तै गरुँगो छ। अतः सुत्छु' भनी ऊ सुत्छ...वीर्य गर्दैन। यो छैटौं आलस्यवस्तु हो।"

Downloaded from http://dhamma.digital/

"(७) आवुसो ! फेरि भिक्षुलाई अलिकता रोग उत्पन्न हुन्छ। उसलाई यस्तो लाग्छ– 'मलाई अलिकता रोग उत्पन्न भयो। लेटेर बस्नुपर्‍यो। म सुत्छु' भनी ऊ सुत्छ...वीर्य गर्दैन। यो सातौ आलस्यवस्तु हो।"

"(८) आवुसो ! फेरि भिक्षु रोगबाट भरखरै उठेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'म भरखरै रोगबाट उठेको छु। मेरो शरीर दुर्बल र अर्कमण्य छ। अतः म सुत्छु' भनी ऊ सुत्छ...वीर्य गर्दैन। यो आठौ आलस्यवस्तु हो।"

५– "**आठ आरम्भवस्तुहरु**– (१) आवुसो ! यहाँ भिक्षुलाई काम गर्नुपर्ने हुन्छ। उसलाई यस्तो लाग्छ– 'मैले काम गर्नुपर्ने हुनेछ। काम गर्ने मैले बुद्धशासनलाई मनमा राख्न सक्ने छैन। अतः प्राप्त नभएको प्राप्त गर्नको निमित्त, अधिगमन नगरेको अधिगमन गर्नको निमित्त, साक्षात्कार नगरेको साक्षात्कार गर्नको निमित्त मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो पहिलो आरम्भ हो।"

"(२) आवुसो ! फेरि भिक्षुले काम गरिसकेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'मैले काम गरिसकें। काम गर्ने मैले बुद्धशासनलाई मनमा राख्न सक्ने छैन। अतः...मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो दोस्रो आरम्भ हो।"

"(३) आवुसो ! फेरि भिक्षुले बाटो हिड्नुपर्ने हुन्छ। उसलाई यस्तो लाग्छ– 'मलाई बाटो हिड्नुपर्ने छ। बाटो हिड्ने मैले बुद्धशासन-

Downloaded from http://dhamma.digital/

लाई मनमा राख्न सक्ने छैन। अतः...मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो तेस्रो आरम्भ हो।"

"(४) आवुसो ! फेरि भिक्षुले बाटो हिडिसकेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'मैले बाटो हिडिसकें। बाटोमा हिड्ने मैले बुद्धशासनलाई मनमा राख्न सक्ने छैन। अतः...मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो तेस्रो आरम्भ हो।"

"(५) आवुसो ! फेरि भिक्षु गाउँ वा निगममा भिक्षाटन् गर्दा उसले असल वा कमसल भिक्षा पर्याप्तमात्रामा पाउँदैन। अनि उसलाई यस्तो लाग्छ– 'म गाउँ र निगममा भिक्षाटन् जाँदा मैले पर्याप्तमात्रामा भिक्षा पाइन। त्यो शरीर हलुंगो र कर्मण्य छ। अतः...मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो पाँचौ आरम्भ हो।"

"(६) आवुसो ! फेरि भिक्षु गाउँ वा निगममा भिक्षाटन् गर्दा उसले असल वा कमसल भिक्षा पर्याप्तमात्रामा पाउँछ। अनि उसलाई यस्तो लाग्छ– 'म गाउँ र निगममा भिक्षाटन् जाँदा मैले पर्याप्तमात्रामा भिक्षा पाएँ। त्यो मेरो शरीर बलवान् कर्मण्य छ। अतः...मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो छैठौं आरम्भ हो।"

"(७) आवुसो ! फेरि भिक्षुलाई थोरै आबाध उत्पन्न हुन्छ। उसलाई यस्तो लाग्छ– 'मलाई थोरै आबाध उत्पन्न भयो। यो मेरो आबाध बढ्ने सम्भव छ। अतः...मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो सातौं आरम्भ हो।"

Downloaded from http://dhamma.digital/

"(८) आवुसो ! फेरि भिक्षु भरखरै आबाधबाट उठेको हुन्छ। उसलाई यस्तो लाग्छ– 'म भरखरै आबाधबाट उठेको छु। यो मेरो आबाध फेरि आउन सक्छ। अतः...मैले वीर्यारम्भ गर्नुपर्छ' भनी उसले वीर्यारम्भ गर्छ। यो आठौं आरम्भ हो।"

६– "**आठ दानवस्तुहरु**– (१) दान लिन आउनेलाई अविलम्ब दान दिन्छ (आसज्ज), (२) भयको कारणले (= निन्दा गर्ला भन्ने भयले) दान दिन्छ, (३) 'दान दियो' भनाउन दान दिन्छ, (४) 'मलाई पछि केही दिनेछ' भन्ने विचारले (दस्सतिमे) दान दिन्छ, (५) 'दान दिनु राम्रो हो' भनी दान दिन्छ (साहुदानं), (६) 'म पकाउँछु यिनीहरू पकाउँदैनन् पकाउनेले न पकाउनेलाई दान नदिनु उचित छैन' भनी दान दिन्छ, (७) 'यो दान दिंदा कल्याण कीर्ति शब्द फैलिने छ' भनी दान दिन्छ र चित्त अलंकारको निमित्त र (८) चित्तपरिष्कारको निमित्त दान दिन्छ।"

७– "**आठ दान उपपत्तिहरु** (= दानको कारणले उत्पन्न हुने अर्को लोक)– (१) आवुसो ! यहाँ कसैले श्रमण-ब्राह्मणलाई अन्न, पान, वस्त्र, यान, मालागन्धविलेपन, शया, वासस्थान र प्रदीप दान दिन्छ। उसले जे दान दिन्छ त्यसको प्रतीक्षा गर्छ। ऊ **क्षत्रीमहाशाल** वा ब्राह्मणमहाशाल वा गृहस्थीमहाशाल पञ्चकामगुणहरूले युक्त भई बसेको देख्छ। अनि उसलाई यस्तो लाग्छ– 'अहो ! मृत्युपछि म पनि क्षत्रीमहाशाल...सँग उत्पन्न हुन पाए हुन्थ्यो।' उसले त्यस चित्तलाई राख्छ त्यसैको अधिष्ठान गर्छ र त्यही चित्तलाई वृद्धि गर्छ। त्यसको

Downloaded from http://dhamma.digital/

त्यो चित्त हीनतामा आबद्ध हुन्छ। माथिल्लो स्थानको लागि वृद्धि नगरी त्यसैमा उत्पन्न हुन्छ। शीलवान् त्यस्तो हुन्छ दुश्शील हुन्न भनी म भन्दछु। आवुसो ! **विशुद्धताको कारणले गर्दा** शीलवान्को चित्तप्रणिधि सफल हुन्छ।"

"(२) आवुसो ! फेरि यहाँ कसैले...दान दिन्छ। उसले जो दिन्छ त्यसको प्रतीक्षा गर्छ। उसले सुनेको हुन्छ कि **चातुर्महाराजिक देवताहरु** दीर्घायु वर्णवान् र धेरै सुख हुने हुन्छन्। अनि उसलाई यस्तो लाग्छ– 'अहो ! मृत्युपछि म पनि चातुर्महाराजिक देवताहरूसँग उत्पन्न हुन पाए हुन्थ्यो।' उसले त्यस चित्तलाई राख्छ त्यसैको अधिष्ठान गर्छ र...त्यसैमा उत्पन्न हुन्छ।...शीलवान्को चित्तप्रणिधि सफल हुन्छ।"

"(३) आवुसो ! फेरि यहाँ कसैले...दान दिन्छ। उसले जो दिन्छ त्यसको प्रतीक्षा गर्छ। उसले सुनेको हुन्छ कि **त्रयस्त्रिंश देवताहरु** ...(४) **यामा देवताहरु** ...(५) **तुषित देवताहरु** ...(६) **निर्माणरति देवताहरु**...(७) **परनिर्मितवशवर्ति देवताहरु** दीर्घायु वर्णवान् र धेरै सुख हुने हुन्छन्। अनि उसलाई यस्तो लाग्छ– 'अहो ! मृत्युपछि म पनि त्रयस्त्रिंश देवताहरू...निर्माणरति देवताहरूसँग उत्पन्न हुन पाए हुन्थ्यो।' उसले त्यस चित्तलाई राख्छ त्यसैको अधिष्ठान गर्छ र...त्यसैमा उत्पन्न हुन्छ।...शीलवान्को चित्तप्रणिधि सफल हुन्छ।"

(८) आवुसो ! फेरि यहाँ कसैले...दान दिन्छ। उसले जो

Downloaded from http://dhamma.digital/

दिन्छ त्यसको प्रतीक्षा गर्छ। उसले सुनेको हुन्छ कि ब्रह्मकायिक देवताहरू दीर्घायु वर्णवान् र धेरै सुख हुने हुन्छन्। अनि उसलाई यस्तो लाग्छ– 'अहो ! मृत्युपछि म पनि ब्रह्मकायिक देवताहरूसँग उत्पन्न हुन पाए हुन्थ्यो ।' उसले त्यस चित्तलाई राख्छ त्यसैको अधिष्ठान गर्छ र ...त्यसैमा उत्पन्न हुन्छ। शीलवान् त्यस्तो हुन्छ दुश्शील हुन्न भनी म भन्दछु वीतरागी त्यस्तो हुन्छ सरागी होइन। वीतरागी भएकोले शीलवान्को चित्तप्रणिधि सफल हुन्छ।"

८– "**आठ परिषद्हरु**– क्षत्री परिषद्, ब्राह्मण परिषद्, गृहपति, श्रमण परिषद्, चातुर्महाराजिक परिषद्, चातुर्महाराजिक परिषद्, त्रयस्त्रिंश परिषद्, मार परिषद् र ब्रह्म परिषद् ।"

९– "**आठ लोकधर्महरु**– लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख र दुःख ।"

१०–"**आठ अभिभायतनहरु**– एक (भिक्षु) ले आफूमा (अज्झत्तं) रूपसंज्ञी भई बाहिरका राम्रा नराम्रा अल्परूपहरू देख्छ । 'तिनीहरू (= ती रूपहरू) लाई अभिभूत (= मर्दन) गरी जान्नसक्छु, देख्नसक्छु' भन्ने संज्ञी हुन्छ। यो पहिलो अभिभायतन हो ।"

(यहाँका बाँकी २ देखि ८ सम्मका कुराहरू लेखकको बु. प. भा– १, पृ. ४५० मा उल्लेख भएको हुँदा उहीं हेर्नू ।)

११– "**आठ विमोक्षहरु**– रूपमा रूप देख्छ। यो पहिलो विमोक्ष हो ।"

Downloaded from http://dhamma.digital/

(यहाँका बाँकी २ देखि ८ सम्मका कुराहरू लेखकको बु. प. भा– १, पृ. ४४८ मा अष्टविमोक्षको कुरामा हेर्नू ।)

"आवुसो ! ... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... बताउनु भएका आठवटा धर्महरू यही हुन् ।"

## नौवटा धर्महरु–

"आवुसो ! उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... नौवटा धर्महरू बताउनु भएको छ । ... कुन नौवटा धर्महरू ?"

१– **नौवटा आघात वस्तुहरु–** 'मेरो अनर्थ गर्‍यो' भनी आघात राख्छ ।'

(यहाँबाट उताको ९ सम्मका कुराहरू लेखकको बु. गृ. भा–२, पृ. ३६८ मा हेर्नू ।)

२– **नौवटा आघात प्रतिविनयहरु** (= आघात हटाउने)– (१) 'मेरो अनर्थ गर्‍यो त बदलामा मैले पनि अनर्थ गरेर के पाउनेछु र' भनी आघातलाई हटाउँछ ।' (२) 'मेरो अनर्थ गर्दैछ त बदलामा मैले पनि अनर्थ गरेर के पाउनेछु र' भनी आघातलाई हटाउँछ ।' (३) 'मेरो अनर्थ गर्नेछ त बदलामा मैले पनि अनर्थ गरेर के पाउनेछु र' भनी आघातलाई हटाउँछ ।' (४) 'मेरो प्रियमनाप हुनेको अनर्थ गर्‍यो त ... (५) अनर्थ गर्दैछ त ... (६) अनर्थ गर्नेछ त बदलामा मैले पनि अनर्थ गरेर के पाउनेछु र' भनी आघातलाई हटाउँछ । (७) 'मेरो अप्रि

Downloaded from http://dhamma.digital/

अमनाप हुनेको अर्थ गऱ्यो त ... (८) अर्थ गर्दैछ त ... (९) अर्थ गर्नेछ त किन मैले अनर्थ गर्ने र' भनी आघातलाई हटाउँछ।

३– "**नवसत्वावासहरु**– (१) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जसको नानाकाय र नानासंज्ञा हुन्छन्। जस्तै– मनुष्यहरू, कुनै कुनै देवताहरू तथा कुनै कुनै विनिपातिकहरू। यो पहिलो सत्वावास हो।"

"(२) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जसको नानात्वकाय र एकात्वसंज्ञा हुन्छन्। जस्तै– प्रथम उत्पन्न ब्रह्मकायिकहरू, कुनै कुनै देवताहरू तथा कुनै कुनै विनिपातिकहरू। यो पहिलो सत्वावास हो।"

"(३) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जसको एकात्वकाय र नानात्वसंज्ञा हुन्छन्। जस्तै– आभास्वर देवताहरू। यो तेस्रो सत्वावास हो।"

"(४) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जसको एकात्वकाय र एकात्वसंज्ञा हुन्छन्। जस्तै– शुभकृत्स्न देवताहरू। यो चौथो सत्वावास हो।"

"(५) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जसको संज्ञा हुँदैन र प्रतिवेदन पनि हुँदैन। जस्तै– असंज्ञासत्वहरू। यो पाँचौ सत्वावास हो।"

"(६) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जो सबै रूपसंज्ञालाई अतिक्रमण गरी प्रतिघसंज्ञालाई अस्तगमन गरी नानात्वकायसंज्ञालाई

Downloaded from http://dhamma.digital/

मनस्कार नगरी ‘अनन्त आकाश’ भनी आकाशानन्त्यायतनमा बस्ने। यो छैटौं सत्वावास हो।”

“(७) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जो सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रमण गरी ‘अनन्त विज्ञान’ भनी विज्ञानन्त्यायतनमा बस्ने। यो सातौं सत्वावास हो।”

“(८) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जो सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रमण गरी ‘केही छैन’ भनी आकिञ्चन्यायतनमा बस्ने। यो आठौं सत्वावास हो।”

“(९) आवुसो ! त्यस्ता प्राणीहरू पनि छन् जो सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रमण गरी नैवसंज्ञानासंज्ञायतनमा बस्ने। यो नवौं सत्वावास हो।”

४–“**ब्राह्मणचर्यवास गर्नको निमित्त नौवटा अक्षण** (= अयोग्य अवस्था) हरू– (१) आवुसो ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएको हुन्छ। उपसमनको निमित्त, परिनिर्वाणको निमित्त, सम्बोधिको निमित्त तथा सुगत प्रवेदित धर्म पनि देशना गरिएको हुन्छ। (तर त्यसबखत) यो पुरुष नरकमा उत्पन्न भएको हुन्छ। ब्रह्मचर्यवास गर्नको निमित्त यो पहिलो अक्षण (= अयोग्य अवस्था) समय हो।”

“(२) आवुसो ! फेरि यहाँ ... उत्पन्न भएको हुन्छ। उपसमको निमित्त ... धर्म पनि देशना गरिएको हुन्छ। (तर त्यसबखत)

Downloaded from http://dhamma.digital/

यो पुरुष तिर्यक्-योनिमा उत्पन्न भएको हुन्छ । ... यो दोस्रो अक्षण समय हो ।"

"(३) आवुसो ! ... प्रेत-योनिमा उत्पन्न भएको हुन्छ। ... यो तेस्रो अक्षण समय हो ।"

"(४) आवुसो ! फेरि... असुर-योनिमा उत्पन्न भएको हुन्छ। ... यो चौथो अक्षण समय हो ।"

"(५) आवुसो ! फेरि ... कुनै दीर्घायु देवयोनिमा उत्पन्न भएको हुन्छ। ... यो पाँचौ अक्षण समय हो ।"

"(६) आवुसो ! फेरि... प्रयत्न जनपदमा[1] (= मध्यदेशभन्दा बाहिर) अपण्डित म्लेच्छजातिमा उत्पन्न भएको हुन्छ । जहाँ भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको गति (= बसोबास) हुन्न। ... यो छैटौं अक्षण समय हो ।"

"(७) आवुसो ! फेरि ... मध्यदेशमा उत्पन्न भएको हुन्छ किन्तु 'दानको कुनै फल छैन, यज्ञको कुनै फल छैन, हवनको कुनै फल छैन, सुकृत्य दुष्कृत्य कर्मको कुनै फल छैन, यो लोक छैन, परलोक छैन, आमा छैन, बाबु छैन, औपपातिक प्राणीहरू छैनन्, लोकमा सम्यक् मार्गमा लागी जसले यस लोकलाई परलोकलाई स्वयं ज्ञान गरी भन्न सक्ने कुनै छैन' भन्ने विपरीत मिथ्यादृष्टि हुने हुन्छ।...यो सातौं अक्षण समय हो ।"

१. प्रत्यन्तजनपद कसलाई भन्दछन् भन्ने बारेमा लेखकको बु. वि. पृ. ९५ को पादटिप्पणीमा हेर्नू ।

Downloaded from http://dhamma.digital/

"(८) आवुसो ! फेरि ... मध्यदेशमा उत्पन्न भएको हुन्छ तर ऊ बाख्रा जस्तै लाटो दुष्प्रज्ञ हुन्छ र सुभाषित दुर्भाषितको अर्थ बुझ्न सक्तैन। ...यो आठौं अक्षण समय हो।"

"(९) आवुसो ! फेरि तथागत अरहत् सम्यक्सम्बुद्ध लोकमा उत्पन्न भएको हुन्छ तर उपसमको निमित्त, परिनिर्वाणको निमित्त, सम्बोधिको निमित्त तथा सुगत प्रतिवेदित धर्मदेशना गरिएको हुन्न। यो पुरुष भने मध्यदेशमा उत्पन्न भएको हुन्छ। ऊ बाख्रा जस्तै लाटो दुष्प्रज्ञ हुन्न, सुभाषित र दुर्भाषितको अर्थ बुझ्नसक्ने हुन्छ। ब्रह्मचर्यवासको निमित्त यो नवौं अक्षण (= अयोग्य) समय हो।"

५–"**नौ अनुपूर्व विहारहरु**– आवुसो ! यहाँ भिक्षु कामविषयबाट अलग भई अकुशलधर्मबाट अलग भई सवितर्क सविचार भएको विवेकज (= समाधिज) प्रीतिसुख युक्त प्रथमध्यान प्राप्तगरी बस्छ।...[1] संज्ञावेदयित निरोध (समापत्ति) प्राप्तगरी बस्छ।"

६–"**नौ अनुपूर्व निरोधहरु**– (१) प्रथमध्यानमा बस्नेको कामसंज्ञा निरुद्ध हुन्छ, (२) द्वितीयध्यानमा बस्नेको वितर्क विचार निरुद्ध हुन्छ, (३) तृतीयध्यानमा बस्नेको प्रीति निरुद्ध हुन्छ, (४) चतुर्थध्यानमा बस्नेको आश्वास प्रश्वास निरुद्ध हुन्छ, (५) आकाशानन्त्यायतन समाधिमा बस्नेको रूपसंज्ञा निरुद्ध हुन्छ, (६) विज्ञानन्त्यायतन समाधिमा

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा-१, पृ. ९ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

Downloaded from http://dhamma.digital/

बस्नेको आकाशानन्त्यायतन संज्ञा निरुद्ध हुन्छ, (७) आकिञ्चन्यायतन समाधिमा बस्नेको विज्ञानन्त्यायतन संज्ञा निरुद्ध हुन्छ, (८) नैवसंज्ञानासंज्ञायतन समाधिमा बस्नेको आकिञ्चन्यायतन संज्ञा निरुद्ध हुन्छ र (९) संज्ञावेदयित निरोध समाधिमा बस्नेको संज्ञा र वेदना निरुद्ध हुन्छ।

"आवुसो ! ... उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले...बताउनु भएका **नौवटा धर्महरु यही हुन्** ।"

## दशवटा धर्महरु–

"आवुसो ! उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले ... दशवटा धर्महरू बताउनु भएको छ। ... **कुन दशवटा धर्महरु** ?""

१– "**दश नाथकरण धर्महरु**– (१) आवुसो ! यहाँ भिक्षु शीलवान् प्रातिमोक्ष संयमी हुन्छ र आचार गोचर सम्पन्न शिक्षापदलाई समादान गरी अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ। आवुसो ! जो भिक्षु शीलसम्पन्न प्रातिमोक्ष संयमी भई आचार गोचर सम्पन्न शिक्षापदलाई समादान गरी अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ– यो पनि नाथकरण धर्म हो।"

"(२) आवुसो ! फेरि भिक्षु बहुश्रु, श्रुतधर र श्रुतसन्निचय हुन्छ। जुन यी आदिकल्याण, मध्यकल्याण, पर्यवसानकल्याण, सार्थक सब्यञ्जन केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्यको प्रकाश पार्छ त्यस्ता धर्म धेरै सुनेको हुन्छ, धारण गरेको हुन्छ, वचनमा परिचित हुन्छ, मनले

Downloaded from http://dhamma.digital/

देखेको हुन्छ, दृष्टिले सुप्रतिविद्ध गरेको हुन्छ। आवुसो ! जो भिक्षु बहुश्रुत हुन्छ– यो पनि नाथकरण धर्म हो।"

"(३) आवुसो ! फेरि भिक्षु कल्याणमित्र र कल्याण-सहायक हुन्छ। कल्याणमित्रतातिर लाग्छ। आवुसो ! जो भिक्षु कल्याणमित्र हुन्छ– यो पनि नाथकरण धर्म हो।"

"(४) आवुसो ! फेरि भिक्षु सुवची हुन्छ सुवचताधर्म सम्पन्न हुन्छ र अनुशासन प्रदक्षिणाग्राही हुन्छ। आवुसो ! जो भिक्षु सुवची हुन्छ– यो पनि नाथकरण धर्म हो।"

"(५) आवुसो ! फेरि भिक्षु सब्रह्मचारीप्रति जो साना वा ठूला कामहरू गर्नुपर्ने के कसरी गर्नुपर्छ भन्ने हुन्छ, ती कार्यहरूमा दक्ष हुन्छ, निरालसी हुन्छ, तिनीहरूमा उपाय कौशल हुन्छ र गर्न समर्थ हुन्छ। आवुसो ! जो भिक्षु सब्रह्मचारीप्रति...के कसरी गर्नुपर्छ भन्ने हुन्छ– यो पनि नाथकरण धर्म हो।"

"(६) आवुसो ! फेरि भिक्षु अभिधर्म, अभिविनयमा धर्मकामी हुन्छ, प्रियसमुदाहारी हुन्छ (= अरूले देशना गरेको धर्मलाई सम्मानपूर्वक सुन्छ र आफूले पनि उपदेश गर्न चाहन्छ) र बडो प्रसन्न हुन्छ। आवुसो ! जो भिक्षु...बडो प्रसन्न हुन्छ– यो पनि नाथकरण धर्म हो।"

"(७) आवुसो ! फेरि जुनसुकै चीवर पिण्डपात्र शयनासन ग्लानप्रत्ययद्वारा भिक्षु सन्तुष्ट हुन्छ। आवुसो ! जो भिक्षु...सन्तुष्ट हुन्छ– यो पनि नाथकरण धर्म हो।"

Downloaded from http://dhamma.digital/

"(८) आवुसो ! फेरि अकुशल धर्मलाई प्रहाण गर्नको निमित्त र कुशल धर्मलाई प्राप्त गर्नको निमित्त– आरब्ध वीर्यवान् भई बलवान् दृढपराक्रमी भई कुशलधर्महरूमा उत्साह नछोडने भिक्षु हुन्छ। आवुसो ! जो कुशलधर्महरूमा उत्साह नछोडने भिक्षु हुन्छ– यो पनि नाथकरण धर्म हो ।"

"(९) आवुसो ! फेरि भिक्षु स्मृतिवान् हुन्छ, अत्यन्त स्मृतिप्रज्ञाले युक्त हुन्छ र धेरै अघि गरेको र भनेको कुरालाई पनि स्मरण गर्ने हुन्छ। आवुसो ! जो भिक्षु...स्मृतिवान् हुन्छ– यो पनि नाथकरण धर्म हो ।"

"(१०) आवुसो ! फेरि भिक्षु प्रज्ञावान हुन्छ र उदय व्ययगामिनि प्रज्ञाले आर्यनिर्वेध भागीय सम्यक् दुःख क्षयगामिनी प्रज्ञाले युक्त हुन्छ। आवुसो ! जो भिक्षु...प्रज्ञावान् हुन्छ– यो पनि नाथकरण धर्म हो ।"

२– "**दश कसिणायतनहरु**– एक पुरुष माथि तल तेस्रो अद्वय र अप्रमाण पृथ्वीकसिण जान्दछ, आप्‌कसिण जान्दछ, तेजकसिण जान्दछ, वायुकसिण जान्दछ, नीलकसिण जान्दछ, पीतकसिण जान्दछ, लोहितकसिण जान्दछ, सेतोकसिण जान्दछ, आकाशकसिण जान्दछ र विज्ञानकसिण जान्दछ ।"

३– "**दश कसिणायतनहरु**– प्राणातिपात, अदिन्नादान, काममिथ्याचार, मृषावाद, पिशुनवाचा, परुषवाचा, सम्प्रलाप, अभिध्या, व्यापाद र मिथ्यादृष्टि ।"

Downloaded from http://dhamma.digital/

४– "**दश कुशल कर्मपथहरु**– प्राणातिपातबाट विरति, अदिन्नादानबाट विरति, काममिथ्याचारबाट विरति, मृषावादबाट विरति, पिशुनवाचाबाट विरति, परुषवाचाबाट विरति, सम्प्रलापबाट विरति, अनभिध्या, अब्यापाद र सम्यक्दृष्टि ।"

५– "**दश आर्यवासहरु**– (१) आवुसो ! यहाँ भिक्षु पाँच अङ्गले विप्रहीण हुन्छ, (२) छ अङ्गले युक्त हुन्छ, (३) एक रक्षा गर्ने हुन्छ, (४) चार अपश्रयण, (५) पणुन्न प्रत्येक सत्य (= विभिन्न मतको आग्रहलाई पूर्णतया त्यागने), (६) समवयसेट्ठसना (= राम्रोसँग खोजि हटेको), (७) अनाविलसंकल्प (= मलिन संकल्प नभएको), (८) कायसंस्कार प्रशब्ध भएको हुन्छ, (९) सुविमुक्त चित्त हुन्छ र (१०) सुविमुक्त प्राज्ञी हुन्छ ।"

"(१) आवुसो ! कसरी भिक्षु पाँच अङ्गले प्रहीण हुन्छ ? आवुसो ! यहाँ भिक्षुको कामच्छन्द प्रहीण भएको हुन्छ, ब्यापादच्छन्द प्रहीण भएको हुन्छ, थीनमिद्ध प्रहीण भएको हुन्छ, उद्धच्च कुक्कुच्च प्रहीण भएको हुन्छ र विचिकित्सा प्रहीण भएको हुन्छ। आवुसो ! यसरी भिक्षु पाँच अङ्गले प्रहीण हुन्छ। (२) कसरी भिक्षु छ अङ्गले युक्त हुन्छ ? आवुसो ! यहाँ भिक्षु चक्षुले रूप देखेर न सुमन हुन्छ न दुर्मन-स्मृति सम्प्रजन्य भई उपेक्षी भई बस्छ। श्रोतले शब्द सुनेर...मनले धर्म बुझेर न सुमन हुन्छ न दुर्मन-स्मृति सम्प्रजन्य भई उपेधी भई बस्छ। आवुसो ! यसरी भिक्षु छ अङ्गले युक्त हुन्छ। (३) आवुसो ! कसरी भिक्षु एक रक्षा गर्ने हुन्छ ? आवुसो ! यहाँ भिक्षु

Downloaded from http://dhamma.digital/

स्मृतिरक्षा भएको चित्तले युक्त हुन्छ। आवुसो ! यसरी यहाँ भिक्षु एक रक्षा गर्ने हुन्छ। (४) आवुसो ! कसरी भिक्षु चार अपश्रयण गर्छ ? आवुसो ! यहाँ भिक्षु विचार गरी एउटा सेवन गर्छ, विचार गरी एउटा स्वीकार्छ, विचार गरी एउटा हटाउँछ र विचार गरी एउटालाई अलग गर्छ। आवुसो ! यसरी भिक्षु चार अपश्रयण गर्छ। (५) आवुसो ! कसरी भिक्षु पणुन्न प्रत्येक सत्य हुन्छ ? आवुसो ! यहाँ भिक्षु जो त्यो पृथक् श्रमणब्राह्मणहरूको पृथक् सत्यहरू हुन् ती सबै व्यक्त गर्छ त्यसबाट मुक्त भएको हुन्छ। आवुसो ! यसरी भिक्षु पणुन्न प्रत्येक सत्य हुन्छ। (६) आवुसो ! कसरी भिक्षु समवयसट्ठेसना हुन्छ ? आवुसो ! यहाँ भिक्षुको कामविषयको खोजि हटेको हुन्छ, भवविषयको खोजि हटेको हुन्छ र ब्रह्मचर्यको खोजिबाट शान्त भएको हुन्छ। आवुसो ! यसरी भिक्षु समयसट्ठेसना हुन्छ। (७) आवुसो ! कसरी यहाँ भिक्षु अनाविलसंकल्पी हुन्छ ? आवुसो ! यहाँ भिक्षुको कामसंकल्प प्रहीण भएको हुन्छ, ब्यापादसंकल्प प्रहीण भएको हुन्छ र विहिंसासंकल्प प्रहीण भएको हुन्छ। आवुसो ! यसरी भिक्षु अनाविलसंकल्पी हुन्छ। (८) आवुसो ! कसरी भिक्षुको कायसंस्कार प्रशब्ध भएको हुन्छ ? आवुसो ! यहाँ भिक्षु सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य दौर्मनस्यको अन्त्य गरी सुखदुःख नभएको उपेक्षास्मृति परिशुद्ध भएको चतुर्थध्यानमा समाधिष्ठ हुन्छ। आवुसो ! यसरी भिक्षुको कायसंस्कार प्रशब्ध हुन्छ। (९) आवुसो ! कसरी भिक्षुको चित्त सुविमुक्त हुन्छ ? आवुसो ! यहाँ भिक्षुको चित्त रागबाट मुक्त हुन्छ, द्वेषबाट मुक्त हुन्छ र मोहबाट मुक्त हुन्छ। आवुसो ! यसरी भिक्षुको चित्त सुविमुक्त हुन्छ।

Downloaded from http://dhamma.digital/

(१०) आवुसो ! कसरी भिक्षु सुविमुक्त प्राज्ञी हुन्छ ? आवुसो ! यहाँ भिक्षु 'मेरो राग प्रहीण भइसक्यो जरो उखेलिसक्यो र ताल छेदन जस्तै अभाव प्राप्त भइसक्यो अब उप्रान्त उत्पन्न हुने छैन' भनी जान्दछ; 'मेरो द्वेष प्रहीण भइसक्यो...' भनी जान्दछ; 'मेरो मोह प्रहीण भइसक्यो...' भनी जान्दछ। आवुसो ! यसरी भिक्षु सुविमुक्तप्रज्ञी हुन्छ।"

६– "**दश अशैक्ष धर्महरु–** अशैक्ष सम्यक्दृष्टि, अशैक्ष सम्यक्संकल्प, अशैक्ष सम्यक्वाचा, अशैक्ष सम्यक्कमन्ति, अशैक्ष सम्यक्आजीव, अशैक्ष सम्यक्ब्यायाम, अशैक्ष सम्यक्स्मृति, अशैक्ष सम्यक्समाधि, अशैक्ष सम्यक्ज्ञान र अशैक्ष सम्यक्विमुक्ति।"

"आवुसो ! जान्नु भएका देख्नु भएका उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धले राम्ररी बताउनु भएका दश धर्महरू यी नै हुन्। त्यहाँ सबै मिलजुल भएर पढ्नुपर्छ (संगायना गर्नुपर्छ) विवाद गर्नुहुन्न। जस्तो गर्दा ब्रह्मचर्य (= धर्म) दीर्घकालसम्म चिरस्थायी हुन्छ त्यस्तो गर्नुपर्छ। जसद्वारा बहुजन हित बहुजन सुख लोकानुकम्पा तथा देवमनुष्यहरूको पनि हित सुख हुनेछ।"

अनि भगवान उठ्नुभई आयुष्मान् सारिपुत्रलाई सम्बोधन गर्नुभयो—

"साधु ! साधु ! सारिपुत्र ! सारिपुत्र ! तिमीलाई धन्यवाद छ जो कि तिमीले भिक्षुसङ्घलाई मेलमिलापको धर्मोपदेश गऱ्यौं।"

Downloaded from http://dhamma.digital/

आयुष्मान् सारिपुत्रले भन्नुभएकोमा शास्ता सहमत हुनुभयो । अनि सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे ।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल पालि—

## ८४।२९ मच्छिका सण्डमा

त्यसबखत आयुष्मान् सुधर्म मच्छिकासण्डमा चित्तगृहपतिको विहारमा आवासिक[१] नवकर्मिक[२] र ध्रुव भोजन गर्ने[३] भई बसेका थिए[४] ।

त्यसबखत चित्तगृहपतिले जब कुनै सङ्घलाई[५], गणलाई[६] वा व्यक्तिलाई निम्तो गर्न चाहन्थे तब आयुष्मान् सुधर्मसँग नसोधी कसैलाई पनि निम्तो गर्दैनथे ।

---

१. नित्यरूपले विहारमा बस्ने भिक्षुलाई 'आवासिक' भनिन्छ ।

२. नयाँ वा पुरानो बनाउने कामकाज हेर्नेलाई 'नवकर्मिक' भनिन्छ ।

३. नित्य भोजन एकै दाता कहाँबाट प्राप्त गर्ने ।

४. चुल्ल. व. पा. पृ. ३२ : पटिसारणीयकम्मं, कम्मक्खन्धकं ।

५. विनय पर्याय अनुसार चारजनादेखि माथिको समूहलाई 'सङ्घ' भनिन्छ ।

६. तीनजनासम्मलाई 'गण' भनिन्छ ।

Downloaded from http://dhamma.digital/

त्यस समय केही थेर भिक्षुहरू जस्तै– आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकात्यायन, आयुष्मान् महाकोट्ठिक, आयुष्मान् महाकप्पिन, आयुष्मान् महाचुन्द, आयुष्मान् अनरुद्ध, आयुष्मान् रेवत, आयुष्मान् उपालि, आयुष्मान् आनन्द तथा आयुष्मान् र ाहुल काशीमा चारिका गर्दै जहाँ मच्छिकासण्ड नगर हो त्यहाँ आइपुग्नु भयो ।

थेर भिक्षुहरू मच्छिकासण्ड नगरमा आइपुगे भन्ने खबर सुनी चित्त गृहपति जहाँ थेर भिक्षुहरू हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि थेर भिक्षुहरूलाई अभिवादन गरी एक छेउमा बसे । अनि आयुष्मान् सारिपुत्रले उनलाई धर्मकथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित समुत्तेजित तथा सम्प्रहर्षित गराउनु भयो ।

आयुष्मान् सारिपुत्रको धर्मकथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएपछि चित्त गृहपतिले थेर भिक्षुहरूसँग यस्तो प्रार्थना गरे– “भन्ते ! भोलिको निमित्त थेर भिक्षुहरूले मकहाँ आगन्तुक भोजन स्वीकार गर्नुहोस् !” थेर भिक्षुहरूले तूष्णिभावद्वारा स्वीकार गर्नुभयो ।

(यसपछिका कुराहरू लेखकको बु. गृ. भा-१, पृ. १७० मा हेर्नू ।)

X X X

Downloaded from http://dhamma.digital/

मूल पालि—

## ८५।३० प्रकाशनीयकर्म

त्यस समय भगवान राजा सहित विशाल परिषद्ले परिर्वत्त भई धर्मदेशना गर्दै बस्नु भएको थियो[1]। अनि उत्तरासँग एकांश गरी आसनबाट उठी देवदत्तले भगवानलाई नमस्कार गरी यस्तो भने– "भन्ते ! अहिले तपाई बूढो र जीर्ण भइसक्नु भयो, जन्मले जेठो भइसक्नु भयो, उमेर पुगी सक्नुभयो तथा तीनै बैंश बिताइसक्नु भयो । भन्ते ! अब तपाई अल्पोत्सुकी भई दृष्टधर्मसुख विहार गरी बस्नुहोस् मलाई भिक्षुसंघ जिम्मा दिनुहोस् । म भिक्षुसंघ परिहरण गर्नेछु ।"

"देवदत्त ! भइहाल्यो, भिक्षुसंघ परिहरण गर्ने इच्छा तिमी नगर ।"

दोस्रो पटक पनि ... तेस्रो पटक पनि देवदत्तले भगवानलाई यस्तो भने– "भन्ते ! अहिले तपाई बूढो र जीर्ण भइसक्नु भयो, ... तथा

---

१. चुल्ल. व. पा. पृ. २८८ : पकासनीयकम्मं, संघभेदक्खन्धकं, अ. क. III. पृ. १३६३.

Downloaded from http://dhamma.digital/

तीनै बैंश बिताइसक्नु भयो। भन्ते! अब तपाई अल्पोत्सुकी भई दृष्टधर्म-सुख विहार गरी बस्नुहोस् मलाई भिक्षुसंघ जिम्मा दिनुहोस्। म भिक्षुसंघ परिहरण गर्नेछु।"

"देवदत्त ! सारिपुत्र मौद्गल्यायनलाई पनि म भिक्षुसंघ जिम्मा लगाउने छैन भने तिमी जस्ता मृत (छंद) तथा थुक खाने (खेलासकस्स) को के कुरा !"

अनि राजा सहित परिषद्मा मलाई भगवानलाई 'थुक खाने' शब्दद्वारा अपमान गर्नुहुन्छ र सारिपुत्र मौद्गल्यायनकै तारीफ गर्नुहुन्छ भनी रिसाई असन्तुष्ट भई भगवानलाई अभिवादन तथा प्रदक्षिणा गरी देवदत्त फर्केर गए। यही नै देवदत्तको भगवान प्रति पहिलो आघात (= दोह) थियो।

अनि भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो! त्यसोभए संघले राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाशनीय कर्म (पकासनीयकम्मं) गर– 'अघि देवदत्तको प्रकृति अर्कै थियो। अहिले अर्कै प्रकृत्ति (= स्वभाव) छ। कायवचनद्वारा देवदत्तले जुन काम गर्नेछ त्यो देवदत्तकै हुनेछ– 'बुद्ध, धर्म तथा संघको हुने छैन; त्यो देवदत्तकै हुनेछ।' भिक्षुहरू यस्तो पनि गर्नुपर्छ। व्यक्त तथा समर्थ भिक्षुले संघलाई सूचित गर्नुपर्छ—

"भन्ते संघ ! मेरो कुरा सुन्नुहोस्। यदि संघ उचित ठान्दछ भने राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाशनीय कर्म गरियोस्– 'अघि देवदत्तको प्रकृति अर्कै थियो अहिले अर्कै प्रकृत्ति (= स्वभाव)

Downloaded from http://dhamma.digital/

छ। काय वचनद्वारा जुन काम देवदत्तले गर्नेछन् त्यो बुद्ध, धर्म तथा संघको हुनेछैन; त्यो देवदत्तकै हुनेछ।' यही प्रस्तावना (= ज्ञप्ति) हो।"

"भन्ते ! मेरो कुरा सुन्नुहोस्। संघले राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाशनीय कर्म गर्छ– 'अघि देवदत्तको प्रकृति अर्कै थियो। अहिले अर्कै प्रकृत्ति छ ......।' राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाशनीय कर्म गर्ने बारेमा जसलाई चित्त बुझ्छ उहाँ चुप रहनुहोस् जसलाई चित्त बुझ्दैन उहाँ बोल्नुहोस्।"

"राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाशनीय कर्म गर्ने कुरा स्वीकृत भयो– 'अघि देवदत्तको प्रकृति अर्कै थियो अहिले अर्कै प्रकृत्ति छ' संघलाई चित्त बुझ्छ त्यसैले चुप रहेको छ। यस्तो धारणा गर्छु।"

अनि भगवानले आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो– "सारिपुत्र ! त्यसोभए तिमीले राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाश गर।"

"भन्ते ! अघि मैले राजगृहमा देवदत्तको सम्बन्धमा वर्णन गरेको थिएँ– 'गोधिपुत्र (= देवदत्त) महर्द्धिक छन्, गोधिपुत्र महर्द्धिक छन्।' भन्ते ! मैले राजगृहमा कसरी देवदत्तको सम्बन्धमा प्रकाश गरुँ।"

"सारिपुत्र ! अघि राजगृहमा देवदत्तको बारेमा तिमीले सत्य कुरो नै वर्णन गऱ्यौ– 'गोधिपुत्र महर्द्धिक छन्, गोधिपुत्र महर्द्धिक छन्।' होइन त ?"

"हो, भन्ते !"

Downloaded from http://dhamma.digital/

"सारिपुत्र ! अहिले पनि त्यस्तै गरी तिमीले राजगृहमा देवदत्तको सम्बन्धमा सत्य कुरा प्रकाश गर ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् सारिपुत्रले भगवानलाई प्रत्युत्तर दिनुभयो ।

अनि भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो ! त्यसोभए राजगृहमा सारिपुत्रले देवदत्तको बारेमा प्रकाश पार्नेछन् भनी संघले सम्मत गर ।" भिक्षुहो ! यसरी सम्मत गर्नुपर्छ– पहिले सारिपुत्रसँग प्रार्थना गर्नुपर्छ अनि पछि व्यक्त तथा समर्थ भिक्षुले ज्ञापन गर्नुपर्छ—

"भन्ते संघ ! मेरो कुरा सुन्नुहोस् । यदि संघद्वारा उचित ठानिन्छ भने राजगृहमा देवदत्तको बारेमा प्रकाश पार्नको निमित्त आयुष्मान् सारिपुत्रलाई सम्मत गरियोस् । यो ज्ञप्ति (= प्रस्तावना) हो ।"

"भन्ते संघ ! मेरो कुरा सुन्नुहोस् । राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाश पार्ने बारेमा आयुष्मान् सारिपुत्रलाई संघले सम्मत गर्छ ... । आयुष्मान् सारिपुत्रलाई सम्मत गर्नुमा जसलाई चित्त बुझ्छ उहाँ चुप रहनुहोस् जसलाई चित्त बुझ्दैन उहाँ बोल्नुहोस् ।"

"राजगृहमा देवदत्तको बारेमा प्रकाश पार्नको निमित्त आयुष्मान् सारिपुत्रलाई संघले सम्मत गर्दछ ... । संघलाई चित्त बुझ्छ त्यसैले संघ चुप रहेको छ । यस्तो धारणा गर्छु ।"

Downloaded from http://dhamma.digital/

अनि धेरै भिक्षुहरू साथमा लिई राजगृह गई सम्मत पाउनु भएका आयुष्मान् सारिपुत्रले देवदत्तको बारेमा यसरी प्रकाश पार्नुभयो– 'अघि देवदत्तको अर्कै प्रवृत्ति (= स्वभाव) थियो। अहिले अर्कै प्रवृत्ति छ। काय वचनद्वारा जुन काम देवदत्तले गर्नेछन् त्यो देवदत्तकै हुनेछ बुद्ध, धर्म तथा संघको हुनेछैन; त्यो काम देवदत्तकै हुनेछ।' अनि जो त्यहाँ अश्रद्धालु अप्रसन्न भएका तथा दुर्बुद्धि मानिसहरू हुन् उनीहरूले यसो भन्नथाले– "यी श्रमणहरू देवदत्तको लाभसत्कार प्रति ईर्ष्या गर्छन्।" जो त्यहाँ श्रद्धासम्पन्न, पण्डित तथा बुद्धिमान् मानिसहरू हुन् तिमीहरूले यसो भन्नथाले– "जसरी भगवानले राजगृहमा देवदत्तको सम्बन्धमा प्रकाश पार्न लगाउनु भयो– यो कुनै स्यानो कुरा हो होइन होला!"

x x x

Downloaded from http://dhamma.digital/

मूल पालि—

## ८६।३१ देवदत्तको संघभेद

अनि उपोसथ दिनमा आसनबाट उठी देवदत्तले शलाक[1] लिन लगाए[2]– "आवुसो ! श्रमण गौतमकहाँ गएर हामीले पाँचवस्तु मागौं– 'भन्ते ! भगवान अनेकप्रकारले अल्पेच्छताको, सन्तुष्टिताको, सल्लेखताको (= शलवान्ताको), धुत गुणको, प्रासादिकताको, असंग्रहितताको तथा वीर्यारम्भताको वर्णवादी हुनुहुन्छ । भन्ते ! यी पाँच वस्तुहरूद्वारा अनेकप्रकारका अल्पेच्छतातिर...तथा वीर्यारम्भतातिर पुऱ्याउँछन् । भन्ते ! (१) भिक्षुहरू जीवनभर आरण्यिक भए बेश हुनेछ जो गाउँमा बस्छ उसलाई दोष लागोस्; (२) जीवनभर भिक्षाटन् गर्ने होस् जसले निम्तो स्वीकार्छ उसलाई दोष लागोस्; (३) जीवनभर पंसुकूलिक होस् जसले गृहस्थीले दिएको चीवर स्वीकार्छ उसलाई दोष

---

१. काठको टुक्रा । आजकलको भाषाले भन्ने हो भने भोट दिने कार्ड ।

२. चुल्ल. व. पा. पृ. ३०० सङ्घभेदकथा, सङ्घभेदक्खन्धकं ।

Downloaded from http://dhamma.digital/

लागोस्; (४) जीवनभर रुखमुनि बसोस् जो छाना भएको ठाउँमा (= घरमा) बस्छ उसलाई दोष लागोस्; (५) जीवनभर माछा मासु नखाओस् जसले माछा मासु खान्छ उसलाई दोष लागोस् ।' श्रमण गौतमले यी पाँच वस्तुहरूको स्वीकृति दिएनन् । हामी चाहिं यी पाँच वस्तुहरू पालन गरी बस्नेछौं । जसलाई यी पाँच वस्तुहरू पालन गर्न मन लाग्छ उसले शलाक ग्रहण गरोस् ।"

त्यसबखत केही नजान्ने पाँचशय वज्जिकपुत्रक नवक (= भरखरै प्रव्रजित भएका) भिक्षुहरू थिए । उनीहरूले "यही धर्म हो, यही विनय हो र यही शास्ताको धर्म हो" भन्दै शलाक ग्रहण गरे । अनि सङ्घभेद गरी पाँचशय जति भिक्षुहरू लिई देवदत्त जहाँ गयाशीर्ष पर्वत हो त्यहाँ गए । अनि सारिपुत्र मौद्गल्यायनहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवानलाई यस्तो भन्नुभयो– "भन्ते ! देवदत्तले सङ्घभेद गरी पाँचशय जति भिक्षुहरू लिएर जहाँ गयाशीर्ष पर्वत हो त्यहाँ गए ।"

"सारिपुत्र ! के तिमीलाई ती नवक भिक्षुहरू प्रति करुणा छैन ? सारिपुत्र ! ती भिक्षुहरू ब्यसनी हुनुभन्दा अगाडि नै तिमीहरू त्यहाँ जाओ ।"

"हवस्, भन्ते !" भनी भगवानलाई प्रत्युत्तर दिई आसनबाट उठी भगवानलाई अभिवादन तथा प्रदक्षिणा गरी सारिपुत्र मौद्गल्यायनहरू जहा गयाशीर्ष पर्वत हो त्यहाँ जानुभयो ।

Downloaded from http://dhamma.digital/

त्यसबखत कुनै एक भिक्षु भगवानको नजिक बसी रोइरहेका थिए। अनि भगवानले सो भिक्षुसँग सोध्नुभयो– “भिक्षु ! किन रोइरहेको ?”

“भन्ते ! जो भगवानका अग्रश्रावक सारिपुत्र मौद्गल्यायन हुनुहुन्छ उहाँहरू पनि देवदत्तको धर्म रुचाई त्यहाँ जानुभयो ।”

“भिक्षु ! सारिपुत्र मौद्गल्यायनहरूले देवदत्तको धर्म रुचाउने कुनै कारण छैन । अपितु उनीहरू भिक्षुहरूलाई सम्झाउनको निमित्त त्यहाँ गएका हुन् ।”

त्यस बखत देवदत्त विशाल परिषद्को अगाडि धर्मदेशना गरी बसिरहेका थिए । अनि सारिपुत्र मौद्गल्यायनहरू आइरहेको टाढैबाट देखे । अनि देवदत्तले भिक्षुहरूलाई आमन्त्रण गरे– “भिक्षुहो ! हेर ! मेरो धर्म कति स्वाख्यात छ ! जो ती श्रमण गौतमका अग्रश्रावक सारिपुत्र मौद्गल्यायनहरू हुन् उनीहरू पनि मेरो धर्म रुचाई मकहाँ आउँदैछन् ।” यस्तोभन्दा कोकालिकले देवदत्तलाई यस्तो भने– “आवुसो देवदत्त ! सारिपुत्र मौद्गल्यायनमाथि विश्वास नगर्नुहोस् । सारिपुत्र मौद्गल्यायनहरू खराब विचार भएका हुन् र खराब इच्छाको बशमा गएका हुन् ।”

“ठीक छ, आवुसो ! मेरो धर्म रुचाउने उनीहरूलाई स्वागत छ । अनि देवदत्तले आयुष्मान् सारिपुत्रलाई (आफू बसेको आसनको) आधा आसन दिएर निम्त्याए– “आवुसो सारिपुत्र ! आऊ, यहाँ बस ।”

“भइहाल्यो आवुसो !” भनी अर्को आसन लिई आयुष्मान् सारिपुत्र एक छेउमा बस्नुभयो । आयुष्मान् महामौद्गल्यायन पनि

Downloaded from http://dhamma.digital/

एक आसन लिई एक छेउमा बस्नुभयो । अनि देवदत्तले रातको धेरै बेरसम्म भिक्षुहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित तथा सम्प्रहर्षित पारी आयुष्मान् सारिपुत्रलाई भने—

"आवुसो सारिपुत्र ! भिक्षुसङ्घ निरालसी छ । आवुसो सारिपुत्र ! भिक्षुसङ्घलाई धार्मिक कथा सुनाउन बेश होला । मेरो पिठ्युं दुख्छ म आराम गर्छु ।"

"हुन्छ, आवुसो !" भनी आयुष्मान् सारिपुत्रले देवदत्तलाई प्रत्युत्तर दिनुभयो । अनि चारदोबर पटचाइएको चीवर बिछ्याई देवदत्त दाहिने-तिरबाट लेटे । थाकेका स्मृति नभएका तथा सम्प्रजन्यज्ञान नभएका देवदत्त क्षणभरमै निदाए ।

अनि आयुष्मान् सारिपुत्रले आदेशना प्रातिहार्य[1] अनुशासनीद्वारा भिक्षुहरूलाई धार्मिक कथाद्वारा अववाद अनुशासन गर्नुभयो । आयुष्मान् महामौद्गल्यायनले ऋद्धि-प्रातिहार्य[1] अनुशासनीद्वारा भिक्षुहरूलाई धार्मिक कथाद्वारा अववाद अनुशासन गर्नुभयो । अनि आयुष्मान् सारिपुत्रले आदेशना प्रातिहार्य अनुशासनीद्वारा र आयुष्मान् महामौद्गल्यायनले ऋद्धि-प्रातिहार्य अनुशासनीद्वारा अववाद अनुशासन गर्दा ती भिक्षुहरूलाई विरज वीतमल धर्मचक्षु प्राप्त भयो– 'जे जति समुदय धर्म हुन् ती सबै निरोध धर्म हुन्' भन्ने ज्ञान पनि भयो ।

---

१–१. आदेशना र ऋद्धि-प्रातिहार्य भन्ने कस्तो हो भन्ने कुरा जान्नको निमित्त लेखकको बु. गृ. भा-२, पृ. १६४ मा हेर्नू ।

Downloaded from http://dhamma.digital/

अनि आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– “आवुसो ! हामीहरू भगवानकहाँ जाऔं । जो भगवानको धर्म रुचाउँछ उनीहरू आओ ।” अनि सारिपुत्र मौद्गल्यायन ती पाँचशय भिक्षुहरू लिई जहाँ वेणुवन हो त्यहाँ जानुभयो । अनि कोकालिकले देवदत्तलाई उठाए– “आवुसो देवदत्त ! उठ, तिम्रा भिक्षुहरू सारिपुत्र मौद्गल्यायनले लगिसके । आवुसो देवदत्त ! तिमीलाई मैले ‘सारिपुत्र मौद्गल्यायनमाथि विश्वास नगर उनीहरू खराब इच्छाको बशमा छन्’ भनी भनेको होइन ?” अनि देवदत्तले उहीं तातो रगत मुखबाट वमन गरे ।

अनि सारिपुत्र मौद्गल्यायनले जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवानलाई यस्तो बिन्ति गर्नुभयो– “भन्ते ! भेद गर्नेहरूको पछिलाग्ने भिक्षुहरू फेरि उपसम्पदा भए बेश हुने थियो ।”

“भइहाल्यो सारिपुत्र ! भेद गर्नेहरूको पछिलाग्ने भिक्षुहरूलाई फेरि उपसम्पदा गर्ने इच्छा नगर । बरु सारिपुत्र ! भेद गर्नेहरूको पछि लाग्ने भिक्षुहरूलाई ठूल्लच्चय (= ठूलो दोषको) देशना गर्न लगाऊ[१] । सारिपुत्र ! देवदत्तले तिमीमाथि कस्तो ब्यवहार गरे त ?”

---

१. क्षमा माग्न लगाऊ भनिएको हो ।

Downloaded from http://dhamma.digital/

"भन्ते ! जस्तै भगवानले रातको धेरैबेरसम्म धार्मिक कथाद्वारा भिक्षुहरूलाई सन्दर्शित, समादपित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई 'सारिपुत्र ! भिक्षुसङ्घ निरालसी छ, सारिपुत्र ! भिक्षुसङ्घलाई धार्मिक कथा सुनाए बेश हुनेछ, मेरो पिठ्युँ दुख्छ, म आराम गर्नेछु' भनी मलाई भन्नुहुन्छ। भन्ते ! त्यस्तै ब्यवहार देवदत्तले मलाई गरे।"

अनि भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो ! अघि जंगलमा एक ठूलो सरोबर थियो। त्यसको आश्रय लिएर त्यहाँ हात्तीहरू बस्दथे। उनीहरू त्यो सरोबरमा पसी सूँढले पद्ममूलहरू (भिसमुलाल) उखेली राम्रोसँग पखाली हिलो सफा गरी खान्थे। यसबाट उनीहरू वर्णवान् तथा बलवान् हुन्थे। यसबाट उनीहरूको न मरण हुन्थ्यो न त मरण समान दुःख। भिक्षुहो ! हात्तीहरूको अनुकरण गर्ने तरुण हात्तीका टावाहरू त्यो सरोबरमा पसी सूँढले पद्ममूलहरू उखेली राम्रोसँग नपखाली राम्रोसँग हिलो सफा नगरी खान्थे। यसबाट उनीहरू न वर्णवान् हुन्थे न त बलवान्। बरु त्यसको कारणले गर्दा उनीहरूको मरण हुन्थ्यो र मरण समान दुःख पनि। भिक्षुहो ! यस्तै गरी मेरो अनुकरण गरी कृपण भई देवदत्त मर्ने छन्।"

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ८७।३२ सूचिमुखी परिब्राजिकाको प्रश्न

एक समय आयुष्मान् सारिपुत्र राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नुभएको थियो[1]।

अनि आयुष्मान् सारिपुत्र पूर्वान्ह समयमा चीवर पहिरी पात्र चीवर ग्रहण गरी भिक्षाटनार्थ राजगृहमा जानुभयो। राजगृहमा क्रमैसँग भिक्षाटन गरी सकेपछि एउटा भित्तामा अडेस लिई भिक्षा भोजन गर्दै हुनुहुन्थ्यो। अनि **सूचिमुखी** परिब्राजिका जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई यस्तो भनिन्—

"श्रमण ! किन तलतिर हेरेर खाँदैछौ ?"

"बहिनी ! तलतिर हेरेर खाएको छैन।"

"श्रमण ! त्यसोभए माथितिर हेरेर खाँदैछौ त ?"

---

१. सं. नि. II. पृ. ४५३ : सूचिमुखीसुत्तं, सारिपुत्तसंयुत्तं; अ. क. II. पृ. २५३.

Downloaded from http://dhamma.digital/

"बहिनी ! मैले माथितिर हेरेर पनि खाएको छैन ।"

"श्रमण ! त्यसोभए चारैदिशातिर हेरेर खाँदैछौ त ?"

"बहिनी ! चारैदिशातिर हेरेर पनि मैले खाएको छैन ।"

"श्रमण ! त्यसोभए विदिशातिर हेरेर खाँदैछौ त ?"

"बहिनी ! विदिशातिर हेरेर पनि मैले खाएको छैन ।"

(१) "श्रमण ! किन तलतिर हेरेर खाँदैछौ ?" भनी सोध्दा 'बहिनी तलतिर हेरेर मैले खाएको छैन' भनी भन्छौ । (२) 'श्रमण ! त्यसोभए माथितिर हेरेर खाँदैछौ त ?' भनी सोध्दा 'बहिनी माथितिर हेरेर पनि मैले खाएको छैन' भनी भन्छौ । (३) 'श्रमण ! त्यसोभए चारैदिशातिर हेरेर खाँदैछौ त ?' भनी सोध्दा 'बहिनी चारैदिशातिर हेरेर पनि मैले खाएको छैन' भनी भन्छौ । (४) 'श्रमण ! त्यसोभए विदिशातिर हेरेर खाँदैछौ त ?' भनी सोध्दा 'बहिनी विदिशातिर हेरेर पनि मैले खाएको छैन' भनी भन्छौ । श्रमण ! त्यसोभए कसरी खाँदैछौ त ?"

Dhamma.Digital

(१) "बहिनी ! जो श्रमण ब्राह्मणहरू– तिरश्चिनविदचा भनिने वस्तुविदचादि[१] मिथ्या जीवनद्वारा जीविका गर्छन्– त्यस्ता श्रमण ब्राह्मणहरूलाई– 'तलतिर हेरेर खाने' भनी भन्दछन् ।"

---

१. कुनै प्रकारका तरकारीहरू अथवा फल-फूलहरू उत्पादन गर्ने विदचालाई 'वस्तुविदचा' (Vegetation) भनी भन्दछन् । यस्ता विदचाद्वारा उपलब्ध भएको लाभ-सत्कार तथा धनद्वारा जीविका गर्नु– बुद्धधर्मको नीति अनुसार– श्रमण ब्राह्मणहरूका निम्ति मिथ्या-जीविका हुन जान्छ । सं. नि. अ. क. II. पृ. २५३.

Downloaded from http://dhamma.digital/

(२) "बहिनी ! जो श्रमण ब्राह्मणहरू– तिरश्चिनविदया भनिने नक्षत्रविदयादि[1] मिथ्या जीवनद्वारा जीविका गर्छन्– त्यस्ता श्रमण ब्राह्मणहरूलाई– 'माथितिर हेरेर खाने' भनी भन्दछन् । (३) "बहिनी ! जो श्रमण ब्राह्मणहरू– यता-उता जाने-आउने दूतेय्यादि मिथ्या जीवनद्वारा जीविका गर्छन्– त्यस्ता श्रमण ब्राह्मणहरूलाई– 'चारै-दिशातिर हेरेर खाने' भनी भन्दछन् । (४) "बहिनी ! जो श्रमण ब्राह्मणहरू– तिरश्चिनविदया भनिने अङ्गविदयादि[2] मिथ्या जीवनद्वारा जीविका गर्छन्– त्यस्ता श्रमण ब्राह्मणहरूलाई– 'विदिशातिर हेरेर खाने' भनी भन्दछन् ।"

---

१. नक्षत्र-विदया भन्नाले ज्योतिष-लक्षण शास्त्र आदि विदयालाई भनिएको हो । 'यस्तो लगन छ उस्तो लगन छ' भनी आदि कुराहरू बताई त्यसद्वारा उपलब्ध भएको लाभ-सत्कार तथा धनद्वारा जीविका गर्नु पनि बुद्धधर्मको नीति अनुसार श्रमण ब्राह्मणहरूका निमित्त मिथ्याजीविका हुन जान्छ । सं. नि. अ. क. II. पृ. २५३.

२. 'अङ्गविदया' भनी स्त्री वा पुरुषहरूको अङ्ग-प्रत्यङ्ग लक्षणादि हेर्नेलाई 'अङ्गविदया' भनी भनिन्छ । यस्ता लक्षणहरू हेरेर– 'यसो हुन्छ उस्तो हुन्छ' आदि भनी त्यसबाट उपलब्ध हुने लाभसत्कार तथा धनद्वारा जीविका गर्नु पनि बुद्धधर्मको नीति अनुसार श्रमण ब्राह्मणहरूको निमित्त मिथ्या जीविका हुन आउँछ । सं. नि. अ. क. II. पृ. २५३.

Downloaded from http://dhamma.digital/

"बहिनी ! त्यो म न तिरश्चीनविदया[1] भनिने वस्तुविदयादि मिथ्या जीवनद्वारा जीविका गर्छु न तिरश्चीनविदया भनिने नक्षत्रविदयादि मिथ्या जीवनद्वारा नै जीविका गर्छु; न त यताउता जाने आउने दूतेय्य कामद्वारा मिथ्या जीविका गर्छु न त तिरश्चीनविदया मानिने अङ्गविदयादि मिथ्या जीवनद्वारा नै जीविका गर्छु बरू धर्मतापूर्वक भिक्षा-भोजन खोज्छु (= भिक्षाटन् गर्छु) र धर्मतापूर्वक खोजी गरेको (= भिक्षाटन् गरेको) भिक्षा-भोजनद्वारा जीविका गर्छु।"

त्यसपछि **सूचिमुखी** परिब्राजिका राजगृहको सडक सडकमा र दोबाटो दोबाटोमा घुमी यस्तो भन्न थालिन्– "श्रमण शाक्यपुत्रीयहरू धर्मतापूर्वक आहार ग्रहण गर्छन् । श्रमण शाक्यपुत्रीयहरू निरवदय

---

१. बुद्धधर्मको नीति अनुसार तिरश्चीनविदया मिथ्या जीविका भनी के-केलाई र कस्ता कस्तालाई भन्दछन् भन्ने बारेमा दीर्घनिकायको (I) ब्रह्मजाल सूत्र पृ. १०, ११ तथा १२ मा सविस्तर उल्लेख भएको पाइन्छ। उसै ग्रन्थमा सामञ्ञफल सूत्र पृ. ५९, ६० तथा ६१ मा पनि पाइन्छ तथा उहीं नै महासीहनाद सूत्र पृ. १४६ मा पनि विस्तृत वर्णन भएको पाइन्छ। बु. ब्रा. I. पृ. २६० मा यसको केही अंश उल्लेख भइसकेको छ।

Downloaded from http://dhamma.digital/

(= दोषरहित) आहार ग्रहण गर्छन् । श्रमण शाक्यपुत्रीयहरूलाई भिक्षा-भोजन देओ[१] !"

X X X

Dhamma.Digital

१. परिव्राजिकाको कुरा सुनी पाँचशय परिवारहरू बुद्धमार्गी भएका थिए भनी सं. नि. अ. क. II. पृ. २५३ : सूचिमुखीसुत्तवण्णना, सारिपुत्तसंयुत्तले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ८८।३३ शिलास्तम्भको उपमा

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् चन्द्रिकापुत्र (चन्दिकापुत्तो) राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नुभएको थियो[1]।

(१) त्यहाँ आयुष्मान् चन्द्रिकापुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! देवदत्तले भिक्षुहरूलाई यसरी धर्मोपदेश गर्छन्– "आवुसो ! जब भिक्षुको **चित्तद्वारा चित्तपरि** हुन्छ तब सो भिक्षुलाई जन्म क्षीण भयो, ब्रह्मचर्य (= श्रेष्ठचर्या) पूराभयो र गर्नुपर्ने गरिसक्यो। अब उप्रान्त पुनर्भव छैन भनी भन्न योग्य छ' ।"

---

१. अ.. नि-९, पृ. ४३ : सिलायूपसुत्तं, अ. क. II. पृ. ८०८.

२. यहाँ 'चित्तद्वारा चित्तपरिचित हुन्छ' भनी भनेको मतलव भावनादि-द्वारा चित्तलाई अभिवृद्धि गर्ने हो भनी अं. नि. अ. क. II. पृ. ८०८ ले उल्लेख गरेको छ।

Downloaded from http://dhamma.digital/

यस्तो भन्नुहुँदा आयुष्मान् सारिपुत्रले आयुष्मान् चन्द्रिकापुत्रलाई यसो भन्नुभयो—

"आवुसो चन्द्रिकापुत्र ! देवदत्तले– 'आवुसो ! जब भिक्षुको **द्वारा चित्तपरिचित्त हुन्छ** तब सो भिक्षुलाई जन्म क्षीण भयो, ब्रह्मचर्य पूराभयो, गर्नुपर्ने गरिसक्यो भनी भन्न योग्यछ' भनी भिक्षुहरूलाई यसरी धर्मोपदेश गर्दैनन्। आवुसो चन्द्रिकापुत्र ! देवदत्तले यसरी धर्मोपदेश गर्छन्– 'आवुसो ! जब भिक्षुको **चित्तद्वारा चित्त सुपरिचित**[१] हुन्छ तब सो भिक्षुलाई जन्म क्षीण भयो, ब्रह्मचर्य पूराभयो, गर्नुपर्ने गरिसक्यो । अब उप्रान्त पुनर्भव छैन भनी भन्न योग्य छ' ।"

(२) दोस्रो पटक पनि आयुष्मान् चन्द्रिकापुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! देवदत्तले भिक्षुहरूलाई यसरी धर्मोपदेश गर्छन्– "आवुसो ! जब भिक्षुको **चित्तद्वारा चित्त परिचित हुन्छ** तब सो भिक्षुलाई जन्म क्षीण भयो,...अब उप्रान्त पुनर्भव छैन भनी भन्न योग्य छ' ।"

दोस्रो पटक पनि आयुष्मान् सारिपुत्रले आयुष्मान् चन्द्रिकापुत्रलाई यसो भन्नुभयो—

---

२. यहाँ 'चित्तद्वारा चित्त सुपरिचित हुन्छ' भनी ध्यानादिद्वारा जहाँसम्म चित्तलाई पुऱ्याउनु पर्ने हो त्यहाँसम्म पुऱ्याउनुलाई भनिएको हो । भनी अं. नि. अ. क. II. पृ. ८०८ ले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

"आवुसो चन्द्रिकापुत्र ! देवदत्तले– 'आवुसो ! जब भिक्षुको चित्त-द्वारा चित्त परिचित्त हुन्छ तब सो भिक्षुलाई जन्म क्षीण भयो,...भनी भिक्षुहरूलाई यसरी धर्मोपदेश गर्दैनन् । आवुसो चन्द्रिकापुत्र ! देवदत्तले यसरी धर्मोपदेश गर्छन्– 'आवुसो ! जब भिक्षुको चित्तद्वारा **चित्त सुपरिचित हुन्छ** तब सो भिक्षुलाई जन्म क्षीण भयो,...भनी भन्न योग्य छ' ।"

(३) तेस्रो पटक पनि आयुष्मान् चन्द्रिकापुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! देवदत्तले भिक्षुहरूलाई यसरी धर्मोपदेश गर्छन्– "आवुसो ! जब भिक्षुको **चित्तद्वारा चित्त परिचित हुन्छ** तब सो भिक्षुलाई जन्म क्षीण भयो,...भनी भन्न योग्य छ' ।"

तेस्रो पटक पनि आयुष्मान् सारिपुत्रले आयुष्मान् चन्द्रिकापुत्रलाई यसो भन्नुभयो—

"आवुसो चन्द्रिकापुत्र ! देवदत्तले– 'आवुसो ! जब भिक्षुको **चित्त-द्वारा चित्त परिचित्त हुन्छ** तब सो भिक्षुलाई जन्म क्षीण भयो,...भनी भिक्षुहरूलाई यसरी धर्मोपदेश गर्दैनन् । आवुसो चन्द्रिकापुत्र ! देवदत्तले यसरी धर्मोपदेश गर्छन्– 'आवुसो ! जब भिक्षुको चित्तद्वारा चित्त सुपरिचित हुन्छ तब सो भिक्षुलाई जन्म क्षीण भयो,...भन्न योग्य छ' ।"

"आवुसो ! **कसरी भिक्षुको चित्तद्वारा चित्त सुपरिचित**

Downloaded from http://dhamma.digital/

**हुन्छ भने**– (१) 'मेरो चित्त राग रहित छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ; (२) 'मेरो चित्त द्वेष रहित छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ; (३) 'मेरो चित्त मोह रहित छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ; (४) 'मेरो चित्त अराग स्वभावको छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ; (५) 'मेरो चित्त अद्वेष स्वभावको छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ; (६) 'मेरो चित्त अमोह स्वभावको छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ; (७) 'मेरो चित्त कामभवबाट अनावृत्त छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ; (८) 'मेरो चित्त रूप-भवबाट अनावृत्त छ' भनी चित्त-द्वारा चित्त सुपरिचित हुन्छ; (९) 'मेरो चित्त अरूप-भवबाट अनावृत्त छ' भनी चित्तद्वारा चित्त सुपरिचित हुन्छ।"

"आवुसो ! यसरी सम्यक्रूपले चित्त विमुक्ति हुने भिक्षुको चक्षुपथमा जतिसुकै चक्षुविज्ञेय रूपहरू आएता पनि उसको चित्त विचलित हुन्न, उसमा मिश्रित हुन्न र बरू आनेञ्ज[1] (= अचल) प्राप्त गरी स्थिर नै रहन्छ र अनित्यतालाई नै हेर्छ।"

---

१. 'आनेञ्ज' को शब्दार्थ हो– अचल, अकम्प्य तथा निश्चल आदि। यसको विषद अर्थ उल्लेख गर्दै पटि. म. पा. पृ. ४६८ : 'इद्धिया सोलस मूलानि' शीर्षकमा यसरी समुल्लेख भएको छ—

"अनोनतं चित्तं कोसज्जे न इञ्जतीति आनेञ्जं। अनुन्नतं चित्तं उद्धच्चे न इञ्जतीति आनेञ्जं।...अनिस्सित चित्तं दिट्ठिया न इञ्जतीति आनेञ्जं। अप्पटिबद्धचित्तं छन्दरागेन न इञ्जतीति

Downloaded from http://dhamma.digital/

"आवुसो ! जस्तै सोह्रहात लंबाइ भएको **शिलास्तम्भ** आठहात जमीनमुनि गाडिएको र आठहात मात्र जमिनमाथि रहेको हुन्छ। अनि पूर्वदिशाबाट खूब ठूलो हावा-पानी आउँछ तर त्यसले त्यो (स्तम्भ) न चल्छ र न हल्लिन्छ; पश्चिमदिशाबाट पनि...उत्तरदिशाबाट पनि... दक्षिणदिशाबाट पनि खूब ठूलो हावा-पानी आउँछ तर त्यसले त्यो (स्तम्भ) न चल्छ र न हल्लिन्छ। किनभने– आवुसो ! त्यो शिलास्तम्भलाई राम्ररी गहिरो पारी खाडलभित्र गाडिएको हुँदा । आवुसो ! त्यस्तैगरी सम्यक्‌रूपले विमुक्त चित्त हुने भिक्षुको चक्षुपथमा जतिसुकै चक्षुविज्ञेय रूपहरू आएता पनि उसको चित्त विचलित हुन्न र उसमा मिश्रित हुन्न । बरू आनेञ्ज प्राप्त गरी स्थिर नै रहन्छ र अनित्यतालाई नै हेर्छ। जतिसुकै श्रोतविज्ञेय शब्दहरू...जतिसुकै घ्राणविज्ञेय गन्धहरू...

---

आनेञ्जं । विप्पमुत्त चित्तं कामरागे न इञ्जतीति आनेञ्जं ।...सतिया परिग्गहितं चित्तं पमादे न इञ्जतीति आनेञ्जं ।...ओभासगतं चित्तं अविज्जान्धकारे न इञ्जतीति आनेञ्जं ।" आदि । अर्थात्– अनोनत चित्त आलस्यतामा नजाने भएकोले आनेञ्जं। अनुन्नत चित्तं चंचलतामा नजाने भएकोले आनेञ्जं ।...अनिश्रितचित्त दृष्टिमा नजाने भएकोले आनेञ्जं । अप्रतिबद्ध चित्त छन्दरागमा नजाने भएकोले आनेञ्जं । विप्रमुक्त चित्त कामरागमा नजाने भएकोले आनेञ्जं ।...स्मृतिमा रहेको चित्त प्रमादमा नजाने भएकोले आनेञ्जं । आभाषमा रहेको चित्त अविदयान्धकारमा नजाने भएकोले आनेञ्जं आदि भनिएको हो ।

Downloaded from http://dhamma.digital/

जतिसुकै जिह्वाविज्ञेय रसहरू...जतिसुकै कायविज्ञेय स्पर्शहरू...जतिसुकै मनोविज्ञेय धर्महरू चित्तपथमा आएता पनि उसको चित्त विचलित हुन्न र उसमा मिश्रित हुन्न । बरू आनेञ्ज प्राप्त गरी स्थिर नै रहन्छ र अनित्यतालाई नै हेर्छ ।”

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ८९।३४ निर्वाणसुख

एक समय आयुष्मान् सारिपुत्र राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नुभएको थियो[1]।

### लालुदायीको प्रश्न

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! यो निर्वाण सुख हो। आवुसो ! यो निर्वाण सुख हो।"

यस्तो भन्नुहुँदा आयुष्मान् उदायी (लालु) ले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र ! **के सुख हो नि जहा कुनै वेदना नै छैन** ?"

---

१. अं. नि-९, पृ. ५४ : निब्बानसुखसुत्तं, अ. क. II. पृ. ८१०.

Downloaded from http://dhamma.digital/

"आवुसो ! यही नै सुख हो जहाँ कुनै वेदना नै हुन्न । आवुसो ! यी पाँच कामगुणहरू हुन् । कुन पाँच भने– (१) चक्षुविज्ञेय (=चक्षुद्वारा जानिने) इष्ट, कान्त, मनाप (= मनलाग्ने), प्रियकर, कामूपसंहित (= राग उत्पन्न गर्ने) तथा रजनीय (= चित्तरञ्जित पार्ने) रूपहरू छन्; (२) श्रोतविज्ञेय इष्ट, कान्त, ... तथा रजनीय शब्दहरू छन्; (३) घ्राणविज्ञेय इष्ट,कान्त, ... तथा रजनीय गन्धहरू छन्; (४) जिह्वाविज्ञेय इष्ट, कान्त, ... तथा रजनीय रसहरू छन्; (५) कायविज्ञेय इष्ट, कान्त, ... तथा रजनीय स्पर्शहरू छन् । आवुसो ! यी नै पाँच कामगुणहरू हुन् । आवुसो ! यी पाँच कामगुणहरूको कारणबाट जुन सुख र सौमनस्य उत्पन्न हुन्छ । आवुसो ! **यसैलाई कामसुख भन्दछन् ।**"

१– "आवुसो ! यहाँ भिक्षु कामविषयबाट र अकुशल विषयबाट अलग भई[1] ... प्रथमध्यान[2] प्राप्त गरी बस्छ । आवुसो ! यस विहारमा

---

१. यहाँका बाँकी कुराहरू बु. प. I. पृ. ६६, बु. गृ. I. १८३, तथा बु. ब्रा. I. पृ. १३२ मा उल्लेख भए बमोजिम दोहऱ्याई पढ्नू ।

२. प्रथमध्यान गर्नेहरू तीन थरी छन् । मृदुरूपले प्रथमध्यान गर्ने, मध्यमरूपले प्रथमध्यान गर्ने तथा उत्तमरूपले प्रथमध्यान गर्ने । यसमध्ये मृदुरूपले प्रथमध्यान गर्नेहरू 'ब्रह्मपारिसदय' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यसलोकको आयुप्रमाण एक कल्पको तृतौयांश भाग हुन्छ । मध्यमरूपले प्रथमध्यान गर्नेहरू 'ब्रह्मपुरोहित' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लोकको आयुप्रमाण आधा कल्प हुन्छ । उत्तमरूपले प्रथमध्यान गर्नेहरू 'महाब्रह्मा' भन्ने

Downloaded from http://dhamma.digital/

(= ध्यानमा) विहार गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा कामनिश्चित संज्ञाहरू उत्पन्न हुन्छन् भने– त्यो उसको लाग बाधा हुन्छ। आवुसो ! जस्तै सुख हुनेलाई दुःख उत्पन्न हुँदा बाधा हुन्छ त्यस्तै कामनिश्चित संज्ञाहरू चित्तपथमा उत्पन्न हुँदा उसलाई बाधा हुन्छ। आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ। आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ।**"

२– "आवुसो ! फेरि भिक्षु वितर्क विचारलाई शान्त गरी[1] ... द्वितीयध्यान[2] प्राप्त गरी बस्छ। आवुसो ! यस विहारमा विहार

---

रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लोकको आयुप्रमाण एक कल्प हुन्छ.। विभं. पा. पृ. ५०६ : धम्महदयविभङ्ग, अ. क. पृ. ३७०.

१. यहाँका बाँकी कुराहरू बु. प. I. पृ. ६७, बु. गृ. I. पृ. १८३ तथा बु. ब्रा. I. पृ. १३२ मा उल्लेख भए बमोजिम दोहऱ्याई पढ्नू।

२. द्वितीयध्यान गर्नेहरू पनि तीन प्रकारका छन्। मृदुरूपले, मध्यमरूपले तथा उत्तमरूपले। यसमध्ये मृदुरूपले द्वितीयध्यान गर्नेहरू 'परित्ताभा' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लोकको आयुप्रमाण दुइ कल्प हुन्छ। मध्यमरूपले द्वितीयध्यान गर्नेहरू 'अप्रमाणाभा' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लोकको आयुप्रमाण चार कल्प हुन्छ। उत्तमरूपले द्वितीयध्यान गर्नेहरू 'आभाश्वर' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लाकको आयुप्रमाण आठ कल्प हुन्छ। विभं पा. पृ. ५०७ : धम्महदयविभङ्ग, अ. क. पृ. ३७०.

Downloaded from http://dhamma.digital/

गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा **विदेकनिश्चित संज्ञाहरु** उत्पन्न हुन्छन् भने– त्यो उसको लागि बाधा हुन्छ। आवुसो ! जस्तै सुख हुनेलाई दुःख उत्पन्न हुँदा बाधा हुन्छ त्यस्तै वितर्कनिश्चित संज्ञाहरू चित्तपथमा उत्पन्न हुँदा उसलाई बाधा हुन्छ । आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ। आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ।**"

३– "आवुसो ! फेरि भिक्षु प्रीतिलाई पनि त्यागी[1] ... तृतीयध्यान[2] प्राप्त गरी बस्छ। आवुसो ! यस विहारमा विहार गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा **प्रीतिनिश्चित संज्ञाहरु** उत्पन्न हुन्छन् भने– त्यो उसको लागि बाधा हुन्छ। आवुसो ! जस्तै सुख हुनेलाई

---

१. यहाँका बाँकी कुराहरू बु. प. I. पृ. ६७, बु. ब्रा. भा–१, पृ. १३२, बु. गृ. भा–१, पृ. १८४ तथा बु. प. भा-१, पृ. ६७ मा उल्लेख भए बमोजिम दोहऱ्याई पढ्नू ।

२. तृतीयध्यान गर्नेहरू पनि तीन प्रकारका छन्। मृदुरूपले, मध्यमरूपले तथा उत्तमरूपले। यसमध्ये मृदुरूपले तृतीयध्यान गर्नेहरू 'परित्तशुभ' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लोकको आयुप्रमाण सोह्र कल्प हुन्छ। मध्यमरूपले तृतीयध्यान गर्नेहरू 'अप्रमाण शुभा' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लोकको आयुप्रमाण बत्तीस कल्प हुन्छ। उत्तमरूपले तृतीयध्यान गर्नेहरू 'शुभकीर्णा' भन्ने रूपलोकमा उत्पन्न हुन्छन् र त्यस लोकको आयुप्रमाण चौसट्ठी कल्प हुन्छ। विभं. पा. पृ. ५०७ : धम्महदयविभङ्ग, अ. क. पृ. ३७०.

Downloaded from http://dhamma.digital/

दुःख उत्पन्न हुँदा बाधा हुन्छ त्यस्तै प्रीतिनिश्चित संज्ञाहरू चित्तपथमा उत्पन्न हुँदा उसलाई बाधा हुन्छ । आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ। आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ।"**

४– "आवुसो ! फेरि भिक्षु सौमनस्य र दौर्मनस्यलाई पहिले नै अन्त गरी[1] ... चतुर्थध्यान[2] प्राप्त गरी बस्छ। आवुसो ! यस विहारमा विहार गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा उपेक्षानिश्चित संज्ञाहरू उत्पन्न हुन्छन् भने– त्यो उसको लागि बाधा हुन्छ। आवुसो ! जस्तै सुख हुनेलाई दुःख उत्पन्न हुँदा बाधा हुन्छ त्यस्तै **उपेक्षानिश्चित संज्ञाहरु** चित्तपथमा उत्पन्न हुँदा उसलाई बाधा हुन्छ। आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ। आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ।"**

---

१. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा-१, पृ. १३२, बु. गृ. भा–१, पृ. १८४, तथा बु. प. भा–१, पृ. ६७ मा उल्लेख भए बमोजिम दोहऱ्याई पढ्नू ।

२. चतुर्थध्यान गर्नेहरूको प्रभेद– (१) आरम्मण नानात्वको कारणले, (२) मनसिकार नानात्वको कारणले, (३) छन्द नानात्वको कारणले, (४) प्रणिधान नानात्वको कारणले, (५) अधिमोक्ष नानात्वको कारणले, (६) अभिनीहार नानात्वको कारणले तथा (७) प्रज्ञा नानात्वको कारणले हुन्छन् । यस अनुसार चतुर्थध्यान लाभीहरूमध्ये केही 'असंज्ञत्व' भन्ने रूपलोकमा, केही 'वृहत्फल' भन्ने रूपलोकमा, केही 'अविहा' भन्ने रूपलोकमा केही 'अतिप्ता'

Downloaded from http://dhamma.digital/

५– "आवुसो ! फेरि भिक्षु सर्वतो रूपसंज्ञालाई अतिक्रम गरी[1] ... आकाशानन्त्यायतन[2] (समाधि) प्राप्त गरी बस्छ। आवुसो ! यस विहारमा (समाधिमा) विहार गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा **रुपनिश्चित संज्ञाहरु** उत्पन्न हुन्छन् भने– त्यो उसको लागि बाधा हुन्छ। आवुसो ! जस्तै सुख हुनेलाई दुःख उत्पन्न हुँदा

---

भन्ने रूपलोकमा, केही 'सुदर्शी' भन्ने रूपलोकमा, केही 'सुदर्शी' भन्ने रूपलोकमा तथा केही 'अकणिष्ठ' भन्ने रूपलोकमा उत्पन्न हुन्छन्। अज केही अरूपलोकमा पुग्न सक्ने ध्यानमा पनि पुग्छन् । उपरोक्त सात रूपलोकहरूको आयुप्रमाण यसप्रकार छ–

" 'असंज्ञसत्व र वृहत्फल' रूपलोकको आयुप्रमाण पाँचशय कल्प; 'अविहा' रूपलोकको आयुप्रमाण हजार कल्प; 'अतप्ता' रूपलोकको आयुप्रमाण दुइ हजार कल्प; 'सुदर्शी' रूपलोकको आयुप्रमाण चार हजार कल्प; 'सुदर्शी' रूपलोकको आयुप्रमाण आठ हजार कल्प; 'अकणिष्ठ' रूपलोकको आयुप्रमाण सोह्र हजार कल्पहरू हुन्छ ।'" विभं. पा. पृ. ५०७-८ : धम्महदयविभङ्ग, अ. क. पृ. ३७०.

१. यहाँका बाँकी कुराहरू बु. प. भा-१, पृ. ६८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यस ध्यानको प्रभावले 'आकाशानन्त्यायतन' अरूपलोकमा उत्पन्न हुन्छ र त्यहाँको आयुप्रमाण बीस हजार कल्पहरू हुन्छ। विभं. पा. पृ. ३०८ : धम्महदयविभङ्ग ।

Downloaded from http://dhamma.digital/

बाधा हुन्छ त्यस्तै संज्ञाहरू चित्तपथमा उत्पन्न हुँदा उसलाई बाधा हुन्छ । आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ । आवुसो ! यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ ।"

६– "आवुसो ! फेरि भिक्षु सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रम गरी[1] ... विज्ञाननन्त्यायतन[2] (समाधि) प्राप्त गरी बस्छ । आवुसो ! यस विहारमा विहार गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा **आकाशानन्त्य( निश्चित संज्ञाहरु** उत्पन्न हुन्छन् भने– त्यो उसको लागि बाधा हुन्छ । आवुसो ! जस्तै सुख हुनेलाई दुःख उत्पन्न हुँदा बाधा हुन्छ त्यस्तै विज्ञानन्त्यायतन निश्चित संज्ञाहरू चित्तपथमा उत्पन्न हुँदा उसलाई बाधा हुन्छ । आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ । आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो जान्नुपर्छ ।**"

६– "आवुसो ! फेरि भिक्षु सर्वतो रूपसंज्ञालाई अतिक्रम

---

१. यहाँका बाँकी कुराहरू बु. प. भा–१, पृ. ६८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यस ध्यानको प्रभावले 'विज्ञानन्त्यायतन' अरूपलोकमा उत्पन्न हुन्छ र त्यहाँको आयुप्रमाण चालीसहजार कल्प हुन्छ । विभं. पा. पृ. ५०८: धम्महदयविभङ्ग ।

Downloaded from http://dhamma.digital/

गरी,[1] ... आकाशानन्त्यायतन[2] (समाधि) प्राप्त गरी बस्छ। आवुसो ! यस विहारमा विहार गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा **विज्ञानन्त्यायतन निश्चित संज्ञाहरु** उत्पन्न हुन्छन् भने– त्यो उसको लागि बाधा हुन्छ। आवुसो ! जस्तै सुख हुनेलाई दुःख उत्पन्न हुँदा बाधा हुन्छ त्यस्तै विज्ञानन्त्यायतन निश्चित संज्ञाहरू चित्तपथमा उत्पन्न हुँदा उसलाई बाधा हुन्छ । आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ। आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ ।**"

**८–** "आवुसो ! फेरि भिक्षु सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रम गरी,[3] ... नैवसंज्ञानासंज्ञायतन[4] (समाधि) प्राप्त गरी बस्छ। आवुसो !

---

१. यहाँका कुराहरू बु. प. भा-१, पृ. ६९ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यस ध्यानको प्रभावले 'आकिञ्चन्यायतन' अरूपलोकमा उत्पन्न हुन्छ र त्यहाँको आयुप्रमाण साठी हजार कल्प हुन्छ। विभं. पा. पृ. ५०८ : धम्महदयविभङ्ग ।

३. यहाँका बाँकी कुराहरू बु. प. भा-१, पृ. ६९ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

४. यस ध्यानको प्रभावले 'नैवसंज्ञानासंज्ञायतन' अरूपलोकमा उत्पन्न हुन्छ र त्यहाँको आयुप्रमाण चौरासी हजार कल्प हुन्छ। विभं. पा. पृ. ५०८ : धम्महदयविभङ्ग ।

पुण्यको प्रभावद्वारा अथवा ध्यानको प्रभावद्वारा कामलोक,

Downloaded from http://dhamma.digital/

यस विहारमा विहार गरिरहँदा यदि त्यस भिक्षुको चित्तपथमा **आकिञ्चन्यायतन निश्चित संज्ञाहरु** उत्पन्न हुन्छन् भने– त्यो उसको लागि बाधा हुन्छ। आवुसो ! जस्तै सुख हुनेलाई दुःख उत्पन्न हुँदा बाधा हुन्छ त्यस्तै आकिञ्चन्यायतन निश्चित संज्ञाहरू चित्तपथमा उत्पन्न हुँदा बाधा हुन्छ । आवुसो ! जो बाधा हो त्यसलाई भगवानले दुःख नै भन्नुभएको छ । आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ ।**"

९– "आवुसो ! फेरि भिक्षु सर्वतो नैवसंज्ञानासंज्ञायतनलाई अतिक्रम गरी संज्ञावेदियत निरोध (= संज्ञा र वेदना दुबै निरोध भएको[1] समाधि) लाई प्राप्त गरी बस्छ; प्रज्ञाद्वारा हेरी (उसको)

---

रूपलोक तथा अरूपलोकादि जस्तोसुकै अग्रलोकमा उत्पन्नमा भएता पनि पुण्यको प्रभाव सकिए पछि तथा आयुसंस्कार सकिएपछि पुनः तल नै खस्छ । कुनै पनि लोक नित्य सुख छैन । त्यसैले विभङ्गपालिमा उल्लेख गरेको हो–

"उक्खित्ता पुञ्ञतेजेन, कामरूपगतिं गता ।
भवग्गं पि सम्पत्ता, पुनागच्छन्ति दुग्गति ॥
ताव दीघायुका सत्ता, चवन्ति आयुसङ्खया ।
नत्थि कोचि भवो निच्चो, इतिवुत्तं महेसिना ॥"

विभं. पा. पृ. ५०९.

१. 'सञ्ञाय वेदनाय च निरोधं' पटि. म. अ. क. पृ. २१७.

Downloaded from http://dhamma.digital/

आस्रवहरू पनि परिक्षीण हुन्छन्। आवुसो ! **यस कारणले पनि निर्वाण सुख नै हो भनी जान्नुपर्छ**[1] ।"

x x x

१. यस सूत्रका कुराहरू सरलरूपले बुझ्नको निमित्त लेखकको बु. गृ. भा-१, पृ. ९ मा उल्लिखित 'अनुपूर्वविहार' शीर्षक अन्तर्गत हेर्नू सहायक सिद्ध हुने छ।

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९०|३५ यक्षप्रहार

यस्तो मैले सुनें[1] ।

एक समय भगवान राजगृहस्थित वेणुवनको कलन्दक निवापमा विहार गर्नु भएको थियो ।

त्यस समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महामौद्गल्यायनहरू कपोलकन्दरमा बस्नुभएको थियो। त्यस समय भरखरै केश क्षौर गरेका आयुष्मान् सारिपुत्र जुनेली रातमा एक समापत्ति ध्यानमा खुला ठाउँमा बसिरहनु भएको थियो।

त्यसबेला दुइ सहायक यक्षहरू केही कामले उत्तरदिशाबाट दक्षिण दिशातिर जाँदै थिए। ती यक्षहरूले भरखरै केश क्षौर गरेका आयुष्मान् सारिपुत्रलाई जुनेली रातमा खुला ठाउँमा बसिरहनु भएको देखे। अनि एक यक्षले अर्को यक्षलाई यस्तो भन्यो—

"सौम्य ! मलाई यी श्रमणको शीरमा प्रहार गर्न मन लाग्छ।"

---

१. उदा. पा. पृ. १०८ : यक्खपहारसुत्तं, मेघियवग्गो; अ. क. पृ. १७१.

Downloaded from http://dhamma.digital/

यसोभन्दा त्यो यक्षलाई यस्तो भन्यो—

"सौम्य ! श्रमणलाई प्रहार गर्ने मन नगर । यी श्रमण उत्तम शीलवान् महर्द्धिक तथा महानुभाव सम्पन्न छन् ।"

**दोस्रो पटक पनि सो** यक्षले त्यो यक्षलाई यस्तो भन्यो– "सौम्य ! मलाई यी श्रमणको शीरमा प्रहार गर्न मन लाग्छ ।"

**दोस्रो पटक पनि** त्यो यक्षले त्यो यक्षलाई यस्तो भन्यो– "सौम्य ! श्रमणलाई प्रहार गर्ने मन नगर । यी श्रमण उत्तम शीलवान् महर्द्धिक तथा महानुभाव सम्पन्न छन् ।"

**तेश्रो पटक पनि** सो यक्षले त्यो यक्षलाई यस्तो भन्यो– "सौम्य ! मलाई यी श्रमणको शीरमा प्रहार गर्न मन लाग्छ ।"

**तेश्रो पटक पनि** त्यो यक्षले सो यक्षलाई यस्तो भन्यो– "सौम्य ! श्रमणलाई प्रहार गर्ने मन नगर । यी श्रमण उत्तम शीलवान् महर्द्धिक तथा महानुभाव सम्पन्न छन् ।"

किन्तु सो यक्षले त्यो यक्षको कुरा नसुनी **आयुष्मान् सारिपुत्र स्थविरको शीरमा प्रहार गऱ्यो ।** जुन प्रहारले सात वा साँढेसात हातसम्मको हात्तीलाई पनि थुचुक्क पार्न सक्छ, विशाल पर्वतलाई पनि फोर्न सक्छ– त्यस्तो ठूलो प्रहार थियो । त्यसपछि 'डाह भयो, डाह भयो' भन्दै सो यक्ष त्यही नै महातर्कमा पतन भयो ।

**आयुष्मान् महामौद्गल्य**( अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा सो यक्षले आयुष्मान् सारिपुत्र स्थविरको शीरमा प्रहार गरेको

Downloaded from http://dhamma.digital/

देख्नुभयो । अनि जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नुभयो—

“आवुसो सारिपुत्र ! तपाईलाई सञ्चो छ के ? तपाईलाई यापन छ के ? केही दुःख त छैन ?”

“आवुसो मौद्गल्यायन ! मलाई सञ्चै छ, आवुसो मौद्गल्यायन ! मलाई यापनीय नै छ केवल मेरो शीर अलिकता दुख्छ ।”

“आश्चर्य हो, आवुसो सारिपुत्र ! अद्‌भुत हो, आवुसो सारिपुत्र ! कस्तो महर्द्धिक तथा महानुभाव सम्पन्न हुनुहुन्छ आयुष्मान् सारिपुत्र ! आवुसो सारिपुत्र ! यहाँ तपाईलाई एक यक्षले प्रहार गऱ्यो । त्यो प्रहारले सात वा साँढेसात हातसम्मको हात्तीलाई पनि थुचुक्क पार्न सक्छ, विशाल पर्वतलाई पनि फोर्न सक्छ– यस्तो ठूलो प्रहार थियो । तर तपाई आयुष्मान् सारिपुत्र भन्नुहुन्छ कि– “आवुसो मौद्गल्यायन ! मलाई सञ्चै छ । आवुसो मौद्गल्यायन ! मलाई यापनीय नै छ केवल मेरो शीर अलिकता दुख्छ ।”

“आवुसो मौद्गल्यायन ! आश्चर्य हो, आवुसो मौद्गल्यायन ! अद्‌भुत हो ! आयुष्मान् महामौद्गल्यायन कति महर्द्धिक तथा कति महानुभाव सम्पन्न हुनुहुन्छ– जो कि यक्षलाई पनि देख्न सक्नुहुन्छ । हामीले त यसबखत पंशुपिशाचलाई पनि देख्न सक्दैनौं ।”

ती दुवै महानाग (= महापुरुष) हरूका बीच भइरहेको यी कुरा उत्तरीयमानुषीय विशुद्ध दिव्यश्रोतद्वारा भगवानले सुन्नुभयो ।

Downloaded from http://dhamma.digital/

अनि यो कारणलाई बुझ्नुभई भगवानले त्यसबेला यो उदान प्रकट गर्नुभयो—

"यस्स सेलूपमं चित्तं, ठितं नानुपकम्पति ।
विरत्तं रजनीयेसु, कोपनेय्य न कुप्पति ।
यस्सेवं भावितं चित्तं, कुतो तं दुक्खमेस्सती'ति ॥"

**अर्थ—**

"शैलमय पर्वत समान रहेको चित्तलाई कसैले हल्लाउन नसके झैं रजनीयबाट विरक्त भइसकेको (पुरुष) पनि कोप गर्नुपर्ने ठाउँमा पनि कोप गर्दैन । जसको चित्त ध्यानमा अभ्यस्त छ त्यसलाई कहाँबाट दुःख आउँछ र !"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९१।३६ गोलियानि भिक्षुलाई उपदेश

यस्तो मैले सुनें[1]।

एक समय राजगृहको वेणुवनको कलन्दक निवापमा भगवान बसिरहनु भएको थियो । त्यसबखत गोलियानि[2] (गोलिस्सानि) भन्ने अविनीत स्वभावका आरण्यक भिक्षु थियो र कुनै कामको निमित्त सङ्घमा आएको थियो । अनि त्यहाँ गोलियानि भिक्षुको कारणमा आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई यस्तो भन्नुभयो—

### आदरयुक्त हुनुपर्छ

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यक भिक्षुले सब्रह्मचारी प्रति आदर राख्ने तथा जेठा प्रति गौरब राख्नुपर्छ । आवुसो ! यदि

---

१. म. नि. II. पृ. १५६ : गोलियानिसुत्तं, अ. क. III. पृ. १२५, स्याममाः 'गोलिस्सानिसुत्तं', सिंहलमाः 'गुलिस्सानिसुत्तं' ।

२. स्याममाः 'गोलिस्सानि', सिहल र रोमनमाः 'गुलिस्सानि' ।

Downloaded from http://dhamma.digital/

सब्रह्मचारी प्रति आदर र जेठा प्रति गौरब नराख्ने भएमा यसरी उसको बारेमा कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले आरण्यिक भएर के गर्ने ! जसले आयुष्मान् सब्रह्मचारी प्रति गौरब राख्ने पनि जान्दैन !" त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षुले सब्रह्मचारी प्रति गौरब राख्न जान्नुपर्छ ।"

## आसन कुशल हुनुपर्छ

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु यसरी आसन कुशल हुनुपर्छ– स्थविर भिक्षुहरूलाई घच्चा नलगाई (नानुपखज्ज) बस्नुपर्छ र नवक भिक्षुहरूलाई बसेको ठाउँबाट हटाउन हुन्न । आवुसो ! यदि सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु आसन कुशल हुन्न भने यसरी उसको बारेमा कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् सङ्घको बीचमा बस्न पनि जान्दैन !" त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु आसन कुशल हुनुपर्छ ।"

## अभिसमाचारिकधर्म जान्नुपर्छ

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षुले अभिसमाचारिकधर्म[1] पनि जान्नुपर्छ । आवुसो ! यदि सङ्घको बीचमा बस्ने

१. भिक्षु नियम अनुसार गर्नुपर्ने विविध वत्तवपटिवत्त आचरणहरू ।

Downloaded from http://dhamma.digital/

आरण्यिक भिक्षुले अभिसमाचारिकधर्म जानेन भने यसरी उसको बारेमा कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् अभिसमाचारिकधर्म पनि जान्दैन !" त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षुले अभिसमाचारिकधर्म जान्नुपर्छ ।"

## यथासमय गाउँमा जानुपर्छ

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षुले बिहान सबेरै गाउँमा जानहुन्न र दिन बितिसकेपछि फर्कनु हुन्न । आवुसो ! यदि सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु बिहान सबेरै गाउँमा जान्छ र दिन बितिसकेपछि फर्कन्छ भने यसरी उसको बारेमा कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् बिहान सबेरै गाउँमा जान्छ र दिन बितिसकेपछि फर्कन्छ ।" त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु सबेरै गाउँमा जान हुन्न र दिन बितिसकेपछि फर्कन हुन्न ।"

## कुलघरमा विचरण गर्न हुन्न

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षुले भोजन अघि र भोजनपछि कुलघरमा विचरण गर्न हुन्न । आवुसो ! यदि सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु भोजन अघि र भोजनपछि कुलघरमा विचरण गर्छ भने उसमाथि यसरी कुरा काट्ने ठाउँ हुन्छ–

Downloaded from http://dhamma.digital/

"स्वच्छन्दरूपले एक्लै आरण्यिक हुने यो आयुष्मान् विकाल समयमा धेरै हिड्छ र सङ्घको बीचमा बसेर पनि त्यस्तै हिंड्छ।" त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु भोजन अघि र भोजनपछि कुलगृहमा विचरण गर्नुहुन्न।"

## चञ्चलचपल हुन हुन्न

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु चञ्चलचपल (उद्धच्चं चापल्यं) हुनु हुन्न । आवुसो ! यदि सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु चञ्चलचपल हुन्छ भने यसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भई बस्ने यो आयुष्मान् चञ्चलचपल रहेछ।" त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु चञ्चलचपल हुनु हुन्न।"

## अमुखर हुनुपर्छ

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु अमुखर तथा जथाभावी नबोल्ने हुनुपर्छ। आवुसो ! यदि सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु मुखर तथा जथाभावी बोल्ने हुन्छ भने उसमाथि यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो मुखर तथा जथाभावी बोल्छ !" आवुसो ! त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु मुखर तथा जथाभावी नबोल्ने हुनुपर्छ।"

Downloaded from http://dhamma.digital/

## आज्ञाकारी हुनुपर्छ

"आवुसो ! सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु आज्ञाकारी तथा कल्याणमित्र हुनुपर्छ। आवुसो ! यदि सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु अनाज्ञाकारी र अकल्याणकारी मित्रको रूपमा देखिन्छ भने उसमाथि यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् अनाज्ञाकारी र अकल्याणकारी मित्रको रूपमा देखिन्छ !" त्यसैले सङ्घको बीचमा बस्ने आरण्यिक भिक्षु आज्ञाकारी र कल्याणमित्र हुनुपर्छ।"

## इन्द्रिय संयम गर्नुपर्छ

"आवुसो ! आरण्यिक भिक्षुले इन्द्रिय संयम गर्नुपर्छ। आवुसो ! यदि आरण्यिक भिक्षुले इन्द्रिय संयम गर्दैन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान्को इन्द्रिय संयम छैन !" त्यसैले आरण्यिक भिक्षुले इन्द्रिय संयम राख्न सक्नुपर्छ।"

## भोजन मात्रा ज्ञान

"आवुसो ! आरण्यिक भिक्षुले भोजन मात्रा ज्ञान गर्नुपर्छ। आवुसो ! यदि आरण्यिक भिक्षु भोजन मात्रा ज्ञान जान्दैन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक

Downloaded from http://dhamma.digital/

भएर के गर्ने ! जो आयुष्मान् भोजन मात्राज्ञान पनि जान्दैन !" त्यसैले आरण्यिक भिक्षुले भोजन मात्राज्ञान जान्न सक्नुपर्छ।"

## जागृतभई बस्नुपर्छ

"आवुसो ! आरण्यिक भिक्षु जागृतभई बस्नुपर्छ। आवुसो ! यदि आरण्यिक भिक्षु जागृतभई बसेन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्द भई एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् जागृत भएर बस्दैन।" त्यसैले आरण्यिक भिक्षु जागृतभई बस्न सक्नुपर्छ।"

## वीर्यवान् हुनुपर्छ

"आवुसो ! आरण्यिक भिक्षु वीर्यवान् भएर बस्न सक्नुपर्छ। यदि आरण्यिक भिक्षु वीर्यवान् भएर बसेन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्द भएर एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् अलछी र वीर्यहीन छ।" त्यसैले आरण्यिक भिक्षु वीर्यवान् भई बस्न सक्नुपर्छ।"

## स्मृतिमान् भई बस्नुपर्छ

"आवुसो ! आरण्यिक भिक्षु स्मृतिमान् भई बस्नुपर्छ। यदि आरण्यिक भिक्षु स्मृतिमान् भई बस्दैन भने उसको बारेमा यसरी कुरा

Downloaded from http://dhamma.digital/

काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् विस्मृति भएर बस्छ !" त्यसैले आरण्यिक भिक्षु स्मृतिमान् भई बस्न सक्नुपर्छ।"

## समाहित हुनुपर्छ

"आवुसो ! आरण्यिक भिक्षु समाहित भई बस्नुपर्छ। आवुसो ! यदि आरण्यिक भिक्षु समाहित भएर बसेन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् असमाहित बस्छ।" त्यसैले आरण्यिक भिक्षु समाहित भई बस्नुपर्छ।"

## प्रज्ञावान् हुनुपर्छ

"आवुसो ! आरण्यिक भिक्षु प्रज्ञावान् हुनुपर्छ। आवुसो ! यदि आरण्यिक भिक्षु प्रज्ञाहीन भयो भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक बसेर के गर्ने ! जो आयुष्मान् प्रज्ञाहीन भई बस्छ।" आवुसो ! त्यसैले आरण्यिक भिक्षु प्रज्ञावान् भई बस्नुपर्छ।"

## धर्म र विनयमा ध्यान दिनुपर्छ

"आवुसो ! आरण्यिक भिक्षुले अभिधर्म र विनयमा ध्यान दिनुपर्छ। आरण्यिक भिक्षुसँग अभिधर्म र विनय सम्बन्धमा प्रश्न सोध्ने पनि

Downloaded from http://dhamma.digital/

हुन्छन् । आवुसो ! यदि अभिधर्म र विनय सम्बन्धमा प्रश्न सोध्दा आरण्यिक भिक्षुले सन्तुष्ट पार्न सकेन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् अभिधर्म र विनय सम्बन्धमा प्रश्न सोध्दा सन्तुष्ट पार्न सक्दैन ।" त्यसैले आरण्यिक भिक्षुले अभिधर्म र विनयमा ध्यान दिनुपर्छ ।"

## आरूप्यमा तल्लीन हुनुपर्छ

"आवुसो ! आरण्यिक भिक्षु जो त्यो शान्तमय विमोक्ष र रूपबाट उँभो गएको आरूप्य हो त्यसमा तल्लीन हुनुपर्छ । आवुसो ! आरण्यिक भिक्षुसँग यस्तो ध्यानसम्बन्धी प्रश्न सोध्ने पनि हुन्छन् । आवुसो ! यस्तो विषयमा प्रश्न सोध्दा यदि राम्ररी जवाफ दिन सकेन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् यस्तो प्रश्नको उत्तर राम्ररी दिन सक्दैन ।" त्यसैले आरण्यिक भिक्षु शान्तमय विमोक्ष र रूपबाट उँभो गएको आरूप्यमा तल्लीन हुनुपर्छ ।"

## उत्तरीय मनुष्यधर्ममा संलग्न हुनुपर्छ

"आवुसो ! आरण्यिक भिक्षु उत्तरीय मनुष्यधर्ममा[१] संलग्न हुनुपर्छ । आवुसो ! आरण्यिक भिक्षुसँग उत्तरीय मनुष्यधर्म सम्बन्धी

---

१. यहाँ उत्तरीय मनुष्यधर्म भन्नाले सबै प्रकारका लोकोत्तर धर्महरू भनिएको हो । पपं. सू. III. पृ. १२७ : गुलिस्सानिसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

प्रश्न सोध्ने पनि हुन्छन्। आवुसो ! यदि उत्तरीय मनुष्यधर्म सम्बन्धी प्रश्न सोध्दा राम्ररी उत्तर दिन सकेन भने उसको बारेमा यसरी कुरा काट्ने ठाउँ हुन्छ– "स्वच्छन्दरूपले एक्लै आरण्यिक भएर के गर्ने ! जो आयुष्मान् जसको निमित्त प्रव्रजित भएको छ त्यो उत्तरीय मनुष्यधर्म जान्दैन ।" आवुसो ! त्यसैले आरण्यिक भिक्षु उत्तरीय मनुष्यधर्ममा संलग्न हुनुपर्छ।"

यस्तो भन्नुहुँदा आयुष्मान् महामौद्गल्यायनले आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नुभयो– "आवुसो ! सारिपुत्र आरण्यिक भिक्षुले मात्र यी धर्महरूलाई ग्रहण गरी बस्नुपर्छ कि ग्रामवासी भिक्षुहरूले पनि ?"

"आवुसो मौद्गल्यायन ! अरण्यवासी भिक्षुले त यी धर्महरू ग्रहण गरी बस्नुपर्छ भने ग्रामवासीहरूको त कुरै भएन ।"

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९२।३७ छन्नलाई उपदेश

यस्तो मैले सुनें[1] ।

एक समय भगवान राजगृहस्थित कलन्दकनिवापमा बस्नु भएको थियो। त्यसबखत आयुष्मान् सारिपुत्र, आयुष्मान् महाचुन्द तथा आयुष्मान् छन्न गृद्धकुट पर्वतमा बस्नु भएको थियो । त्यसबखत आयुष्मान् छन्न सारै बिरामी थिए । अनि सन्ध्यासमयमा ध्यानबाट उठी आयुष्मान् सारिपुत्र जहाँ आयुष्मान् महाचुन्द हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् महाचुन्दलाई यसो भन्नुभयो– "आवुसो चुन्द ! रोगको बारेमा सोध्नको निमित्त हामी आयुष्मान् छन्नकहाँ जाऔं ।" "हुन्छ" भनी आयुष्मान् महाचुन्दले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिनुभयो ।

अनि आयुष्मान् महाचुन्द र आयुष्मान् सारिपुत्र जहाँ आयुष्मान् छन्न थिए त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान्

---

१. म. नि. III. पृ. ३५२ : छन्नोवादसुत्तं, अ. क. IV. पृ. २०७.

Downloaded from http://dhamma.digital/

छन्नसँग कुशलक्षेम कुरा गर्नुभयो । कुशलक्षेम कुरा गरिसक्नु भएपछि एक छेउमा बस्नुभयो । एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले आयुष्मान् छन्नलाई यसो भन्नुभयो– “आवुसो छन्न ! तपाईलाई सञ्चो छैन के ?”

“आवुसो सारिपुत्र ! मलाई सञ्चो छैन...सारै वेदना छ । आवुसो सारिपुत्र ! कुनै बलवान् पुरुषले धार भएको तरबारको टुप्पोले टाउकोमा घोचे जस्तै मेरो शीरमा वायुले घोच्छ...। आवुसो सारिपुत्र ! कुनै बलवान् पुरुषले डोरीले शीरमा बेसकरी बाँधे जस्तै मेरो शीर बेसकरी दुख्छ... । आवुसो सारिपुत्र ! कुनै गोघातक वा उसको अन्तेवासीले चूपीले गाईको पेट चिरे झैं मेरो पेटमा शोला हान्छ...। आवुसो सारिपुत्र ! जस्तै कुनै बलवान् दुइजना पुरुषहरूले दुर्बल पुरुषलाई हातखुट्टा समाती भुङ्ग्रोमा वल्टाई पल्टाई पिस्स्याउँछन् त्यस्तैगरी आवुसो सारिपुत्र ! मेरो शरीरमा अधिक डाह हुन्छ । आवुसो सारिपुत्र ! मलाई सञ्चो छैन...। आवुसो सारिपुत्र ! शस्त्र ल्याउनेछु । (= सत्थं आहरिस्सामि) म बाँच्न चाहन्न ।”

“आयुष्मान् छन्नले शस्त्र नल्याऊन । आयुष्मान् छन्नले यापन गरुन् । हामी आयुष्मान् छन्नको यापन भएको हेर्न चाहन्छौं । यदि आयुष्मान् छन्नको निमित्त पथ्य भोजन छैन भने म आयुष्मान् छन्नको निमित्त पथ्य भोजन खोज्नेछु । यदि आयुष्मान् छन्नको निमित्त पथ्य औषधी छैन भने म आयुष्मान् छन्नको निमित्त पथ्य औषधी खोज्नेछु । यदि आयुष्मान् छन्नलाई अनुकूल उपस्थाक छैन भने आयुष्मान्

Downloaded from http://dhamma.digital/

छन्नलाई म उपस्थान गर्नेछु । आयुष्मान् छन्नले शस्त्र नल्याऊन् । आयुष्मान् छन्नको यापन गरुन् । हामी आयुष्मान् छन्नको यापन भएको हेर्न चाहन्छौं ।"

"आवुसो सारिपुत्र ! मेरो निमित्त पथ्य भोजन नभएको होइन न त पथ्य औषधी नै नभएको हो, न त अनूकुल उपस्थाक नभएको हो । किन्तु आवुसो सारिपुत्र ! मैले चाहिं शास्तालाई दीर्घकालदेखि भक्ति र प्रेमपूर्वक सैवन गर्दै आएको छु । आवुसो सारिपुत्र ! श्रावकको निमित्त यो योग्य पनि हो कि जो शास्ताप्रति भक्ति र प्रेमपूर्वक सेवन गरुँ अभक्ति र अप्रेमपूर्वक होइन । आवुसो सारिपुत्र ! 'निर्दोष भई छन्न भिक्षु शस्त्र ल्याउँछ' भनी जान्नुहोस्[1] ।"

"यदि आयुष्मान् छन्न वचन दिनुहुन्छ भने हामी आयुष्मान्सँग केही सोध्न चाहन्छौ ।"

"आवुसो सारिपुत्र ! सोध्नुहोस् सुनेर बुझ्नेछु (सुनेर उत्तर दिनेछु) ।"

"आवुसो छन्न ! चक्षु, चक्षुविज्ञान र चक्षुविज्ञानद्वारा जानिने धर्मलाई 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु हुन्छ के ? आवुसो छन्न ! श्रोत, श्रोतविज्ञान र श्रोतविज्ञानद्वारा जानिने धर्मलाई...घ्राण, घ्राणविज्ञान र घ्राणविज्ञानद्वारा जानिने धर्मलाई...

---

१. 'अनुपवज्जं छन्नो भिक्खु सत्थं आहरिस्सती'ति' एवमेतं, आवुसो सारिपुत्त, धारेही'ति । म. नि. III. पृ. ३५४ : छन्नोवादसुत्तं ।

Downloaded from http://dhamma.digital/

जिह्वा, जिह्वाविज्ञान र जिह्वाविज्ञानद्वारा जानिने धर्मलाई...काय, कायविज्ञान र कायविज्ञानद्वारा जानिने धर्मलाई...मन, मनविज्ञान र मनविज्ञानद्वारा जानिने धर्मलाई 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु हुन्छ के ?"

"आवुसो सारिपुत्र ! चक्षु, चक्षुविज्ञान र चक्षुविज्ञानद्वारा जानिने धर्मलाई 'न यो मेरो हो, न यो म हुँ र न यो मेरो आत्मा हो' भनी सम्झन्छु। श्रोत...घ्राण...जिह्वा...काय...मन, मनविज्ञान र मनविज्ञान-द्वारा जानिने धर्मलाई 'न यो मेरो हो, न यो म हुँ र न यो मेरो आत्मा हो' भनी सम्झन्छु।"

"आवुसो छन्न ! चक्षु, चक्षुविज्ञान र चक्षुविज्ञानद्वारा जानिने धर्ममा के देखेर के जानेर चक्षु, चक्षुविज्ञान र चक्षुविज्ञानद्वारा जानिने धर्ममा 'न यो मेरो हो, न यो म हुँ र न यो मेरो आत्मा हो' भनी सम्झनु भएको नि ? श्रोत...घ्राण...जिह्वा...काय...मन, मनविज्ञान र मनविज्ञानद्वारा जानिने धर्ममा के देखेर के जानेर मन, मनविज्ञान र मनविज्ञानद्वारा जानिने धर्ममा 'न यो मेरो हो, न यो म हुँ र न यो मेरो आत्मा हो' भनी सम्झनु भएको नि ?"

"आवुसो सारिपुत्र ! चक्षु, चक्षुविज्ञान र चक्षुविज्ञानद्वारा जानिने धर्ममा निरोध देखेर; निरोधलाई जानेर; चक्षु, चक्षुविज्ञान र चक्षुविज्ञान-द्वारा जानिने धर्ममा 'न यो मेरो हो, न यो म हुँ र न यो मेरो आत्मा हो' भनी सम्झन्छु।"

Downloaded from http://dhamma.digital/

यस्तो भन्दा आयुष्मान् महाचुन्दले आयुष्मान् छन्नलाई यसो भन्नुभयो– "आवुसो छन्न ! त्यसैले यो पनि उहाँ भगवानको शासन (= धर्म) हो भनी भनिएको हो जसलाई नित्य मनमा राख्नुपर्छ । (दृष्टिमा) निश्रित हुनेको (चित्त) चलन हुन्छ, अनिश्रित हुनेको (चित्त) चलन हुन्न । चलन नहुनेको शान्त हुन्छ र शान्त हुनेको तृष्णा हुन्न । तृष्णा नहुनेको गमनागमन[१] (= च्युति उत्पत्ति) हुन्न । गमनागमन नहुनेको च्युति उत्पत्ति हुन्न । च्युति उत्पत्ति नभएपछि न यहाँ, न त्यहाँ, न दुबैको बीचमा हुन्छ । यही नै दुःखको अन्त हो ।"

त्यसपछि यो अववादद्वारा अववाद (= अर्ति) दिई आयुष्मान् सारिपुत्र र आयुष्मान् महाचुन्द आसनबाट उठी जानुभयो ।

## आयुष्मान् छन्नको गति

अनि आयुष्मान् सारिपुत्र र आयुष्मान् महाचुन्द गइसकेपछि आयुष्मान् छन्नले शस्त्र ल्याए[२] । अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवानलाई यस्तो भन्नुभयो– "भन्ते ! आयुष्मान् छन्नले आत्महत्या गरे । उनको गति कस्तो भयो होला ? उनको अभिसम्पराय के भएको रहेछ ?"

"सारिपुत्र छन्न भिक्षुले तिमीहरूको अगाडि आफू दोषरहित[३]

१. जन्म हुनको निमित्त यहाँबाट च्युत हुने चित्त 'गमन' र जहाँ जन्म हुनु

Downloaded from http://dhamma.digital/

भएको कुरा भने होइन ?"

"भन्ते ! पुब्बजिर भन्ने वज्जिगाउँ छ । उहाँ आयुष्मान् छन्नका मित्रकुलहरू, सुहृदयकुलहरू तथा उपवज्ज (= हरहमेशा जाने) कुलहरू पनि छन् ।"

"सारिपुत्र ! छन्न भिक्षुको मित्रकुलहरू, सुहृदयकुलहरू तथा उपवज्ज कुलहरू हुन सक्छन् । सारिपुत्र ! यत्तिकैले म 'सउपवज्जो'

---

पर्ने हो त्यहाँ जन्मिने चित्त 'आगमन' भनिएको हो । पपं. सू. IV. पृ. २०७ : छन्नोवादसुत्तवण्णना ।

२. 'शस्त्र ल्याए' भनेको मतलब काट्न सक्ने कुनै शस्त्र अथवा छुरा-द्वारा आफ्नो गर्धनको नली काटे । त्यसबखत उनलाई मरण भय उत्पन्न भयो । गतिनिमित्त पनि देखे । अनि त्यसबखत उनले आफू पृथग्जन भएको बुझेर विरक्तिई विपश्यना ध्यान गरी संस्कारलाई परिग्रह गर्दै अरहत्व प्राप्त गरी समशीषिको रूपले परिनिर्वाण भए । अरहत्व पनि प्राप्त हुने मृत्यु पनि हुनेलाई 'समशीषि' भनिन्छ । पपं. सू. IV. पृ. २०७ : छन्नोवादसुत्तवण्णना ।

३. यदचपि यो कुरा स्थविर पृथक्जन छँदा नै भनिएको थियो । तदन्तर उनी परिनिर्वाण भएका थिए । भगवानले चाहि उही कारणलाई ग्रहण गर्नु भई यसो भन्नु भएको हो भनी पपं. सू. IV. पृ. २०८ : छन्नोवादसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

(= सदोषी) भनी भन्दिन । सारिपुत्र ! जसले यो देहलाई त्यागी अर्को देह ग्रहण गर्छ त्यस्तालाई म 'सउपवज्जो' (= दोष सहित) भन्दछु । छन्न भिक्षुमा त्यो छैन । सारिपुत्र ! छन्न भिक्षु दोष रहित भएर नै आत्महत्या गरे भन्ने कुरा तिमीले धारण गर ।"

भगवानले यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले भगवानको भाषणलाई अभिनन्दन गर्नुभयो ।

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

# ९३।३८ पिण्डपात्र शुद्धि

## शून्यता समापत्ति नै महापुरूष समापत्ति हो

यस्तो मैले सुनें[1] ।

एक समय भगवान राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बस्नु भएको थियो । अनि सन्ध्या समयमा ध्यानबाट उठी आयुष्मान् सारिपुत्र जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रलाई भगवानले यस्तो भन्नुभयो—

"सारिपुत्र ! तिम्रा इन्द्रियहरू प्रसन्न छन् र तिम्रो शरीरवर्ण परिशुद्ध तथा स्वच्छ छ। सारिपुत्र ! तिमी हिजोआज कुन समापत्तिमा धेरै बस्छौ ?"

---

१. म. नि. III. पृ. ३९८ : पिण्डपातपरिसुद्धिसुत्तं, अ. क. IV. पृ. २२१.

Downloaded from http://dhamma.digital/

"भन्ते ! आजकल म शून्यतासमापत्तिमा धेरै बस्छु ।"

"साधु सारिपुत्र ! साधु ! तिमी हिजोआज महापुरुषहरू बस्ने समापत्तिमा धेरै बस्छौ । सारिपुत्र ! शून्यतासमापत्ति भनेको नै महापुरुषसमापत्ति हो।

## प्रत्यवेक्षणा गर्नुपर्छ

१– "सारिपुत्र ! यदि भिक्षु चाहन्छ भने शून्यतासमापत्तिमा धेरै बस्नुपर्छ। सारिपुत्र ! सो भिक्षुले 'जुन बाटो गरी म गाउँमा भिक्षाटन् गएँ, जुन ठाउँमा भिक्षाटन् गरें र जुन बाटो गरी भिक्षाटन्बाट फर्केर आएँ– ती स्थानहरूमा जुन चक्षुविज्ञेय रूपहरू हुन् तिनीहरूमा इच्छा, राग, द्वेष तथा मोह अथवा कुनै किसिमको मनमा प्रतिघ छ कि ?' भनी प्रत्यवेक्षणा गरी हेर्नुपर्छ। सारिपुत्र ! यसरी प्रत्यवेक्षणा गरी हेर्दा यदि...ती स्थानहरूमा जुन चक्षुविज्ञेय रूपहरू छन् तिनीहरूमा इच्छा, राग, द्वेष तथा मोह अथवा कुनै किसिमको मनमा प्रतिघ छ भन्ने जानेमा, सारिपुत्र ! सो भिक्षुले ती नै पापक अकुशल धर्महरूलाई त्याग्ने कोशिस गर्नुपर्छ । सारिपुत्र ! प्रत्यवेक्षणा गरी हेर्दा यदि भिक्षुले त्यस्तो छैन भन्ने जानेमा, सारिपुत्र ! सो भिक्षु सोही प्रीति प्रामोदय कुशल धर्ममा दिनरात बस्नुपर्छ ।"

२– "सारिपुत्र ! पुनः सो भिक्षुले 'जुन बाटो गरी म गाउँमा भिक्षाटन् गएँ, जुन ठाउँमा भिक्षाटन् गरें र जुन बाटो गरी भिक्षाटन्बाट फर्केर आएँ– ती स्थानहरूमा जुन श्रोतविज्ञेय शब्दहरू हुन्...

Downloaded from http://dhamma.digital/

घ्राणविज्ञेय गन्धहरू हुन्...जिह्वाविज्ञेय रसहरू हुन्...कायविज्ञेय स्पर्शहरू हुन्...तथा मनविज्ञेय धर्महरू हुन् तिनीहरूमा इच्छा, राग, द्वेष तथा मोह अथवा कुनै किसिमको मनमा प्रतिघ छ कि ?' भनी प्रत्यवेक्षणा गरी हेर्नुपर्छ। सारिपुत्र ! यसरी प्रत्यवेक्षणा गरी हेर्दा यदि...ती स्थानहरूमा जुन मनविज्ञेय धर्महरू छन् तिनीहरूमा इच्छा,... अथवा कुनै किसिमको मनमा प्रतिघ छ भन्ने जानेमा, सारिपुत्र ! सो भिक्षुले ती नै पापक अकुशल धर्महरूलाई त्याग्ने कोशिस गर्नुपर्छ। सारिपुत्र ! प्रत्यवेक्षणा गरी हेर्दा यदि भिक्षुले त्यस्तो छैन भन्ने जानेमा, सारिपुत्र ! सो भिक्षु त्यही प्रीति प्रामोदय कुशल धर्ममा दिनरात बस्नुपर्छ।"

३– "सारिपुत्र ! पुनः सो भिक्षुले यसरी प्रत्यवेक्षणा गरी हेर्नुपर्छ– 'मेरा पञ्चकामहरू हटेका छन् कि छैनन् ?' सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा 'हटेका छैनन्' भन्ने जाने भने सारिपुत्र ! सो भिक्षुले पञ्चकामगुणहरूलाई हटाउनको निमित्त कोशिस गर्नुपर्छ। सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा पञ्चकामगुणहरू हटेका छन् भन्ने जाने भने सारिपुत्र ! सो भिक्षु सोही प्रीति प्रामोदय कुशल धर्ममा दिनरात बस्नुपर्छ।"

४– "सारिपुत्र ! पुनः सो भिक्षुले यसरी प्रत्यवेक्षणा गरी हेर्नुपर्छ– 'मेरा पञ्चनीवरणहरू हटेका छन् कि छैनन् ?' सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा 'हटेका छैनन्' भन्ने जाने भने सारिपुत्र ! सो भिक्षुले पञ्चनीवरणहरूलाई हटाउनको निमित्त कोशिस गर्नुपर्छ। सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा पञ्चनीवरणहरू हटिसकेका छन्

Downloaded from http://dhamma.digital/

भन्ने जाने भने सारिपुत्र ! सो भिक्षु सोही प्रीति प्रामोदय कुशल धर्ममा दिनरात बस्नुपर्छ ।"

५– "सारिपुत्र ! पुनः सो भिक्षुले यसरी प्रत्यवेक्षणा गरी हेर्नुपर्छ– 'के मैले पञ्चोपादानस्कन्धहरूलाई जानिसकें ?' सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा 'जानेको छैन' भन्ने जाने भने सारिपुत्र ! सो भिक्षुले पञ्चोपादनस्कन्धहरूलाई जान्नको निमित्त कोशिस गर्नुपर्छ। सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा पञ्चोपादानस्कन्धहरूलाई 'जानेको छु' भन्ने जाने भने सारिपुत्र ! सो भिक्षु सोही प्रीति प्रामोदय कुशल धर्ममा दिनरात बस्नुपर्छ ।"

६– "सारिपुत्र ! पुनः सो भिक्षुले यसरी प्रत्यवेक्षणा गरी हेर्नुपर्छ– 'के मैले चारसतिपट्ठानलाई भावित गरेको छु ?' सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा 'चारसतिपट्ठानलाई भाविता गरेको छैन' भन्ने जाने भने सारि पुत्र ! सो भिक्षुले चारसतिपट्ठान भावना गर्नको निमित्त कोशिस गर्नु-पर्छ । सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा 'मैले चारसतिपट्ठानलाई भाविता गरेको छु' भन्ने जानेमा सारिपुत्र ! सो भिक्षु सोही प्रीति प्रामोदय कुशल धर्ममा दिनरात बस्नुपर्छ ।"

७– "सारिपुत्र ! पुनः सो भिक्षुले यसरी प्रत्यवेक्षणा गरी हेर्नुपर्छ– 'के मैले चार सम्यक् प्रधानलाई भाविता गरेको छु ?'... ८– 'के मैले चार ऋद्धिपादलाई भाविता गरेको छु ?'... ९– 'के मैले पञ्चेन्द्रियलाई भाविता गरेको छु ?'... १०– 'के मैले पञ्चबललाई भाविता गरेको छु ?'... ११– 'के मैले सप्तबोध्यङ्गलाई भाविता गरेको छु ?'...

Downloaded from http://dhamma.digital/

१२– 'के मैले आर्यअष्टाङ्गिकमार्गलाई भाविता गरेको छु ?'... १३– 'के मैले समथ र विपश्यनालाई भावित गरेको छु ?'... १४– 'के मैले विदच्या र विमुत्तिलाई साक्षात्कार गरेको छु ?' सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा 'विदच्या र विमुक्तिलाई साक्षात्कार गर्न सकेको छैन' भन्ने जाने भने सारिपुत्र ! सो भिक्षुले विदच्या र विमुक्तिलाई साक्षात्कार गर्नको निमित्त कोशिस गर्नुपर्छ । सारिपुत्र ! यदि प्रत्यवेक्षणा गरी हेर्दा 'मैले विदच्या र विमुक्तिलाई साक्षात्कार गरिसकेको छु' भन्ने जानेमा सारिपुत्र ! सो भिक्षु सोही प्रीति प्रामोदच्य कुशल धर्ममा दिनरात बस्नुपर्छ ।"

"सारिपुत्र ! अतीत समयमा जो श्रमण वा ब्राह्मणहरूले आफ्नो जीविका (पिण्डपातं) परिशुद्ध गरे ती सबैले यसरी नै (माथि उल्लेख भए जस्तै) प्रत्यवेक्षणा गरी जीविका परिशुद्ध गरेका थिए । सारिपुत्र ! अनागत समयमा जो श्रमण ब्राह्मणहरूले जीविका परिशुद्ध गर्नेछन् ती सबैले यसरी नै प्रतिवेक्षणा गरी जीविका परिशुद्ध गर्नेछन् । सारिपुत्र ! वर्तमान समयमा जो श्रमण वा ब्राह्मणहरूले जीविका परिशुद्ध गर्छन् ती सबैले यसरी नै प्रत्यवेक्षणा गरी जीविका परिशुद्ध गर्छन् । सारिपुत्र ! त्यसैले 'प्रत्यवेक्षणा गरी प्रत्यवेक्षणा गरी जीविका (पिण्डपातं) परिशुद्ध गर्नेछु' भनी सिक्नुपर्छ ।"

भगवानले यति भन्नुभएपछि सन्तुष्ट हुनु भएका आयुष्मान् सारिपुत्रले भगवानको भाषणलाई अभिनन्दन गर्नुभयो ।

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९४।३९ धनञ्जानि ब्राह्मणसाग सारिपुत्र

यस्तो मैले सुनें[1] ।

एक समय भगवान राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनु भएको थियो । त्यस समय आयुष्मान् सारिपुत्र धेरै भिक्षुसङ्घका साथ दक्षिणागिरिमा चारिका गर्दै हुनुहुन्थ्यो । अनि एक भिक्षु राजगृहमा वर्षावास गरिसकेपछि जहाँ दक्षिणागिरि हो, जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए ।...[2]

X X X

१. म. नि. II. पृ. ४४९ : धनञ्जानिसुत्तं, अ. क. III. पृ. २९५.

२. यहाँका अरू बाँकी कुरा सबै बु. ब्रा. भा-२, पृ. ३९८ मा हेर्नू ।

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९५।४० सूचिमुखी परिब्राजिकासाग

एक समय आयुष्मान् सारिपुत्र राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बस्नुभएको थियो[1]।

अनि आयुष्मान् सारिपुत्र पूर्वान्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनार्थ राजगृहमा जानुभयो।...

(यस सूत्रको सबै कुरा लेखकको बु. म. भाग-२, पृ. २६२ मा समुल्लेख भएको हुँदा उहीं हेर्नू।)

X X X

१. सं. नि. II. पृ. ४५३ : सूचिमुखीसुत्तं, सारिपुत्तसंयुत्तं; अ. क. II. पृ. २५३.

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९६।४१ अन्यतीर्थीय परिब्राजकाराममा

एक समय भगवान राजगृहस्थित वेणुवनमा बस्नुभएको थियो[1]।

त्यस समय आयुष्मान् सारिपुत्र पूर्वान्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी राजगृहमा भिक्षाटनार्थ जानुभयो। अनि आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो—

"भिक्षाटनार्थ राजगृहमा जान अझै समय छ। (अतः त्यतिञ्जेलसम्म) किन म अन्यतीर्थीय परिब्राजकहरूको आराममा न जाऊँ।"

अनि आयुष्मान् सारिपुत्र जहाँ अन्यतीर्थीय परिब्राजकहरूको आराम हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि अन्ततीर्थीय परिब्राजकहरूसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रलाई ती अन्यतीर्थीय परिब्राजकहरूले यस्तो भने—

---

१. सं. नि. II. पृ. २९ : अञ्ञतित्थियसुत्तं, अ. क. II. पृ. ४२.

Downloaded from http://dhamma.digital/

## कर्मवादीहरू

"१– आवुसो सारिपुत्र ! केही **कर्मवादी श्रमण ब्राह्मणहरु**–'स्वयंकृत दुःख हो' (= आफैले बनाएको दुःख हो) भनी भन्दछन् । २– आवुसो सारिपुत्र ! केही कर्मवादी श्रमण ब्राह्मणहरू– 'परकृत दुःख हो' (= अर्काले बनाएको दुःख हो) भनी भन्दछन् । ३– आवुसो सारिपुत्र ! केही कर्मवादी श्रमण ब्राह्मणहरू– 'स्वयंकृत पनि परकृत पनि दुःख हो' (= आफैले बनाएको दुःख हो अर्काले बनाएको पनि हो) भनी भन्दछन् । ४– आवुसो सारिपुत्र ! केही कर्मवादी श्रमण ब्राह्मणहरू– 'न स्वयंकृत हो, न परकृत हो बल्कि आपसे आप दुःख उत्पन्न भएको हो' (= आफैले बनाएको पनि होइन, अर्काले बनाएको पनि होइन बल्कि आपसे आप दुःख उत्पन्न भएको हो) भनी भन्दछन् ।"

"आवुसो सारिपुत्र ! यस विषयमा श्रमण गौतम के वादी हुनुहुन्छ, कस्तो भन्नुहुन्छ ? कस्तो भन्दा हामीले श्रमण गौतमले भने झैं भनेको हुनेछ ? कस्तो भन्दा हामीले श्रमण गौतमलाई असत्य कुराद्वारा झूटा आरोप लगाएको हुने छैन ? (कस्तो भन्दा) धर्मानुकूल बताएको पनि हुनेछ ? (कस्तो भन्दा) कुनै सहधर्मीसँग वादानुपात पनि नहोस् र कसैको निन्दाहुने कारण पनि नहोस् ?"

## दुःखको के प्रत्यय हो ?

a– "आवुसो ! **भगवानले दुःखलाई प्रतिल्यसमुत्पन्न** (= हेतु

Downloaded from http://dhamma.digital/

प्रत्ययद्वारा उत्पन्न) भनी भन्नु भएको छ। के प्रत्ययले भने ?– स्पर्शको प्रत्ययले– यस्तो भन्दा भगवानले भन्नुभए जस्तै भनेको हुनेछ, भगवानलाई असत्य कुराद्वारा झूटो आरोप लगाएको पनि हुने छैन, धर्मानुकूल बताएको पनि हुनेछ, कुनै सहधर्मीसँग वादानुपात पनि हुने छैन र कसैको निन्दा हुने कारण पनि हुने छैन।"

b– "आवुसो ! त्यहाँ (१) जो ती **कर्मवादी श्रमण-ब्राह्मणहरु**– 'स्वयंकृत दुःख हो' भनी भन्दछन्– त्यसको कारण पनि स्पर्श नै हो। (२) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू– 'परकृत दुःख हो' भनी भन्दछन्– त्यसको कारण पनि स्पर्श नै हो। (३) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू– 'स्वयंकृत पनि परकृत पनि दुःख हो' भनी भन्दछन्– त्यसको कारण पनि स्पर्श नै हो। (४) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू– 'न स्वयंकृत हो, न परकृत दुःख हो बल्कि आपसे आप दुःख उत्पन्न भएको हो' भनी भन्दछन्– त्यसको कारण पनि स्पर्श नै हो।"

c– "आवुसो ! त्यहाँ (१) जो ती **कर्मवादी श्रमण-ब्राह्मणहरु**– 'स्वयंकृत दुःख हो' भनी भन्दछन्– उनीहरूले स्पर्श बाहेक अरू कुनै कारणद्वारा (दुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन। (२) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू– 'परकृत दुःख हो' भनी भन्दछन्– उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (दुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन। (३) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू– 'स्वयंकृत पनि परकृत पनि दुःख हो' भनी भन्दछन्– उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (दुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै

Downloaded from http://dhamma.digital/

कारण छैन । (४) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू– 'न स्वयंकृत हो, न परकृत हो बल्कि आपसे आप दुःख उत्पन्न भएको हो' उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (दुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन ।"

## स्पर्श बाहेक दुःखको कारण छैन

आयुष्मान् सारिपुत्रको अन्यतैर्थीय परिब्राजकहरूसँग यस्तो कुराकानी भएको आयुष्मान् आनन्दले सुन्नुभयो । अनि आयुष्मान् आनन्द, राजगृहमा भिक्षाटन गर्नु भई भिक्षाटन पछि भोजनोपरान्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभए पछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले जे जति कुराकानी आयुष्मान् सारिपुत्रद्वारा अन्यतैर्थीय परिव्राजकहरूसँग गरेका थिए ती सबै भगवानलाई सुनाउनु भयो ।

(अ) "आनन्द ! जति राम्रोसँग भन्नुपर्ने हो त्यति नै राम्रोसँग सारिपुत्रले भने, साधु ! साधु !! आनन्द ! **मैले पनि दुःखलाई प्रतित्यसमुत्पन्न हो** भनी भनेको छु । के प्रत्ययले भने ?– **स्पर्शको प्रत्ययले ।** यस्तो भन्दा मैले भनेको जस्तै हुनेछ, मलाई असत्यद्वारा झूटा आरोप लगाएको पनि हुने छैन, धर्मानुकूल बताएको पनि हुनेछ, कुनै सहधर्मीसँग वादानुपात पनि हुनेछैन र कसैको निन्दा हुने कारण पनि हुने छैन ।"

Downloaded from http://dhamma.digital/

(आ) "(१) आनन्द ! त्यहाँ जो ती **कर्मवादी श्रमण-ब्राह्मणहरु-** 'स्वयंकृत दुःख हो' भनी भन्दछन्– त्यसको कारण पनि स्पर्श नै हो ।[1] ... (४) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू ... 'न स्वयंकृत हो, न परकृत दुःख हो बल्कि आपसे आप दुःख उत्पन्न भएको हो' भनी भन्दछन्– त्यसको कारण पनि स्पर्श नै हो ।"

(इ) "आनन्द ! त्यहाँ जो ती **कर्मवादी श्रमण-ब्राह्मणहरु-** 'स्वयंकृत दुःख हो' भनी भन्दछन्– उनीहरूले स्पर्श बाहेक अरू कुनै कारणद्वारा (दुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन ।[2] ... (४) जो ती कर्मवादी श्रमण-ब्राह्मणहरू– 'न स्वयंकृत हो, न परकृत हो बल्कि आपसे आप दुःख उत्पन्न भएको हो' भनी भन्दछन् उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (दुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन ।"

"आनन्द ! एक समय म यसै राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बसेको थिएँ । आनन्द ! त्यस समय पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी म राजगृहमा भिक्षाटनार्थ गएँ । आनन्द ! त्यसबखत मलाई यस्तो लाग्यो– 'राजगृहमा भिक्षाटनार्थ जान अझै समय छ । (अतः त्यतिञ्जेलसम्म) किन म अन्यतैर्थीय परिव्राजकहरूको आराममा न जाऊँ ।' आनन्द !

---

१. माथि पृ. २७७ को b मा उल्लेख भए झैं पढ्नू ।

२. माथि पृ. २७७ को c मा उल्लेख भए झैं पढ्नू ।

Downloaded from http://dhamma.digital/

त्यसपछि म जहाँ अन्यतैर्थीय परिब्राजककहरूको आराम हो त्यहाँ गएँ। त्यहाँ पुगेपछि ती अन्यतैर्थीय परिब्राजककहरूसँग सम्मोदन गरें। सम्मोदनीय कुशल वार्ता सिद्धिएपछि एक छेउमा बसें। एक छेउमा बसेको मलाई ती अन्यतैर्थीय परिब्राजककहरूले यस्तो भने—

"१– आवुसो गौतम! **केही कर्मवादी श्रमण–ब्राह्मणहरु**– 'स्वयंकृत दुःख हो' भनी भन्दछन्। २– आवुसो गौतम! **केही कर्मवादी श्रमण–**ब्राह्मणहरू– 'परकृत दुःख हो' भनी भन्दछन्। ३– आवुसो गौतम! केही **कर्मवादी श्रमण–ब्राह्मणहरु**– 'स्वयंकृत पनि परकृत पनि दुःख हो' भनी भन्दछन्। ४– आवुसो गौतम! केही **कर्मवादी श्रमण–ब्राह्मणहरु**– 'न स्वयंकृत हो, न परकृत हो बल्कि आपसे आप दुःख उत्पन्न भएको हो' भनी भन्दछन्। यहाँ आयुष्मान् गौतम के वादी हुनुहुन्छ, के भन्नुहुन्छ? कस्तो भन्दा हामीले आयुष्मान् गौतमले भने झैं भनेको हुनेछ? कस्तो भन्दा हामीले आयुष्मान् गौतमलाई असत्यद्वारा झूटा आरोप लगाएको हुने छैन? (कस्तो भन्दा) धर्मानुकूल बताएको पनि हुनेछ? (कस्तो भन्दा) कुनै सहधर्मीसँग वादानुपात पनि नहोस् र कसैको निन्दा हुने कारण पनि नहोस्।"

a– "आनन्द! यस्तो भन्दा मैले ती अन्यतैर्थीय परिब्राजककहरूलाई यस्तो भने– 'आवुसो! मैले **दुःखलाई प्रतित्य समुत्पन्न भनी भनेको छु।** केको प्रत्ययले भने?– **स्पर्शको प्रत्ययले।** यस्तो भन्दा मैले भने झैं भनेको हुनेछ, मलाई असत्यद्वारा झूटा आरोप लगाएको पनि हुने छैन, धर्मानुकूल बताएको पनि हुनेछ, कुनै सहधर्मीसँग वादानुपात पनि हुने छैन र कसैको निन्दा हुने कारण पनि हुने छैन।"

Downloaded from http://dhamma.digital/

b– "आवुसो ! त्यहाँ (१) जो ती **कर्मवादी श्रमण-ब्राह्मणहरु**– 'स्वयंकृत दुःख हो' भनी भन्दछन्– त्यसको कारण पनि स्पर्श नै हो ।[१] ... ।

c– "आवुसो ! त्यहाँ (१) जो ती **कर्मवादी श्रमण-ब्राह्मणहरु**– 'स्वयंकृत दुःख हो' भनी भन्दछन्– उनीहरूले स्पर्श बाहेक अरू कुनै कारणद्वारा (दुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन ।[२] ... ।

"भन्ते ! आश्चर्य हो[३] ! भन्ते ! अद्भुत हो[४] !! जहाँ कि एकै पदले[५] सबै अर्थ भनिदिनु भए जस्तै भयो । भन्ते ! यसै अर्थलाई

---

१. यस मनीका कुराहरू माथि पृ. २७७ का दफा b मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यस मनीका कुराहरू माथि पृ. २७७ का दफा c मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

३. 'आश्चर्य' शब्दको अर्थ संयुक्त अर्थकथा II. पृ. ४२ मा यसप्रकार दिइएको छ– 'अच्छरं पहरितु युत्ताति' 'अच्छरियं' अर्थात् चुट्की बजाउन पर्ने जस्तै भएकोले 'आश्चर्य' भनिएको हो ।

४. 'अद्भूत' शब्दको अर्थ संयुक्त अर्थकथा II. पृ. ४२ मा यसप्रकार दिइएको छ– 'अभूतपुब्बं भूतंति' अर्थात् पहिले नभएको जस्तै भएकोले 'अद्भूत' भनिएको हो ।

५. 'एक पद' भन्नाले माथि दुःखको प्रत्यय नै 'स्पर्श' भनी उल्लेख भएको पदलाई लिएर भनिएको हो । सं. नि. अ. क. II. पृ. ४२.

Downloaded from http://dhamma.digital/

विस्तारपूर्वक बताउँदा अझ गम्भीर ओभास (= प्रकाश) पनि हुन सक्छ के ?"

"आनन्द ! त्यसोभए तिमीले नै भन ।"

## स्पर्श निरोधद्वारा दुःख निरोध

१– "भन्ते ! यदि मसंग यस्तो सोध्छन् भने– 'आवुसो आनन्द ! **जरामरणको के निदान हो ?** के समुदय हो ? कहाँबाट उत्पन्न भएको हो ? के प्रभव हो ?"

"भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु– 'आवुसो ! **जरामरण जन्म निदान हो**, जन्म समुदय हो, जन्मद्वारा उत्पन्न भएको हो तथा जन्म प्रभव हो ।"

२– "भन्ते ! यदि मसंग यस्तो सोध्छन् भने– 'आवुसो आनन्द ! **जन्मको के निदान हो त ?** के समुदय हो ? कहाँबाट उत्पन्न भएको हो त ? के प्रभव हो त ?"

"भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु– 'आवुसो ! **जन्म भवनिदान हो**, भव समुदय हो, भवद्वारा उत्पन्न भएको हो तथा भव प्रभव हो ।"

३– "भन्ते ! यदि मसंग यस्तो सोध्छन् भने– 'आवुसो आनन्द ! **भवको के निदान हो ?** के समुदय हो त ? कहाँबाट उत्पन्न भएको हो त ? के प्रभव हो त ?"

Downloaded from http://dhamma.digital/

"भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु– 'आवुसो ! **भव उपादान निदान हो**, उपादान समुदय हो, उपादानद्वारा उत्पन्न भएको हो तथा उपादान प्रभव हो।"

४– "भन्ते ! यदि मसंग यस्तो सोध्छन् भने– 'आवुसो आनन्द ! **उपादानको के निदान हो त ?** ... के प्रभव हो त ?"

"भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु– 'आवुसो ! **उपादानको तृष्णा निदान हो**,... तृष्णा प्रभव हो।"

५– "भन्ते ! यदि मसंग यस्तो सोध्छन् भने– 'आवुसो आनन्द ! **तृष्णाको के निदान हो त ?** ... के प्रभव हो त ?"

"भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु– 'आवुसो ! **तृष्णा वेदना निदान हो**, ... वेदना प्रभव हो।"

६– "भन्ते ! यदि मसँग यस्तो सोध्छन् भने– 'आवुसो आनन्द ! **वेदनाको के निदान हो त ?** ... के प्रभव हो त ?"

"भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु– 'आवुसो ! **वेदना स्पर्श निदान हो**,... स्पर्श प्रभव हो।"

७– "भन्ते ! यदि मसँग यस्तो सोध्छन् भने– 'आवुसो आनन्द ! **स्पर्शको के निदान हो त ?** के समुदय हो त ? कहाँबाट उत्पन्न भएको हो त ? के प्रभव हो त ?"

"भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु– 'आवुसो ! **स्पर्श षडायतन निदान हो**, षडायतन समुदय हो, षडायतनद्वारा

Downloaded from http://dhamma.digital/

उत्पन्न भएको हो तथा षडायतन प्रभव हो ।' 'आवुसो ! **छवटै स्पर्शायतनहरुको निरवशेष विराग, निरोधबाटै स्पर्श निरोध** स्पर्श निरोधबाटै वेदना निरोध हुन्छ, वेदना निरोधबाटै तृष्णा निरोध हुन्छ, तृष्णा निरोधबाटै उपादान निरोध हुन्छ, उपादान निरोधबाटै भव निरोध हुन्छ, भव निरोधबाटै जन्म निरोध हुन्छ, जन्म निरोधबाटै जरामरण शोक परिदेव दुःख दौर्मनस्य उपायास निरोध हुन्छ । यसप्रकार सम्पूर्ण दुःखस्कन्धको निरोध हुन्छ ।'– भन्ते ! यस्तो सोधेमा म यस्तो बताउने छु ।"

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९७।४२ सारिपुत्रहरु महान पुरूषहरु हुन्

त्यस समय राजगृहको वेणुवनको कलन्दक निवापमा बुद्ध भगवान बस्नुभएको थियो[1]। त्यस समय थुल्लनन्दा भिक्षुणी कुनै एक घरमा गई दिनहुँ भोजन गर्ने कुलूपिका थिइन्। सो गृहपतिले स्थविर भिक्षुहरूलाई निम्त्याएका थिए। अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी थुल्लनन्दा भिक्षुणी त्यस घरमा आइन्। त्यहाँ पुगेपछि गृहपतिलाई यस्तो भनिन्– "गृहपति ! यो के हो, प्रशस्त भोजन तयार भएको छ नि !"

"आर्या ! मैले स्थविरहरूलाई निम्त्याएको छु।"

"गृहपति ! को हुन् यी स्थविरहरू ?"

"आर्य सारिपुत्र, आर्य महामौद्गल्यायन, आर्य महा-काश्यप, आर्य महाकोट्ठिक, आर्य महाकप्पिन, आर्य महाचुन्द,

१. माचि. पा. पृ. ९६ : ऊनतिंसतिमपाचित्तियं, पाचित्तियकण्डं, अ. क. II. पृ. ८२७.

Downloaded from http://dhamma.digital/

आर्य अनुरुद्ध, आर्य रेवत, आर्य उपालि, आर्य आनन्द तथा आर्य राहुल हुन् ।"

"गृहपति ! महान् पुरुषहरू (महानागा) छँदा छँदै तिमीले किन यस्ता दास (चेटक) हरूलाई निम्त्याएको !"

"आर्या ! ती महान् पुरुषहरू को हुन् त ?"

"आर्य देवदत्त, आर्य कोकालिक, आर्य कटमोरक तिश्यक, आर्य खण्डदेवीको पुत्र तथा आर्य समुद्दहत्त हुन् ।"

थुल्लनन्दा भिक्षुणी यो कुरा गर्दै थिइन् कि ती स्थविर भिक्षुहरू घरमा आइपुग्नुभयो ।

"गृहपति ! तिमीले साँच्चैकै महान् पुरुषहरूलाई निम्त्यायौ ।"

"आर्या ! तिमीले भरखरै उहाँहरूलाई दास (चेटक) तुल्याउनु भयो, अहिले फेरि महान पुरुष तुल्याउनु भयो ।" यति भनी नित्य भोजन पनि नदिई थुल्लनन्दा भिक्षुणीलाई घरबाट निकालिदियो । अनि जो भिक्षु अल्पेच्छी थिए तिनीहरू...कराउन थाले, खिन्न हुनथाले र दु:खी हुन थाले– "भिक्षुणीद्वारा परिपाचित[1] गराएको भोजन देवदत्त कसरी खान्छ !" अनि ती भिक्षुहरूले यो कुरा भगवानलाई सुनाए ।

---

१. कुनै भिक्षुलाई भोजन दिलाउनको निमित्त भिक्षुणीले 'यी भिक्षु गुणवान् धर्मवान् तथा विद्वान् छन् । यिनलाई भोजन दान देऊ' भनी कुरा सुनाई दिन लगाएको भोजनलाई 'परिपाचित' भोजन भनिन्छ ।

Downloaded from http://dhamma.digital/

अनि भगवानले यसै कारणमा यसै प्रसंगमा भिक्षुसंघ एकत्रित गराई देवदत्तसँग सोध्नुभयो– "देवदत्त ! साँच्चै हो के तिमीले जानी जानी भिक्षुणीद्वारा परिपाचित गराएको भोजन खाएको ?"

"भन्ते ! साँच्चै हो ।"

अनि भगवानले निन्दा गर्नुभयो...र मोघपुरुष ! यस कार्यद्वारा न अप्रसन्न भएकालाई प्रसन्न पार्न सक्छ, न प्रसन्न भएकालाई बढी प्रसन्न पार्न सक्छ, बल्कि यो तिम्रो क्रियाद्वारा अप्रसन्न भएकालाई झन् अप्रसन्न पार्ने र प्रसन्न भएका कुनै कुनैको प्रसन्नतालाई आघात पार्ने जस्तै हुन जान्छ । भिक्षुहो ! यसरी यो शिक्षापद (= नियम) अध्ययन गर—

"जानी जानी जो भिक्षुले भिक्षुणीद्वारा परिपाचन गराएको भोजन खान्छ भने उसलाई पाचित्तिय (= दोष) लाग्छ ।"

यसरी भगवानले भिक्षुहरूको निमित्त शिक्षापद (= नियम) बनाउनु भयो ।

X X X

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९८।४३ जो जस्तो छ ऊ त्यस्तैसाग मिल्दछ

एक समय भगवान राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो[1]।

(१) त्यस समय आयुष्मान् सारिपुत्र भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण (= टहलिनु) गर्दै हुनुहुन्थ्यो । (२) आयुष्मान् महामौद्गल्यायन पनि भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (३) आयुष्मान् महाकाश्यप पनि भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (४) आयुष्मान् अनुरुद्ध पनि भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (५) त्यस समय आयुष्मान् पूर्णमन्त्राणिपुत्र (पुण्णोमन्तानिपुतो) भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (६) आयुष्मान् उपालि पनि भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (७) आयुष्मान् आनन्द पनि भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (८) आयुष्मान्

---

१. सं. नि. II. पृ. १३२ : चङ्कसुत्तं, अ. क. II. पृ. १०५.

Downloaded from http://dhamma.digital/

देवदत्त पनि भगवानको अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनु हुन्थ्यो।

अनि भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

“भिक्षुहो ! तिमीहरूले सारिपुत्रलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?”

“भन्ते ! देख्दछौं।”

“भिक्षुहो ! ती सबै भिक्षुहरू महाप्राज्ञ छन्। भिक्षुहो ! तिमीहरूले मौद्‌गल्यायनलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?”

“भन्ते ! देख्दछौं।”

“भिक्षुहो ! ती सबै भिक्षुहरू महर्द्धिक छन्। भिक्षुहो ! तिमीहरूले काश्यपलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?”

“भन्ते ! देख्दछौं।”

“भिक्षुहो ! ती सबै भिक्षुहरू धुतङ्गधारी[1] छन्। भिक्षुहो ! तिमीहरूले अनुरुद्धलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?”

“भन्ते ! देख्दछौं।”

---

१. ‘धुतङ्ग’ भनेको के हो भन्ने बारेमा हेर बु. प. भा–१, पृ. १२३ को पादटिप्पणी।

Downloaded from http://dhamma.digital/

"भिक्षुहो ! ती सबै भिक्षुहरू दिव्यचक्षुलाभी[1] छन् । भिक्षुहो ! तिमीहरूले पूर्ण मन्त्राणिपुत्रलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू धर्मकथिक छन् । भिक्षुहो ! तिमीहरूले उपालिलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू विनयधर छन् । भिक्षुहो ! तिमीहरूले आनन्दलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू बहुश्रुत छन् । भिक्षुहो ! तिमीहरूले देवदत्तलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू कमसल विचारका (पापिच्छा) छन् । "

"भिक्षुहो ! आ-आफ्ना स्वभाव अनुसार (धातुसो) सत्वहरू

१. 'दिव्यचक्षु' भनेको केहो भन्ने बारेमा हेर बु. प. भा-१, पृ. ४६२; बु. गृ. भा-१, पृ. २५८; बु. रा. भा.-१, पृ. २९४ तथा बु. ब्रा. भा-१, पृ. २७८ मा ।

Downloaded from http://dhamma.digital/

मिल्दछन् एकमेल हुनछन्– हीन विचारका हीन विचार हुनेहरूसँग मिल्दछन् एकमेल हुन्छन्; कल्याण (असल) विचारका कल्याण विचार हुनेहरूसँग मिल्दछन् एकमेल हुन्छन् ।"

"भिक्षुहो ! अतीतकालमा पनि आ-आफ्ना स्वभाव अनुसार सत्वहरू मिल्दथे एकमेल हुन्थे– हीन विचारका हीन विचार हुनेहरूसँग मिल्दथे एकमेल हुन्थे; कल्याण विचारका कल्याण विचार हुनेहरूसँग मिल्दथे एकमेल हुन्थे ।"

"भिक्षुहो ! अनागतकालमा पनि आ-आफ्ना स्वभाव अनुसार सत्वहरू मिल्नेछन् एकमेल हुनेछन्– हीन विचारका हीन विचार हुनेहरूसँग मिल्नेछन् एकमेल हुनेछन्; कल्याण विचारका कल्याण विचार हुनेहरूसँग मिल्नेछन् एकमेल हुनेछन् ।"

"भिक्षुहो ! अहिले वर्तमानकालमा पनि सत्वहरू आ-आफ्ना स्वभाव अनुसार मिल्दछन् एकमेल हुन्छन्– हीन विचारका हीन विचार हुनेहरूसँग मिल्दछन् एकमेल हुन्छन्; कल्याण विचारका कल्याण विचार हुनेहरूसँग मिल्दछन् एकमेल हुन्छन् ।"

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## ९९।४४ काठको मूढा

यस्तो मैले सुनें[1] ।

एक समय आयुष्मान् सारिपुत्र राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो । अनि आयुष्मान् सारिपुत्र पूर्वान्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी केही भिक्षुहरूसँग गृद्धकूट पर्वतबाट ओर्लिनुहुँदा एक ठाउँमा एक ठूलो काठको मूढा देख्नुभयो । देखेपछि भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

"आवुसो ! तपाईहरूले अमुक काठको मूढा देख्नुहुन्छ ?"

"आवुसो ! देख्दछौं ।"

"आवुसो ! यदि चाहेको खण्डमा ऋद्धिवान् चित्तवशीप्राप्त भिक्षुले अमुक काठको मूढालाई पृथ्वी नै भनी सम्भन सक्छ । त्यसको कारण के हो भने ?– आवुसो ! अमुक काठको मूढामा पृथ्वी-धातु छ । जसले गर्दा ऋद्धिवान् चित्तवशीप्राप्त भिक्षुले सो काठको मूढालाई

---

१. अ.. नि-६, पृ. ५५ : दारुक्खन्धसुत्तं, अ. क. II. पृ. ६६७.

Downloaded from http://dhamma.digital/

पृथ्वी नै भनी सम्झन सक्छ। आवुसो ! यदि चाहेको खण्डमा ऋद्धिवान् चित्तवशीप्राप्त भिक्षुले अमुक ठूलो काठको मूढालाई आप् नै भनी सम्झन सक्छ,...तेज नै भनी सम्झन सक्छ,...वायु नै भनी सम्झन सक्छ,...शुभ नै भनी सम्झन सक्छ,...अशुभ नै भनी सम्झन सक्छ। त्यसको कारण के भने ?– आवुसो ! अमुक काठको मूढामा अशुभधातु छ। जसले गर्दा ऋद्धिवान् चित्तवशीप्राप्त भिक्षुले सो काठको मूढालाई अशुभ नै भनी सम्झन सक्छ।"

X X X

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## १००।४५ महासिंहनाद

### सुनक्खत्त भिक्षुले चीवर छाडे

यस्तो मैले सुनें[१]।

एक समय भगवान वैशालीको नगर बाहिर पश्चिमतिरको बनखण्डमा बस्नुभएको थियो । त्यसबखत सुनक्खत्त (**=** सुनक्षत्र) लिच्छवीपुत्रले यस धर्मलाई भरखरै छाडेर गएका थिए। उनी वैशालीको सभाषद्मा यस्तो भन्दथे "श्रमण गौतममा उत्तरीय मनुष्यधर्म (= दिव्यशक्ति) र ज्ञानदर्शन गर्ने विशेषता छैन। श्रमण गौतम आफूले स्वयं जानेका कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन्। जसको निमित्त धर्मदेशना गर्छन् तदनुसार आचरण गर्नेको दुःख क्षय हुन्छ।"

अनि आयुष्मान् सारिपुत्र पूर्वान्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी वैशालीमा भिक्षाटन्को निमित्त जानुभयो। त्यसबखत

---

१. म. नि. I. पृ. ९६ : महासीहनादसुत्तं; अ. क. II. पृ. १५.

Downloaded from http://dhamma.digital/

आयुष्मान् सारिपुत्रले सुनक्खत्त लिच्छवीपुत्रले यस्तो भनेको सुन्नुभयो– “श्रमण गौतममा उत्तरीय मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन। श्रमण गौतम आफूले स्वयं जानेको कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन्। जसको निमित्त धर्मदेशना गर्छन् तदनुसार आचरण गर्नेको दुःख क्षय हुन्छ।”

अनि आयुष्मान् सारिपुत्र वैशालीमा भिक्षाटन् गरी भोजनोपरान्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवानलाई यसो भन्नुभयो– “भन्ते ! सुनक्खत्त लिच्छवीपुत्र यस धर्मबाट हालसालै चीवर छाडेर गए। उनी वैशालीका सभाषद्‌लाई यसो भन्दछन्– ‘श्रमण गौतममा उत्तरीय मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन।...”

“सारिपुत्र ! त्यो तुच्छ सुनक्खत्त क्रोधी छन्। क्रोधको कारणले उनले यस्तो भनेका हुन्। सारिपुत्र ! बदनाम गर्छु भन्दा भन्दै तुच्छ सुनक्खत्तले तथागतको वर्णन नै गरेका छन्। सारिपुत्र ! ‘जसको निमित्त धर्मदेशना गर्छन् तदनुसार आचारण गर्नेको दुःख क्षय हुन्छ’ भन्नु नै तथागतको वर्णन हो।”

“सारिपुत्र ! ‘उहाँ भगवान अरहत् सम्यक्सम्बुद्ध विद्याचरण सम्पन्न सुगत लोकविद् अनुपम पुरुषदम्यसारथी देवमनुष्यका शास्ता तथा भगवान बुद्ध हुन्’ भन्ने यति कुराको ज्ञान पनि मोघपुरुष सुनक्खत्तमा छैन।

Downloaded from http://dhamma.digital/

"सारिपुत्र ! 'भगवान अनेक प्रकारका ऋद्धिविध[1] ज्ञान जान्दछन्' भन्ने यति कुरा पनि मोघपुरुष सुनक्खत्तमा ज्ञान छैन ।"

"सारिपुत्र ! 'भगवानले अमानुषीय दिव्यचक्षुद्वारा दिव्यशब्द र मनुष्यशब्दहरू सुन्न सक्छन्' भन्ने यति कुरा पनि मोघपुरुष सुनक्खत्तमा ज्ञान छैन ।"

"सारिपुत्र ! 'भगवानले अरू प्राणीहरूको चित्तलाई जान्दछन्...[2]' भन्ने यति कुरा पनि मोघपुरुष सुनक्खत्तमा ज्ञान छैन ।"

## तथागतका दशबलहरू

"सारिपुत्र ! **तथागतका यी दशबलहरु[3] हुन् ।** जुन बलले युक्त भई तथागतले **आसभ[4]** (= श्रेष्ठ) स्थान प्राप्त गर्छन्, परिषद्को बीचमा सिंहनाद[5] गर्छन् र ब्रह्मचक्र (= धर्मचक्र) प्रवर्तन गर्छन् । कुन दश भने ?"

(१) "सारिपुत्र ! यहाँ **तथागत कारणलाई कारण र अकारणलाई अकारण[6] भनी यथार्थतः जान्दछन् ।** सारिपुत्र ! जो

१. 'ऋधिविध-ज्ञान' भनेको कस्तो हो भन्ने सम्बन्धमा लेखकको बु. प. भा-१, पृ. ५९२ मा उल्लेख भएको छ ।

२. यहाँ बाँकी भएका कुराहरू लेखकको बु. प. भा-१, पृ. ५९३ मा उल्लिखित 'परचित्तज्ञान' भन्ने शीर्षकमा पढ्नू ।

३. 'बल' दुइ प्रकारका छन् । कायबल र ज्ञानबल । यी मध्ये कायबल भनेको हात्तीकुल परम्परानुसार दश हात्तीको बल भएकालाई

Downloaded from http://dhamma.digital/

'कायबल' भनिएको हो । जस्तै–

"कालावकञ्च गङ्गेय्य, पण्डरं तम्बपिङ्गलं ।
गन्ध मङ्गल हेमञ्च, उपोसथ छद्दन्तिमेदस ॥"

यी हुन् दशवटा हात्तीका दशबलहरू । यी मध्ये–

(१) कालवक भन्ने हात्तीमा दशजना मानिसहरूको बल हुन्छ । (२) दशवटा कालवक हात्तीहरूको बल एउटा गङ्गेय्य भन्ने हात्तीमा हुन्छ । (३) दशवटा गङ्गेय्य हात्तीहरूको बल एउटा पण्डर भन्ने हात्तीमा हुन्छ । (४) दशवटा पण्डर हात्तीहरूको बल एउटा तम्ब भन्ने हात्तीमा हुन्छ । (५) दशवटा तम्ब हात्तीहरूको बल एउटा पिङ्गल भन्ने हात्तीमा हुन्छ । (६) दशवटा पिङ्गल हात्तीहरूको बल एउटा गन्ध भन्ने हात्तीमा हुन्छ । (७) दशवटा गन्ध हात्तीहरूको बल एउटा मङ्गल भन्ने हात्तीमा हुन्छ । (८) दशवटा मङ्गल हात्तीहरूको बल एउटा हेमवत भन्ने हात्तीमा हुन्छ । (९) दशवटा हेमवत हात्तीहरूको बल एउटा उपोसथ भन्ने हात्तीमा हुन्छ । (१०) दशवटा उपोसथ हात्तीहरूको बल एउटा छद्दन्त भन्ने हात्तीमा हुन्छ । दशवटा छद्दन्त हात्तीहरूको बल तथागतमा हुन्छ । यसैलाई तथागतको 'कायबल' भनिन्छ । पपं. सू. II. पृ. २१ : महासीहनादसुत्तवण्णना ।

'ज्ञानबल' को विषयमा यसरी मूलपालिमा उल्लेख भएको पाइन्छ– दशबलज्ञान, चतुर्वैशारदज्ञान, आठ परिषद्को बीचमा अकम्पितज्ञान, चतुर्योनि परिच्छेदज्ञान र पञ्चगति परिच्छेदज्ञान ।

Downloaded from http://dhamma.digital/

यी कारणहरू संयुत्तनिकायमा बताइएका छन् (सं. नि. II. पृ. २५ र २६ : दसबलसुत्तं, निदानसंयुत्तं) । ७३ ज्ञानका कुराहरू (पटि. म. पा. पृ. १–६ मा) र ७७ ज्ञानका कुराहरू (पटि. म. अ. क. पृ. ४६८ मा) तथा अरू पनि अनेक हजार ज्ञानका कुराहरू छन् । यिनीहरूलाई 'ज्ञानबल' भनिएको हो । यस ठाउँमा पनि 'ज्ञानबल' लाई लिएर 'दशबल' भनिएको हो । किनभने ज्ञानको कारणद्वारा अकम्पित भएर बस्न सक्ने भएको हुनाले 'बल' भनिएको हो । पपं. सू. II. पृ. २१–२२ : महासीहनादसुत्तवण्णना ।

४. 'आसभ' को अर्थ हो सर्वश्रेष्ठ स्थान, सर्वोत्तम स्थान । पूर्व बुद्धहरूको स्थान पनि हो । अर्को प्रकारले 'ऋषभ' लाई नै 'आसभ' भनिएको हो भनी पपं. सू. II. पृ. २२ ले उल्लेख गरेको छ ।

५. 'सिंहनाद' भनेको श्रेष्ठ नाद, निर्भीक नाद, सिंह जस्तै निर्भीक नादलाई 'सिंहनाद' भनिन्छ । लोकधर्मलाई सहन गर्ने र परप्रवादलाई मर्दन गर्ने हुनाले तथागतलाई 'सिंह' भनिन्छ । यस्तो गुण भएका सिंहको नाद 'सिंहनाद' हो भनी पपं. सू. II. पृ. २२ : महासीहनादसुत्तवण्णनाले उल्लेख गरेको छ ।

६. भनाइको तात्पर्य यो हो कि– जसलाई जे कुरा गर्दा त्यसबाट उसलाई फलदायी हुन्छ भने 'फलदायी हुन्छ' भनी जान्न सक्ने र फलदायी हुन्न भने 'फलदायी हुन्न' भनी जान्न सक्ने ज्ञानलाई 'कारण' र 'अकारण' भनिएको हो । अर्थात् फलदायी र अफलदायी भनिएको हो । पपं. सू. II. पृ. २३ : महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

यहाँ तथागत कारणलाई र अकारणलाई यथार्थत जान्दछन्, सारिपुत्र ! यो पनि **तथागतको तथागत-बल हो** जुन बलले युक्त भई तथागत आसभ स्थान प्राप्त गर्छन् परिषद्को बीचमा सिंहनाद गर्छन् र ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(२) "सारिपुत्र ! फेरि तथागत भूत भविष्य वर्तमान **कारणद्वारा विपाक** (= फल) लाई यथार्थत : जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागतले भूत भविष्य वर्तमान कर्मको कारणद्वारा विपाकलाई यथार्थत जान्दछन्, सारिपुत्र ! यो पनि **तथागतको तथागत-बल हो** जुन बलले युक्त भई तथागत आसभ स्थान प्राप्त गर्छन् परिषद्को बीचमा सिंहनाद गर्छन् र ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(३) "फेरि सारिपुत्र ! तथागत **सर्वत्रगा**( (= सुगति दुर्गति जाने सबै) मार्गलाई यथार्थत : जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत सर्वत्रगामी मार्गलाई यथार्थत जान्दछन्, सारिपुत्र ! यो पनि **तथागतको तथागत-बल हो** जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(४) "फेरि सारिपुत्र ! तथागत **अनेकधातु नानाधातु हुने** (= चक्षुधातु, कामधातु आदि) स्कन्धलोकलाई यथार्थत : जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत अनेकधातु नानाधातु हुने स्कन्धलोकलाई यथार्थत जान्दछन्, सारिपुत्र ! यो पनि तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

Downloaded from http://dhamma.digital/

(५) "फेरि सारिपुत्र ! तथागत **नानास्वभावका प्राणीहरुलाई** यथार्थतः जान्दछन्। सारिपुत्र ! जो यहाँ तथागत नानास्वभावका प्राणीहरूलाई जान्दछन्, सारिपुत्र ! यो पनि **तथागतको तथागत-बल हो** जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(६) "फेरि सारिपुत्र ! तथागत **प र स त** ( (= प्रधान व्यक्तिका) पर पुद्गलका (अप्रधान व्यक्तिका) इन्द्रियहरू (= श्रद्धेन्द्रिय आदि) को प्रवलता र दुर्बलताको बारेमा यथार्थतः जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत सर्वत्रगामी मार्गलाई यथार्थत जान्दछन्, सारिपुत्र ! यो पनि **तथागतको तथागत-बल** हो जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(७) "फेरि सारिपुत्र ! तथागत **ध्यान**[१], **विमोक्ष**[२], **समाधि**[३], **समात्ति**[४]को मलिनता, निर्मलता तथा उत्थानलाई यथार्थत : जान्दछन् । सारिपुत्र ! जो यहाँ तथागत ध्यानविमोक्ष समाधि समापत्तिको मलिनता निर्मलता तथा उत्थानलाई यथार्थत जान्दछन्, सारिपुत्र ! यो पनि

---

१. प्रथमादि चतर्थध्यान ।

२. अष्टविमोक्ष । हेर लेखकको बु. प. भा-१, पृ. ४४८ मा ।

३. सवितर्क सविचार तृतीयध्यान ।

४. प्रथमध्यान समापत्तिदेखि नवौं समापत्तिसम्म । हेर लेखकको बु. गृ. भा-१, पृ. ९ मा अनुपूर्वविहार ।

Downloaded from http://dhamma.digital/

तथागतको तथागत-बल हो जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(८) "फेरि सारिपुत्र ! तथागत अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन् । जस्तै– एक जन्मको कुरा, दुइ जन्मको कुरा ... [१] अनुस्मरण गर्छन् । सारिपुत्र ! जो यहाँ तथागत अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छन् ... सारिपुत्र ! यो पनि **तथागतको तथागत-बल हो** जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(९) "फेरि सारिपुत्र ! तथागत अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा नीचता उच्चतामा च्युत हुने उत्पन्न हुने प्राणीहरूलाई देख्छन् ... [२] । सारिपुत्र ! जो यहाँ तथागत अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा नीचतामा उच्चतामा च्युत हुने उत्पन्न हुने प्राणीहरूलाई देख्छन, सारिपुत्र ! यो पनि **तथागतको तथागत-बल हो** जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

(१०) "फेरि सारिपुत्र ! तथागत आस्रव क्षय गरी अनास्रवी भई चित्तविमुक्ति प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्छन् । सारिपुत्र ! जो यहाँ तथागत आस्रव क्षय गरी

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४६० मा पूर्वानुस्मरण ज्ञानमा हेर्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा-१, पृ. ४६२ मा दिव्यचक्षुमा हेर्नू ।

Downloaded from http://dhamma.digital/

अनास्रवी भई चित्तविमुक्ति प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्छन्, सारिपुत्र ! यो पनि **तथागतको तथागत–बल हो** जुन बलले युक्त भई तथागत...ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

"सारिपुत्र ! यिनीहरू नै तथागतका तथागत बलहरू हुन् जुन बलले युक्त भई तथागत ... ब्रह्मचक्र प्रवर्तन गर्छन् ।"

"सारिपुत्र ! कसैले जानेर पनि मलाई यस्तो भन्दछ– 'श्रमण गौतममा उत्तरीय मनुष्य धर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन; श्रमण गौतम आफूले स्वयं जानेको कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन्' सारिपुत्र ! यदि त्यो वचनलाई र चित्तलाई नछाडी तथा त्या धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ । सारिपुत्र ! जस्तै– शीलसम्पन्न, समाधिसम्पन्न, प्रज्ञासम्पन्न भिक्षु यसै जीवनमा निर्वाण साक्षात्कार गर्छ त्यस्तै गरी सारिपुत्र ! त्यो वचनलाई, त्यो चित्तलाई र त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ ।"

## तथागतका चार वैशारदयता

"सारिपुत्र ! यी चार **तथागतका वैशारदयता हुन्** जुन वैशारदयताले युक्त भई तथागत **आसभस्थान प्राप्त गर्छन्**, परिषदको बीचमा सिंहनाद गर्छन् र ब्रह्मचक्र प्रवर्तन गर्छन् । कुन चार भने ?—

(१) "सारिपुत्र ! मैले आफूलाई **सम्यक्सम्बुद्ध हु** भनी बताउँदा यो लोकका कुनै श्रमण, ब्राह्मण, देव मार तथा ब्रह्मादि कसैले

Downloaded from http://dhamma.digital/

कारण सहित आरोप[1] लगाउँन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यसरी कुनै कारण नदेखेको हुँदा म क्षेमप्राप्त, अभय प्राप्त तथा वैशारदद्य प्राप्त भई बस्छु ।"

(२) "सारिपुत्र ! मैले आफूलाई **क्षीणास्रवी** भनी बताउँदा यी आस्रवहरू क्षीण भएका छैनन' भनी यो लोकका कुनै श्रमण, ... तथा ब्रह्मादि कसैले कारण सहित आरोप लगाउन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यसरी कुनै कारण नदेखेको हुँदा म क्षेम प्राप्त, अभय प्राप्त तथा वैशारदद्य प्राप्त भई बस्छु ।"

(३) "सारिपुत्र ! मैले आफूलाई **विघ्नकारक हो** भनी बताउँछु त्यो कुरा सेवन गर्दा बिघ्नकारक हुन्न भनी यो लोकका कुनै श्रमण, ... तथा ब्रह्मादि कसैले कारण सहित आरोप लगाउन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यसरी कुनै कारण नदेखेको हुँदा म क्षेम प्राप्त, अभय प्राप्त तथा वैशारदद्य प्राप्त भई बस्छु ।"

(४) "सारिपुत्र ! 'जसको निमित्त धर्मदेशना गरिएको हो सो त्यसको निमित्त तदनुसार आचरण गर्नेलाई **दुःख क्षय हुन्न** भनी यो लोकका कुनै श्रमण, ...तथा ब्रह्मादि कसैले कारण सहित आरोप लगाउन सक्छन् भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यसरी कुनै कारण

---

१. 'यो धर्म तिमीले बुझेका छैनौ' भनी कारण सहित आरोप लगाउनेलाई यहाँ 'आरोप' भनिएको हो । पपं. सू II. पृ. २७ : महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

नदेखेको हुँदा म क्षेम प्राप्त, अभय प्राप्त तथा वैशारदद्य प्राप्त भई बस्छु ।"

"सारिपुत्र ! कसैलेयस्तो जानेर पनि मलाई 'श्रमण गौतममा उत्तरीय मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन; श्रमण गौतम आफूले स्वयं जानेको कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन्' भने सारिपुत्र ! त्यो वचनलाई नछाडी त्यो चित्तलाई नछाडी तथा त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ। सारिपुत्र ! जस्तै– शीलसम्पन्न, समाधिसम्पन्न, प्रज्ञासम्पन्न भिक्षुले यसै जीवनमा निर्वाण साक्षात्कार गर्छ त्यस्तै गरी सारिपुत्र ! त्यो वचनलाई त्यो चित्तलाई र त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ ।"

## आठ परिषद्मा अभय प्राप्त तथागत

"सारिपुत्र ! **यी आठ परिषद्** कुन आठ भने ?—

"(१) क्षत्री परिषद्, (२) ब्राह्मण परिषद्, (३) गृहपति परिषद्, (४) श्रमण परिषद् (५) चातुर्महाराजिक परिषद्, (६) त्रयस्त्रिंश परिषद्, (७) मार परिषद् र (८) ब्रह्म परिषद् । सारिपुत्र ! यी नै आठ परिषद् हुन् । सारिपुत्र ! यी चार वैशारदद्यताले युक्त भई तथागत यी आठ परिषद्मा जान्छन् । सारिपुत्र ! अनेक क्षत्री परिषद्मा गएको कुरा मलाई थाहा छ । त्यहाँ अघि बसेको, कुराकानी गरेको र छलफल गरेको पनि मलाई थाहा छ । सारिपुत्र ! त्यहाँ ममा भय वा

Downloaded from http://dhamma.digital/

त्रास उत्पन्न हुन्छ भन्ने म कुनै कारण देख्दिन ।सारिपुत्र ! यो कारण नदेखेर म क्षेम प्राप्त अभय प्राप्त तथा वैशारदद्य प्राप्त भई बस्छु ।"

"सारिपुत्र ! अनेक शय ब्राह्मण परिषद्मा ... गृहपति परिषद्मा ..., श्रमण परिषद्मा ... चार्तुमहाराजिक परिषद्मा ... त्रयस्त्रिंश परिषद्मा ... मार परिषद्मा ... ब्रह्म परिषद्मा गएको कुरा पनि मलाई थाहा छ। त्यहाँ पनि अघि बसेको, कुराकानी गरेको र छलफल गरेको मलाई थाहा छ । सारिपुत्र ! त्यहाँ ममा भय वा त्रास उत्पन्न हुन्छ भन्ने म कुनै कारण देख्दिन । सारिपुत्र ! यो कारण नदेखेर म क्षेम प्राप्त अभय प्राप्त तथा वैशारदद्य प्राप्त भई बस्छु ।"

"सारिपुत्र ! कसैले यस्तो जानेर पनि यस्तो भन्दछ भने ... [१] नरकमा राखे जस्तो हुनेछ ।"

## चार योनिहरू

"सारिपुत्र ! **यी चार योनिहरु हुन्**। कुन चार भने ?—

"(१) अण्डजयोनि, (२) जरायुजयोनि, (३) संस्वेदजयोनि र (४) औपपातिकयोनि ।

"(१) सारिपुत्र ! कुनचाहिं अण्डजयोनि हो ? सारिपुत्र ! जुन प्राणीहरू अण्डकोषलाई फोरी उत्पन्न हुन्छन् सारिपुत्र ! यसैलाई **अण्डजयो** भन्दछन् ।"

---

१. यहाँका बाँकी कुरा माथि पृ. ३०२ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

"(२) सारिपुत्र ! कुनचाहिं जरायुजयोनि हो ? सारिपुत्र ! जुन प्राणीहरू वस्तिकोष (= गर्भाशय) लाई फोरी उत्पन्न हुन्छन् सारिपुत्र ! यसैलाई **जरायुजयोनि** भन्दछन् ।"

"(३) सारिपुत्र ! कुनचाहिं संस्वेदजयोनि हो ? सारिपुत्र ! जुन प्राणीहरू कुहिएको माछामा, कुहिएको मृतशरीरमा, कुहिएको कुल्मास (खाना, रोटी आदि) मा, फोहर खाडलमा र फोहर ठाउँमा उत्पन्न हुन्छन् सारिपुत्र ! यसैलाई **संस्वेदजयोनि** भन्दछन् ।"

"(४) सारिपुत्र ! कुनचाहिं औपपातिकयोनि हो ? सारिपुत्र ! देवताहरू, नारकीयहरू, कुनै कुनै मनुष्यहरू तथा कुनै कुनै विनिपातिक (प्रेत) हरू छन् सारिपुत्र ! यसैलाई **औपपातिकयोनि** भन्दछन् ।"

"सारिपुत्र ! यी नै चार योनिहरू हुन् ।"

"सारिपुत्र ! कसैले यस्तो जानेर पनि मलाई यस्तो भन्दछ भने ... नरकमा राखे जस्तो हुनेछ ।"

## **पाँच** गतिहरू

"सारिपुत्र ! **यी पाच गतिहरु हुन् ।** कुन पाँच भने ?—

"(१) नरक, (२) तिर्यक्, (३) प्रेत्यविषय, (४) मनुष्य र (५) देव ।

"१– सारिपुत्र ! नरक पनि मलाई थाहा छ नरकमा जाने मार्ग र नरकमा पुऱ्याउने चर्या पनि । जस्तो आचरण गर्दा मृत्युपछि शरीर-

Downloaded from http://dhamma.digital/

छाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहा छ। २– सारिपुत्र ! **तिर्यक्योनि** पनि मलाई थाहा छ तिर्यक्योनिमा जाने मार्ग र तिर्यकयोनिमा पुऱ्याउने चर्या पनि। जस्तो आचरण गर्दा मृत्युपछि शरीरछाडी तिर्यक्योनिमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहा छ। ३– सारिपुत्र ! **प्रेत्यविषय** पनि मलाई थाहा छ प्रेत्यविषयमा जाने मार्ग र प्रेत्यविषयमा पुऱ्याउने चर्या पनि। जस्तो आचरण गर्दा मृत्युपछि शरीरछाडी प्रेत्यविषयमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहा छ। ४– सारिपुत्र ! **मनुष्यहरु** पनि मलाई थाहा छ मनुष्यलोकमा जाने मार्ग र मनुष्यलोकमा पुऱ्याउने चर्या पनि। जस्तो आचरण गर्दा मृत्युपछि शरीरछाडी मनुष्यहरू उत्पन्न हुनेहो त्यो पनि मलाई थाहा छ। ५– सारिपुत्र ! **देवताहरु** पनि मलाई थाहा छ देवलोकमा जाने मार्ग र देवलोकमा पुऱ्याउने चर्या पनि। जस्तो आचरण गर्दा मृत्युपछि शरीर छाडी सुगति स्वर्गलोकमा उत्पन्न हुनेहो त्यो पनि मलाई थाहा छ। ६– सारिपुत्र !**निर्वाण** पनि मलाई थाहा छ[१] निर्वाण जाने मार्ग र निर्वाण पुऱ्याउने चर्या पनि। जस्तो आचरण गर्दा आस्रवहरू क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्ति यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्छ त्यो पनि मलाई थाहा छ।”

---

१. पाँच गतिका कुराहरू भइरहेको ठाउँमा निर्वाणको कुरा किन भन्नुभएको होला भन्ने जिज्ञासाको सम्बन्धमा अर्थकथाले गतिमा जाने कुरा मात्र होइन परन्तु गतिबाट परिमुक्त हुने कुरा पनि देखाउनु हुँदै निर्वाणको कुरा बताउनु भएको हो भनी पपं. सू. II. पृ. ३० : महासीहनादसुत्तवण्णनाले प्रष्ट गरेको छ।

Downloaded from http://dhamma.digital/

(१) “सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई म आफ्नो चित्तले यसरी जान्दछु– ‘जुन बाटोमा यो पुरुष गइरहेको छ जुन ढंगले जाँदैछ तथा जुन किसिमको आचरण गरिरहेको छ त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीर छाडी अपाय दुर्गति **विनिपात नरकमा उत्पन्न हुनेछ** अनि पछि सो पुरुष मरणपछि शरीर छाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न भई अत्यन्त दुःख भएको तीव्र कटु दुःख वेदनालाई भोग गरिरहेको अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा म देख्दछु। सारिपुत्र ! भनौंकि मानिस जत्रो गहिरो धुँवा नभएको ज्वाला नभएको अङ्गारको आगा भएको खाडल छ। अनि घाममा परेको घामले पोलेको थकित भएको प्यास लागेको कुनै पुरुष एउटै मात्र बाटो भएको सोही अङ्गारका आगा भएको खाडलतिर जाने बाटो लागेर गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ– ‘जुन तरिकाले यो पुरुष जाँदैछ जुन बाटो लागी यो पुरुष जाँदैछ त्यस अनुसार अवश्य पनि यो पुरुष सोहि खाडलमा पर्नेछ।’ अनि पछि गएर त्यो पुरुषले यो पुरुषलाई सोहि खाडलमा परी तीव्र कटु दुःखानुभव गरिरहेको देख्छ। सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म आफ्नो चित्तले यसरी जान्दछु–‘जुन बाटोमा यो पुरुष गइरहेको छ जुन ढंगले जाँदैछ तथा जुन किसिमको आचरण गरिरहेको छ त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीरछाडी अपाय दुर्गति **विनिपात नरकमा उत्पन्न हुनेछ।** अनि पछि गएर सो पुरुष मरणपछि शरीर छाडी अपाय ... नरकमा उत्पन्न भई अत्यन्त दुःख भएको तीव्र कटु दुःख वेदनालाई भोग गरिरहेको अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा म

Downloaded from http://dhamma.digital/

देख्दछु ।"

(२) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई म आफ्नो चित्तले यसरी जान्दछु– 'जुन बाटोमा यो पुरुष गइरहेको छ ... त्यस अनुसार यो पुरुष अवश्य पनि तिर्यक्मा उत्पन्न हुनेछ।' ... अनि पछि ... तिर्यक्मा ... [1] म देख्दछु। सारिपुत्र ! भनौंकि मानिस जत्रो गहिरो गुहु भएको खाडल छ। अनि घाममा परेको ... [1] कुनै पुरुष एउटै मात्र बाटो भएको सोही गुहुको खाडलतिर जाने बाटो लागेर गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले ... [1] देख्छ। सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म ... [2] देख्दछु।"

(३) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई ...जान्दछु– 'जुन बाटोमा यो पुरुष गइरहेको छ ... त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीर छाडी **प्रेत्यविषयमा उत्पन्न हुनेछ** अनि पछि... प्रेत्यविषयमा उत्पन्न भई धेरै दुःख वेदना अनुभव गरिरहेको अलौकिक विशुद्ध दिव्य चक्षुद्वारा म देख्दछु। सारिपुत्र ! भनौंकि कुनै विषय भूमिमा उम्रेको कम पात र छाया भएको रुख हुन्छ। अनि घाममा परेको ...[1] कुनै पुरुष एउटै मात्र बाटो भएको सोही रुखतिर जाने बाटो लागेर गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ– 'जुन तरिकाले यो पुरुष जाँदैछ ... अवश्य पनि यो पुरुष सोही रुखमा पुग्नेछ ।'

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३०८ (१) मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ३०८ (१) मा उल्लेख भए जस्तै मिलाई पढ्नू ।

Downloaded from http://dhamma.digital/

अनि पछि गएर त्यो पुरुषले यो पुरुषलाई कम छाया भएको रुखमुनि बसेर वा लेटेर धेरै दुःखवेदना भोग्दै बसेको दुख्छ। सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म ... देख्दछु।"

(४) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई ... जान्दछु– 'जुन बाटोमा यो पुरुष गइरहेको छ ... त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीर छाडी **मनुष्यहरुमा उत्पन्न हुनेछ।** अनि पछि ... धेरै सुखवेदना अनुभव गर्दै मनुष्यहरूमा उत्पन्न भएको अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा म देख्दछु। सारिपुत्र ! भनौंकि कुनै समभूमिमा उम्रेको प्रसस्त पात र छाया भएको रुख हुन्छ। अनि घाममा परेको ... कुनै पुरुष एउटै मात्र बाटो भएको सोही रुखतिर जाने बाटो लागेर गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ– 'जुन तरिकाले यो पुरुष जाँदैछ ... अवश्य पनि यो पुरुष सोही रुखमा पुग्नेछ।' अनि पछि गएर त्यो पुरुषले यो पुरुषलाई छाया भएको रुखमुनि बसेर वा लेटेर धेरै सुःखवेदना भोग्दै बसेको दुख्छ। सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म ... देख्दछु।"

(५) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई म ...जान्दछु– 'जुन बाटोमा यो पुरुष गइरहेको छ ... त्यस अनुसार यो पुरुष अवश्य पनि मरणपछि शरीर छाडी **सुगति स्वर्गलोकमा उत्पन्न हुनेछ।** अनि पछि...खूब सुखानुभव गर्दै सुगति स्वर्गलोकमा उत्पन्न भएको अलौकिक विशुद्ध दिव्य चक्षुद्वारा म देख्दछु। सारिपुत्र ! भनौंकि गजुर भएको, लिउन लगाएको, हावा नलाग्ने, दैला ठूनेका, झ्यालहरू बन्द गरेको

Downloaded from http://dhamma.digital/

प्रासाद हुन्छ। त्यहाँ (त्यस प्रासादमा) खाट हुन्छ जसमा लामा लामा रोम भएको राधी वछ्याइएको हुन्छ त्यसमाथि शुद्ध सेतो बिछ्यौना लगाइएको हुन्छ, मृगचर्म बिच्छ्याइएको हुन्छ, तन्ना लगाइएको हुन्छ र दुबैतिर राता राता सिरानहरू राखेका हुन्छन्। अनि घाममा परेको ... कुनै पुरुष एउटै मात्र बाटो भएको सोही प्रासादतिर जाने बाटो लागेर गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ– 'जुन तरिकाले यो पुरुष जाँदैछ ... अवश्य पनि यो पुरुष सोही प्रासादमा पुग्नेछ।' अनि पछि गएर त्यो पुरुषले यो पुरुषलाई सोही गजुर भएको प्रासादमा सोही खाटमा बसी वा लेटी निकै सुखानुभव गरिरहेको देख्छ। सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म... देख्दछु।"

(६) "सारिपुत्र ! यहाँ कुनै व्यक्तिको चित्तलाई म...जान्दछु– 'जुन बाटोमा यो पुरुष गइरहेको छ ... त्यस अनुसार यो पुरुष अवश्य पनि आस्रवहरूलाई क्षय गरी **अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिल**( यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछ।' अनि पछि म उसलाई आस्रवहरू क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी निकै सुखानुभव गरी बसेको देख्दछु। सारिपुत्र ! भनौंकि स्वच्छ नीर्मल शीतल पानी भएको सुप्रतिष्ठित पोखरी हुन्छ। नजिकैमा घना वनखण्ड पनि हुन्छ। अनि घाममा परेको घामले पोलेको थकित भएको प्यास लागेको कुनै पुरुष एउटै मात्र बाटो भएको सोही पोखरीतिर जाने बाटो लागी गएको हुन्छ। अनि कुनै आँखा देख्ने मानिसले देखेर यस्तो भन्छ– 'जुन

Downloaded from http://dhamma.digital/

तरिकाले यो पुरुष जाँदैछ र जुन बाटो लागि अवश्य पनि यो पुरुष जाँदैछ त्यस अनुसार पनि यो पुरुष सोही पोखरीमा पुग्नेछ ।' अनि पछि त्यो पुरुषले यो पुरुषलाई सोही पोखरीमा गई नुहाई पानी पिई सबै प्रकारको थकावटलाई दूर गरी पोखरीबाट माथि आई त्यो वनखण्डमा बसेर वा लेटेर निकै सुखानुभव गरेको देख्छ । सारिपुत्र ! यस्तै गरी यहाँ कुनै व्यक्तिको चित्तलाई म आफ्नो चित्तले यसरी जान्दछु– 'जुन बाटोमा यो पुरुष गइरहेको छ जुन ढंगले जाँदैछ तथा जुन किसिमको आचरण गरिरहेको छ त्यस अनुसार यो पुरुष अवश्य पनि आस्रवहरूलाई क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछ ।' अनि पछि म उसलाई आस्रवहरू क्षय गरी अनास्रवी भई चित्तविमुक्त र प्रज्ञाविमुक्तिलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी निकै सुखानुभव गरी बसेको देख्दछु । सारिपुत्र ! **यी नै पाच गतिहरु हुन् ।**

"सारिपुत्र ! जसले यस्तो जानेर पनि मलाई यस्तो भन्दछ भने– 'श्रमण गौतममा उत्तरीय मनुष्यधर्म र ज्ञानदर्शन गर्ने विशेषता छैन; श्रमण गौतम आफूले स्वयं जानेको कुरालाई तर्क र चिन्तनद्वारा भन्दछन् भने सारिपुत्र ! यो वचनलाई नछाडी त्यो चित्तलाई नछाडी तथा त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुनेछ । सारिपुत्र ! जस्तै– शीलसम्पन्न, समाधिसम्पन्न, प्रज्ञासम्पन्न भिक्षुले यसै जीवनमा निर्वाण साक्षात्कार गर्छ त्यस्तै गरी सारिपुत्र ! त्यो वचनलाई त्यो चित्तलाई र त्यो धारणालाई छाडेन भने नरकमा राखे जस्तो हुने छ ।"

Downloaded from http://dhamma.digital/

# चतुरंग ब्रह्मचर्य

"सारिपुत्र ! **चार अ□ले युक्त ब्रह्मचर्य**[1] (= वीर्य) **पालन गरेको कुरा मलाई थाहा छ–** '(१) तपस्वीहरूमध्येमा परम तपस्वी भएको (२) रूक्षाचारीहरूमध्येमा परमरूक्षाचारी भएको (३) जुगुप्सुहरूमध्येमा परमजुगुप्सु भएको र (४) प्रविवेकीहरू (= एकान्तवासीहरू) मध्येमा परम प्रविवेकी भएको।"

---

१. पालिसाहित्यमा 'ब्रह्मचर्य' शब्दको अर्थ ठाउँ हेरीकन विविध प्रकारले लगाइन्छ भनी पपं. सू. II. पृ. ३४ : महासीहनादसुत्तवण्णनाले यसरी उदारहणहरू प्रस्तुत गरेको छ। जस्तै–

१. "किन्ते वतं कि पन ब्रह्मचरियं,
किस्स सुचिण्णस्स अयं विपाको।
इद्धी जुती बलविरियूपपत्ति,
अक्खाहि मे नाग महाविमानं॥

अहञ्च भरिया च मनुस्सलोके,
सद्धा उभो दानपति अहुम्ह।
ओपानभूतं मे घरं तदासि,
सन्तप्पिता समण ब्राह्मणा च॥

तम्मे वतं तं पन ब्रह्मचरियं,
तस्स सुचिण्णस्स अयं विपाको।

Downloaded from http://dhamma.digital/

इद्धी जुती बलविरियूपपत्ति,
इदञ्च मे धीर महाविमानं'ति ॥" भनी जा. पा.
II. पृ. ३१७ मा उल्लिखित विधुर जातकमा 'ब्रह्मचर्य' को अर्थ 'दान' लाई भनिएको हो । (पपं सू. II. पृ. ३४ मा चाहिं उपरोक्त गाथा 'पुण्णक जातकको' हो भनी उल्लेख भएको छ । तर त्यस्तो नाउँको जातक भने छैन ।)

२. "केन पाणि कामददो, केन पाणि मधुस्सवो ।
केन ते ब्रह्मचरियेन, पुञ्ञं पाणिम्हि इन्झति ॥
तेन पाणि कामददो, तेन पाणि मधुस्सवो ।
तेन मे ब्रह्मचरियेन, पुञ्ञं पाणिह्मि इज्झती'ति ॥"

भनी पेत. व. पा. पृ. १६४ : अङ्कुरपेतवत्थुमा उल्लिखित 'ब्रह्मचयं' को अर्थ 'सेवाशुश्रूषा' हो । (यो कथा लेखकको बुद्धकालीन प्रेतकथा पृ. १ मा उल्लेख भएको छ ।)

(३) "इदं खो तं भिक्खवे तित्तिरियं नाम ब्रह्मचरियं अहोसि" भनी चुल्ल. व. पा. पृ. २५६ र जा. अ. क. I-II पृ. १६५ तित्तिर जातकमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'पञ्चशील' हो । (यो जातक लेखकको जा. सं–४ पृ. ८ मा उल्लेख भएको छ ।)

(४) "तं खो पञ्चसिख, ब्रह्मचरियं देव निब्बिदाय न विरागाय यावदेव ब्रह्मलोकूपपत्तिया'ति" भनी दी. नि. II. पृ. १८७ महागोविन्द सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'चतुब्रह्म-

Downloaded from http://dhamma.digital/

विहार' हो । (यो सूत्रको अनुवाद लेखकको बु. ब्र. भा-१, पृ. ३२८ मा भएको छ ।)

(५) "एकस्मिं ब्रह्मचरियस्मिं, सहस्सं मच्चुहायिनं'ति ।" भनी सं. नि. I. पृ. १५५ अन्धकविन्द सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'धर्मदेशना' हो ।

(६) "परे अब्रह्मचारी भविस्सन्ति मयमेत्थ ब्रह्मचारी भाविस्सामी'ति" भनी म. नि. I. पृ. ५६ सल्लेख सूत्रमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'मैथुनबाट अलग्ग रहनु' हो ।

(७) "मयञ्च भरिय नातिक्कमाम,
अम्हे च भरिया नातिक्कमन्ति ।
अञ्ञत्र ताहि ब्रह्मचरियं चराम,
तस्मा हि अम्हं दहरा न मीयरे'ति ॥" भनी जा. पा. I. पृ. २०६ धम्मपाल जातकमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'स्वदार सन्तुष्टिता' हो ।

(८) "हीनेन ब्रह्मचरियेन, खत्तिये उपपज्जति ।
मज्झिमेन च देवत्तं, उत्तमेन विसुज्झती'ति ॥"

भनी जा. पा. II. पृ. १९३ निमि जातकमा उल्लिखित 'ब्रह्मचर्य' को अर्थ 'अष्टाङ्गिक उपोसथ' हो ।

Downloaded from http://dhamma.digital/

(९) “इदं खो पञ्चसिख, ब्रह्मचरियं एकन्त निब्बिदाय विरागाय...अयमेव अरियो अट्ठङ्गिको मग्गो’ति भनी दी. नि. II. पृ. १८७ महागोविन्द सूत्रमा उल्लिखित ‘ब्रह्मचर्य’ को अर्थ ‘आर्यमार्ग’ हो । (यो सूत्रको अनुवाद लेखकको बु. ब्र. भा-१, पृ. ३२८ मा भएको छ ।)

(१०) “तयिदं ब्रह्मचरियं इद्धञ्चेव फीतञ्च वित्थारिकं बाहुजञ्ञं पुथुभूतं, यावदेव मनुस्सेहि सुप्पकासितं’ति” भनी दी. नि. III. पृ. ९७ पासादिक सूत्रमा उल्लिखित ‘ब्रह्मचर्य’ को अर्थ ‘सबै बुद्धधर्म’ हो । (यस सूत्रको अनुवाद लेखकको बु. प. भा-१, पृ. २९६ मा भएको छ ।)

(११) “अपि अतरमानानं, फलासाव समिज्झति ।
विपक्क ब्रह्मचरियोसि, एवं जानाहि गामणी’ति ॥”

भनी जा. पा. I. पृ. ४ गामणि जातकमा उल्लेख भएको ‘ब्रह्मचर्य’ को अर्थ ‘अभिप्राय’ हो ।

(१२) “यहाँ लेखिएको सूत्रमा चाहिं ‘ब्रह्मचर्य’ को अर्थ ‘वीर्य’ हो । ‘वीर्य’ लाई ब्रह्मचर्य भनी उल्लेख भएको सूत्र यही हो । एकै आत्मभावमा चार अङ्गले दुष्करचर्या गर्नु भएकोले ‘चतुरंग ब्रह्मचर्य’ भनिएको हो । पपं सू. II. पृ. ३५ : महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

# दुष्करचर्या

(१) "सारिपुत्र ! त्यहाँ मेरो **यस्तो तपश्चर्या थियो**– अचेलक[१] (= नांगासाधु) ले झैं बसेर दिसा-पिसाब गर्दिन । हातैले दिसा पुछ्थें । बोलाउँदा जाँदैनथे र उभिइ रहू भन्दा उभिइरहन्नथें । अघि नै लिएर आएको भिक्षा, उद्देश्य गरी बनाएको भिक्षा र निमन्त्रण गरेको भिक्षा पनि स्वीकार गर्दिनथें । घैंटोबाटो झिकी दिएको भिक्षा, थैलोबाट झिकी दिएको भिक्षा, दैलोमा बसी दिएको भिक्षा, थामको बीचबाट दिएको भिक्षा, मुसलको बीचबाट दिएको भिक्षा, खाइरहेका दुइजनामध्ये एकजना उठेर दिएको भिक्षा, गर्भिणीले दिएको भिक्षा, दूध ख्वाइरहेकीले दिएको भिक्षा, कुनै पुरुषकहाँ गएकीले दिएको भिक्षा, कीर्तन गरी ल्याएबाट पकाएको भिक्षा, कुकुरलाई दिने भनी ल्याएको खानाबाट दिएको भिक्षा र झिंगाहरू परेको भोजन पनि लिन्नथें । माछा, मासु, रक्सी, जाँड र अरक आदि पिउन्नथें । एकै घरमा भिक्षा लिन्थें र एकै गाँस मात्र खान्थें । दुइ घरमा भिक्षा लिन्थें र दुइ गाँस मात्र खान्थें ।...

---

१. अचेलकहरू लट्ठी आदिमा पनि प्राणी छ भन्ने विश्वास गर्छन् । त्यसैले उनीहरू कुनै काठको टुक्राले मल सफा गर्दैनन् । हातैले पुछ्छन् । उनीहरूकै चर्या पूरा गर्दै बोधिसत्वले पनि यस्ता सबै चर्याहरू पूरा गरेका थिए । हातले मल पुछी हातमा लागेका मल पनि जिभ्रोले चाट्थे । पपं. सू II. पृ. ३६ : महासीहनादसुत्त-वण्णना ।

Downloaded from http://dhamma.digital/

सात घरमा भिक्षा लिन्थें र सात गाँस मात्र खान्थें। एउटा थालमा दिएको भिक्षाबाट यापन गर्थें, दुइवटा थालना दिएको भिक्षाबाट यापन गर्थें, ... र सातवटा थालमा दिएको भिक्षाबाट यापन गर्थें। एक एक दिन बिराइ खान्थें, दुइ दुइ दिन बिराइ खान्थें ... र सात सात दिन बिराइ खान्थें। यसरी आधा आधा महिनाको पालो पालो गरी खाने गरी बस्थें।"

"काँचो साग खान्थें, चामल खान्थें, जंगलका गेडागुडी मात्र खान्थें, छालाका टुक्राहरू खान्थें, झ्याउहरू खान्थें, कनिका खान्थें, डढेको भात खान्थें, पिना खान्थें, घाँस खान्थें, गोबर खाएर बस्थें र खसेको बनका फलहरूद्वारा पनि यापन गर्थें।"

"सनपातको वस्त्र, मसानको वस्त्र, मृत शरीरको वस्त्र, फ्याकेको वस्त्र, रुखका बोक्राका वस्त्र, मृगछालाको वस्त्र, खुर समेत भएको मृगछालाको वस्त्र, कुशको वस्त्र, बाकचौरको वस्त्र, फलेकचोरीको वस्त्र, रौंको कम्बल, घोडाको पुच्छरको कम्बल र लाटोकोसेरोको प्वाँख पनि लगाउँथें। डाह्री जुंगा उखेल्दथें र डाह्री जुंगा उखेल्ने काममा लाग्दथें।"

"आसनमा नबसी टुक्रुक्क बस्दथें र टुक्रक्क बस्ने काममा लाग्दथें। काँढाहरूमा सुत्ने हुन्थें र काँढाहरूमा आसन जमाउँदथे। (पाप पखाल्न भनी) संध्या समयसम्म दिनको तीन पटक नुहाउने गर्थें। यसरी अनेक प्रकारले शरीरलाई ताप पीडा दिने काममा लागेको थिएँ। सारिपुत्र ! यही मेरो **तपश्चर्या** थियो।"

Downloaded from http://dhamma.digital/

(२) "सारिपुत्र ! त्यहाँ मेरो यस्तो **रुक्षाचार थियो**– वर्षौंको मैलो पत्र पत्र भई शरीरमा जमेको हुन्थ्यो। सारिपुत्र ! जस्तै पुरानो कुनै काठको थाममा वर्षौंनिको पत्र पत्र मैलो जमेको हुन्छ। सारिपुत्र ! त्यस्तै गरी मेरो शरीरमा अनेक वर्षको मैलो पत्र पत्र भई जमेको हुन्थ्यो । सारिपुत्र ! त्यस्तो हुने मलाई यस्तो पनि लाग्दैनथ्यो– 'अहो ! यो मैलोलाई हातले पुर्छु अथवा कसैले यो मैलो पुछिदियोस्।' सारिपुत्र ! यस्तो पनि मलाई लाग्दैनथ्यो। सारिपुत्र ! यही मेरो **रुक्षाचार थियो।**"

(३) "सारिपुत्र ! त्यहाँ मेरो यस्तो **जुगुप्सुता** (हिंसाप्रति घृणा) थियो– सारिपुत्र ! त्यो म होस राखी (सतो व) अगाडि जान्थें र होस राखी पछाडि जान्थें। यहाँ सम्मकि 'विषम स्थानमा रहेका प्राणीको हिंसा हुन नपाओस्' भनी एक थोपो पानी माथि पनि[१] दया उपस्थित हुन्थ्यो। सारिपुत्र ! यही मेरो **जुगुप्सुता** (हिंसाप्रति घृणा) थियो।"

---

१. यी जम्मै कोठामा त्यस बखतका अचेलक साधुहरूको विश्वास अनुसार भएको थियो र कुनै पनि स्याना स्याना प्राणीको समेत हिंसा नहोस् भन्ने हेतुले उहाँ होस राखी हिंड्नुहुन्थ्यो। अचेलकहरू भुइँमा हिंडेदेखि शीलवान् हुन्नन्। भिक्षाटन् गर्न जाँदा पनि दुश्शील भएर नै जान्छन्। उपस्थाकहरूको घरमा भोजन गर्दा पनि दुश्शील भएर नै खान्छन्। फर्कदां पनि दुश्शील भएर नै फर्कन्छन्। जब मयूरको प्वाँखको फलेक बढारी शील अधिष्ठान गरी बस्छन्। तब मात्र उनीहरू शीलवान् हुन्छन् । पपं. सू. II. पृ. ३८ : महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

(४) "सारिपुत्र ! त्यहाँ मेरो यस्तो प्रविवेकता (= एकान्तवास) थियो– सारिपुत्र ! त्यो म कुनै जंगलभित्र गई बस्थें । जब गोपालक, पशुपालक, घाँसे, दाउरे अथवा बनमा काम गर्नेहरू देख्थें तब म जंगलबाट जंगलमै, गहनबाट गहनमै र होंचो ठाउँबाट होंचो ठाउँमै गई बस्थें । त्यो किन भने ?– उनीहरूले मलाई नदेखुन् र मैले पनि उनीहरूलाई देख्न नपरोस् । सारिपुत्र ! जस्तै– जंगलमा बस्ने मृगले मानिसहरूलाई देखेर जंगलबाट जंगलमै, गहनबाट गहन मै तथा होंचो ठाउँबाट होंचो ठाउँमै भाग्छन् सारिपुत्र ! त्यस्तै गरी जब गोपालक ... अथवा वनमा काम गर्नेहरूलाई देख्थें तब म जंगलबाट जंगलमै ... जान्थें। सारिपुत्र ! त्यो किन भने ?– उनीहरू मलाई नदेखुन् र मैले पनि उनीहरू देख्थें तब म जंगलबाट जंगलमै ... जान्थें। सारिपुत्र ! त्यो किन भने ?– उनीहरूले मलाई नदेखुन् र मैले पनि उनीहरूलाई देख्न नपरोस् । सारिपुत्र ! **यही मेरो प्रविवेकता थियो ।**"

## विविध शुद्धिहरू

१– "सारिपुत्र ! त्यो म जहाँ गाईहरू निस्केका गोठलाहरू नभएका गोठहरू हुन त्यहाँ हात र घुँडाले टेकेर गई दूध खाने बाछाहरूको **गोबरहरु खान्थें ।** सारिपुत्र ! यतिसम्म पनि कि आफ्नो मल-मूत्र पनि छाड्दैनथें बल्की आफ्नौ **मल–मूत्र पनि खान्थें** । सारिपुत्र ! यो थियो मेरो **महाविकट आहार ।**"

२– "सारिपुत्र ! त्यो म कुनै भयावह वनखण्डभित्र गई बस्थें । सारिपुत्र ! त्यहाँ त्यो भयावह वनखण्डमा यस्तो भयावह थियो– जो कोही अवीतरागी त्यो वनखण्डमा जान्छ भने धेरै जसोलाई जिरींग हुन्छ ।

Downloaded from http://dhamma.digital/

सारिपुत्र ! जो ती हेमन्तका शीत रातहरू हुन् जो त्यो अन्तरट्ठक[1] (= आठ रातको बीच) हिमपात समय हो– त्यस्ता रातहरूमा खुला ठाउँमा र दिनमा वनमा बस्थें। ग्रीष्मको आखिरी महिनाको दिनमा खुला ठाउँमा र रातमा वनमा बस्थें। सारिपुत्र ! त्यसबखत पहिले नसुनेको अनाश्चयै गाथा मेरो मनमा आएको थियो—

'सोततो सोसिन्नो[२] चेव[३], एको[४] भिंसनके वने।
नग्गो न चग्गिमासीनो[५], एसनापसुतो मुनी'ति ॥'

अर्थ :—

'एक्लै भीषण वनमा नांगो भई बस्ने मुनि दिनमा सूर्यको तापले तप्त भई रातमा हिउँको शीलतले पीडित हुँदा पनि आगो नतापी शुद्धिको खोजमा रत थिए।'

---

१. माघ महिनाका आखिरी चार दिन र फागुन महिनाको पहिलो चार दिन गरी यी आठ दिनलाई 'हिमपात समय' भन्दछन् र यसैलाई यहाँ 'अन्तरट्ठक' भनिएको हो। पपं. सू. II. पृ. ३९ : महासीहनादसुत्त-वण्णना।

२. सिंहल र रोमनमा: 'सीसीनो'; स्याममा: 'सोसिनो'।

३. यो शब्द सिंहल, स्याम र रोमनमा छैन।

४. स्याममा: 'एको एको'।

५. स्याममा: 'चग्गिमासिनो'।

Downloaded from http://dhamma.digital/

३– "सारिपुत्र ! म मृत शरीरका हाडहरूलाई सिरान बनाई मसानमा सुत्थें । सारिपुत्र ! अनि त्यहाँ गोपालक केटाहरू आई ममाथि थुक्थे, मुत्थे, धूलो छर्थे र काठका टुक्रा पनि कानको प्वालमा घुसारिदिन्थे । सारिपुत्र ! त्यस समय उनीहरूमाथि मेरो मनमा खराब विचार उत्पन्न भएको मलाई थाहा थिएन । सारिपुत्र ! यो मेरो उपेक्षा[1] थियो ।"

४– "सारिपुत्र ! केही ब्राह्मणहरू यस्तो विश्वास र धारणा गर्छन्–...**आहारद्वारा शुद्धि हुइन्छ** उनीहरू यस्तो भन्छन्– 'बयरद्वारा यापन गर्छौं ।' उनीहरू बयर खान्छन्, बयरको चूर्ण खान्छन्, बयरको रस पिउँछन् र बयरका अनेक प्रकारका खाना खान्छन् ।' सारिपुत्र ! मैले **यौटा मात्र बयर खाएर बसेको कुरा मलाई थाहा छ ।** सारिपुत्र ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि त्यसबेला बयर ठूलो होला । सारिपुत्र ! यस्तो चिताउनु पर्दैन । त्यसबखतको बयर पनि अहिलेकै जत्रै थियो । सारिपुत्र ! अनि यौटै बयर खाएको मेरो शरीर **अत्यधिक दुब्लो भयो ।** जस्तै कुनै आसीतिक गाँठाहरू वा कालक-

---

१. यो चाहिं एकान्नब्बे कल्प अघि पूरा गरेका पारमीको बारेमा दर्शाइएको हो । जसको बारेमा यस्तो उल्लेख भएको छ–

"सुखे पत्ते न रज्जामि, दुक्खे होमि न दुम्मनो ।
सब्बत्थ तुलितो होमि, एसा मे उपेक्खा पारमी'ति ॥"

पपं. सू. II. पृ. ४० : महासीहनादसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

लताका गाँठाहरू[1] हुन्छन् त्यस्तै मेरो शरीरका अंगप्रत्यंगहरू दुब्ला पातला भए– सोही अल्पाहारताले गर्दा। जस्तै उँटका पैंताला हो त्यस्तै मेरो पछ्याडिको भाग भएको थियो– सोही अल्पाहारताले गर्दा। जस्तै डोरी बाटिएको हुन्छ त्यस्तै मेरो पिठ्यूँको ढाड अग्लो र होचो भएको थियो– सोही अल्पाहारताले गर्दा। जस्तै कुनै जीर्ण भएको घरका दलिनहरू यताउता हल्लिन्छन् तयस्तै मेरो करङ्गहरू हल्लिन्थे– सोही अल्पाहारताले गर्दा। जस्तै गहिरो कुवामा ताराहरू गहिरोमा भए झैं देखिन्छन् त्यस्तै मेरो आँखाका खाल्टामा आँखाका ताराहरू गहिरा देखिन्थे– सोही अल्पाहारताले गर्दा। जस्तै नछिप्पिइदै काटिएको तित्तकलाबु (लौका विशेष) घाम बतासमा राख्दा चाउरिएर जान्छ त्यस्तै मेरो टाउकोको छाला पनि चाउरिएको थियो– सोही अल्पाहारताले गर्दा। सारिपुत्र ! पेटको छाला सुम्सुम्याउँछु भन्दा पिठ्यूँको हाड छुइन्थ्यो र पिठ्यूँको हाड सुम्सुम्याउँछु भन्दा पेटको छाला छुइन्थ्यो। सारिपुत्र ! यहाँसम्म कि पेटको छाला पनि पिठयूँको हाडमा टाँस्सिएको थियो– सोही अल्पाहारताले गर्दा।"

"सारिपुत्र ! झाडा वा पिसाप गर्छु भन्दा उहीं **घोप्टोपरी लड्थें**– सोही अल्पाहारताले गर्दा। सारिपुत्र ! अनि म सोही शरीरलाई आश्वासन दिंदै हातले शरीर सुम्सुम्याउँथें। सारिपुत्र ! हातले शरीर सुम्सुम्याउँदा जरा मक्किएका मेरा रौंहरू झर्थे– सोही अल्पाहारताले गर्दा।"

---

१. यी लताका गाँठाहरू सुकेका हुन्छन् र बीच बीचमा फुलेका हुन्छन्। पपं. सू. II. पृ. ४१ : महासीहनादसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

५– "सारिपुत्र ! केही ब्राह्मणहरू यस्तो विश्वास र धारणा गर्छन्– ...**आहारद्वारा शुद्धि हुइन्छ** उनीहरू यस्तो भन्छन्– 'मूगीद्वारा यापन गर्छौं ... तीलद्वारा यापन गर्छौं ... तण्डुलद्वारा यापन गर्छौं ।' उनीहरू तण्डुल खान्छन्, तण्डुलको चूर्ण खान्छन्, टण्डुलको रस पिउँछन् र तण्डुलका अनेक प्रकारका खाना खान्छन् ।' सारिपुत्र ! मैले **एक गेडा तण्डुल खाएर** बसेको कुरा मलाई थाहा छ । सारिपुत्र ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि त्यसबेला तण्डुल ठूलो होला । सारिपुत्र ! यस्तो चिताउनु पर्दैन । त्यसबखतको तण्डुल पनि अहिलेकै जत्रै थियो । सारिपुत्र ! अनि एक गेडा तण्डुल खाने मेरो शरीर अत्यधिक दुब्लो भयो । जस्तै कुनै आसीतिक गाँठाहरू वा कालकलताका गाँठाहरू हुन्छन् त्यस्तै मेरो शरीर का अङ्गप्रत्यङ्गहरू दुब्ला पातला भए– सोही अल्पाहारताले गर्दा । जस्तै उँटका .......[१] । सारिपुत्र ! हातले शरीर सुम्सुम्याउँदा जरा मक्किएका मेरा रौंहरू झर्थे– सोही अल्पाहारताले गर्दा ।"

"सारिपुत्र ! त्यो आचारले (इरियाय) पनि त्यो प्रतिपदाले पनि त्यो दुष्करारिका (= तपस्या) ले पनि उत्तरीय मनुष्य धर्म र आर्यज्ञान दर्शन गर्न सकिन । किनभने ? जुन आर्यप्रज्ञा पाई तदनुरूप आचरण गर्नेलाई सम्यक् प्रकारले दुःख क्षय हुने बाटोतिर लैजान्छ त्यो आर्यप्रज्ञालाई नपाएको हुनाले ।"

६– "सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३२३ मा उल्लेख भए झैं मिलाई दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

छन्–...**संसारद्वारा शुद्धि हुइन्छ** सारिपुत्र ! त्यस्तो संसार सुलभ छैन जुन संसारमा यत्रो दीर्घकालभित्र– शुद्धावास बाहेक– म गएको नहोस्। सारिपुत्र ! यदि म शुद्धावासमा गएको भए यो लोकमा फेरि आउने थिइन होला ।"

७– "सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्–...**उत्पत्तिद्वारा**[२] **शुद्धि हुइन्छ** सारिपुत्र ! त्यस्तो उत्पत्ति स्थान सुलभ छैन जुन उत्पत्तिस्थानमा यत्रो दीर्घकालभित्र– शुद्धावास बाहेक– उत्पन्न भएको नहोस्। सारिपुत्र ! यदि म शुद्धावास देवलोकमा भएको भए यो लोकमा फेरि आउने थिइन होला।"

८– "सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्–...**बसाइद्वारा**[३] **शुद्धि हुइन्छ** सारिपुत्र ! त्यस्तो आवास सुलभ छैन जुन आवासमा यत्रो दीर्घकालभित्र– शुद्धावास बाहेक– वास गरेको नहोस्। सारिपुत्र ! यदि म शुद्धावासमा बसेको भए यो लोकमा फेरि आउने थिइन होला।"

९– "सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका

---

१. धेरै बार संसारमा घुमिसकेपछि शुद्धि हुइन्छ भन्ने विश्वास । पपं. सू. II. पृ. ४२ : महासीहनादसुत्तवण्णना ।

२. धेरै बार जन्म लिइसकेपछि शुद्धि हुइन्छ भन्ने विश्वास । पपं. सू. II. पृ. ४२.

३. धेरै ठाउँमा बसिसकेपछि शुद्धि हुइन्छ भन्ने विश्वास । पपं. सू II. पृ. ४२ : महासीहनादसुत्तवण्णन ।।

Downloaded from http://dhamma.digital/

छन्– ...**यज्ञद्वारा शुद्धि हुइन्छ** सारिपुत्र ! त्यस्तो यज्ञ सुलभ छैन जुन कि यत्रो दीर्घकालभित्र मूर्द्धाभिषिक्त क्षत्री राजा भएर वा ब्राह्मण महाशाल भएर अघि नगरेको ।"

१०– "सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्–...**अग्निहोत्रद्वारा शुद्धि हुइन्छ** सारिपुत्र ! त्यस्तो अग्निहोत्र सुलभ छैन जुन कि यत्रो दीर्घकालभित्र मूर्द्धाभिषिक्त क्षत्री राजा भएर वा ब्राह्मण महाशाल भएर अघि नगरेको ।"

११– "सारिपुत्र ! केही श्रमण-ब्राह्मणहरू यस्ता वादी यस्ता दृष्टिका छन्– 'जबसम्म **कुनै पुरूष तरूण हुन्छ,** कालो केश हुने युवा हुन्छ, भद्र यौवनले युक्त आयुले पहिलो बैंशमा पुगेको हुन्छ तबसम्म उत्तम प्रज्ञाव्यक्तताले युक्त हुन्छ । जब सो पुरुष जीर्ण हुन्छ, बृद्ध हुन्छ, धेरै वर्षको बुढो हुन्छ र बैंश बिती असी वर्षीय वा नब्बे वर्षीय वा शय वर्षीय आयु हुन्छ तब ऊ त्यस प्रज्ञाव्यक्तताबाट परिहानी हुन्छ ।' सारिपुत्र ! यस्तो सोच्नु हुन्न । सारिपुत्र ! अहिले म जीर्ण, बृद्ध, जेठो, धेरैवर्ष बितेको र बैंशपुगी असी वर्ष मेरो आयु भएको छ । सारिपुत्र ! भनौं कि यहाँ मेरो शय वर्ष पुगेका शय वर्ष बाँचेका परमस्मृति सम्पन्न, गति सम्पन्न, धृति सम्पन्न र प्रज्ञा व्यक्तताले युक्त चार जना श्रावकहरू छन् । सारिपुत्र ! जस्तै दृढ धर्मधनुष[१] समात्ने शिक्षित कृतहस्त कृतउपासन गर्नेले हलुका बाँणलाई बिना प्रयासले तेर्सो तालवृक्षको

१. दुई हजार पुरुषको बल हुनेले उचाल्नुपर्ने धनुषलाई 'दृढधर्म धनुष' भनिएको हो भनी पपं. सू II. पृ. ४३ : महासीहनादसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

छाया पार गर्छ– त्यस्तै गरी– अधिक स्मृति हुने अधिक गति हुने अधिक धृति हुने र परम प्रज्ञाव्यक्तताले युक्त हुने श्रावकले मसँग चारै सतिपट्ठानको सम्बन्धमा प्रश्नहरू सोध्छन्। सोधे सोधेकाको उत्तर म दिउँ। दिए दिएका कुरा उनीहरूले धारण गर्छन्। मसंग दोस्रो अरू प्रश्न सोध्दैनन्। सारिपुत्र ! खान पानको समय बाहेक, दिसा पिसाप गर्ने समय बाहेक र थकावट हटाउनको निमित्त निदाउने समय बाहेक तथागतको धर्मदेशना परिक्षीण हुन्न । तथागतको धर्मपद-ब्यञ्जनहरू परिक्षीण हुन्नन् । तथागतको प्रश्नको उत्तर परिक्षीण हुन्न । अनि ती मेरा चारजना शय वर्षीय श्रावकहरूको शय वर्ष बितेपछि मृत्यु हुन्छ। सारिपुत्र ! खाटमा राखेर लैजानुपर्ने अवस्थामा पनि तथागतको प्रज्ञाव्यक्ततामा विकारता आउँदैन। सारिपुत्र ! 'असम्मोही प्राणी बहुजनहितको निमित्त बहुजन सुखको निमित्त लोकानुकम्पाको निमित्त तथा देवमनुष्यहरूको अर्थ हित सुखको निमित्त लोकमा उत्पन्न भयो' भनी साँच्चै भन्ने हो भने मलाई नै 'असम्मोही प्राणी ... अर्थ हित सुखको निमित्त लोकमा उत्पन्न भयो' भनी भन्न योग्य छ।"

त्यसबखत आयुष्मान् **नागसमाल** भगवानको पछाडिपट्टि बसी भगवानलाई पंखा हम्कदै थिए। अनि आयुष्मान् नागसमालले भगवानसँग यस्तो सोधे– "आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते ! यो धर्मोपदेश सुनेर भन्ते ! म जिरिङ्ग भएँ। भन्ते ! यो धर्मोपदेशको के नाम हो ?"

"नागसमाल ! त्यसोभए तिमीले यो धर्मोपदेशलाई 'जिरिङ्ग हुने

Downloaded from http://dhamma.digital/

धर्मोपदेश' (लोमहंसन परियायत्वेव) भनी धारणा गर।"

यति भन्नु भएपछि सन्तुष्ट भएका **नागसमालले** भगवानको भाषणलाई अभिनन्दन गरे।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## १०१।४६ सारिपुत्रको अरहत्व

यस्तो मैले सुनें[1]।

एक समय भगवान राजगृहस्थित गृद्धकूट-पर्वतको सूकरखत (= सूंगुरले खनिराखेको गुफा) मा विहार गर्नुभएको थियो।

(यो सूत्र अनुवाद लेखकको बु. प. भा-१, पृ. ३५७ देखि ३६५ मा भएको हुँदा जम्मै कुरा उहीं हेर्नू। यही सूत्रको कुरा सुनेर सारिपुत्र महास्थविरले अरहत्व प्राप्त गर्नुभएको थियो। यो कुरा पपं. सू. IV. पृ. ६० : अनुपदसुत्तवण्णनामा पनि उल्लेख भएको छ।)

x x x

---

१. म. नि . II. पृ. १९३ : दीघनखसुत्तं, अ. क. III. पृ. १३८.

Downloaded from http://dhamma.digital/

मूल सूत्र—

## १०२।४७ नतमस्तक भई बस्छ

